# महाबु गाउँपालिकाको प्रथम आवधिक विकास योजना
# (२०८१/८२-२०८५/८६)



सहयोगी संस्था :
**कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान**
**प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)**
**कर्णाली प्रदेश**

तयार गर्ने/प्रकाशक :
महाबु गाउँपालिका
सर्वाधिकार : प्रकाशकमा
प्रकाशन वर्ष : २०८१

# मन्तव्य



नेपाल सरकारले तय गरेको दीर्घकालिन लक्ष्य **"समृद्ध नेपाल, सुखी नेपाली"**, कर्णाली प्रदेश सरकारले तय गरेको **"समृद्ध कर्णाली, सुखारी कर्णालीवासी"** राखेर तयार गरेको आवधिक योजना तथा स्थानीय सरकारले पनि स्वभाविक रुपमा संविधानले निर्देश गरे अनुसारको नीतिसँग समायोजन हुने गरी आफ्नो दिगो विकासका लक्ष्य हाँसिल गर्न योजनावद्ध आवधिक र दीर्घकालीन योजना तर्जुमा गर्ने निर्णय बमोजिम महाबु गाउँपालिकाको आवधिक योजना २०८१/८२ - २०८५/८६ तयार गरिएको छ ।

हिन्दु धर्मावलम्वीहरुको पवित्र तिर्थस्थल रहेको महाबु लेक तथा भिरपहराहरुको मनोरम दृश्य जस्ता पर्यटक तथा अनुसन्धान कार्यका लागि उपयुक्त थलोको रुपमा महाबु गाउँपालिका परिचित छ । बहुसंख्यक स्थानीयहरु कृषि पेशामा संलग्न रही जिविकोपार्जनको मुख्य आधार रहेकोले कृषि र पर्यटनलाई अग्रणी विकासको आधार मानेर गाउँपालिकाको विकासको नारा **"सम्मुन्नत महाबु : सम्मानित महाबुवासी"** भनेर तय गरिएको छ ।

यस महाबु गाउँपालिकामा, जनताको सामाजिक न्याय सहितको समृद्धिको तीव्र चाहना अनुसार योजनावद्ध विकास गर्न यो प्रतिवेदन एउटा मार्गदर्शक रुपरेखा हुनेछ । हाम्रो स्रोत र साधनहरुलाई सबै आधारभुत तहमा रहेका जनताहरुको पहुँच र लाभ पुग्ने गरी उपयोग र विस्तार गरी आर्थिक, सामाजिक र वातावरणीय पक्षको नकारात्मक प्रभाव न्यून हुने गरी दिगो विकासको सिद्धान्त अनुसार योजनाहरु तय गर्नको निम्ती यो दस्तावेज तयार भएको छ । हाम्रो आफ्नो कार्यकालको सकिने वेलासम्म योजनाबद्ध विकासको लागि गाउँपालिकाले **पञ्च वर्षिय आवधिक विकास योजना** (आ. व. २०८१/८२ - २०८५/८६) निर्माण गरेको छ र सोही बमोजिम वार्षिक कार्यक्रम तय गर्दै यस आवधिक योजनाको अवधिभित्र राखेको लक्ष्य प्राप्त गर्नेछ भन्ने विश्वास लिएको छु ।

यो आवधिक विकास योजना, जन सहभागितामूलक योजना तर्जुमा पद्धति अपनाई तयार गरिएको छ । यो योजना तयार गर्न महत्वपूर्ण सहयोग गर्ने गाउंपालिकाका कार्यपालिका सदस्यहरुज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, लगायत सम्पूर्ण कर्माचारीहरुज्यू एवं सरोकारवाला सबैमा हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछु । साथसाथै यो आवधिक विकास योजना निर्माणमा सहयोगी कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, परामर्शदाता संस्था लगायत स्थानीय क्लव, समूह लगायत संस्थाहरु र सम्पूर्ण गाउँवासीहरु प्रति समेत हार्दिक नमन गर्दछु ।
धन्यवाद ।

मञ्जु कुमारी शर्मा
गाउँपालिका का. अध्यक्ष

## मन्तव्य



नेपालको संविधान २०७२ ले सङ्घीयताको अवधारणाका रुपमा रहेको सन्निकटताको सिद्धान्त अनुरुप स्थानीय तहलाई एकल र साझा अधिकारको व्यवस्था गरी राज्य सेवामा विविधिकरण गरिएको छ । संघीय, प्रादेशिक र स्थानीय तहका ऐन, नीति, कार्यविधि र योजनाहरुले स्थानीय, प्रदेश, र संघ सरकारहरुको समन्वय, सहकार्य र साझा अधिकारको कार्यान्वयन विधिहरुको बारेमा स्पष्टता गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न अधिकार तथा कर्तव्यहरुको प्रस्ताव गरेको छ । साथै स्थानीय शासन संचालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ अन्तर्गत गाउँ तथा नगरको आवधिक योजना निर्माण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी आवधिक योजना तयार गर्न निर्देशन गरेको छ ।

त्यसैगरी राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, प्रदेश नीति योजना आयोगले तयार पारेको प्रदेशको वस्तुस्थिति विवरण र महाबु गाउँपालिकाको खर्च संरचनाको आधार लिएर यस गाउँपालिकाको पहिलो आवधिक योजना तयार गरिएको छ ।

मुल रुपमा पर्यटनको विकास, कृषिमा आधुनिकीकरण तथा पशुपालनको व्यवसायीकरण, सुन्दर पर्यटकीय स्थानहरुमा सहज पहुँच तथा व्यवस्थित बनाई सुनमा सुगन्ध बनाउने, ग्रामिण उद्योग विकास, स्वस्थ एवं सचेत नागरिक सहितको न्यायपूर्ण समाज विकास निर्माणमा एउटा महत्वपूर्ण मार्गनिर्देशक दस्तावेज बन्नेछ र महाबुबासीको जीवनस्तर सुधार गर्दै दिगो विकास र सम्मुन्नती हाँसिल गर्ने दिशामा यस आवधिक योजनाले योगदान पुर्‍याउँछ भन्ने विश्वास लिएको छु ।

यस गाउँपालिकाको पहिलो आवधिक योजना भएकोले पनि यसमा लक्षित गरिएका विषयगत लक्ष्यहरु, उद्देश्य, रणनीति तथा कार्यनीतिहरु दुरगामी प्रभाव पार्ने खालका हुने हुँदा कार्यपालिकामा पर्याप्त छलफल तथा अर्न्तक्रियाबाट निष्कर्ष निकालिएको छ । योजना छनौट गर्दा धेरै महत्वकांक्षी नभई, सकेसम्म यथार्थपरक, व्यवहारिक, लागु हुन सक्ने र अपेक्षित उपलब्धि हाँसिल हुन सक्ने गरी योजना तर्जुमा गरिएको छ । आर्थिक वर्ष (०८१/८२ - ०८५/८६) का लागि तय गरिएको यस आवधिक योजनाले यस अवधिभित्र बन्ने वार्षिक कार्यक्रम पनि यही बमोजिम बन्दै जानेछन् र यसले लक्ष्य गरेको उपलब्धि हाँसिल हुनेछ भन्ने विश्वास लिएको छु ।

यो आवधिक योजना तर्जुमाका क्रममा गाउँपालिकालाई अत्यन्त खुला हृदयका साथ सौहार्दपूर्ण सहयोग गर्नु हुने आदरणीय का.अध्यक्ष ज्यू, सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, लक्ष्य, योजना र नीति कार्यक्रम प्रति ऐक्यबद्धता प्रर्दशन गर्नु हुने सबै कार्यपालिका सदस्य ज्यूहरु, विषयगत समितिका सदस्य लगायत सम्पूर्ण कर्मचारी साथीहरुप्रति धन्यवाद दिन चाहन्छु । साथै यस योजनाको छलफल कार्यक्रममा उपस्थित भई गहन राय सुझाव सल्लाह दिनुहुने विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरु, कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान र परामर्शदातालाई विशेष आभार प्रकट गर्न चाहन्छु ।

धन्यवाद ।

उदयराज उपाध्याय

प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची

परिच्छेद एक : परिचय ........ ८
१.१ पृष्ठभूमि ........ ८
१.२ आवधिक योजना निर्माणको उद्देश्य ........ ८
१.३ आवधिक योजना निर्माणको कार्यक्षेत्र ........ ९
१.४ आवधिक योजना तर्जुमाका कानुनी तथा नीतिगत आधारहरु ........ ९
१.५ आवधिक योजना तर्जुमाका चरणहरु ........ १०
१.६ आवधिक विकास योजनाका सीमाहरु ........ ११
परिच्छेद दुई : गाउँपालिकाको वस्तुस्थिती ........ १२
२.१ गाउँपालिकाको परिचय ........ १२
२.१.१ भौगोलिक अवस्था र प्रशासनिक संरचना ........ १२
२.१.३ प्राकृतिक सम्पदा ........ १२
२.१.४ जनसांख्यिक अवस्था ........ १३
२.१.५ जातजाति, भाषा र धर्म ........ १३
२.२ आर्थिक विकासको अवस्था ........ १४
२.२.१ कृषि तथा पशुपन्छीपालन ........ १४
२.२.२ उद्योग व्यापार व्यवसाय ........ १४
२.२.३ पर्यटन विकास ........ १४
२.२.४ वैंक, वित्तीय संस्था तथा सहकारी ........ १४
२.२.५ श्रम तथा रोजगार ........ १४
२.३ सामाजिक विकासको अवस्था ........ १५
२.३.१ शिक्षा ........ १५
२.३.२ स्वास्थ्य ........ १५
२.३.३ खानेपानी तथा सरसफाई ........ १५
२.३.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण ........ १५
२.३.५ युवा तथा खेलकुद ........ १६
२.४ पूर्वाधार विकासको अवस्था ........ १६
२.४.१ सडक यातायात, पुल पुलेसा ........ १६
२.४.२ आवास, वस्ती तथा शहरी विकास ........ १६

२.४.३ सिंचाई ........ १७

२.४.४ सूचना तथा सञ्चार प्रविधि ........ १७

२.४.५ विद्युत तथा वैकल्पिक ऊर्जा ........ १७

२.५ वन, वातावरण तथा विपद व्यवस्थापन अवस्था ........ १८

२.५.१ वन तथा जैविक विविधता ........ १८

२.५.२ भू तथा जलाधार व्यवस्थापन ........ १८

२.५.३ वातावरण तथा स्वच्छता ........ १८

२.५.४ विपद व्यवस्थापन तथा जलवायु परिवर्तन ........ १८

२.६ सुशासन तथा संस्थागत विकासको अवस्था........ १९

२.६.१ सुशासन तथा ऐन कानुन........ १९

२.६.२ वित्तीय श्रोत परिचालन ........ १९

२.६.३ संस्थागत विकास र सेवा प्रवाह........ १९

परिच्छेद तीन : दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निर्धारण ........ २०

३.१ दीर्घकालीन सोच........ २०

३.२ समष्टिगत लक्ष्य ........ २०

३.३ विषय क्षेत्रगत उद्देश्य ........ २०

३.४ समष्टिगत रणनीति ........ २०

परिच्छेद चार : आर्थिक विकास........ २२

४.१ कृषि........ २२

४.२ पशुपन्छीपालन ........ २८

४.३ उद्योग व्यापार व्यवसाय ........ ३३

४.४ पर्यटन विकास........ ३८

४.५ वैंक, वित्तीय संस्था तथा सहकारी ........ ४३

४.६ श्रम तथा रोजगार ........ ४८

परिच्छेद पाँच : सामाजिक विकास ........ ५२

५.१ शिक्षा ........ ५२

५.२ स्वास्थ्य ........ ६१

५.३ खानेपानी तथा सरसफाई........ ६८

५.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण........ ७३

५.५ युवा तथा खेलकुद ........ ७९
५.६ कला, भाषा, संस्कृति र सम्पदा ........ ८४
परिच्छेद छ : पूर्वाधार विकास ........ ८८
६.१ सडक यातायात, पुल पुलेसा ........ ८८
६.२ आवास, वस्ती तथा शहरी विकास ........ ९४
६.३ सिंचाई ........ ९९
६.४ सूचना तथा सञ्चार प्रविधि ........ १०४
६.५ विद्युत तथा वैकल्पिक ऊर्जा ........ १०८
परिच्छेद सात : वन, वातावरण तथा विपद व्यवस्थापन ........ ११३
७.१ वन तथा जैविक विविधता ........ ११३
७.२ भू तथा जलाधार व्यवस्थापन ........ ११८
७.३ वातावरण तथा स्वच्छता ........ १२३
७.४ विपद व्यवस्थापन तथा जलवायु परिवर्तन ........ १२८
परिच्छेद आठ : सुशासन तथा संस्थागत विकास ........ १३४
८.१ सुशासन तथा ऐन कानुन ........ १३४
८.२ वित्तीय श्रोत परिचालन ........ १४१
८.३ संस्थागत विकास र सेवा प्रवाह ........ १४६
परिच्छेद नौ : बजेट व्यवस्था तथा विषय क्षेत्रगत बजेट बाँडफाँड ........ १५२
परिच्छेद दश : आवधिक योजनाको वार्षिक कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन व्यवस्था ........ १५७
अनुसूचि १. वडागत प्रमुख आयोजना विवरण ........ १६०
अनुसूची २ : माइन्युट ........ १७७
अनुसूची ३ : फोटोहरु ........ १९३
अनुसूची ४ : नक्साहरु ........ १९६

# शव्द संक्षेपीकरण

| | | |
|---|---|---|
| अ.मु. | : | अनुगमन तथा मूल्याङ्कन |
| अ/गैसस | : | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| आ.वि. | : | आधारभूत विद्यालय |
| मा.वि | | माद्यमिक विद्यालय |
| उ.स. | : | उपभोक्ता समिति |
| कि.मि. | : | किलोमिटर |
| नपा | : | नगरपालिका |
| गापा | : | गाउँपालिका |
| प्रावि. | : | प्राथमिक विद्यालय |
| मावि. | : | माध्यमिक विद्यालय |
| मे टन | : | मेट्रिक टन |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैंयाँ |
| लि. | : | लिटर |
| व.नं. | : | वडा नम्वर |
| प्रप्रअ | | प्रमुख प्रशासकीय अधिकृत |
| स.सं | : | सहकारी संस्था |
| सा.सं | : | सामुदायिक संस्था |
| हे. | : | हेक्टर |

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

आर्थिक समानता, समृद्धि, सामाजिक न्याय तथा सहभागितामुलक विकासको जगमा टेकेर समुन्नत समाजको निर्माण गर्ने अभिप्रायबाट निर्देशित वर्तमान संविधानले सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक बृद्धि हासिल गर्दै दीगो आर्थिक विकास गर्ने तथा प्राप्त लक्ष्यहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषण रहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य लिएको छ।

संविधानतः स्थानीय तहको एकल तथा साझा अधिकार क्षेत्र तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिको काम कर्तव्य र अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था गरिएको छ। योजना तर्जुमा विधि र प्रक्रियालाई सहज र स्पष्ट गर्न राष्ट्रिय योजना आयोग तथा प्रदेश योजना आयोगबाट स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनहरु जारी भएका छन्। संघ, प्रदेशबाट व्यवस्था गरिएका त्यस प्रकारका प्रावधान एवं ऐन तथा कानुनी व्यवस्थाको अधिनमा रही परिभाषित विधि पद्धतिको पूर्ण अवलम्वन गर्दै महाबु गाउँपालिकाले आवधिक विकास योजना (२०८१/८२ - २०८५/८६) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। राज्य शक्तिको बाँडफाँड तथा पुर्नसंचरनाको क्रममा स्थानीय तहको रुपमा स्थापित महाबु गाउँपालिकाले योजनावद्ध ढङ्गबाट गाउँपालिकाको विकास गर्ने उद्देश्यले पहिलो आवधिक योजना तर्जुमा भएको छ।

आवधिक विकास योजना तर्जुमा गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को भावनालाई सम्वोधन गरिएको छ। यस अनुसार आर्थिक विकास, गरिबी निवारण, रोजगार सिर्जना, आय वृद्धि, दिगो विकास, स्थानीय साधन स्रोत र सीपको अधिकतम उपयोग, छिट्टै प्रतिफल प्राप्त हुन सक्ने क्षेत्र र कम लागत एवं स्थानीय वासिन्दाहरुको सहभागिता जुट्न सक्ने पक्षहरुलाई प्राथमिकता दिइएको छ। त्यसैगरी नेपाल सरकार र प्रदेश सरकारको दीर्घकालीन सोच, नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रिया एवं दिगो विकास लक्ष्यसँग अनुकूल हुने गरी वातावरण तथा बालमैत्री शासन, सुशासन, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित पक्षलाई समेत मनन गरिएको छ। उपरोक्त पक्षहरुलाई आधार मानी महाबु गाउँपालिकाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम, अनुमानित लगानी खाका निर्धारण भएको छ। समावेशी र सहभागितामूलक विधि, प्रक्रिया बाट तयार पारिएको यस आवधिक तथा रणनीतिक योजना मार्गचित्र (Strategic and Indicative Planning Framework) लाई महाबु गाउँपालिकाको समग्र विकासका लागि महत्वपूर्ण मार्गदर्शक दस्तावेजको रुपमा ग्रहण गरिएको छ। यसै योजना खाका भित्र रही महाबु गाउँपालिकाले मध्यमकालीन खर्च संरचना, वार्षिक नीति, कार्यक्रम एवं बजेट तर्जुमा र सोही अनुसार कार्यान्वयन गर्दै जाने प्रतिवद्धता समेत जाहेर भएको छ।

## १.२ आवधिक योजना निर्माणको उद्देश्य

आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य महाबु गाउँपालिकाको विकास प्रयास तथा प्रक्रियाहरुलाई मार्गदर्शन गर्न नतिजामा आधारित योजनावद्ध विकासको प्रारुप तयार पार्नु रहेको छ। यसका साथै आवधिक योजना तर्जुमाको विशेष उद्देश्य यस प्रकार रहेको छ :

क) स्थानीय जनचाहना एवं आवश्यकताका आधारमा राजनीतिक दल, निजीक्षेत्र, सरकारी निकाय एवं गैर सरकारी संघ संस्था लगायत सरोकारवालाहरुको उपस्थितिमा सहभागितामूलक विधिबाट पालिकाको विद्यमान अवस्थाको लेखाजोखा, प्रगति समीक्षा, साधन श्रोतहरुको उपलव्धतालाई मनन गरी सवै पक्षहरुको सहमतिमा आवधिक योजना तर्जुमा गर्नु

ख) नेपालको संविधान २०७२ को मर्म, भावना, नेपाल सरकार एवं प्रदेश सरकारको दीर्घकालीन सोच, नीति, कार्यक्रम एवं प्राथमिकताहरु, संघ र प्रदेशवाट कार्यान्वयनमा ल्याइएका कानुनी, नेपाल सरकारले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा जाहेर गरेका प्रतिवद्धता, दिगो विकास लक्ष्यलाई स्थानीयकरण, नेपाल सरकारवाट समय समयमा जारी गरिएका मार्गदर्शन, एवं निर्देशित सिद्धान्तहरुसंग तादात्म्यता स्थापित गर्दै पालिकाको दीर्घकालीन सोच, नीति एवं कार्यक्रमहरु विकास गर्नु

ग) साझा लाभका आधारमा अन्तरपालिका समन्वय, सहकार्य एवं साझेदारीमा पालिकासँग उपलब्ध प्राकृतिक लगायतका श्रोतहरुको सुनियोजित, सुव्यवस्थित ढङ्गवाट दिगो उपयोगका लागि विकासको खाका तर्जुमा गर्नु

घ) आवधिक योजनाको आधारमा पालिकाको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा वजेट लगायत विषयक्षेत्रगत योजना तर्जुमाका लागि आधार तयार पार्नु ।

## १.३ आवधिक योजना निर्माणको कार्यक्षेत्र

क) गाउँपालिकाको वस्तुगत अवस्था खासगरी जनसंख्या वितरण, धरातलीय अवस्था, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन र सुशासन एवं वित्तीय व्यवस्थाको विश्लेषण गर्दै गाउँपालिकाको सम्भावना तथा अवसरहरुको यकिन गर्ने

ख) गाउँपालिकाको दीर्घकालीन सोच सहित योजना खाका तयार पार्ने र सोको आधारमा आवधिक लक्ष्य एवं उद्देश्यहरु निर्धारण गर्ने र त्यसका लागि रणनीति, कार्यक्रमहरु तर्जुमा एवं वित्तीय स्रोतहरुको प्रक्षेपण गर्ने

ग) संघ, प्रदेश र अन्तरपालिका एवं निजी क्षेत्रहरुसंग सहकार्य, साझेदारीका क्षेत्रहरु यकिन गर्ने

घ) आवधिक योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको खाका तयार पार्ने

## १.४ आवधिक योजना तर्जुमाका कानुनी तथा नीतिगत आधारहरु

नेपालको संविधान २०७२ अनुसारको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, संघीय एवं प्रादेशिक नीति, कानुनी व्यवस्था एवं स्थानीय तहको अधिकारहरुको पृष्ठभूमिमा स्थानीय तहको विकास योजनाको खाका तर्जुमा गर्नु पर्ने व्यवस्था छ । सामाजिक न्याय, ज्येष्ठ नागरिक, दलित, बालबालिका, महिला, आवास, शिक्षा, स्वास्थ्य, श्रम, रोजगारी, सूचना, सम्पत्ति, समानताको हकलाई मौलिक हक र कर्तव्यका रुपमा लिएको हुँदा त्यस्ता पक्षहरुलाई पनि आवधिक विकास योजना तर्जुमा गर्दा सोही अनुसार सम्वोधन गर्नुपर्ने हुन्छ । नेपाल संविधानको धारा ५७ (४) (५) र अनुसूची ८ र ९ मा क्रमशः स्थानीय सरकारको एकल अधिकार र साझा अधिकार सूचीको अधिनमा रही स्थानीय तहले आवधिक, मध्यमकालीन एवं वार्षिक नीति, योजना, वजेट तथा कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्दा तीनै तहका सरकार बीच सह अस्तित्व, समन्वय र सहकार्य हुनुपर्ने कुरामा जोड दिइएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ गाउँपालिकाले योजना बनाउँदा आर्थिक विकास, गरिबी निवारण, उत्पादनमूलक, छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार वढ्ने, स्थानीय सीप, साधन श्रोतको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धि हुने पक्षहरुलाई प्राथमिकता दिनुपर्ने कुरामा जोड दिइएको छ ।

त्यसैगरी दिगो विकास लक्ष्य, राष्ट्रिय एवं प्रादेशिक र स्थानीय तहको योजनाहरु बीच अन्तरसम्बन्ध स्थापित र तादात्म्यता कायम राख्ने उद्देश्यले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ ल्याएको छ । यस अनुसार स्थानीय तहले योजना तर्जुमा गर्दा नेपालको संविधान, विद्यमान ऐन, नियम, राष्ट्रिय एवं प्रादेशिक नीति, त्यसको दीर्घकालीन सोच, आवधिक योजना, र मार्ग निर्देशनहरु, दिगो विकास लक्ष्य, स्थानीय तहको प्रमुख समस्या एवं सम्भावनाहरु र राजनीतिक दलका घोषणापत्र र तीनै तहका सरकारहरुको बीच आवधिक लक्ष्य बीच अन्तर सम्बन्ध हुनुपर्ने उल्लेख भएको छ । यसैगरी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा मध्यमकालीन खर्च संरचना तर्जुमा, वार्षिक कार्यक्रम तर्जुमा गर्दा आवधिक योजनाको आधारमा तर्जुमा गर्नुपर्ने पक्ष उल्लेख भएको छ ।

आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा मुलतः नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, दिगो विकास लक्ष्य स्थानीयकरण, १५औं योजना, कर्णाली प्रदेशको आवधिक योजना, नेपाल सरकार एवं प्रदेश सरकारबाट जारी भएका नीति कार्यक्रम, निर्देशिका, मापदण्ड एवं कानुनहरु लगायतका दस्तावेजहरुलाई आधार मानिएको छ ।

## १.५ आवधिक योजना तर्जुमाका चरणहरु

महाबु गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा पूरा गरिएका चरणहरु यस प्रकार रहेको छ।

### क) पहिलो चरण : प्रारम्भिक छलफल तथा अभिमुखीकरण कार्यक्रम

महाबु गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा प्रारम्भिक छलफल तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा आवधिक योजना तर्जुमाका लागि गाउँपालिका, परामर्शदाता एवं सरोकारवालाहरुको जिम्मेवारी बाँडफाँड, कार्ययोजना स्वीकृती र योजना तर्जुमा विधि प्रक्रियाका बारेमा छलफल गरिएको थियो । यस क्रममा आवधिक योजना तर्जुमाका लागि संगठनात्मक संयन्त्र निर्देशक समिति, समन्वय तथा सहजीकरण समिति क्रमशः अध्ययक्ष र प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा गठन गरिएको थियो । यसैगरी योजना तर्जुमाका लागि तथ्याङ्क तथा सूचनाहरु अद्यावधिक गर्ने कार्य समेत प्रारम्भ गरिएको थियो ।

### ख) दोस्रो चरण : सन्दर्भ सामग्रीहरुको अध्ययन

आवधिक योजना तर्जुमाका लागि महाबु गाउँपालिकासँग सम्बन्धित अभिलेख एवं प्रकाशनहरुको सङ्कलन, अध्ययन एवं विश्लेषण भएको थियो । यसका साथै नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन एवं राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग अन्तर्गतका ऐन, नियम, निर्देशिका एवं मापदण्डहरु सङ्कलन एवं अध्ययन भएको थियो । संघ तथा प्रदेश सरकारको आवधिक एवं वार्षिक नीति तथा कार्यक्रमहरु, राष्ट्रिय तथा प्रादेशिक योजना आयोगको प्रकाशनहरु र महाबु गाउँपालिकाको विगत वर्षहरुको उपलब्धि, नीति कार्यक्रमहरुको अध्ययन गरिएको थियो ।

### ग) तेश्रो चरण : वडा स्तरीय कार्यशाला गोष्ठि

आवधिक योजना तर्जुमाको सन्दर्भमा महाबु गाउँपालिकाका सवै वडाहरुमा वडा स्तरीय कार्यशाला गोष्ठि सञ्चालन भएको थियो । वडा स्तरीय कार्यशाला गोष्ठिमा वडा सदस्य, स्थानीय राजनीतिक दल, टोल विकास संस्था, सामुदायिक संघ संस्था, विद्यालय, स्वास्थ्य संस्था, खानेपानी उपभोक्ता, सामुदायिक वन, सहकारी संस्था, महिला तथा वाल सञ्जाल, निजी क्षेत्र लगायत स्थानीय पत्रकार समुदायहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा वडाको वस्तुस्थिति विश्लेषण र आगामी पाँच वर्षहरुका लागि वडा स्तरीय कार्यक्रमहरु तर्जुमा भएको थियो । यस सम्बन्धी विस्तृत विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।

### घ) चौथो चरण : आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी

महाबु गाउँपालिकाको आवधिक योजना तर्जुमाका लागि ३ दिने कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । गाउँपालिका स्तरीय सरोकारवालाहरुको सहभागितामा सञ्चालन भएको कार्यशाला गोष्ठीमा गाउँपालिका पदाधिकारी तथा सदस्यहरु, राजनीतिक दलका प्रतिनिधि, गैरसरकारी संघ संस्थाहरु, लगायतका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कार्यशाला गोष्ठीवाट महाबु गाउँपालिकाको दीर्घकालीन सोच, विषयक्षेत्रगत लक्ष्य, उद्देश्यहरु, रणनीति एवं कार्यक्रमहरु तर्जुमा भएको थियो ।

### ङ) पाँचौ चरण : मस्यौदा प्रतिवेदन तयारी

आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी, राष्ट्रिय एवं प्रादेशिक नीति कार्यक्रम एवं नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन लगायत सन्दर्भ सामाग्रीहरुको आधारमा महाबु गाउँपालिकाको आवधिक विकास योजनाको मस्यौदा प्रतिवेदन तयार पारिएको थियो । यस क्रममा स्थानीय तहको एकल एवं साझा अधिकार क्षेत्रका सवै विषय तथा उपक्षेत्रहरुका बिषयमा प्राप्त सुझाब तथा प्रतिक्रियाहरुलाई तर्कपूर्ण एवं वस्तुनिष्ठ ढङ्गबाट प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार भएको थियो ।

### च) छैटौ चरण : प्रतिवेदन प्रमाणीकरण कार्यक्रम

सहभागितामूलक कार्यशाला गोष्ठीको निष्कर्ष, विषय विज्ञहरुसँगको परामर्श तथा छलफलको क्रममा प्राप्त सुझाबहरुको आधारमा तयार भएको आवधिक विकास योजनाको मस्यौदा दस्तावेज गाउँ कार्यपालिका समक्ष प्रस्तुत गरी थप राय सुझाब तथा पृष्ठपोषण सङ्कलन गरिएको थियो ।

**छ) सातौ चरण : अन्तिम दस्तावेज स्वीकृति र प्रकाशन**

आवधिक योजना विभिन्न कार्यक्रमबाट प्राप्त सुझाब तथा पृष्ठपोषणहरुलाई समावेश गरी तयार पारिएको महाबु गाउँपालिकाको दीर्घकालीन सोच सहितको आवधिक विकास योजना दस्तावेजलाई गाउँ सभाबाट स्वीकृत गरिएको थियो ।

## १.६ आवधिक विकास योजनाका सीमाहरु

यस आवधिक विकास योजना तर्जुमाका सीमाहरू निम्न अनुसार रहेका छन् :

क) नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरेको अधिकार क्षेत्रभित्र रही स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले निर्दिष्ट गरेको ढाँचामा पालिकाको आवधिक योजना तर्जुमा गरिएको छ ।

ख) गाउँपालिकाले उपलव्ध गराएको तथ्याङ्क तथा सूचनालाई मुख्य आधार बनाई आवधिक योजना तर्जुमा गरिएको छ । त्यसैगरी गाउँपालिकाबाट विभिन्न समयका प्रकाशनलाई समेत सूचनाको श्रोतका रुपमा ग्रहण गरिएको छ । पालिका स्तरमा उपलव्ध हुन नसकेका सूचना तथा तथ्याङ्कहरु प्रदेशको प्रथम आवधिक योजना र १६ औं योजना (२०८१/८२ - २०८५/८६) लाई आधार मानिएको छ ।

ग) सहभागितामूलक विधिवाट गाउँपालिकाको वस्तुस्थिति विश्लेषण भएको र सोका आधारमा पालिकाको विषय क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति एवं कार्यक्रमहरु तर्जुमा गरिएको छ । कार्यक्रमहरु तर्जुमा गर्दा राष्ट्रिय एवं प्रादेशिक नीति कार्यक्रम, प्राथमिकता र आवश्यकतालाई मध्य नजर गरिएको छ । त्यसैगरी वित्तीय प्रक्षेपण पालिकाले चालु आर्थिक वर्षमा अनुमान गरिएको आन्तरिक आय र वाह्य श्रोतलाई आधार मानिएको छ ।

घ) आवधिक विकास योजना राजनीतिक प्रक्रियाबाट तर्जुमा गरिएको छ । यो रणनीतिक मार्गदर्शक योजनाको खाका भएकोले गाउँपालिकाको दीर्घकालीन सोच, आवधिक लक्ष्य, बिषयक्षेत्रगत उद्देश्य, रणनीति, प्रमुख कार्यक्रम तहसम्म मात्र केन्द्रीत छ ।

# परिच्छेद दुई : गाउँपालिकाको वस्तुस्थिती

## २.१ गाउँपालिकाको परिचय

महाबु गाउँपालिका कर्णाली प्रदेश दैलेख जिल्लाको उत्तरमा कालीकोट जिल्लासंग जोडिएको पहाडी गाउँपालिका हो । यो गाउँपालिकाको नाम महाबु रहनाको कारण यस ठाउँमा सवैभन्दा ठुलो देवता शिवको अवतारका रुपमा श्री महावै देवताको उत्पति महाबु गाउँपालिका वार्ड नं. ५ वडावनमा भएको र त्यसको अवतार महाबु गाउँपालिकाका वडा नं. ६ स्थीत दैलेखको सवैभन्दा अग्लो ४१६८ मिटर महाबु लेकमा भएको हुँदा यस गाउँपालिकाका जनताहरुको साझा सहमतिले महावु गाउँपालिका नामाकरण गरिएको हो ।

### २.१.१ भौगोलिक अवस्था र प्रशासनिक संरचना

जैविक विविधताले भरिपूर्ण यस गाउँपालिका, समुन्द्र सतहबाट न्यूनतम ६३० मि. (ताराघाट छामघाट) देखि ४१६८ मि. ( महाबु लेक) सम्म फैलिएको छ । महाबु गाउँपालिका कर्णाली प्रदेश, दैलेख जिल्लाका ११ वटा स्थानीय तह मध्ये महाभारत पर्वत श्रृंखलाको उत्तरमा अवस्थित एक दुर्गम पहाडी गाउँपालिका हो । यो गाउँपालिकाका कर्णाली प्रदेशको राजधानी विरेन्द्रनगर सुर्खेत देखि ९० कि.मि. र दैलेख सदरमुकाम देखि २२ कि.मि. उत्तरमा अवस्थित छ । यस महावु गाउँपालिकाको पूर्वमा नारायण नगरपलिका, पश्चिममा छामघाट खोला उत्तरमा कालिकोट जिल्लाको सिमाना, दक्षिणमा भैरवी गाउँपालिका र नारायण नगरपालिका पर्दछ । दैलेख जिल्लाका ११ वटा स्थानीय तहहरु मध्ये आर्थिक दृष्टिकोणले विपन्न प्राकृतिक धार्मिक, ऐतिहासिक दृष्टिकोणले सम्बृद्ध छ । राजनीतिक रुपमा दैलेख जिल्लाको निर्वाचन क्षेत्र नं. १ मा पर्ने यस गाउँपालिकाको केन्द्र वडा नं ४ गैडाबाजमा रहेको छ । यस गाउँपालिकालाई ६ वटा वडाहरुमा विभाजन गरिएको छ ।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

भौगोलिक नक्सा

### २.१.३ प्राकृतिक सम्पदा

महाबु गाउँपालिकाको भूवनावटको वारेमा विविधता पाइन्छ । यस गाउँपालिकामा खोला नदि किनारमा वलौटे किसिमको माटो पाइन्छ भने भिरालो वन पाखो वारी भिरालो जमिनमा फलाम मिश्रित रातो माटो, उच्चाइ बढ्दै जाँदा पहेलो माटो

देख्न पाइन्छ । अग्ला डाँडा काँडाले छोएको भूवनोट रहेको छ । यस महाबु गाउँपालिकाको माथिल्लो भेगमा धेरै जाडो र तल्लो भेगमा गर्मी हुने विविधतापूर्ण जलवायु रहेको यस गाउँपालिकाको भूवनावट हेर्दा माछाको आकार जस्तो देखिन्छ ।

### २.१.४ जनसांख्यिक अवस्था

महाबु गाउँपालिकाको जनगणना, २०७८ को आधारमा जनसंख्या १८,०५९ रहेको छ जसमध्ये पुरुष ४५.८ प्रतिशत ८,२६२ जना) र महिला ५४.२ प्रतिशत ९,७९७ जना) रहेका छन् । सोही अनुसार तथ्याङ्कलाई हेर्दा लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरुमा पुरुषको जनसंख्या कम अर्थात् ८४.३३ जना देखिन्छ। यस गाउँपालिकामा लैङ्गिक हिसाबले सबै वडामा महिलाको भन्दा पुरुषको जनसंख्या कम देखिन्छ। यस गाउँपालिकामा रहेको ६ वडाहरुमा २९१३ घरसंख्या र २९१३ घर परिवार संख्या रहेका छन् । यस गाउँपालिकाको जनघनत्व १०२ प्रति वर्ग कि.मि. रहेको छ। तलको तालिकामा वडागत जनसंख्या विवरण दिइएको छ ।

| क.सं. | वडाको नाम | क्षेत्रफल (वर्ग कि. मि.) | राष्ट्रिय जनगणना २०७८ अनुसार | | |
|---|---|---|---|---|---|
| | | | घर परिवार संख्या | पुरुष | महिला |
| १ | खरिगैरा | १३.३६ | ६८३ | १२२९ | १६४६ |
| २ | वडाखोला | ११.५९ | ५८८ | १११० | १४८३ |
| ३ | बाँसी | १३.८ | ७८५ | १६८५ | २१८५ |
| ४ | गैडाबाज | १२.८८ | ४५५ | १३३९ | १४०० |
| ५ | काँशिकाध | २२.५९ | ५०७ | १२३७ | १३८१ |
| ६ | रानिवन | ३६.५८ | ५३५ | १६६२ | १७०२ |




### २.१.५ जातजाति, भाषा र धर्म

यस गाउँपालिकामा मुख्य रुपमा ठकुरी, मगर, कामी, ब्राह्मण - पहाडी, सार्की, गुरुङ, दमाई/ढोली, सन्यासी/दशनामी, दलित अन्य, वादी, मारवाडी आदिको बसोबास रहेको छ। उल्लेखित जातीहरुको आ-आफ्नो मातृभाषा रहेता पनि दैनिक बोलीचालीको हिसाबले नेपाली भाषा नै प्रमुख रुपमा रहेको छ ।

विभिन्न किसिमका जातजाति, भाषा र धर्म भएको मानिसको बसोबास रहने हुनाले जातिय विविधता, भाषागत विविधता तथा धार्मिक विविधताले यहाँको बसाई र सामाजिक सम्बन्ध सुमधुर रहेको छ ।

## २.२ आर्थिक विकासको अवस्था

### २.२.१ कृषि तथा पशुपन्छीपालन

महाबु गाउँपालिकाको बहुसंख्यक जनसंख्या कृषि पेशामा आबद्ध रहेको छ । कृषि क्षेत्रअन्तर्गत अन्नबाली, नगदेबाली, तरकारी खेती र वनजन्य खेतीलाई लिइएको छ । कृषिजन्य उत्पादनको लागि उर्भर भूमि रहेको यस गाउँपालिकाको करिब ४१.५३ प्रतिशत खेतीयोग्य रहेको छ । समुन्द्र सतहबाट न्यूनतम ६३० मि. देखि ४१६८ मि.सम्म फैलिएको भौगोलिक धरातलीय स्वरुप अनुसार स्थान विशेष विभिन्न प्रकृतिको माटो र उत्पादन रहेको छ । खाद्यान्न बालीमा मकै, धान, कोदो, तोरी, फापर रहेको पाइन्छ । त्यसैगरी काउली, बन्दा, मुला, रायो, सिमी, काँक्रा, फर्सी, करेला, आलु, गोलभेडा, भिन्डी, स्कुस लगायतका तरकारी खेती गरिन्छ भने फलफुल पनि उत्पादन हुन्छ । यहाँ अलैंची, अदुवा आदि नगदेबालीहरु उत्पादन हुने गर्दछ । यस गाउँपालिकामा आलु मकै देखि लिएर वेशीमा धान उत्पादन गर्न सकिन्छ ।

महाबु गाउँपालिकामा हरेक घरधुरीमा व्यवसायिक रुपमा नभई आफ्नो उपभोगको लागि पशुपालन गर्ने प्रचलन रहेको छ । विशेष गरी गाई, गोरु ,भैसी, बाख्रा, लगायत कुखुरा आदि पालन गर्ने गरिएको छ ।

पछिल्लो विवरण अनुसार यो गाउँपालिका पुशजन्य उत्पादनमा आत्मनिर्भर देखिएको छ । गाउँपालिकाले विभिन्न वडाहरुमा पशु प्राविधिक तथा टोल टोलमा पशु स्वास्थ्य कार्यकर्ता परिचालन गरि सेवा प्रदान गरिरहेको छ । गाउँपालिका अन्तर्गत विभिन्न कार्यालयहरु संचालन हुने भएकोले गर्दा भौतिक पूर्वाधारहरुको अभाव देखिएको छ ।

### २.२.२ उद्योग व्यापार व्यवसाय

महाबु गाउँपालिका दैलेख जिल्लाको दुर्गम गाउँपालिका हो । यो गाउँपालिका भित्र ठुला बजार क्षेत्रहरु नभएको हुनाले यहाँका मानिसहरु दैलेख जिल्लाको दैलेखे बजार सम्म किनमेल गर्न जाने गर्दछन् । यो गाउँपालिका भित्र केहि साना पसल भएका व्यापारिक केन्द्रहरु रहेका छन् । यहाँ उत्पादित अन्न तथा पशुजन्य उत्पादन साथै किराना सामाग्री र लत्ताकपडाका विक्रि केन्द्रहरु रहेका छन् ।

गाउँपालिकाको पार्श्वचित्र २०७५ अनुसार ७ होटलहरु मध्ये, खाना आवासको सुविधा भएको २ खानाको सुविधा भएको, आवास भएको ३ र सामान्य चिया तथा नास्ता पसल २ वटा रहेका छन् ।

### २.२.३ पर्यटन विकास

स्थानीय जीवनशैली, परम्परागत संस्कृति, प्राकृतिक स्रोत साधन, पर्यटनको प्रचुर संभावना, तथा जडिबुटीको पर्याप्तता महाबु गाउँपालिकाको प्रमुख विशेषता हो । पर्यटन प्रवर्द्धनको आधारको रुपमा महाबु लेक, शिव कुन्ड, हिमाल ताल आदि पर्यटकीय स्थलहरु रहेका छन् । यहाँ रहेका धार्मिक स्थलहरुमा मुख्य गरी हिन्दु धर्मसँग सम्वन्धित मन्दिरहरु रहेका छन् भने अन्य धर्मसँग सम्बन्धित धार्मिक स्थलहरु यहाँ रहेका छैनन् ।

### २.२.४ वैंक, वित्तीय संस्था तथा सहकारी

महाबु गाउँपालिकामा कुमारी बैंक रहेको र ३१ वटा सहकारी संस्थाहरू रहेका छन् । दूध खरिद विकी, कृषि उत्पादन खरिद विकी, बचत तथा ऋण लगानी, बिउ विजन खरिद विकी र बहुउद्देश्यीय किसिमका सेवाहरुमा यी संस्थाहरूले बचत परिचालन तथा ऋण प्रवाह गरी आर्थिक विकासमा टेवा पुर्‍याएका छन् ।

### २.२.५ श्रम तथा रोजगार

राष्ट्रिय जनगणना २०७८ अनुसार सक्रिय जनसंख्या ६७.०० प्रतिशत रहेको छ । तर आर्थिक रुपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ ।

नेपालको वैदेशिक रोजगारमा जाने जुन प्रकारको पद्धती छ सो अनुसार यो गाउँपालिकामा गएको पाइदैन । यो गाउँपालिकाको कुल उत्पादनशील जनसंख्याको ६७ प्रतिशत जनसंख्या जसमध्ये महिला ५९.४ प्रतिशत र पुरुष ६९.५ प्रतिशत रहेका छन् । वैदेशिक रोजगारमा गएकाले पठाएको पैसाले यहाँको पनि जीविकोपार्जनमा सहायक बनेको छ । तत्कालको अवस्थामा रेमिट्यान्स सहितको आम्दानीले यो गाउँपालिकाको कुल खर्चलाई राम्रोसँग धान्न सकेको छ ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ शिक्षा

हाल यो गाउँपालिकामा ५ वर्ष वा त्यो भन्दा माथी उमेर समूहको साक्षरता दर ७६.४% रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८४.२% छ भने महिला साक्षरता दर ७०.० % रहेको छ र विद्यालय उमेरका बालबालिका विद्यालय बाहिर रहेका संख्या नगन्य मात्रामा छ। हाल यस गाउँपालिकाको सामुदायिक विद्यालयबाट एस.ई.ई परीक्षा उत्तीर्ण गरि उच्च शिक्षामा अध्ययन गर्न चाहने विद्यार्थीहरुका लागि गाउँपालिकाले कार्यविधि बनाई अध्ययन खर्चको व्यवस्थापन गर्ने र निज विद्यार्थीले भविष्यमा गाउँपालिकामा सेवा करार मार्फत विद्यालय/अस्पतालमा सेवा गर्नु पर्ने योजनाको अवधारणा रहेको छ।

### २.३.२ स्वास्थ्य

महाबु गाउँपालिकामा ५ वटा स्वास्थ्य चौकी, ४ वटा सामुदायिक स्वास्थ्य इकाई रहेको छ। दुर्गम क्षेत्र भएको हुनाले स्वास्थ्य चौकीहरुमा पनि आवश्यकता अनुसार औषधीहरु नपाइने तथा कर्मचारीहरु नहुने हुनाले खास सेवा पाउन सकेको अवस्था भने छैन। यो गाउँपालिकामा औषधी पसलहरु समेत संचालित रहेका छन्। विरामी हुँदा सबैभन्दा पहिले यो गाउँपालिकाका ७८% घरधुरीहरु स्वास्थ्य संस्थामा जाने गरेको विवरण छ। गाउँपालिकाका कुल घरधुरी मध्ये ४०% घरधुरीको आधा घण्टा पैदल दुरी भित्र स्वास्थ्य संस्था उपलब्ध छ भने ३८% घरधुरीको लागि स्वास्थ्य संस्था पुग्न १ घण्टा हिड्नु पर्ने हुन्छ। त्यस्सै गरी २१% घरधुरी स्वास्थ्य संस्था भन्दा २ घण्टाको पैदल दुरी टाढा रहेका छन् भने १% घरधुरीलाई स्वास्थ्य संस्था पुग्न ३ घण्टा लाग्छ।

### २.३.३ खानेपानी तथा सरसफाई

राष्ट्रिय जनगणना २०७८ अनुसार, महाबु गाउँपालिकाको खानेपानीको प्रमुख श्रोत धारा/पाइपको प्रयोग गर्ने घरधुरी ८५ प्रतिशत रहेको छ जसमा ३०.७ प्रतिशतको आफ्नै घरमा पाइपबाट खानेपानी पुगेको देखिन्छ, ५४.७ प्रतिशतको घर बाहिर, सार्वजनिक पाइपबाट खानेपानी पुगेको देखिन्छ । यस गाउँपालिकामा खानेपानीको श्रोत - कुवा, खोला, नदी, ढुङ्गेधारा, मुहान पर्याप्त रहेको छ।




बजार क्षेत्र भएको ठाउँमा भने फोहोरमैला अव्यवस्थित रही वातावरणीय प्रदुषण भएको छ। यस गाउँपालिकामा शौचालय सुविधा अनुसार, ४.८ प्रतिशतमा ढलको व्यवस्था रहेको छ, ६७.६ प्रतिशतमा सेप्टिक ट्याङ्कको व्यवस्था रहेको छ भने २४.६ प्रतिशत खाल्डो खनेर, ०.३ प्रतिशत सार्वजनिक शौचालय र २.७ प्रतिशत शौचालय विहिन रहेका छन्।




### २.३.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण

राष्ट्रिय जनगणना २०७८ अनुसार महाबु गाउँपालिकाको कुल जनसंख्यामध्ये महिला जनसंख्या ५४.२ प्रतिशत रहेको छ। कानुनी रुपमा जती धेरै प्रावधानहरु थपिदै आए त्यति नै धेरै महिला हिंसाका घटनाहरु वढ्दै गएजस्तो देखिएको छ तर

वास्तविकता यो भन्दा फरक हो । महिला हिंसाका घटनाहरु पहिले पनि हुन्थे र अहिले पनि हुन्छन् तर फरक यति हो पहिले प्रायजसो घटनाहरु परिवार भित्रै दखिन्थे भने अहिले सार्वजानिक हुन थालेका हुन् । सूचना संचार र सामाजिक संजालको व्यापकताले गर्दा कतिपय घटनाहरु स्वयम पिडितले नचाहँदा नचाहँदै पनि बाहिरिन थालेका छन् भने कतिपय अवस्थामा महिलाहरु आफै पिडा व्यक्त गर्न थालेका छन् ।

महाबुगाउँपालिकामा बालबालिकाका लागि बाल उद्यान तथा पार्कहरु व्यवस्थापन गरिएका र व्यवसायिक प्रयोजनका लागि खोलिएका छैनन् । यो गाउँपलिका भित्र नीजि विद्यालयहरुले विद्यार्थीलाई खेलाउनको लागि बनाएका ससाना उद्यानहरु मात्र रहेका छन् । यहाँ बाल विवाह प्रशस्तै भएको छ तर यो संख्या कति छ भन्ने स्पस्ट तथ्याङ्क छैन । पछिल्लो समय संचार तथा सामाजिक संजालको वढ्दो विकास क्रमसँगै वाल विवाहले प्रश्रय पाउन थालेको छ । वाल कल्याण समिति तथा महिला तथा वालवालिका विकास कार्यालयहरु क्रियाशिल छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार अपाङ्गता भएका व्यक्तिहरु ३.२ प्रतिशत रहेको, जसमा ४.१ प्रतिशत पुरुष र २.५ प्रतिशत महिला रहेका छन् ।

### २.३.५ युवा तथा खेलकुद

यस गाउँपालिकामा १६ देखि ४० वर्ष उमेर समूहको जनसंख्या कुल जनसंख्याको ३९.१ प्रतिशत रहेको छ, जसमा पुरुष १९ प्रतिशत र महिला २०.१ प्रतिशत रहेको छ । युवा क्लवहरु पर्याप्त रहेको, व्यवसाहिक सिप भएको तथा प्राविधिक शिक्षा प्राप्त युवा केही मात्रामा रहेका छन् । हाल गाउँपालिकामा व्यवसायिक प्रयोजनका लागि निर्माण भएका उल्लेखनीय खेल मैदानहरु छैनन् तथापि सामान्य खेलकुदको लागि सामान्य खेलमैदान रहेका छन् ।

गाउँपालिकामा मुख्य रुपमा भलिवल प्रति युवाहरुको आर्कषण बढ्दो क्रममा रहेतापनि उचित पूर्वाधारको अभाव रहेको छ । आय आर्जनका लागि यस क्षेत्रका युवाहरु वैदेशिक रोजगारीमा रहेका छन् जसबाट रेमिट्यान्स प्राप्त भएको छ । युवा जनशक्तिलाई स्वदेशमै रोजगारी सिर्जना गर्न सकेको खण्डमा यो गाउँपालिकाको समग्र विकासमा सहयोग भई सम्मुनत गाउँपालिका बन्ने अवसर समेत रहेको छ ।

## २.४ पूर्वाधार विकासको अवस्था

### २.४.१ सडक यातायात, पुल पुलेसा

महाबु गाउँपालिका दैलेख जिल्लाको यातायातका हिसाबले तुलानात्मक रुपमा दुर्गम गाउँपालिका हो । भौतिक पूर्वाधार विकासको हिसाबले मध्यपहाडी लोकमार्गको दैलेख सडक खण्ड यो गाउँपालिकामा पर्दैन । पछिल्लो समयमा जननिर्वाचित प्रतिनिधिहरु आएपछि यो गाउँपालिकामा सडक विस्तारले तिव्रता पाएको छ । हाल सम्म यो गाउँपालिकामा सडकहरु निर्माणाधीन अवस्थामा रहेका छन् भने यहाँका सबै सडकको कुल लम्वाइ २४४.६ किमि रहेको छ । हाल यो गाउँपालिकामा रहेका साना पुलहरु बाहेक झोलुङ्गे पुलहरु जम्मा १८ वटा रहेका छन् ।

दैलेख जिल्लाको सदरमुकाममा रहेको दैलेखबाट यहाँका मानिसहरु विशेषत नेपालगंज तथा सुर्खेत तर्फ जाने गर्छन् । यो गाउँपालिकाबाट दैलेख सदरमुकाम १.५ घण्टाको गाडिको यात्राको दुरीमा पुग्न सकिन्छ ।

### २.४.२ आवास, वस्ती तथा शहरी विकास

महाबु गाउँपालिकामा सुरक्षाका हिसाबले जम्मा २ वटा प्रहरी निकायहरु रहेका छन् । यस गाउँपालिका भित्र रहेका भवनको स्वरुपलाई हेर्दा ९६.८ प्रतिशत ढुङ्गा, इर्टाका माटोको जोडाई भवनहरु रहेका छन्, भने २.४ प्रतिशत सिमेन्ट जोडाई भवनहरु भवनहरु निर्माण रहेका छन् । ढुङ्गा/स्लेटका छाना भएका भवनहरु ७३.५ प्रतिशत, जस्ताका छाना भएका भवनहरु १८.३ प्रतिशत, फुसका छाना २.५ प्रतिशत, सिमेन्ट कंक्रीट ३.१ प्रतिशत रहेको छ ।



यहाँ सरकारी कार्यालयहरु नीतिगत रुपमा पालिकामा पुगिसकेको भएता पनि व्यवसायिक रुपमा सेवा प्रदान गरेको अवस्था भने छैन ।




### २.४.३ सिंचाई

गाउँपालिकाको पार्श्वचित्र अनुसार महाबु गाउँपालिकामा कुल खेतीयोग्य जमीन मध्ये ३४,५४५ रोपनी मात्र उपयोग गरिएको छ (प्राविधिक रुपमा यो विवरण फरक हुन सक्छ) । कुल जग्गा मध्ये २०% जग्गा सिंचित हुने गरिको छ भने ५३% मौसमी सिंचाई हुने गरेको छ, त्यसै गरी २७% सुख्खा रहेको छ । अहिलेको अवस्थामा कुल कृषि योग्य जमीनको ५ प्रतिशत मात्र व्यवस्थित रुपमा सिंचित रहेको छ । बाँकी ९५ प्रतिशत कृषि योग्य जमिन स्रोतको अभावको कारण सिंचाई गर्न सकिएको छैन, यी जग्गाहरुमा आकाशे पानीको भर पर्नु परेको छ ।

### २.४.४ सूचना तथा सञ्चार प्रविधि

पछिल्लो समयमा हुलाकको आवश्यकता दिन प्रतिदिन घट्दै गईरहेको छ । मोबाइल फोनको व्यापकतासँगै औपचारिक र कार्यालय प्रयोजनका लागि मात्र हुलाकबाट चिठिपत्रहरु आदान प्रदान हुने गरेका छन् । यो गाउँपालिकामा संचालित अतिरिक्त हुलाक कार्यालयहरु स्थानीय गाउँलेका कच्ची भवनमा भाडामा संचालित छन् । यहाँ ल्यान्ड लाइन सेवा उपलब्ध नभए पनि नेपाल टेलिकम तथा एनसेल नेटवर्क रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा मोवाइल प्रयोग गर्ने घरधुरी ८३.७ प्रतिशत रहेको छ भने इन्टरनेट प्रयोग गर्ने घरधुरी ३२.६ प्रतिशत रहेको छ ।

यो गाउँपालिकामा हाल सम्म कुनैपनि रेडियो स्टेसन रहेको छैन तर यहाँ दैलेख र सुर्खेत जिल्लामा स्थापना भएका विभिन्न रडियोहरु (स्थानीय एफ एमहरु) सुन्ने गरिन्छ । यो गाउँपालिकाका सुचनाहरु यदि स्थानीय एफ एम रेडियोहरुमा प्रसारण गर्नु परेमा यीनै एफ एमहरु प्रयोग गर्ने गरेको अवस्था छ ।

### २.४.५ विद्युत तथा वैकल्पिक ऊर्जा

गाउँपालिकाको पूर्वाधार विकास र उद्यम विस्तारमा विद्युत तथा ऊर्जाको महत्वपूर्ण भूमिका रहेको छ। गाउँपालिकामा विद्युतको आपूर्तिद्वारा उद्योग व्यापार तथा व्यवसाय प्रवर्द्धन हुनुका साथै दैनिक जनजीवनलाई पनि सहज बनाउन सकिन्छ राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपलिकामा ३४.२ प्रतिशत विद्युतीकरण भएको देखिन्छ भने सोलार प्रयोगकर्ता ६१.९ प्रतिशत रहेको छ । खाना पकाउन विद्युत प्रयोग गर्ने अत्यन्त न्यून रहेको र काठ दाउरा प्रयोग गर्ने ९१.८ प्रतिशत, ग्यासँ प्रयोग गर्ने ७.५ प्रतिशत रहेको छ । सुधारिएको चुलो वितरण गर्नुका साथै गोबर ग्याँस पनि प्रयोगमा ल्याएको छ । ऊर्जाको सहज उपलब्धता र प्रयोगले पेट्रोलियम पदार्थको प्रयोग न्यूनीकरण र वातावरणीय योगदानको साथै आयात प्रतिस्थापन गर्नमा मद्दत पुग्दछ ।






## २.५ वन, वातावरण तथा विपद व्यवस्थापन अवस्था

### २.५.१ वन तथा जैविक विविधता

महाबु गाउँपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा प्राकृतिक सम्पदाको हिसाबले ४६.४ प्रतिशत वन क्षेत्रले, ९.५६ प्रतिशत बुट्यान तथा झाडी क्षेत्रले, ३५.२६ प्रतिशत खेतीयोग्य जमिनले, र १.०९ प्रतिशत वालुवा तथा वगर क्षेत्रले ओगटेको देखिन्छ । वनको पूर्णत सदुपयोग र वैज्ञानिक व्यवस्थापन र खेतीयोग्य जमिनमा वैज्ञानिक कृषि प्रणाली अवलम्बन गर्न सके उत्पादनको समेत राम्रो सम्भावना देखिन्छ ।

महाबु गाउँपालिकामा उल्लेखनीय रुपमा वन क्षेत्र रहेको छ । खोच औल देखि उच्च पहाडी क्षेत्र भएको हुनाले पनि यो गाउँपालिकामा विशेषगरी साल सल्लो खयर उत्तीस कटुस लागयत रुख भएका वनहरु प्रसस्त रहेका छन् । यहाँसामुदायिक वनहरु गठन गरी समुदायलाई हस्तान्तरण गरिएको छ ।अन्य राष्ट्रिय वन पनि प्रसस्त रहेको छ । हाल यो गाउँपालिका भित्र मुख्य रुपमा १५ प्रकारका वन्य जन्तु र २४ प्रकारका चराचुरुङ्गीहरु पाइने गरेका छन् ।

हाल यो गाउँपालिकामा ३३ प्रजातिका रुख वनस्पती रहेका छन् भने प्रमुख रुपमा १३ प्रजातीका जडिवुटीहरु रहेका छन् । हिमाली जडीवुटिहरु प्रसस्त पाइने हुनाले यसको व्यवसायिकतामा जोड दिन सके प्रसस्त आम्दानी हाँसिल गर्न सकिने अवस्था छ। वनस्पतीहरुमा चिलाउने, साल, सल्ला, गुराँस, काउलो, सिमल, जामुन, कटुस, पिपल, काफल, बाँस, आदि र जडिवुटीहरुमा मजितो, वनमारा, तेजपात, तितेपाती, पाखन्वेद, हर्रो, बोझो, असुरो, चिराइतो रहेका छन् ।

### २.५.२ भू तथा जलाधार व्यवस्थापन

जलक्षेत्रले ०.४८ प्रतिशत भू-भाग ओगटेको यस गाउँपालिकामा जल सम्पदाको प्रसस्त श्रोतहरु रहेका छन् । अतिरिक्त अन्य खोलाहरु पनि प्रसस्त रहेका छन् । यस गाउँपालिकामा खोला तथा नदीहरु, प्राकृतिक ताल र पोखरी रहेका छन् । जसको समुचित उपयोग गर्न सके सिंचाई र विद्यूतका लागि उपयोग गर्न सकिने देखिन्छ ।

### २.५.३ वातावरण तथा स्वच्छता

आफ्नो घरमा उत्पादन भएको फोहोर मैला व्यवस्थापन सम्बन्धी सूचना संकलन गरेर हेर्दा करीव १% घरधुरी बाहेकले कुनै न कुनै रुपमा व्यवस्थापन गरेको देखिन्छ । कुल घरधुरी मध्ये ३८% घरधुरीले गाड्ने अथवा कुनै एकिकृत गर्ने ठाउँमा फाल्ने गरेको छ भने ४०% घरधुरीले जल्ने खाल्कालाई जलाउने र बाँकीलाई गाड्ने गरेको विवरण छ । त्यस्तै २१% अर्थात  घरधुरीले सड्ने खालका फोहोरहरुलाई मलखाडीमा फाल्ने गरेको र मल बनाउने गरेको छ । त्यसै गरी १% घरधुरीले जतासुकै फाल्ने गरेको विवरण रहेको छ । समग्रतामा फोहोर व्यवस्थापनमा यो गाउँपालिका केहि हद सम्म सचेत भएको देखिन्छ तर अझ व्यवस्थापनमा जोड दिँदै जानु पर्ने अवस्था रहेको छ । वातावरण संरक्षणका लागि सरकारी स्तरबाट पनि अझ प्रभावकारी नीति निर्माण गरी फोहोर मैला व्यवस्थापन, वृक्षारोपण र संरक्षण, प्राकृतिक श्रोत साधनको समुचित प्रयोग, वातावरण प्रदूषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन हुन आवश्यक छ ।

### २.५.४ विपद व्यवस्थापन तथा जलवायु परिवर्तन

महाबु गाउँपालिकालाई प्रकोपहरुको नक्शांकन गरि योजना तर्जुमा गर्न सहज बनाउनका लागि यहाँको मुख्य बाढी, पहिरो, आगालागी जस्ता विषयहरुमा प्रकोप सम्बन्धी विवरण संकलन भएको छ । यो गाउँपालिकाका कुल घरधुरी मध्ये ३३%

घरधुरीमा प्राकृतिक प्रकोपको संभावना रहेको छ जसमध्ये १६% घरधुरी पहिरोको जोखीममा छन् भने ४% घरधुरी बाढीको जोखीममा रहेका छन् । त्यसै गरी १२% घरधुरी आगलागीको जोखिममा रहेका छन् र अन्य विभिन्न खालका प्रकोपहरुको जोखिममा रहेका घरधुरीहरु १% को संख्यामा रहेका छन् ।

## २.६ सुशासन तथा संस्थागत विकासको अवस्था

### २.६.१ सुशासन तथा ऐन कानुन

महाबु गाउँपालिकाले विभिन्न २९ वटा ऐन, निर्देशिका तथा कार्यविधिहरु तयार गरेको छ। नियमित रुपमा सार्वजनिक सुनुवाई हुने गरेको छ । यस गाउँपालिकाबाट संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी समग्र सुशासन तथा संस्थागत विकास क्षेत्रको खाका तयार पारिएको छ । सुशासन तथा संस्थागत विकास लागि प्रमुख क्षेत्रको रुपमा रहेका सुशासन, ऐन, नियम, कानुन तथा जवाफदेहिता, वित्तीय श्रोत परिचालन, मानव संशाधन तथा संस्थागत विकास र योजना व्यवस्थापनका जस्ता क्षेत्रहरुको विद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सो प्राप्तीका लागि अवलम्बन गरिने रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रमहरु तर्जुमा भएको छ ।

### २.६.२ वित्तीय श्रोत परिचालन

महाबु गाउँपालिकाको आन्तरिक तथा वाह्य श्रोतबाट आ.व. २०८०/८१ को बजेट ४५,३०,८३,६८० रहेको देखिन्छ भने आन्तरिक आय जम्मा रु ६१,२६,००० अनुमान गरिएको छ । आम्दानीको आन्तरिक श्रोतहरुमा स्थानीय कर (मालपोत, घरजग्गा कर, वहाल कर, विरौटी कर, व्यवसाय कर, विद्युत प्राधिकरण व्यवसाय कर), सवारी कर, सेवा शुल्क, पर्यटन शुल्क, स्थानीय विकास शुल्क, दस्तुर, फोहोरमैला व्यवस्थापन शुल्क, नक्शा पास दस्तुर, नाता प्रमाणित, विक्री कर, दण्ड जरिवाना, भाडा/वहाल, सभा गृह, सिफारिस, चालु सम्पत्ति विक्री आदि रहेका छन् । वाह्य श्रोतमा नेपाल सरकारबाट प्राप्त हुने अनुदान, शसर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान, अन्य  गाउँ अनुदान आदि रहेका छन् । गाउँपालिकाको आम्दानी वृद्धि गरी सो आम्दानीलाई विकासमा लगानी गर्न सकेमा विकासले गति लिने निश्चित छ । यसको लागि  गाउँपालिकाले राजश्व सुधारका कार्यक्रमहरु संचालन गर्दै जानुपर्ने देखिन्छ ।

### २.६.३ संस्थागत विकास र सेवा प्रवाह

यस गाउँपालिकामा ५४ कर्मचारी कार्यरत छन् । गरिवी निवारण कोष, सुआहारा, जसले सामाजिक परिचालन देखि स्वास्थ्य क्षेत्र, आयआर्जन, भौतिक पूर्वाधार लगायत विभिन्न कार्यक्रमहरु संचालन गरिरहेका छन् । गाउँपालिका/वडा कार्यलय तथा स्वास्थ चौकीको संस्थागत क्षमता राम्रो रहेको छ, सेवा प्रवाहमा न्युनतम जनशक्ति रहेको, बेला-बेलामा तालीमको आयोजना गरिने मानव ससोधानको क्षमता विकास गर्ने गरिएको सामाजिक सुरक्षा प्रणाली र जिन्सी श्रोत प्रणालीलाई प्रविधी मैत्री गरिएको छ साथै छिटो, छरितो एवम् मितव्ययी ढँगले सेवा प्रवाह गरिदै आएको अवस्था छ ।

गाउँपालिकाको लागि शहरी योजनाकार, भूगोल विद्व, तथ्याङ्कविद, GIS विज्ञ, समाजशास्त्री लगायतका जनशक्ति हुनु आवश्यक भएता पनि यो अवस्था हालसम्म यस गाउँपालिकामा हुन सकेको देखिन्न । यसले गर्दा प्राविधिक काम लगायत अन्य काम समयमा सहज रुपले सम्पन्न गर्न कठिनाई भएको देखिन्छ भने गाउँपालिकामा आवश्यक पर्ने तथ्याङ्क समेत अभाव रहेको देखिन्छ जसले गर्दा नीतिगत व्यवस्था लगायत मुख्य आवश्यकता पहिचानमा समेत समस्या परिरहेको देखिन्छ ।

# परिच्छेद तीन : दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निर्धारण

## ३.१ दीर्घकालीन सोच

महाबु गाउँपालिकाको विकास प्रारुपले नेपाल सरकारको "**समृद्ध नेपाल सुखी नेपाली**" तथा कर्णाली प्रदेश सरकारको "**समृद्ध कर्णाली, सुखारी कर्णालीबासी**" को दीर्घकालीन सोचलाई दृष्टिगत गर्दै महाबु गाउँपालिकाले दीर्घकालीन सोचलाई पुर्णता दिने क्षमता राखेको खण्डमा मात्र सहकार्य, सहअस्तित्व र समन्वयको संवैधानिक अन्तर वस्तुको सम्बोधन हुन सक्छ । अर्को तर्फ नेपाललाई सन् २१०० सम्ममा उच्च आय भएको मुलुकको रुपमा रुपान्तरित गर्ने दीर्घकालिन सोच तथा संयुक्त राष्ट्र संघको दीगो विकास लक्ष्यलाई सम्वोधन गर्ने गरी गाउँपालिकाले आफ्नो सोच निर्धारण गर्नु पर्ने हुन्छ । दीर्घकालीन सोचको निर्माण गर्नका लागि कार्यपालिका तथा विषयगत शाखाहरुको सहभागितामा सम्पन्न आवधिक विकास योजना तर्जुमा कार्यशालाले महाबु गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति निम्न अनुसार निर्धारण गरेको छ ।

**"सम्मुन्नत महाबु : सम्मानित महाबुवासी"**

## ३.२ समष्टिगत लक्ष्य

सामाजिक, आर्थिक, पुर्वाधार, र संस्थागत क्षेत्रको विकास गरी प्रविधीमैत्री एवम सुशासनयुक्त सम्मुन्नत महाबु निर्माणको आधार तयार गर्ने ।

## ३.३ विषय क्षेत्रगत उद्देश्य

महाबु गाउँपालिकाले समष्टिगत लक्ष्य प्राप्तिका लागि देहाय वमोजिम विषयक्षेत्रगत वृहत उद्देश्य निर्धारण गरिएको छ ।

- स्थानिय तहमा उच्च र दिगो उत्पादन, रोजगारी र आयमा दिगो बृद्दी गर्ने ।
- सुशिक्षित, स्वस्थ र आत्मानिर्भर जनशक्ती तयार गर्ने ।
- सहज सडक सुविधा तथा सुरक्षित र व्यवस्थित बसोबास बनाउनु ।
- जमिन, हरियाली, र जलस्रोतको दिगो व्यवस्थापन र उत्थानशिलता सुनिश्चित गर्ने ।
- गाउँपालिकाको संस्थागत क्षमता, सेवा प्रवाह र जवाफदेहिताको स्तर बृद्दी गरी सुशासन कायम गर्नु ।

## ३.४ समष्टिगत रणनीति

गाउँपालिकाको समष्टिगत लक्ष्य, उद्देश्य तथा परिमाणात्मक लक्ष्यलाई तोकिएको समयावधिमा पूर्णता दिन गाउँपालिका आवधिक विकास योजनाले देहायका समष्टिगत रणनीतिहरु अवलम्बन गर्नेछ ।

- ✓ कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी एवं आय आर्जनका अवसरहरु सिर्जना गरी स्थानीय अर्थतन्त्रलाई गतिशील वनाउदै निरपेक्ष गरिवी न्यूनीकरण गर्ने ।
- ✓ शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सामाजिक सेवा सुविधामा नागरिकको पहुँच अभिवृद्धि गरी सामाजिक समावेशीकरण, सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्ने ।
- ✓ यातायात, विद्युत, सिंचाइ लगायतका पूर्वाधार विकास एवं निर्मित पूर्वाधारहरुको दिगो उपयोगका लागि नियमित मर्मत सम्भार एवं स्तरोन्नति गर्ने ।
- ✓ प्राकृतिक सम्पदाको दिगो उपयोग एवं वातावरणको संरक्षण सहित विपद सम्वेदनशीलता विकास गर्दै विपद जोखिम न्यूनीकरण गर्ने ।
- ✓ सार्वजनिक सम्पत्तिहरुको दिगो संरक्षण र व्यवस्थापन गरी सार्वजनिक सेवा प्रवाहलाई पारदर्शि, जवाफदेही, नागरिकमैत्री र प्रभावकारी बनाउने ।

| पालिका स्तरिय आयोजना तथा कार्यक्रम | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | नौमुले र महाबुको सहकार्यमा केबलकार, प्याराग्लाइडि समेतको हुने महाबु लेकलाई प्रमुख पर्यटकिय गन्तब्यको रुपमा स्थापना गर्ने | पर्यटन | २०० | ५० | ५० | ४० | ३० | ३० | | संघ/प्रदेश/स्थानीय तह |
| २ | नदिजन्य पदार्थ उत्खनन र व्यवस्थापनमा सहकार्य (छामघाट क्षेत्रमा) | व्यवसायिक प्रवर्दन | १०० | २० | २० | २० | २० | २० | | संघ/प्रदेश/स्थानीय तह |
| ३ | जडिबुटी उधोग | उधम बिकास | १०० | ३० | ३० | १५ | १५ | १० | | संघ/प्रदेश/स्थानीय तह |
| ४ | एरपोर्ट स्थापना (अध्यन भएको) | पुर्वाधार | २०० | ५० | ५० | ४० | ३० | ३० | | |
| ५ | स्तरिय कृषि क्याम्पस | शिक्षा | १०० | २० | २० | २० | २० | २० | | |
| ६ | उधोगग्राम स्थापना (माननचौर) | उधम बिकास | १०० | २० | २० | २० | २० | २० | | |
| ७ | सबै ६ वटा वार्ड जोड्ने चक्रपथ | पुर्वाधार | २०० | ४० | ४० | ४० | ४० | ४० | | |
| ८ | आलुको ब्लक क्षेत्र बनाउने | कृषि | ५० | १० | १० | १० | १० | १० | | संघ/प्रदेश/स्थानीय तह |
| ९ | फिल्म सिटी स्थापना (चलचित्र हब) | मनोरन्जन | १०० | २० | २० | २० | २० | २० | | संघ/प्रदेश/स्थानीय तह |
| १० | कानुनी सचेतना तथा न्यायिक समितिको थप व्यवस्थापन | नागरीकहरुलाई कानुनी सचेतना अभिवृद्धि | ३० | १० | ५ | ५ | ५ | ५ | | संघ/प्रदेश/स्थानीय तह |
| ११ | मानव निर्मित ताल (कारीब १०० रोपनी, छामघाट खोला) | पर्यटन | १५० | ५० | २५ | २५ | २५ | २५ | | संघ/प्रदेश/स्थानीय तह |
| १२ | पत्थर उधोग स्थापना (जेडको सम्भाव्यता अध्ययन गरी) | उधम बिकास | १०० | ३० | ३० | १५ | १५ | १० | | संघ/प्रदेश/स्थानीय तह |
| **जम्मा** | | | **१४३०** | **३५०** | **३२०** | **२७०** | **२५०** | **२४०** | | |

# परिच्छेद चार : आर्थिक विकास

## पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले खाद्य पदार्थको अभाववाट सुरक्षित हुने पक्षलाई नागरिकहरुको मौलिक हकको रुपमा ग्रहण गरेको छ र सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासलाई नेपाली अर्थतन्त्रको मेरुदण्डको रुपमा लिइएको छ । देशको अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक वनाउदै व्यापारिक स्वच्छता विस्तार गर्ने, राष्ट्रिय उद्योगधन्दा र साधन श्रोतको संरक्षण र प्रवर्द्धन गर्ने, नेपाली सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने र तुलनात्मक लाभका क्षेत्र पहिचान गरी उद्योग विकास विस्तार गर्ने पक्षलाई प्राथमिकतामा राखिएको छ । जग्गालाई गह्रा सुधार गरी भूमिको उत्पादन, उत्पादकत्व, उत्पादनशीलता र भू-उपयोग गर्ने, कृषिमा व्यवसायीकरण, औद्योगिकीकरण एवं विविधीकरण गर्ने, कृषि सामाग्री तथा कृषि उपजको उचित मूल्य र वजार पहुँच वृद्धि गर्ने, जलवायु तथा माटो अनुकूलको खाद्यान्न उत्पादनमा प्रोत्साहन गर्ने, खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा, सुलभ तथा प्रभावकारी वितरण व्यवस्था मिलाउने पक्षलाई राष्ट्रिय नीतिमा समावेश गरिएको छ ।

१६ औ योजनाले उच्च र दिगो उत्पादन तथा उत्पादकत्व अभिवृद्धिलाई दीर्घकालीन लक्ष्यमा राखेको छ र राष्ट्रिय रणनीतिमा तीव्र दिगो तथा रोजगारमूलक आर्थिक वृद्धिलाई राष्ट्रिय अर्थतन्त्रको रुपान्तरणको प्रमुख सम्वाहकहरुमा उत्पादन, उत्पादकत्व वृद्धि, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि र गुणस्तरीय पर्यटन सेवाको विकास विस्तारलाई लिइएको छ । खाद्य सुरक्षा, उन्नत पोषण प्राप्ती र दिगो कृषि प्रवर्द्धनलाई उच्च स्थानमा राख्दै दिगो आर्थिक वृद्धि गर्ने, दिगो उत्पादन प्रणाली सुनिश्चित गर्ने र पूर्ण तथा उत्पादनशील रोजगारी श्रृजना गर्ने पक्षलाई दिगो विकास लक्ष्यसंग जोडिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले कृषि तथा पशुपालन सम्बन्धि, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धि र सहकारी सम्बन्धि नीति, कानुन, मापदण्ड निर्माण गर्ने, योजना तर्जुमा गर्ने, कार्यान्वयन, अनुगमन र नियमन गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ । कृषि तथा पशुपन्छी वजार सूचना दिने, वजार तथा हाटवजारको पूर्वाधार निर्माण गर्ने, साना सिंचाई निर्माण गर्ने, प्राविधिक सेवा तथा कृषि सामाग्री आपूर्ति गर्ने, कृषक क्षमता विकास गर्ने, पशुपन्छीजन्य प्रकोप तथा महामारी नियन्त्रण गर्ने, पशु चिकित्सक, पशुनस्ल सुधार, पशु आहार, पशुपन्छी वीमा तथा कर्जा सहजीकरण गर्ने, चरन क्षेत्रको विकास तथा व्यवस्थापन र उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास एवं वजारीकरण गर्ने जिम्मेवारी पनि स्थानीय तहलाई दिइएको छ ।

## ४.१ कृषि

### पृष्ठभूमि

कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने प्रमुख आधार हो । संविधानले किसानको हक हित संरक्षण र सम्बर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने, कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने जस्ता विषयलाई समावेश गरेको छ । यसका अतिरिक्त संविधानले खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ । त्यसै गरी चालु १६ औ योजना, कर्णाली प्रदेशको प्रथम पञ्चबर्षीय योजना तथा दिगो विकास लक्ष्यले लागि भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण उपलब्ध गर्ने र दिगो कृषि प्रवर्द्धन लाई जोड दिएको छ ।

महाबु गाउँपालिकाका अधिकांश बासिन्दाहरुको जीविकोपार्जनको मुख्य आधार कृषि नै हो । यो  गाउँपालिका नेपालको हिमाली र पहाडी क्षेत्रमा अवस्थित रहेको पालिका भएको र भिरालो जमिन भएपनि केही उर्वरायूक्त रहेको हुदा यहाँको ठुलो जनसंख्या कृषी तथा पशुपालनमा पेशामा संलग्न रहेका छन् ।

### समस्या

यहाँको जनसंख्या आर्थिक हिसाबले पिछडिएको कारण कृषि परम्परागत प्रणालीमा रही निर्वाहमुखी हुनु, व्यावसायीकरण हुन नसक्नु, उन्नत बीउबिजन सहज रुपमा उपलब्ध नहुनु, सरकारले दिने सेवा, सुविधा र अनुदानमा कृषकको पहुँच र सहजिकरणमा कमी, किटनाशक औषधी तथा मलमा सहज पहुँच र प्रयोग विधिमा कृषकहरुमा आवश्यक ज्ञानको कमी, कृषिजन्य खाद्यान्न उत्पादनमा रोग र किराहरुको आक्रमण, कृषि व्यवसायिकरणको सर्वसाधारणमा कम चेतना रहनु, कृषि

वैज्ञानिक, विशेषज्ञ र प्राविधिकको अभाव, चिस्यान केन्द्र, संकलन केन्द्र, बीउ भण्डार तथा कृषि बजारको अभाव हुनु यस क्षेत्रका मुख्य समस्याहरु हुन् ।

### चुनौति

कृषि नै यस गाउँपालिकाको मुख्य पेसा र आर्थिक क्रियाकलापको आधार रहे तापनि उपयुक्त प्रविधि, युवा जनशक्तिको पलायनले कृषि मजदुरको अभावमा कृषिको व्यवसायीकरण तथा आधुनिकीकरण गर्नु, न्यून उत्पादकत्व एवं व्यवसायिकताको कमीले गर्दा कृषि क्षेत्रवाट अपेक्षित उपलब्धि गर्नु, जङ्गली जनावरले खेतीपातीमा गरेको असरलाई न्यूनीकरण गर्नु, जल वायु परिवर्तनले बालीनालीमा पारेको असरलाई न्यूनीकरण गर्नु, कृषि क्षेत्रको आधुनिकीकरणका लागि आवश्यक दक्ष मानव संसाधनको पूर्ति गर्नु, कृषि क्षेत्रमा पुँजीगत लगानी र लगानीकर्ताको आकर्षण बढाउनु, कृषि उपजहरुको प्राकृतिक हानी नोक्सानीको मूल्यांकन गरी राहतको व्यवस्था गर्नु लगायत चुनौती रहेको छ ।

### अवसर

नगदे बालीबाट छिटो लाभ लिन सकिने, कृषि उत्पादन र बजारीकरणमा कृषि क्षेत्रको लागानी क्रमिक रुपमा बढ्दै जानु, प्राङ्गारिक मलप्रति चासो बढ्दै जानु, प्रदेशले कृषि उत्पादनलाई पर्यटनसँग जोड्न प्रोत्साहन गर्नु, जडीबुटी उत्पादनका लागि भौगोलिक विविधता हुनु, जैविक खेती गर्न सकिने पकेट क्षेत्रहरु पहिचान हुँदै जानु, उल्लेख्य मात्रामा पर्यटकहरु आवगमन हुनुले विक्रिका लागि सहज हुनु, आदि यस क्षेत्रका अवसरहरु रहेका छन् ।

### लक्ष्य

कृषि उत्पादन बढाइ आय तथा रोजगारी वृद्धि गर्ने ।

### उद्देश्य

१. कृषि प्रणालीलाई आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण गर्दै रोजगारी सृजना गर्नु ।
२. कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि क्षेत्रलाई आत्मनिर्भर, परिणाममुखी र प्रतिस्पर्धी बनाउनु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १. कृषि प्रणालीलाई नाफामूलक, गुणस्तरीय, दिगो एवं व्यवसायिक प्रणालीमा रूपान्तरण गरी आर्थिक समृद्धि हाँसिल गर्नु । | |
| १.१ कृषि पूर्वाधारहरु निर्माण गर्ने तथा कृषि औजार तथा उपकरण प्रयोगमा जोड दिने | १.१.१ उन्नत बीउबिजन तथा जैविक विषादि सहित कृषि भण्डार स्थापना गरिनेछ । |
| | १.१.२ कृषि उपज तथा संकलन केन्द्र / कोल्ड स्टोरको व्यवस्था गरिनेछ । |
| | १.१.३ सम्भाव्यताका आधारमा पकेट क्षेत्र निर्धारण गरी विस्तार गरिनेछ । |
| | १.१.४ प्लास्टिक टनलमा तरकारी खेती सञ्चालन गरिनेछ । |
| | १.१.५ कृषि औजार /उपकरणमा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.२ कृषक, कृषि व्यवसायी, प्राविधिक लगायत कृषि सेवामा आवद्ध पक्ष तथा संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने | १.२.१ कृषि उत्पादन तथ्याङ्क अध्यावधिक कार्यक्रम प्रत्येक वर्ष सञ्चालन गरिनेछ । |
| | १.२.२ किसान सूचिकरण कार्यक्रम निरनतरता दिइनेछ । |
| | १.२.३ कृषि प्राविधिकको व्यवस्थापन गरिनेछ । |
| | १.२.४ कृषकलाई क्षमता विकास सम्बन्धि तालिम सञ्चालन गर्ने । |

| | |
|---|---|
| | १.२.५ बाँझो रहेको खेतीयोग्य जमिनमा खेती गर्नेलाई प्रोत्साहन तथा बाँझो राख्नेलाई जरिवाना कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.२.६ पालिका भित्र सिफारिस उन्नत जातका लोकल विरुवा वितरण कार्यहरुमा अनुदान तथा तालिमको व्यवस्था गरिनेछ । |
| | १.२.७ व्यवसायिक आलु, रैथाने बाली संरक्षण कार्यक्रम गरी विकास गर्ने; रैथाने बाली नगदे उत्पादन लक्षित गरी बीउ विरुवा, माटो सुधार, अर्गानिक मलमा अनुदानको व्यवस्था गरिनेछ । |
| उद्देश्य २. कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि क्षेत्रलाई आत्मनिर्भर, परिणाममुखी र प्रतिस्पर्धी बनाउनु । | |
| २.१ कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने | २.१.१ सिंचाई पूर्वाधार स्तरोन्नति गरिनेछ । |
| | २.१.२ खेतीपाती जग्गामा तारबार लगाइनेछ । |
| | २.१.३ बालीमा लाग्ने रोग तथा किरा नियन्त्रण गर्न जैविक तथा वनस्पतिको विषादी खरिद गरिनेछ । |
| | २.१.४ परिक्षणका लागि मुल विउ वितरण गरिनेछ । |
| २.२ कृषि विकाससँग सम्वन्धित प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने । | २.२.१ कृषि बिमा कार्यक्रम सञ्चालन गरिनेछ । |
| | २.२.२ कृषि मेला तथा प्रर्दशनी र कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । |
| | २.२.३ कृषक अवलोकन भ्रमणको व्यवस्था गरिनेछ । |

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र : कृषि विकास | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | वडा १,२ र ३ मा उन्नत जातको खाद्यन्न वालीको विउ उत्पादन र उत्पादनका लागी पकेट क्षेत्र निर्माण | कृषि सम्बन्धी आवश्यक पूर्वाधारहरु जस्तै संकलन केन्द, चिस्यान केन्द आदि निर्माणमा भएको हुने | १० | २ | २ | २ | २ | २ | | संघ/प्रदेश/स्थानीय |
| २ | वडा ५ र ६मा ओखर, टिमुर ,अलैचि, स्याउ कागति र सुन्तला जस्ता बालीहरुको पकेट क्षेत्रको विस्तार | | १० | २ | २ | २ | २ | २ | | संघ/प्रदेश/स्थानीय |
| ३ | स्थानिय रैथाने बाली महाव् गाउँपालिका वडा न १ देखि ६ सम्म संचालन गरि संमक्षण | | ३० | ६ | ६ | ६ | ६ | ६ | | संघ/स्थानीय |
| ४ | कृषि तथा खाद्य सुरक्षामा सुक्षार ल्याउन एक घर एक करेसावारी कार्यक्रम सवै वडामा लागु गरिनेछ | | ३० | ६ | ६ | ६ | ६ | ६ | | संघ/स्थानीय |
| ५ | आधुनिक खेति प्रविधि तथा सिचाई | | ५० | १० | १० | १० | १० | १० | | संघ/स्थानीय |
| ६ | कृषक कृषि प्रसार रेडियो कार्यक्रम संचालन | | ३० | ६ | ६ | ६ | ६ | ६ | | संघ/स्थानीय |
| ७ | महाव् गाउँपालिकामा भु उपयोगको निति अनुरुप बाँझो जग्गामा वडा नं २, ४ र १ मा अदुवा र वेसार खेति | | ३० | ६ | ६ | ६ | ६ | ६ | | संघ/स्थानीय |
| ८ | पालिका स्तरिय कोल्ड स्टोर , रष्ट्रिक स्टोर निर्माण | | ४०० | ८० | ८० | ८० | ८० | ८० | | संघ/स्थानीय |
| ९ | वडा नं ६ को जुम्ली डाँडामा आलु रष्ट्रिक स्टोर निर्माण | | ३० | ६ | ६ | ६ | ६ | ६ | | संघ/स्थानीय |
| १० | प्रत्येक वडामा १ संकलन केन्द्र | | ३० | ६ | ६ | ६ | ६ | ६ | | संघ/स्थानीय |
| ११ | विदेशवाट फर्किएका युवाहरुका लागी क्षमतामा आधारीत कृषि ब्यवसायिक योजना संचालन | | ३० | ६ | ८ | ८ | ८ | | | संघ/स्थानीय |
| १२ | पालिका स्तरिय हाट वजार तथा संकलन केन्द्र | | ५० | १० | १० | १० | १० | १० | | स्थानीय |
| १३ | कृषि उत्पादनमा ढुवानी अनुदान | | ३० | ६ | ६ | ६ | ६ | ६ | | संघ/स्थानीय |
| १४ | गाउँपालिकामा कृषकहरुलाई प्राङ्गारीक खेति प्रविधिमा जोड | | २० | ४ | ४ | ४ | ४ | ४ | | स्थानीय |
| १५ | माटो शिविर तथा वाली शिविर कार्यक्रम संचालन | | २० | ५ | ४ | ४ | ४ | ३ | | प्रदेश/स्थानीय |
| १६ | उत्कृष्ट कृषकलाई उत्पादनका आधारमा सम्मान तथा अन्तर जिल्ला अध्यन अवलोकन भम्रण कार्यक्रम | | ३० | ६ | ६ | ६ | ६ | ६ | | संघ/स्थानीय |
| १७ | एक वडा एक पकेट कृषि पकेट क्षेत्र निर्धारण | | १०० | २५ | २० | २० | २० | १५ | | स्थानीय |
| १८ | एक वडा एक नर्सरी स्थापना कार्यक्रम संचालन | | ५० | १० | १० | १० | १० | १० | | स्थानीय |
| १९ | प्लाष्ट्रिक घरमा वेमौसमी खेति प्रविधि कार्यक्रम | | ८० | १५ | १६ | १६ | १६ | १७ | | प्रदेश/स्थानीय |
| २० | वडा नं ४ , ५ र ६ मा आलु पकेट क्षेत्र विस्तार कार्यक्रम | | ५० | १० | १० | १० | १० | १० | | संघ/स्थानीय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २१ | फलफुल विरुवा अलौडिक विरुवा प्रसाण कार्यक्रम संचालन वडा नं ५ | | २० | ५ | ५ | ५ | ५ | | स्थानीय |
| २२ | वडा १,२ र ३ मा उन्नत जातको खाद्यन्न वालीको विउ उत्पादन र उत्पादनका लागी पकेट क्षेत्र निर्माण | | ५ | १ | १ | १ | १ | १ | संघ/स्थानीय |
| २३ | ५ र ६मा ओखर, टिमुर ,अलैचि, स्याउ कागति र सुन्तला जस्ता बालीहरुको पकेट क्षेत्रको विस्तार | | ३० | ७ | ७ | ६ | ५ | ५ | प्रदेश/स्थानीय |
| २४ | स्थानिय रैथाने बाली महावु गाउँपालिका वडा न १ देखि ६ सम्म  संचालन गरि संमक्षण | | ५० | १० | १० | १० | १० | १० | संघ/स्थानीय |
| **जम्मा** | | | **१२१५** | **२५०** | **२४७** | **२४६** | **२४५** | **२२७** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिराछ संकेत | दिविछ संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | आफ्नो उत्पादन तथा आयले वर्षभरी  खान पुग्ने परिवारको वृद्धि भएको हुने | वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | ४० | ५० | ५५ | ६० | ६५ | ७० | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसँग सहकार्य भएको हुने | ४ | २ |
| असर | तरकारी वार्षिक उत्पादन वृद्धि भएको हुने | तरकारी वार्षिक उत्पादन | मे.टन | - | ५०० | ६०० | ७५० | ८५० | १००० | " | | ४ | २ |
| | फलफुल वार्षिक उत्पादन वृद्धि भएको हुने | फलफुल वार्षिक उत्पादन | मे.टन | - | १०० | २०० | ३०० | ४०० | ५०० | " | | ४ | २ |
| प्रतिफल | व्यवसायिक कृषि फार्म बढेको हुने | कृषि फार्म | संख्या | - | १३० | १५० | १६५ | १८५ | २०० | " | कृषकहरु व्यवसायिक खेती | ४ | २ |
| | प्रधानमन्त्री तथा कृषि | लाभन्वित | घरधुरी | - | ५० | ५० | १०० | १०० | १०० | " | | ४ | २ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधुनिकीकरण परियोजनाबाट लाभान्वित किसान बढेको हुने | किसान | | | | | | | | | तथा पशुपन्छी पालन प्रति प्रोत्साहित भएको हुने | | |
| | सञ्चालनमा रहेको कृषि बजार, हाटबजार तथा कृषि थोकबजार वृद्धि भएको हुने | बजार | संख्या | - | १ | १ | २ | ३ | ४ | " | | ४ | २ |
| | कृषि उपजहरु विकीका लागि नजिकको बजार क्षेत्रमा पुग्न लाग्ने समयावधि घटेको हुने | समयावधि | घण्टा | १.५ | १ | १ | ०.७५ | ०.७५ | ०.५ | " | कृषकहरुलाई प्राविधिक सहयोग तथा सुविधाहरु नियमित उपलब्ध भएको हुने | ४ | २ |
| | कृषि बीमा सेवाबाट लाभान्वित कृषक बढेको हुने | लाभान्वित कृषक | संख्या | ० | २०% | ४०% | ६०% | ८०% | १००% | " | निजी क्षेत्र लगानी वृद्धिमा आकर्षित भएको हुने | ४ | २ |
| | कृषि पेशामा संलग्न जनसंख्या बढेको हुने | जनसंख्या | प्रतिशत | - | ५५ | ५५ | ६० | ६० | ६५ | " | | ४ | २ |
| | व्यवसायिक कृषि उत्पादनमा संलग्न कृषक बढेको हुने | कृषक | संख्या | - | १५ | १८ | २० | २५ | ३० | " | जलवायु परिवर्तनको न्यून असर भएको हुने | ४ | २ |
| | कृषि सहकारी संस्था बढेको हुने | कृषि सहकारी संस्था | संख्या | - | - | ४ | ६ | ६ | ८ | " | | ४ | २ |
| | किसान परिचयपत्रबाट लाभान्वित कृषकहरु बढेको हुने | लाभान्ति कृषक | प्रतिशत | ० | ५० | ६० | ७० | ८० | १०० | " | | ४ | २ |

## ४.२ पशुपन्छीपालन

### पृष्ठभूमि

नेपालमा कुल कृषि ग्राहस्थ्य उत्पादनमा एक चौथाई भन्दा बढी योगदान दिने पशुपंक्षी क्षेत्रमा साना तथा मझौला किसानहरूको बाहुल्यता रहेको छ । मूलतः निर्वाहमुखी पशुपंक्षीपालन भएको र उन्नत प्रविधि तथा उत्पादन सामाग्रीहरूको यथोचित उपलब्धता नभएकाले पशुपंक्षी विकासतर्फ आशातित उपलब्धि हुन सकेको छैन । साथै वित्तीय पहुँच सर्वसुलभ नहुनु, बजार पूर्वाधारको विकास नहुनु, मूल्य श्रृंखलामा कार्यगत समन्वय हुन नसक्नु जस्ता कारणहरू पनि अवरोधका रुपमा रहेका छन् । आम उपभोक्ताहरूको क्रयशक्तिमा आएको बृद्धि र प्रवर्द्धन हुँदै गरेको पर्यटन व्यवसायले पशुपंक्षीजन्य उत्पादनहरूको बढ्दो माग पूर्तिका लागि यस क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न जरुरी छ ।

### समस्या

पशुपंक्षीमा लाग्ने रोग व्यवस्थापन र सुधारिएका प्रणाली सम्बन्धी जानकारीको कमी, पशुपालन सम्बन्धी क्षतिपूर्ति विमा प्रकिया पुऱ्याउन सहज नहुनु, पशुपंक्षी बजारीकरण र भण्डारणमा किसानको सामूहिक स्वामित्व हुन नसक्नु, उत्पादन, अनुसन्धान र प्रसार बीच समन्वयको कमी, बजारीकरण र पशुपंक्षी पालनको निमित्त आवश्यक उन्नत नस्ल, रोग र महामारीको रोकथाम एवम पशु व्यवस्थापन सम्बन्धि उचित ज्ञानको कमी, पशुपालनमा उपयुक्त यान्त्रिकीकरण र व्यवसायीकरण नहुनु आदि प्रमख समस्या हुन् ।

### चुनौति

पशु प्राविधिकको उपलब्धता सुनिश्चित गर्न, पशुपन्छीपालन सम्बन्धी संस्थागत तथा संरचनागत व्यवस्था गर्न, स्थानीय सरकारको मातहतमा आएको कृषि प्रसार सेवालाई व्यवस्थापन र सदृढीकरण गर्न, परम्परागत पशुपन्छीपालन ज्ञानको पुर्नखोज गरी आधुनिकीकरण र उपयोग गर्न, अन्तर-सरकार समन्वय प्रभावकारी बनाउन, पशुपन्छीपालनमा उपयुक्त व्यावसायीकरण गर्न, कृषि अनुदानलाई प्रतिस्पर्धी बजारको विकास हुने गरी उपयोग गर्न, पशुपन्छीमा देखिने किरा तथा रोगको पहिचान तथा नियन्त्रण गर्न आदि प्रमुख चुनौती हुन् ।

### अवसर

पर्याप्त वन जंगल, परम्परागत पशु पेशामा संलग्न जनशक्ति, पोषिलो घाँस हुनु, उपयुक्त पशुपन्छीपालन व्यवसायमा प्रविधिको प्रयोग बढ्दै जानु आदि प्रमुख अवसर हुन् ।

### लक्ष्य

औद्योगीकरण सहितको व्यवसायिक पशुपंक्षी पालन तर्फ उन्मुख गर्ने ।

### उद्देश्य

१. पशुपंक्षी व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु ।
२. पशुपंक्षीपालनलाई स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु ।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १. पशुपंक्षी व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु । | |
| १.१ पशुपंक्षीजन्य खाद्य वस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गरी आत्मनिर्भर बनाउने । | १.१.१ पशुपंक्षी व्यवसायलाई व्यवस्थित बनाउन नीतिगत व्यवस्था गरिनेछ । |
| | १.१.२ नयाँ व्यवसायिक पशुपालन समुहलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.३ पशु तथ्याङ्क अध्यावधिक गरिनेछ । |
| | १.१.४ पशु स्वास्थ्य सम्बन्धि कार्यक्रमहरु गरिनेछ । |

| | |
|---|---|
| | १.१.५ एक वडा एक पशुपंक्षी पकेट क्षेत्र विकास गरी उत्पादनमा जोड दिइनेछ । |
| | १.१.६ पशुपंक्षीजन्य वस्तुको बजारीकरणका लागि उत्पादनकर्तालाई अनुदान कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.७ दाना उत्पादन उद्योग स्थापना गर्नलाई कृषकलाई अनुदानको व्यवस्था गरिनेछ । |
| | १.१.८ कृतिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुको संख्या वृद्धि गरिनेछ । |
| | १.१.९ पशु बिमा कार्यक्रम सञ्चालन गरी क्षतिपूर्तिमा आवश्यक पहल गरिनेछ । |
| | १.१.१० हरेक गाँउमा डिपिङ ट्याङ्क निर्माण गरिनेछ । |
| | १.१.११ चरन क्षेत्रलाई विस्तार तथा व्यवस्थित बनाइनेछ । |
| | १.१.१२ घाँसे मैदान क्षेत्र विस्तार गरिनेछ । |
| उद्देश्य २. पशुपंक्षीपालनलाई स्वरोजगारको माध्यमका रूपमा विकास गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु । | |
| २.१ पशुपंक्षीपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिबृद्धि गर्दै उत्पादनको बजार संरचना, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास तथा सुधार गर्ने । | २.१.१ पशुपंक्षीपालन क्षेत्रमा निजी तथा सरकारी क्षेत्रको लगानी अभिवृद्धि गर्ने नीति तथा कार्यक्रम लागू गरिनेछ । |
| | २.१.२ पशुपंक्षिको स्वास्थ्य परिक्षणको लागि भेटनेरी क्लिनीक निर्माण गरिनेछ । |
| | २.१.३ व्यवसायिक पशुपालन (गाई, चौरी, लोकल कुखुरा, च्याङ्ग्रा) गर्नका लागि आवश्यक पूर्वाधार (फर्म) निर्माण गरिनेछ । |
| | २.१.४ पशुपंक्षीको जात विशेष नमुना उत्पादन, तालिम, प्रशोधन र प्रदर्शन स्रोत केन्द्रहरूको विकास गरिनेछ । |
| | २.१.५ स्थानीय गाई तथा लोकल कुखुरा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ । |

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र : पशुपन्छी पालन | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफैं, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | पशुपंक्षि विकास शाखाको भवन निर्माण | | १०० | २० | २० | २० | २० | २० | संघ/स्थानीय |
| २ | उत्पादनमा आधारित  कृषक प्रोत्साहान कार्यक्रम | | ६० | २० | १० | १० | १० | १० | संघ/स्थानीय |
| ३ | पशुपालन तथा दुग्ध उत्पादन कार्यक्रम | | ९० | २० | २० | २० | २० | १० | संघ/स्थानीय |
| ४ | गाइ भैसी सुत्केरी प्रोत्साहन भत्ता | | ५० | १० | १० | १० | १० | १० | प्रदेश/स्थानीय |
| ५ | ब्यावसायिक पशुपंक्षी पकेट कार्यक्रम | | १०० | ३० | ३० | ४० | | | संघ/स्थानीय |
| ६ | महामारी रोग नियन्त्रण कार्यक्रम | | १०० | २० | २० | २० | २० | २० | संघ/स्थानीय |
| ७ | पशु नश्ल सुधार कार्यक्रम | | ४० | ८ | ८ | ८ | ८ | ८ | संघ/स्थानीय |
| ८ | दुग्ध संकलन केन्द्र स्थापना | | ३० | | | १० | १० | १० | स्थानीय |
| ९ | वधशाला निर्माण | | ७० | १४ | १४ | १४ | १४ | १४ | संघ/प्रदेश/स्थानीय |
| १० | ब्यवसायिक माछा पालन तथा भुरा उत्पादन प्रजनन केन्द्र | | १५ | ३ | ३ | ३ | ३ | ३ | प्रदेश/स्थानीय |
| ११ | सुधारिएको गोठ तथा खोर निर्माण | | १०० | ३० | ४० | ३० | | | संघ/स्थानीय |
| १२ | बहु बर्षिय घास नर्सरि व्यवस्थापन | | ६० | २० | १० | १० | १० | १० | प्रदेश/स्थानीय |
| १३ | प्रयोगशाला व्यवस्थापन | | १०० | ५० | ५० | | | | संघ/प्रदेश/स्थानीय |
| १४ | पशु स्वास्थ्य शिबिर | | २० | ४ | ४ | ४ | ४ | ४ | स्थानीय |
| **जम्मा** | | | **९३५** | **२४९** | **२३९** | **१९९** | **१२९** | **११९** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिगल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | व्यवसायिक पशुपालनमा संलग्न परिवार बढेर आयआर्जन वृद्धि भएको हुने | व्यवसायिक पशुपालनमा संलग्न परिवार | संख्या | १० | २० | ४० | ६० | ८० | १०० | गापा | | ४ | २ |
| असर | दुध तथा दुधजन्य उत्पादन वृद्धि भएको हुने | उत्पादन | मे.टन | - | १०० | २०० | ३०० | ४०० | ५०० | " | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रँग सहकार्य भएको हुने | ४ | २ |
| | वार्षिक कुखुराको मासु उत्पादन वृद्धि भएको हुने | उत्पादन | मे.टन | - | ५० | १०० | १५० | २०० | २५० | " | | ४ | २ |
| | वार्षिक कुखुराको अण्डा उत्पादन वृद्धि भएको हुने | संख्या | लाख | - | ०.५ | १.० | १.५ | २.० | २.५ | " | | ४ | २ |
| प्रतिफल | बार्षिक खरिद विक्री भेडा, खसी, बोका वृद्धि भएको हुने | बार्षिक खरिद विक्री भेडा, खसी, बोका | संख्या | ६०० | ९०० | १२०० | १५०० | १८०० | २००० | " | कृषकहरु व्यवसायिक पशुपन्छी पालन प्रति प्रोत्साहित भएको हुने<br><br>कृषकहरुलाई प्राविधिक सहयोग तथा सुविधाहरु नियमित उपलब्ध भएको हुने | ४ | २ |
| | व्यवसायिक पशुपालन फर्म वृद्धि भएको हुने | व्यवसायिक पशुपालन फर्म | संख्या | ९० | ११० | १३० | १५० | १८० | २०० | " | | ४ | २ |
| | भैसी फार्म वृद्धि भएको हुने | भैसी फार्म | संख्या | ५ | ८ | ११ | १४ | १७ | २० | " | | ४ | २ |
| | गाई फार्म वृद्धि भएको हुने | गाई फार्म | संख्या | ३० | ४० | ६० | ७० | ९० | १०० | " | | ४ | २ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता वृद्धि भएको हुने | कार्यकर्ता | संख्या | | २० | ४० | ६० | ८० | १०० | " | निजी क्षेत्र लगानी वृद्धिमा आकर्षित भएको हुने | ४ | २ |
| | पशुपालन सम्बन्धी उपलब्ध प्रविधि, (खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन....) उपयोग गर्ने घरपरिवार वृद्धि भएको हुने | घरपरिवार | संख्या | ५०० | १००० | १५०० | २००० | २५०० | ३००० | " | | ४ | २ |

## ४.३ उद्योग व्यापार व्यवसाय

### पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐनले लघु, घरेलु तथा साना उद्योग, उद्यमशीलताको विकास र प्रवर्द्धन सम्बन्धी कार्य स्थानीय सरकारको अधिकार क्षेत्रमा राखेको छ । गाउँपालिकाको आर्थिक समृद्धिमा उद्योग, वाणिज्य र सेवा क्षेत्रहरूको महत्वपूर्ण भूमिका रहन्छ । परम्परागत कृषि प्रणाली माथिको अत्याधिक निर्भरतालाई कम गर्न कृषि क्षेत्रको व्यवसायीकरणका साथ साथै उद्योग, वाणिज्य र सेवा क्षेत्रहरूको पनि निरन्तर विकास हुन सकेमा नै गाउँपालिकाको आर्थिक समृद्धिमा उल्लेख्य सफलता हाँसिल गर्न सकिन्छ ।

### समस्या

अपेक्षाकृत रूपमा उद्योगमा लगानी आकर्षित गर्न नसक्नु, उद्योग विकासका लागि दक्ष जनशक्तिको विकास र उपयोग हुन नसक्नु, सक्षम र दक्ष जनशक्ति उत्पादन गर्न संस्थागत संयन्त्र नहुनु, उद्योगलाई कृषि, वन तथा खनिज जस्ता क्षेत्रसँग आबद्ध गर्न नसक्नु, कृषि र वनका उत्पादनको मूल्य अभिवृद्धि बिना निर्यात हुनु, निर्यातयोग्य वस्तुको उत्पादन र विविधीकरण हनु नसक्नु, जमिन, भौतिक पूर्वाधार र ऊर्जाको अपर्याप्तता, कामदारको न्यून उत्पादकत्व, आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्नु, उद्योग स्थापनामा नवीनतम सोचको कमी, उद्योगलाई पर्यटनसँग जोड्न नसक्नु आदि प्रमुख समस्या हुन् ।

### चुनौति

आयात व्यापारलाई प्रतिस्थापन गर्ने उद्योग स्थापना र सञ्चालन गर्नु, उत्पादनमूलक उद्योगमा लगानी बढाउनु, गणुस्तरीय वस्तुको उत्पादन र प्रतिस्पर्धी क्षमतामा वृद्धि गर्नु, उद्यमशीलता र संस्थागत संस्कृतिको विकास गर्नु, सहुलियत ब्याजदरमा पर्याप्त कर्जा उपलब्ध गराउनु, युवालाई उद्योगतर्फ आकर्षित गर्नु र औद्योगिकीकरणलाई वातावरण सन्तुलनका साथै पर्यटन क्षेत्रसँग तालमेल मिलाउनु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

आयात निर्यातको सहज अवस्था, कृषि तथा वनजन्य कच्चा पदार्थको सहज उपलब्धता, बढ्दो ऊर्जा आपूर्तिका कारण उद्योगधन्दा सञ्चालन गर्न सहज वातावरण सजृना हुनु, व्यवसाय उन्मुख सीप विकास तालिम कार्यक्रमहरू सञ्चालन हुनु, स्थानीय कच्चा पदार्थको प्रयोगमा आधारित उद्योग व्यवसाय, उद्योग ग्रामको सञ्चालन गर्न, नयाँ नयाँ लगानीका क्षेत्रहरुको पहिचान गरि लगानी प्रवर्द्धन गर्न, जडिबुटी प्रशोधन केन्द्रको स्थापना गर्न आदि प्रमुख अवसर हुन् ।

### लक्ष्य

उद्योग र व्यापारको विस्तार गरि गाउँपालिकाको विकास र अर्थतन्त्र सुधार गर्ने ।

### उद्देश्य

१. औद्योागिक र व्यापारिक क्षेत्रलाई प्रवर्द्धन गरि अर्थतन्त्रमा योगदान पुऱ्याउनु ।
२. प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी लगानी मैत्री वातावरण सिर्जना गरि रोजगारीको अवसर थप गर्नु ।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| साना तथा घरेलु उद्योगहरु संचालन र प्रवर्द्धन गर्ने । | ✓ कृषिमा आधारित साना तथा लघु उद्योगमा अनुदान तालिमको व्यवस्था मिलाइनेछ ।<br>✓ स्थानीय उद्योगबाट उत्पादित सामाग्रीको बिक्री वितरण तथा निर्यातको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।<br>✓ महिला उद्यमीहरुलाई उद्यमशीलता सम्बन्धी शिक्षा दिइनेछ ।<br>✓ उत्पादित वस्तुहरु उद्योग वाणिज्य संघसँग समन्वय गरी विक्रीको व्यवस्था मिलाइनेछ । |

| | |
|---|---|
| | ✓ गरीबी निवारणका लागि लघुउद्यम कार्यक्रम (MEDPA) मार्फत दक्ष रोजगारको सृजना, तालिमको ताजगीकरण र प्रविधि हस्तान्तरण कार्य गरिनेछ। जस्तै मोटरसाईकल, अटो मर्मत तालिम, ईलेक्ट्रिसियन तालिम, सिकर्मी तथा डकर्मी तालिम ।<br>✓ स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणका लागि नीतिगत र कार्यक्रमको व्यवस्था गरी सो अनुसार बजार व्यवस्थापन गरिनेछ। |
| उद्योगहरुलाई आवश्यक पर्ने सेवा विकासमा जोड दिने । | ✓ उद्यम विकास कार्यक्रम कार्यान्वयन गर्ने निकाय तथा सहयोगी निकायसँग समन्वय गरी क्षमता विकास गरिनेछ।<br>✓ प्रविधि अनुसन्धान र हस्तान्तरणमा सार्वजनिक, निजी बौद्धिक (Public Private Academic) सहकार्य गरिनेछ।<br>✓ औद्योगिक तथ्याङ्कलाई डिजिटाइजेशन गर्दै उद्योग तथा व्यवसायलाई प्रविधिमैत्री बनाइनेछ।<br>✓ उत्पादित वस्तुहरूको गुणस्तरीयता सुनिश्चित गर्न संस्थागत संयन्त्रको विकास गरिनेछ। |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : उद्योग, व्यापर, व्यवसाय तथा आपूर्ति | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | बाँस निगालो जन्य उत्पादन कार्यक्रम | | २० | ५ | ५ | ५ | ५ | ० | स्थानीय |
| २ | पानि उत्पादन उद्योग | | २०० | १०० | ५० | ५० | ० | ० | संघ/प्रदेश/स्थानीय |
| ३ | आपको अचार तथा आरुबखरा जुस उत्पादन | | १५ | ३ | ३ | ३ | ३ | ३ | प्रदेश/स्थानीय |
| ४ | गार्मेट उद्योग स्थापना | | ५० | १० | १० | १० | १० | १० | संघ/प्रदेश/स्थानीय |
| ५ | अल्लो प्रशोधन तथा कपडा उत्पादन | | ५० | १५ | १० | १० | १० | ५ | संघ/स्थानीय |
| ६ | दुना टपरि उत्पादन | | १० | २ | २ | २ | २ | २ | स्थानीय |
| ७ | दालमोठ तथा आलु चिप्स उत्पादन | | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ८ | बस्तु बजारीकरणका लागि कोशेलि घर | | १० | ५ | ५ | ० | ० | ० | स्थानीय |
| ९ | एक वडा एक उत्पादन | | १२ | ४ | २ | २ | २ | २ | स्थानीय |
| १० | उत्कृष्ट महिला उद्यमी सम्मान कार्यक्रम | | १० | २ | २ | २ | २ | २ | स्थानीय |
| ११ | उपाध्यक्ष संग महीला उद्यमशिलता कार्यक्रम | | १२ | २.५ | २.५ | २.५ | २.५ | २ | स्थानीय |
| १२ | उद्योग दर्ता नबिकरण अभिमुखिकरण कार्यक्रम | | १० | २ | २ | २ | २ | २ | स्थानीय |
| १३ | उद्यम प्रर्वदन मिनि महोत्सव | | २० | ४ | ४ | ४ | ४ | ४ | स्थानीय |
| १४ | दाना उद्योग | | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| १५ | उद्यमशिलता तालिम | | ५० | १० | १० | १० | १० | १० | प्रदेश/स्थानीय |
| १६ | बैदेशिक रोजगारबाट फर्केका युवालाइ व्यवसायिक प्राविधिक सिप तालिम | | ५० | १० | १० | १० | १० | १० | संघ/प्रदेश/स्थानीय |
| १७ | उद्यमीहरूलाइ सहुलियत ऋणका लागि कोष निर्माण | | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| १८ | सुपथ मुल्य पसल | | १० | २ | २ | २ | २ | २ | स्थानीय |
| **जम्मा** | | | ७५४ | २२२ | १६५ | १६० | ११० | ९९ | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | औपचारिक/अनौपचारिक क्षेत्रका चालु लघु, घरेलु तथा साना उद्योग (रु.१ करोड सम्मको) वृद्धि भई समृद्ध समाज निर्माण भएको हुने | लघु, घरेलु तथा साना उद्योग | संख्या | - | ३५ | ४५ | ५५ | ६५ | ७५ | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्र सँग सहकार्य भएको हुने | ४ | २ |
| असर | व्यापार व्यवसाय बढेको हुने | व्यापार व्यवसाय | संख्या | ४० | ५० | १०० | १५० | २०० | २५० | " | | ४ | २ |
| प्रतिफल | सुचारु औद्योगिक ग्राम भएको हुने | सुचारु औद्योगिक ग्राम | संख्या | ० | १ | १ | १ | १ | १ | " | लगानी मैत्री वातावरण श्रृजना भएको हुने | ४ | २ |
| | रोजगारीमा गैरकृषि क्षेत्रको योगदान वृद्धि भएको हुने | रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | ०.५ | ५ | २० | ३० | ४० | ५० | " | | ४ | २ |
| | वौद्धिक सम्पत्ति संरक्षण अन्तर्गत आधिकारीक निकायमा दर्ता भई ब्राण्डिङ गरिएका जडीवुटी, हस्तकला तथा अन्य उत्पादनहरु भएको हुने | उत्पादन | संख्या | - | १० | १५ | २० | २५ | ३० | " | | ४ | २ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तरकारी, फलफुल, खाद्यान्न लगायत अत्यावश्यक उत्पादनहरुको नियमित आपूर्ति तथा विक्री वितरणका लागि बजार केन्द्रहरु वृद्धि भएको हुने | बजार केन्द्र | संख्या | ६ | ६ | ७ | ८ | ८ | १० | " | | | ४ | २ |

## ४.४ पर्यटन विकास
### पृष्ठभूमि

महाबु गाउँपालिका पर्यटकीय हिसावले महत्वपुर्ण गाउँपालिका हो । यो गाउँपालिकामा रहेका पर्यटकीय स्थानहरुको प्रचार प्रसारको अभावकवा कारण वाह्य पर्यटकहरु त आउन सकेका छैनन् तर आन्तरिक पर्यटक भने आउने क्रम दिन प्रतिदिन बढ्दै गइरहेको छ । पछिल्लो समयमा भएको सूचना संचारको विकासले गर्दा यहांका विभिन्न स्थानहरुको प्रचार प्रसार हुन थाले पछि आन्तरिक पर्यटकहरु वढ्न थालेका हुन् । यस क्षेत्रमा चिया पसल र घरबास जस्ता सेवामूलक र रोजगारमूलक क्षेत्रको रुपमा अपेक्षा गरिएको पर्यटन क्षेत्र समृद्धिको एक प्रमुख सम्वाहक हो ।

### समस्या
पर्यटकीय गन्तव्यको विकास र विविधीकरण हुन नसक्नु, पर्यटकलाई आकर्षित गर्न चाहिने सेवा, सुविधा र पर्यटकीय वस्तुको कमी हुनु, पर्यटन क्षेत्रमा निजी लगानी अन्तर्गत स्तरीय होटल, रेष्टुरेण्ट, होमस्टे आदि वृद्धि हुन नसक्नु, धार्मिक पर्यटकीय स्थलको उपयुक्त व्यवस्थापन गर्न नसक्नु, पर्यटकीय सूचना प्रवाह व्यविस्थत र प्रभावकारी हुन नसक्नु, आन्तरिक र बाह्य पर्यटकको व्यवस्थित अभिलेख नहुनु, पयर्टनको लाभ स्थानीय समुदायले अपेक्षित रूपमा प्राप्त गर्न नसक्नु आदि प्रमख समस्या हुन् ।

### चुनौति
पर्यटकीय विकासको लागि आवश्यक यातायात, सञ्चार र अन्य संरचनाहरुको विकास र व्यवस्थापन गर्न, पर्यटकीय क्षेत्रको पहिचान, संरक्षण र विकास गर्न, पर्यटकीय क्षेत्रको विकास, संरक्षण र प्रचार प्रसार गर्न आर्थिक जोहो गर्न, पर्यटकीय क्षेत्रलाई व्यवसायिकरण गर्न, साथै पर्यटनलाई रोजगारीको माध्यम बनाउन चुनौती रहेको छ ।

### अवसर
आवश्यक पूर्वाधारको विकास गरी पर्यटन क्षेत्रको पर्याप्त रुपमा प्रचार प्रसार गरेर गाउँपालिकालाई पर्यटकीय हिसाबले अग्रणी स्थानमा पुऱ्याउन सकिने प्रचुर सम्भावना हुनु, आम मानिसहरुको पर्यटकीय चेतना अभिवृद्धि गर्न र पर्यटनलाई व्यवसायिकरण गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न, मौलिक संस्कृति झल्किने खालको होमस्टे लगायतका पर्यटन उद्योगको विकास गर्न, संस्कृति र पर्यटनको क्षेत्रमा सम्भाव्यता अध्ययन, अनुसन्धान र अनवेषण कार्य गरी थप पर्यटकीय क्षेत्रको पहिचान र विकास गर्न, गाउँपालिकाका अन्य स्थानहरुको सम्भाव्यता अध्ययन गरी पर्यटकहरुलाई उत्साहित गर्ने खालका उपयुक्त प्रकारका नयाँ र साहसिक खेलहरुको स्थापना गर्न जस्ता अवसरहरु रहेका छन् ।

### लक्ष्य
पर्यटनलाई आम्दानीको श्रोतको रुपमा विकास र विस्तार गर्ने ।

### उद्देश्य
१. महाबुलाई सुरक्षित, गुणस्तरिय र पर्यटन मैत्री बनाई आकर्षक पर्यटक स्थलको रुपमा विकास गर्नु ।
२. पर्यटकिय क्षेत्रबाट प्राप्त लाभले आर्थिक उन्नतिमा सहयोग पुऱ्याउनु ।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| पर्यटनको विकास र प्रवर्द्धनका लागि नीति निर्माण र संस्थागत विस्तार गर्ने । | ✓ गाउँपालिका भित्रका धार्मिक एवं पर्यटकीय स्थलहरुको निर्माण र व्यवस्थापनमा आवश्यक वजेट प्रबन्ध गर्ने गराउने नीति लिइनेछ ।<br>✓ पर्यटन गन्तव्यहरुलाई एकीकृत गरी पर्यटन प्याकेजको निर्माण गरी पर्यटकलाई आकर्षित गर्ने नीति अवलम्वन गरिनेछ ।<br>✓ पर्यटकको उचित सेवा, सत्कार र सुरक्षा प्रबन्ध सहितको पर्यटकीय आवास व्यवस्थापन गर्न होटलहरुको न्यूनतम सेवा र गुणस्तर मापदण्ड निर्धारण गरिनेछ । |

| | |
|---|---|
| पर्यटकिय स्थलहरुको सुधार, व्यवस्थापन तथा निर्माण गरी रोजगारी र आयमा वृद्धि गर्ने । | ✓ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (संघ), पर्यटन तथा संस्कृति मन्त्रालय (प्रदेश) र गाउँपालिकाको संयुक्त लगानीमा पर्यटकीय स्थल निर्माण तथा प्रचार प्रसार व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गर्नका साथै अन्य पर्यटकीय स्थलको पहिचान र विस्तृत अध्ययन गरिनेछ ।<br>✓ स्थानीय धार्मिक, साँस्कृतिक एवं प्राकृतिक रुपले मनोरम तथा सुन्दर स्थलहरुको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्दै प्रचार प्रसारको माध्यमद्वारा आन्तरिक तथा बाह्य पर्यटकहरु भित्राई यस गाउँपालिकाबासीको आय आर्जनमा अभिवृद्धि आउने तथा जीवनस्तर उकास्नमा टेवा पुर्याइनेछ ।<br>✓ प्याराग्लाईडिङ, रक क्ल्याम्बिङ, साईक्लिङ जस्ता साहसिक पर्यटकलाई सहयोग पुग्ने खालका पूर्वाधार विकास एंव प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।<br>✓ सडकको स्तरोन्नती गर्न र पर्यटन प्रवर्द्धन महोत्सवका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।<br>✓ महाबु लेक संरक्षण र प्रवर्द्धनको लागि आवश्यक बजेट विनियोजन गरिनेछ । |
| पर्यटन व्यवसायबाट आर्थिक उन्नति हाँसिल गर्ने । | ✓ संस्कृति र समुदायमा आधारत होमस्टे संचालन तथा प्रवर्द्धनका लागि क्षमता अभिवृद्धि, पूर्वाधार विकास र पहुँच विस्तार जस्ता कार्य सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।<br>✓ आन्तरिक एवं बाह्य पर्यटक भित्रयाउने सहयोग पुग्ने खालका पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र विकास गरिनेछ । |

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र : पर्यटन विकास | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | |
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | महाबु लेक संरक्षण, महाबै गाथ पदमार्ग धर्मशाला निर्माण तथा धार्मिक पार्क निर्माण | पर्यटन गनतव्यको पहिचान, प्रर्वधन र विस्तार<br><br>पर्यटकिय वस्तु तथा सेवाको विकास, विस्तार र विविधिकरण | २०० | ४० | ४० | ४० | ४० | ४० | | संघ/स्थानीय |
| २ | पालिक स्तरिय होमस्टे प्रबदन तथा व्यवस्थापन कार्यक्रम महाबु ४ | | ५० | १० | २० | १५ | ५ | | | प्रदेश/स्थानीय |
| ३ | गैंडावाज शिव मन्दिर, भगवती मन्दिर निर्माण | | १०० | २० | २० | २० | २० | २० | | संघ/स्थानीय |
| ४ | शिवालय गीताचौर शिवजी गाथ पुर्वाधार विकास कार्यक्रम | | १०० | २० | २० | २० | २० | २० | | संघ/स्थानीय |
| ५ | राधा कृष्ण मन्दिर निर्माण तथा व्यवस्थापन | | ५० | १० | १० | १० | १० | १० | | संघ/स्थानीय |
| ६ | टाकुरी महावु गाथ पदमार्ग निर्माण | | १०० | २० | २० | २० | २० | २० | | संघ/स्थानीय |
| ७ | हिमालताल पुन निर्माण | | १०० | २० | २० | २० | २० | २० | | संघ/स्थानीय |
| ८ | महावु गाथ क्षेत्र विकास कार्यक्रम | | १०० | २० | २० | २० | २० | २० | | संघ/स्थानीय |
| ९ | नाउलाखार गुफा पदमार्ग निर्माण र माइकोथान महालिङ संरक्षण | | १०० | ५० | २५ | १० | १० | ५ | | संघ/स्थानीय |
| १० | गुँफा संरक्षण | | ४० | १० | ८ | ८ | ८ | ६ | | संघ/स्थानीय |
| ११ | पिक्निक स्थल | | ५० | १० | १० | १० | १० | १० | | संघ/स्थानीय |
| १२ | पर्यटकिय शहिद पार्क निर्माण | | ८० | २० | २० | २० | १० | १० | | संघ/स्थानीय |
| १३ | लछुमन गुरुङ स्मृति पार्क निर्माण | | ५० | १० | १० | १० | १० | १० | | प्रदेश/स्थानीय |
| **जम्मा** | | | **११२०** | **२६०** | **२४३** | **२२३** | **२०३** | **१९१** | | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८० /८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिगो संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ | | | | |
| प्रभाव | सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थल ( यातायात, संचार, सुरक्षा, होटेल आदि) निर्माण भई पर्यटक संख्या बढेको हुने | सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थल | संख्या | १ | १ | २ | ३ | ४ | ५ | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसँग सहकार्य भएको हुने | ४ | २ |
| असर | धार्मिक पर्यटन सञ्चालन स्थान भई पर्यटन प्रवर्द्धन भएको हुने | धार्मिक पर्यटन | संख्या | १३ | १५ | १६ | १७ | १७ | १७ | " | | ४ | २ |
| प्रतिफल | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदाहरु भएको हुने | पर्यटकीय सम्पदा | संस्था | २ | ३ | ३ | ४ | ४ | ५ | " | पर्यटन क्षेत्रमा लगानी गर्न निजी क्षेत्र आकर्षित भएको हुने | ४ | २ |
| | सञ्चालित तथा व्यवस्थित पदमार्गको लम्बाइ (कूल) बढेको हुने | लम्बाइ (कूल) | कि.मि. | २ | ५ | ८ | १० | १० | १५ | " | संघ, प्रदेश र अन्तर पालिका बीच सहकार्य र समन्वय भएको हुने | ४ | २ |
| | व्यवस्थित होमस्टे तथा पर्यटकीय गाउँ भएको हुने | व्यवस्थित होमस्टे | संख्या | १ | ४ | १० | १४ | १८ | २५ | " | | ४ | २ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थित वनभोज, उद्यम, पार्क भएको हुने | व्यवस्थित वनभोज, उद्यम, पार्क | संख्या | २ | ३ | | ४ | - | ६ | " | | ४ | २ |
| | तालिम प्राप्त टुर गाइड वृद्धि भएको हुने | तालिम प्राप्त टुर गाइड | संख्या | ० | १० | १० | १० | १० | १० | " | | ४ | २ |
| | सालभरी भ्रमण गर्ने आन्तरिक पर्यटक बढेको हुने | आन्तरिक पर्यटक | संख्या | ५००० | ६००० | ७००० | ८००० | ९००० | १०००० | " | | ४ | २ |
| | सालभरी भ्रमण गर्ने वाह्य पर्यटक बढेको हुने | वाह्य पर्यटक | संख्या | १ | १० | ३० | ५० | ८० | १०० | " | | ४ | २ |

## ४.५ वैंक, वित्तीय संस्था तथा सहकारी

### पृष्ठभूमि

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका बैंक तथा सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ। वित्तीय संस्थाले स्थानीय स्तरको बचतलाई गाउँ बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आयमूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तीय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ ।

### समस्या

गाउँपालिकामा पर्याप्त मात्रामा वित्तीय संस्थाहरु नहुनु, कर्जाको उपलब्धता र पहुँचमा कमी हुनु, समुहहरुमा संकलित बचतको उचित परिचालन नहुनु, सहकारी क्षेत्रको संरचनात्मक र संगठनात्मक व्यवस्था अपर्याप्त एवं अप्रभावकारी रहनु, सहकारीको प्रवर्द्धनका लागि आवश्यक पर्ने औपचारिक सहकारी शिक्षा, तालिम तथा व्यवस्थित सहकारी सूचना प्रणालीको उपयुक्त विकास नहुनु, समुदायमा वित्तीय चेतनाको कमी हुनु जस्ता समस्याहरु छन् ।

### चुनौति

वैंक तथा वित्तीय संस्थामा स्थानीयको पहुँच बढाउन, वित्तीय सेवा तथा सहकारी व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्न, सहकारी तथा वित्तीय संस्थाको महत्व तथा उपयोगिता सम्वन्धमा जानकारी गराउन, सहकारी तथा वित्तीय संस्थालाई आय आर्जन तथा रोजगारीका अवसरसँग आवद्ध गर्न, सहकारी तथा वित्तीय संस्थाहरुलाई उत्पादन क्षेत्र तर्फ उन्मुख गराउन, सहकारी संस्थाहरूको नियमित नियमन तथा अनुगमन गर्न, अन्तर सहकारी समन्वय गर्न, कर्जामा सहज पहुँच स्थापना गर्न आदि प्रमुख चुनौती हुन् ।

### अवसर

कृषि, ऊर्जा र पूर्वाधार जस्ता क्षेत्रमा बैंकको लगानीलाई प्रोत्साहन गर्न, सहकारीको माध्यमबाट छरिएर रहेको पुँजी एकीकृत गर्न, सामुहिक खेती, सामुहिक व्यापार, सामुहिक उद्योग एवं सेवामा सहज हुनु, सहकारी क्षेत्रमा महिलाको सहभागिता वृद्धि हुँदै जानु, स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म सहकारीका सञ्जाल विस्तार हुनु, सहकारीहरु स्थानीय सरकारको क्षेत्राधिकारमा पर्नु, सहकारी तथा वित्तीय क्षेत्रको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गर्न केन्द्रिय, प्रादेशिक र स्थानीय सरकार प्रतिबद्ध रहँदै नीतिहरू बन्नु, सामाजिक सुरक्षा भत्तालाई वैंकिङ प्रणालीबाट वितरणको नीति रहनु, वाली, पशुपन्छी, स्वास्थ्य, यातायात लगायत विभिन्न किसिमका बिमा योजनाहरुसँग आबद्ध गराउने नीति रहनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### लक्ष्य

वित्तीय क्षेत्रमा नागरिकको पहुँच बढाई आर्थिक सुशासन कायम गर्ने ।

### उद्देश्य

१. अर्थतन्त्रमा बैंक, वित्तीय संस्था र सहकारीको योगदान अभिवृद्धि गर्नु ।

२. कृषिजन्य र स्थानीय वस्तुको उत्पादन, प्रशोधन, बजारीकरण गर्न दिगो तथा प्रभावकारी सहकारी संख्यामा वृद्धि गर्नु ।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| सहकारी सम्बन्धी नीतिगत र संस्थागत प्रबन्ध गर्ने । | ✓ सहकारी संस्थाको मापदण्ड कार्यान्वयन र नियमनमा विशेष जोड दिने नीति अवलम्बन गरिनेछ ।<br>✓ विभिन्न खालमा सहकारी शिक्षा, सहकारी व्यवसाय प्रवर्द्धन जस्ता सहकारी सम्बन्धी आवश्यक तालिम संचालन गरिने नीति अवलम्बन गरिनेछ ।<br>✓ गाउँपालिकाको नीति तथा कार्यक्रम अनुसारको योजना सहकारी तथा अन्य वित्तीय संस्थाहरुले प्राथमिकतामा राख्नुपर्ने नीतिलाई अवलम्बन गरिनेछ । |

| | |
|---|---|
| | ✓ प्रत्येक वडामा एउटा नमूना सहकारीको स्थापना र संचालन गर्ने नीति अवलम्बन गरिनेछ । हरेक गाउँमा उद्यम सहकारी/कृषि सहकारी र उपभोक्ता सहकारी स्थापनामा जोड दिईनेछ ।<br>✓ गाउँपालिका भित्रका समान उद्देश्य र प्रकृतिको सहकारीहरुलाई एकिकरण गरि बृहत रुपमा गतिविधी तथा कारोबार सञ्चालन गर्दै वित्तीय पहुँच वृद्धि गरिनेछ । सोहि नीति अन्तर्गत गाउँपालिका स्तरमा एक सहकारीलाई ग्रामीण बैकको अवधारणामा सञ्चालन गरिनेछ ।<br>✓ गाउँपालिका क्षेत्रभन्दा बाहिर दर्ता भई यस गाउँपालिकाभित्र सञ्चालनमा रहेका सहकारी तथा वित्तीय संस्थाहरुलाई दायरामा ल्याईनेछ, दायरामा नआएका र गाउँपालिकाको सहकारी नीति भन्दा फरक रुपमा कारोबार सञ्चालन गरिरहेका सहकारी तथा वित्तीय संस्थाहरुलाई कारोबारमा रोक लगाईनेछ । |
| सहकारी संस्थाको सीप विकासको व्यवस्था गरी प्रभावकारी बनाउने । | ✓ गाउँस्थित सहकारी संस्थाहरु अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।<br>✓ सहकारी संस्थाहरुको नियमन तथा व्यवस्थापन गर्दै करको दायरामा ल्याइनेछ ।<br>✓ सहकारी संस्था तथा सहकारीकर्मीहरुको अभिलेख राख्ने र अद्यावधिक गरिनेछ ।<br>✓ एक घर एक सहकारी सदस्य बनाउन पहल गरिनेछ ।<br>✓ सहकारीले चौमासिक रुपमा विवरण बुझाउनुपर्ने व्यवस्था गरिनेछ । |
| उत्पादन, वितरण र सेवामुलक सहकारीलाई प्रोत्साहन र विस्तार गर्ने । | ✓ पशुपालन, कृषि र निर्यात तथा उत्पादनमूलक सहकारी समूहहरुलाई प्रस्तावनाका आधारमा अनुदान दिइनेछ ।<br>✓ गरिबी निवारण कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्थाहरुलाई सहकारी संस्थाको रुपमा दर्ता तथा व्यवस्थापन गरी विऊ कोष परिचालन मार्फत रोजगारी सिर्जना गरिनेछ ।<br>✓ सहकारीलाई विउ पुँजी तथा घुम्ती कोष उत्पादनसँग जोड्नलाई प्राथमिकता दिईनेछ ।<br>✓ सहकारीको माध्यमबाट स्थानीय स्रोत श्रम, साधन सीप र पूँजीको अधिकतम परिचालन गरी आर्थिक, सामाजिक रुपान्तरण गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : सहकारी | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | सहकारी संस्थाका सञ्चालकहरूलाइ सहकारी व्यवस्थापन तालिम | वित्तीय क्षेत्र व्यवस्थित<br>वित्तीय क्षेत्र उत्पादनमा अग्रसर | ३० | ६ | ६ | ६ | ६ | ६ | | संघ/प्रदेश/स्थानीय |
| २ | सहकारी संस्थाका अध्यक्ष र व्यवस्थापकलाइ COPOMIS तालिम | | ५ | १ | १ | १ | १ | १ | | संघ/प्रदेश/स्थानीय |
| ३ | सहकारी संस्थामा संलग्न सदस्यहरूलाइ सहकारी शिक्षा तालिम कार्यक्रम | | ५ | १ | १ | १ | १ | १ | | संघ/प्रदेश/स्थानीय |
| ४ | सहकारी सदस्य सिप विकास तालिम | | १० | २ | २ | २ | २ | २ | | संघ/प्रदेश/स्थानीय |
| ५ | विषयगत सहकारी स्थापना | | २ | २ | | | | | | संघ/प्रदेश/स्थानीय |
| **जम्मा** | | | **५२** | **१२** | **१०** | **१०** | **१०** | **१०** | | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | सुचारु वैंक तथा वित्तीय संस्था वृद्धि भई जीवनस्तर सुधार भएको हुने | सुचारु वैंक तथा वित्तीय संस्था | संख्या | १ | २ | २ | ३ | ३ | ४ | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसँग सहकार्य भएको हुने | ४ | २ |
| असर | वचत तथा ऋण समेतको कूल सहकारी संस्था वृद्धि भई जीवनस्तर सुधार भएको हुने | सहकारी संस्था | संख्या | - | २० | ३० | ४० | ५० | ६० | " | | ४ | २ |
| प्रतिफल | प्राथमिकता क्षेत्रहरुमा वाणिज्य वैंकबाट भएको कूल कर्जा लगानी (कृषि, उर्जा एवं साना मझौला उद्योग) भएको हुने | लगानी | प्रतिशत | - | - | - | - | ४० | ५० | " | वैंक, वित्तीय तथा सहकारी संस्थाहरु सँग सहकार्य भएको हुने<br>सरकारको प्राथमिक प्राप्त क्षेत्रमा लगानी अभिवृद्धि भएको हुने | ४ | २ |
| | सहुलियतपूर्ण क्षेत्रमा भएको वैंकको कर्जा प्रवाह भएको हुने | सहुलियतपूणं क्षेत्रमा भएको वैंकको कर्जा प्रवाह | प्रतिशत | ० | १० | २० | ३० | ४० | ५० | " | | ४ | २ |
| | महिलाद्वारा सञ्चालित सहकारी संख्या भएको हुने | महिलाद्वारा सञ्चालित सहकारी संख्या | संख्या | ० | १ | १ | १ | २ | ३ | " | | ४ | २ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृषि क्षेत्रका कूल सहकारी संस्था वृद्धि भएको हुने | कृषि क्षेत्रका कूल सहकारी संस्था | संख्या | १५ | १७ | १७ | २० | २४ | २४ | " | | ४ | २ |

## ४.६ श्रम तथा रोजगार

### पृष्ठभूमि

गुणस्तरीय जनशक्तिको विकास मार्फत् श्रमको उत्पादकत्व अभिवृद्धि गरी प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउन उत्पादनको क्रियाशील साधनको रुपमा श्रमको महत्वपूर्ण भूमिका रहन्छ। नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । गाउँपालिकाले दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमी बीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जित सीप, पुँजी तथा प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने र सबैका लागि मर्यादित कामको अवसर उपलब्ध गराउनु आवश्यक छ।

### समस्या

कृषि पेशा सम्मानित नहुनु, श्रम प्रतिको सम्मानको कमी हुनु, उद्यमशीलताको विकास, स्वरोजगार प्रवर्द्धन र उत्पादन कमजोर रहनु, स्थानीय तहमा रोजगारीको सिर्जना पर्याप्त नहुनु, श्रमशक्तिको माग र आपूर्ती बीचको सन्तुलन नहुनु, तालिम प्राप्त जनशक्तिको निम्ति पर्याप्त कामको उपलब्धता नहुनु, रोजगारीका अवसर सम्बन्धी सूचनामा रोजगारी चाहने जनशक्तिको पहुँचमा कमी हुनु, योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा जनताको पहुँच नहुनु, वैदेशिक रोजगारको क्षेत्रमा ठगी लगायतका घटनाहरु बढ्नु, पारिवारिक तथा सामाजिक पुनःएकिकरणका सवालहरु सम्बोधन नहुनु लगायत यस क्षेत्रका समस्या हुन् ।

### चुनौती

श्रमलाई सीप, प्रविधि, उत्पादन र बजारसँग जोड्नु, अनौपचारिक क्षेत्रका रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउनु, शिक्षालाई व्यवहारिक र रोजगारमूलक बनाई उद्यमशीलता विकास गर्नु, विद्यमान कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्नु, श्रम बजार प्रवेश गर्ने युवा जनशक्तिहरूलाई रोजगारीका अवसरहरु सिर्जना गर्नु, बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, गाउँमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्नु आदि यस क्षेत्रका चुनौतीहरु हुन् ।

### अवसर

युवा र आर्थिक रुपले सक्रिय जनसंख्याको बाहुल्यता रहनु, श्रममैत्री ऐन कानूनहरू निर्माण हुनु, कृषि, पर्यटन एवम् आर्थिक गतिविधिहरू बढ्नु, सेवा क्षेत्रमा (शिक्षा, स्वास्थ्य, वित्तीय सेवा) सरकारी, निजी तथा सामुदायिक लगानी बढ्नु, नेपाल श्रम तथा रोजगारका क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरका विभिन्न महासन्धिहरूको पक्षराष्ट्र हुनु साथै प्रधानमन्त्री रोजगार कार्यक्रम लगायत स्वरोजगारीका लागि सरकारले प्रदान गरेका वित्तीय प्रोत्साहनले पनि नयाँ रोजगारीका अवसर सिर्जना हुनु, विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो थातथलोमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुग्नु आदि यस क्षेत्रका अवसर हुन् ।

### सोच

सम्मानित रोजगार, समुन्नत महाबुको आधार

### लक्ष्य

बेरोजगरी दर घटाउने

### उद्देश्य

८० प्रतिशत जनशक्ति रोजगार प्रदान गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. श्रमबैंकको स्थापना गर्ने (श्रमिक र रोजगारदाता) | १. श्रम बैंकमा भएका श्रमिकहरुलाई योग्यता र दक्षताको आधारमा रोजगारीमा संलग्न गराइनेछ ।<br>२. श्रमबैंक प्रणालीलाई नियमित र वास्तविक अध्यावधिक गराइराखिनेछ ।<br>३. अदक्ष श्रमिकलाई योग्यता र दक्षताको आधारमा सीपमूलक तालिम सञ्चालन गरी दक्ष बनाइनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : रोजगार कार्यक्रम | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | वेरोजगारहरुलाई रोजगारको सृजना | युवाहरु रोजगारीमा संलग्न | ५० | १० | १० | १० | १० | १० | | संघ |
| २ | रोजगार व्यवस्थापन सुचना प्रणालिको सफ्टवयर | | ३० | १२ | ५ | ५ | ५ | ३ | | प्रदेश |
| ३ | कार्य स्थलमा तालिम कार्यक्रम | | २५ | ५ | ५ | ५ | ५ | ५ | | संघ |
| ४ | श्रमीकहरूलाइ सेफ्टि सामाग्री तथा बिमा | | ५० | १० | १० | १० | १० | १० | | स्थानीय तह आफै |
| **जम्मा** | | | **१५५** | **३७** | **३०** | **३०** | **३०** | **२८** | | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८० /८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगो संकेत | दिविज संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१ /८२ | २०८२ /८३ | २०८३/ ८४ | २०८४ /८५ | २०८५ /८६ | | | | |
| प्रभाव | रोजगारीताका आधारमा पालिकाले प्रदान गर्ने सेवा सुविधाबाट लाभान्वित उद्योग व्यवसायहरुको संख्या वृद्धि भई जीवनयापन सहज भएको हुने | उद्योग व्यवसाय | संख्या | - | ३ | ५ | १० | १५ | १५ | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसँग सहकार्य भएको हुने | ४ | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | वैदेशिक रोजगारीताबाट फर्की स्वदेशमा उद्योग, व्यवसाय गर्नेको संख्या बढेको हुने | उद्योग व्यवसाय | संख्या | - | ५ | ५ | १० | १५ | १५ | ” | | ४ | २ |
| प्रतिफल | उत्पादन (कृषि एवं उद्योग) एवं पूर्वाधार निर्माण क्षेत्रमा रोजगारीता श्रृजना भएको हुने | रोजगारी श्रृजना | संख्या | - | २० | ५० | १०० | १५० | २०० | | वैदेशिक रोजगार वोर्ड तथा तालिम संस्थाहरु संग सहकार्य भएको हुने | ४ | २ |
| | प्राविधिक, सीपमूलक, व्यवसायिक तालिम लिएका दक्ष जनशक्ति भएको हुने | दक्ष जनशक्ति | संख्या | ० | २ | ५ | ५ | ८ | ८ | ” | | ४ | २ |
| | उत्पादकत्व अभिवृद्धिका लागि परम्परागत तरिका र औजार, उपकरणको आधुनिकीकरण भएका पेशागत क्षेत्रहरु भएको हुने | आधुनिकीकरण भएका पेशागत क्षेत्रहरु | संख्या | - | १ | १ | १ | २ | २ | ” | वैङ्क, वित्तीय संस्था तथा सुरक्षित आप्रवासन सम्बन्धी संस्थासँग सहकार्य भएको हुने | ४ | २ |
| | बालश्रम एवं न्यून ज्यालादर जस्ता श्रम शोषणवाट प्रभावितहरु न्यून भएको हुने | वालश्रम एवं न्यून ज्यालादर | संख्या | - | ० | ० | ० | ० | ० | ” | | ४ | २ |
| | सम्बन्धित क्षेत्रको सीपमूलक तालिम लिई वैदेशिक रोजगारीमा गएको हुने | सीपमूलक तालिम लिई वैदेशिक रोजगारीमा जाने | संख्या | ० | १० | २० | ३० | ४० | ५० | ” | | ४ | २ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वैदेशिक रोजगारीका लागि तालिम प्रदान गर्ने संस्थाहरु भएको हुने | तालिम प्रदान गर्ने संस्थाहरु | संख्या | ० | १ | १ | १ | २ | २ | " | | ४ | २ |
| | विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन गर्ने घरपरिवार संख्या (कूल वैदेशिक रोजगारी भएका घरधुरीको) | विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन | प्रतिशत | - | - | - | - | - | - | " | | ४ | २ |
| | वैदेशिक रोजगारीताबाट आर्जन पूँजी, सीप, प्रविधि तथा अनुभवलाई उत्पादन मूलक क्षेत्रमा सदुपयोग गर्नेको | उत्पादन मूलक क्षेत्रमा सदुपयोग | संख्या | - | १ | १ | ३ | ४ | ५ | " | | ४ | २ |
| | विप्रेषण वित्तीय साक्षरता कार्यक्रमबाट लाभान्वित जनसंख्या (वैदेशिक रोगजारीमा जानेको) | विप्रेषण वित्तीय साक्षरता कार्यक्रमबाट लाभान्वित जनसंख्या | प्रतिशत | - | - | २० | २० | २० | २० | " | | ४ | २ |

# परिच्छेद पाँच : सामाजिक विकास

## पृष्ठभूमि

शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सबालहरुलाई मौलिक हकको रुपमा नेपालको संविधान २०७२ ले स्थापित गरेको छ। माध्यमिक तह सम्मको शिक्षा, आधारभूत स्वास्थ्य र नीति निर्माण तहमा समाजको पछाडि परेको वर्ग तथा क्षेत्रको सहभागितालाई सुनिश्चित गर्ने कानूनी तथा नीतिगत आधारहरु तयार भइसकेका छन् । गाउँपालिकामा स्वास्थ्य, सक्षम र श्रृजनशील जनशक्ति उत्पादन गर्न, आर्थिक रुपले सक्रिय नागरिकहरुलाई आर्थिक विकासका विभिन्न क्षेत्रमा सहभागी बनाउन तथा समाजलाई लैङ्गिकमैत्री, विभेदमुक्त र समतामूलक बनाउन शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता क्षेत्रमा बिद्यमान सम्भावना र अवसर, समस्या तथा चुनौतिका अतिरिक्त आगामी दिनमा चाल्नु पर्ने रणनीति तथा कार्यक्रम सम्बन्धी संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

## ५.१ शिक्षा

### पृष्ठभूमि

नेपालको संविधानले आधारभूत तहसम्म अनिवार्य र माध्यमिक तहसम्म निशुल्क शिक्षा पाउने शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रूपमा प्रत्याभुत गरेको छ । शिक्षा बिना दिगो विकास र समृद्धि सम्भव छैन । शिक्षाको माध्यमबाट मानिसमा ज्ञान, वुद्धि, विवेक र अन्तरनिहित प्रतिभाको प्रष्फुटन हुन्छ । शिक्षा व्यवसायिक, व्यवहारिक, प्राविधिक र जीवनोपयोगी हुनु पर्दछ ।

### समस्या

शिक्षकको माग र आपूर्ति बिच सन्तुलन नहुनु, प्राविधिक तथा व्यावसायिक धारका विद्यालय र विद्यार्थी न्यून रहनु, सार्वजनिक विद्यालयका विद्यार्थीको औसत सिकाई उपलिब्ध घट्दै जानु, शिक्षण सिकाई खासगरी विज्ञान गणित, अग्रेंजी जस्ता विषयमा कमजोर हुनु, विद्यालय तथा उच्च शिक्षाको व्यवस्थापकीय र सुशासन पक्ष कमजोर रहनु र शिक्षाको गुणस्तरमा समस्या बढ्दै जानु आदि प्रमुख समस्या हुन् ।

### चुनौति

सबैका लागि समतामूलक शिक्षा सुनिश्चित गर्नु तथा विद्यालयमा टिकाउ दर बढाउनु, प्राविधिक धारका सञ्चालित विद्यालय पर्याप्त नहुनु, सार्वजनिक शिक्षा तथा व्यावसायिक शिक्षा गुणस्तरीय बनाउनु, बाल विकास र पूर्व प्राथमिक शिक्षामा सहभागिता वृद्धि गर्नु, प्राविधिक र व्यावसायिक शिक्षामा तालिमको पहुँच अभिवृद्धि गर्नु, अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षाको सुनिश्चितता गर्नु, शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुशासन कायम गर्नु, प्रशिक्षकको सेवा स्थायीत्व नहुनु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

शिक्षा क्षेत्रमा दक्ष मानव संसाधनको वृद्धि हुँदै जानु, समुदायमा प्राविधिक शिक्षा प्रतिको आकर्षण बढ्दै जानु, शतप्रतिशत शिक्षाको लागि विभिन्न कार्यक्रमहरु सञ्चालनमा आउनु, शिक्षामा तालिम, मूल्याङ्कन तथा क्षमता अभिवृद्धि कार्यक्रम स्थानीय स्तरमै सञ्चालन हुनु, शिक्षा क्षेत्रमा सबैको पहुँच पुर्‍याउन र सबैमा शिक्षित हुने अवसर सिर्जना गर्न जनचेतनाका कार्यक्रम गर्न, गाउँपालिकाको सबै विद्यालयमा सूचना प्रविधि सहितको प्राविधिक र व्यवहारिक शिक्षाको विकास गर्न, क्षेत्रिय तथा स्थानीय संस्कृति, भाषा, भेषभुसा, परम्परा र इतिहास आदि झल्किने गरी पाठ्यक्रम विकास गरेर गाउँपालिकाका विद्यालयहरुमा पठनपाठन गर्न आदि यस क्षेत्रका अवसरहरु हुन् ।

### सोचः

"समुन्नत महाबु  र सम्मानित महाबुबासीको मुल आधार, प्राबिधिक शिक्षा ,शैक्षिक प्रबिधि एंबम् शैक्षिक गुणस्तरमा दिगो सुधार"

**लक्ष्य**

२०८६ सम्म सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरी, सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधीमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने ।

**उद्देश्य**

१ शिक्षण संस्थाहरूमा पूर्वाधार तथा संस्थागत विकास गर्नु ।
२ सबैको लागि शिक्षा र जीबनपर्यन्त शिक्षाको अबसर बढाउनु ।
३ प्राबिधिक शिक्षा र व्यावसायिक शिक्षामा जोड दिनु ।
४ शैक्षिक विकासका लागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु ।
५. संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउनु ।

**रणनीति र कार्यनीति**

| कार्यनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ शिक्षण संस्थाहरूमा पूर्वाधार तथा संस्थागत विकास गर्ने । | |
| १विद्यालयमा गुणस्तरिय १. शिक्षाकोसुनिश्चितता गर्न संस्थागत विकास गर्ने । | १. गाउँपालिकाको शिक्षा नीतिको तर्जुमा, ऐन नियमावली तथा योजनाको कानुनी व्यवस्था गरी शिक्षाको कार्यान्वयनमा ल्याइनेछ ।<br>२. गाउँपालिकाका सबै विद्यालयहरूलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली विकास गरी गाउँपालिकाको नेटवर्कमा रहने गरी एकद्वार पद्धतिबाट सञ्चालन गरिनेछ ।<br>३ उत्कृष्ट कार्य गर्ने . बिद्यालय,शिक्षक, कर्मचारी र अभिभावकलाई वार्षिक रूपमा पुरस्कार तथा सम्मानको व्यवस्था गाउँपालिका मार्फत् गरिनेछ ।<br>४ विद्यालयहरूमा अन्तर विद्यालय भ्रमण तथा सिकाइ आदानप्रदान .तथा प्राथमिक तहका बिद्यार्थीहरूको पढाई सिप बिकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>५पाठ्यक्रम) गुणस्तरीय सिकाइ मापदण्ड ढाँचा ., बिद्यालयको सिकाइ बाताबरण, शिक्षक, शिक्षण सिकाइ सामग्री, शिक्षण विधि, परीक्षा र मूल्याङ्कन, अनुगमन मूल्याङ्कन आदि तयार गरी कार्यान्वयन गरिनेछ ।<br>६विद्यालयको शिक्षण सिकाइमा समय र गुणस्तर बढाउन विद्यालय . अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको विकास गरिनेछ ।<br>७भ्धि स्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त विद्यालयको उपल . मापदण्ड र सूचक तयार गरिनेछ ।<br>८ महिला शिक्षक सुत्केरी विदामा रहँदा स्वयमसेवक .वा सट्टाशिक्षकको - व्यवस्था गरिनेछ।<br>९राष्ट्रिय पाठ्यक्रम प्रारू .प २०७६ र पाठ्यक्रम विकास केन्द्रको विद्यमान पाठ्यक्रम अनुसार अनुसार विकास गरीएको स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तकको विकास गरिनेछ ।<br>१०. विद्यालयमा व्यवस्थित शौचालय र खानेपानीको धारा निर्माण गरिनेछ ।<br>११. सबै विद्यालयमा खेल मैदान तथा बाल उद्यान,बगैंचा निर्माण बिद्यालय मर्मत र घेराबार गरिनेछ । बिद्यालयलहरूलाई मर्ज गर्ने प्रकृयामा लिईनेछ । |

| | |
|---|---|
| | १२. सामुदायिक विद्यालय भूकम्प प्रतिरोधी, अपाङ्ग, बाल तथा लैङ्गिकमैत्री बनाईनेछ । |
| २ गुणस्तरीय शिक्षाको लागि तालिमको संस्थागत विकास गर्ने । | १स्थानीय आवश्यकताको आधारमा तालिम पाठ्यक्रमको मोड .युल बनाई विज्ञ प्रशिक्षकद्वारा तालिम सञ्चालन गरिनेछ ।<br>२बालविकास केन्द्रका शिक्षक र आधारभूत तहमा दरबन्दी कम भएका . विद्यालयका शिक्षकलाई बहुकक्षा बहुवर्ग शिक्षण सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।<br>३विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न आवश्यक शिक्षक तालिमको . व्यवस्था गरिनेछन ।<br>४सीप प्रदान गर्न (सफ्ट स्किल समेत) वसायिकप्राविधिक तथा व्या .<br>शिक्षकहरूलाई आधुनिक शिक्षणसीपयुक्त, प्रविधिमैत्री, निरन्तर सिकाइमुखी बंन्न तालिम दिँदै पेशागत दक्षता बढाइनेछ । |
| उद्देश्य २ सबैका लागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु । | |
| २सबै नागरिकलाई १. को पहँचआधारभूत शिक्षा सुनिश्चित गर्ने । | १ दुर्गम बस्तीका विद्यालयलाई आवासीय .विद्यालयका रूपमा रुपान्तरण गरिनेछ ।<br>२आवश्यक परेको ठाउँमा स्कुलबसको व्यवस्था समेत गरिनेछ । .<br>३. पालिकावडा शिक्षा समिति गठन र क्रियाशील गर्दै विद्यालय शिक्षामा / गरी पहुँच सुनिश्चित गरिनेछ । पहुँच नपुगेकाको तथ्याङ्क सङ्कलन<br>४ नियमित रूपमा विद्यालयमा छोराछोरी .पठाउने अभिभावकलाई सम्मान गरिनेछ ।<br>५. गरिब तथा बार्षिक रूपमा विपन्न बालबालिकालाई पोशाक, शैक्षिक सामग्री तथा खाजा भत्ताको व्यवस्था गरिनेछ ।<br>६कार्यमा आर्थिक पालिकाबाट संचालन हुने विकास निर्माण तथा व्यवसाय . स्थिति कमजोर भएका अभिभावकलाई सहभागी गराई शिक्षाका लागि रोजगारी अभियान सञ्चालन गरिनेछ ।<br>७हेलचक्याइ गरी बालबालिकाहरूलाई नियमित विद्यालय नपठाउने .<br>अभिभावकहरूलाई पालिकाबाट प्रदान गरिने सबै सुविधाबाट बञ्चित गरिनेछ<br>८ शिक्षक विद्यार्थी संख्या अनुपात सुदृढ गरी विषयगत शिक्षकको उचित व्यवस्थापन गरिनेछ ।<br>९ शैक्षिक क्षेत्रलाई व्यवस्थित तथा गुणस्तरीय बनाउन शिक्षकलाई आवश्यक तालिम प्रदान गरिनेछ ।<br>१० लोकसेवा तयारी कक्षा सञ्चालन गरिनेछ । |
| २.२ दलित अपाङ्गता भएका, विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षाको सुनिश्चित गर्ने । | २दलित ., अपाङ्गता भएका, आर्थिक रूपले विपन्न तथा लक्षित समुदायका बालबालिकाको पहिचान गरी उच्च शिक्षा सम्म निःशुल्क गर्न तथा छात्रवृत्ति प्रदान गर्न लागि सिफारिस गरिनेछ । दृष्टिविहिनलाई ब्रेल लिपी तथा बहिरालाई सांकेतिक भाषामा निःशुल्क शिक्षाको लागि जिल्ला भित्रकै स्रोत |

| | |
|---|---|
| | कक्षाहरूमा सिफारिस गरिनेछ भने अन्य अपाङ्गता भएका बालबालिकाहरूलाई स्रोत कक्षाको खोजी गरी शिक्षाको हक सुनिश्चित गरिनेछ ।<br>३बिपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित . गर्न प्रत्येक विद्यालयमा विशेष छात्रवृत्ति कोषको स्थापना गरिनेछ ।<br>४ विद्यालय जान नसक्ने .अपाङ्गता भएका बालबालिकाका लागि घरमै पढाउने र अभिभावक शिक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।<br>५ उचित ब्रेललिपि तथा साङ्केतिक भाषाको तालिम माग भई आएमा . व्यवस्थापन गरिनेछ।<br>६धारहरूको निर्माण गरिनेछ ।अपाङ्गमैत्री पूर्वा . |
| २ . ३ अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापनाका लागि नीतिगत कार्यक्रमगत व्यवस्था गर्ने । | १ औपचारिक शिक्षामा निरन्तरता दिन नसक्ने बालबालिका तथा नागरिकलाई अनुकूल तथा समकक्षी शिक्षाको अवसर प्रदान गर्न खुल्ला तथा वैकल्पिक शिक्षा बिद्यालयको व्यवस्था गरिनेछ । /<br>२ औपचारिक शिक्षा .प्रणालीभन्दा बाहिर रहेका नागरिकलाई मागमा आधारित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था गरिनेछ ।<br>३एक बिद्यालय एक पुस्तकालय तथा एक .वडाएक सार्वजनिक - पुस्तकालयको नीति बनाई सूचना माधिको पहुँच र पढ्ने बानिको विकास गरी सबैका लागि आजीवन सिकाइको वा जीवन पर्यन्त सिकाइको अवसर प्रदान गरी दिगो विकासको चौथो लक्ष्य पुरा गर्न सहयोग गरिनेछ ।<br>४ शिक्षामा सूचना तथा सञ्चार प्रविधिको .अत्याधिक प्रयोग हुने गरी शिक्षाको वैकल्पिक माध्यमका रूपमा विषयगत विज्ञको नमूना कक्षाको प्रशारण सामाजिक संजाल तथा स्थानीय टेलिभिजन र एफएम मार्फत् गर्ने व्यवस्था गरिनेछ ।अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापनाका लागि नीतिगत कार्यक्रमगत व्यवस्था गर्ने । |
| उद्धेश्य नं ३ प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षामा जोड दिनु । | |
| १आधारभूत तहमा प्राविधिक तथा व्यावसायिक सीप प्रवर्द्धन गर्ने । | १ आधारभूत तहमा व्यावसायिक .सिप प्रदान गर्न स्थानीय पाठ्यक्रममा यस सम्बन्धी विषयवस्तु समावेश गरिनेछ ।<br>२विद्यालय शिक्षामा निर्वाहमुखी सीपलाई एकीकृत रूपमा समावेश गरिनेछ . ।<br>३तालिमको पहुँचमा गुणस्तरीयता तथा प्राविधिक शिक्षा व्यावसायिक तथा . उपयोगितामा वृद्धि गर्ने ।<br>४पालिकामा प्राविधिक जनशक्तिको अवस्था . बारे अध्ययन गरी आवश्यक विद्यालयमा स्थानीय आवश्यकता अनुसारका ९ को प्राविधिक धार १२- संचालन गरिनेछ ।<br>५पहुँच सबै विद्यालयमा कम्प्युटर ल्यावको व्यवस्था गर्दै इन्टरनेटको . सुनिश्चित गरिनेछ ।<br>६विद्यालयमा प्रयोगात्म .क कक्षाका लागि विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | ७-११कक्षा ) माध्यामिक तह .१२ अध्यापन गर्ने सामुदायिक विद्यालयको ( स्तरोन्नति एवम् विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ । |
| उद्देश्य ४क विकासकाशैक्षि : लागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु । | |
| ४.१ दक्ष जनशक्ति उत्पादनको व्यवस्था गर्ने । | १ गाउँपालिकाको आवश्यकताको पूर्ति तथा शैक्षिक विकासका लागि उच्च शिक्षामा प्राविधिक विषयको क्याम्पस, बहुप्राविधिक शिक्षालय र बहुसंकाय क्याम्पस स्थापनाको पहलकालागि समन्वय सम्भाव्यता अध्ययन गरिनेछ ।<br>२उच्च शिक्षामा प्राविधिक विषयलाई प्राथमिकता दिई उच्च दक्ष जनशक्ति . उत्पादन गर्न गाउँपालिका भित्र प्राविधिक धार संचालित बिद्यालयलाई पोलीटेक्नीकल शिक्षालयमा स्तर वृद्धि गरिने । |
| ४धार विद्यालयको पूर्वा २. निर्माण गर्ने। | १. बालबिकास केन्द्रको पूर्वाधार मापदण्ड अनुसार तयार गरिनेछ।<br>२. विद्यालयको भौतिक पूर्वाधार बालमैत्री, अपाङ्गमैवी तथा विपद् प्रतिरोधी रूपमा तयार गरिनेछ ।<br>३प्रत्येक विद्यालयमा छात्र र छात्राका . लागि छुट्टा छुट्टै सुरक्षित तथा स्वस्थकर शौचालयको व्यवस्था गरिनेछ ।<br>४ प्रत्येक विद्यालयमा खेल मैदानको .व्यवस्था गरिनेछ ।<br>५विद्यालयमा पुस्तकालय ., विज्ञान प्रयोगशाला र कम्प्युटर ल्यावको व्यवस्था गरिनेछ। |
| ५संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन., र व्यवस्थापन गरि सेवामुलक बनाउनेछ । | |
| ५ स्थागत तथा निजीसं १. विद्यालयहरूलाई नियमन, र ब्यबस्थापन गरि सेवामुलक बनाउने। | १. प्रत्येक कक्षामा १५ प्रतिशत गरिब र विपन्न विद्यार्थीलाई वडाको सिफारिसमा निःशुल्क पढाउने व्यवस्था गरिनेछ ।<br>२ नयाँ विद्यालयहरूको अनुमति दिँदा शैक्षिक गुठीको रूपमा मात्र .अनुमति दिने व्यवस्था मिलाइनेछ।<br>३संस्थागत विद्यालयहरूको नियमनका . लागि मापदण्ड तयार गरी त्यसैको आधारमा शुल्क निर्धारण, वर्गीकरण, अनुगमन गरी सेवामूलक बनाइनेछ । |
| ५.२ विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि गरी प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने । | १विद्यालयमा विष .यगत शिक्षकद्वारा मात्रै शिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।<br>२. आवश्यक तालिम दिई बालविकास सम्बन्धी सिकाइ सामग्रीहरूको उत्पादन बालविकास केन्द्रमा नै गर्ने व्यवस्था गरिनेछ ।<br>३. कमजोर बालबालिकालाई सुधारात्मक शिक्षण गरि सिकाई स्तर वृद्दि गरिनेछ ।<br>४ विद्यालयहरूको .शिक्षक दरबन्दी, विद्यार्थी सङ्ख्या तथा भौगोलिकता आदिका आधारमा पुन नक्साङ्कन गरी आवश्यकता अनुसार मर्जिङ गरिनेछ ।<br>५. अंग्रजी र नेपाली दुबै माध्याम बाट एच्छिक रुपमा सबै कक्षाहरुमा संचालन गरिनेछ ।<br>६. अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न चाहने विद्यालयका शिक्षकलाई तालिमको व्यवस्था गरिनेछ ।' |

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र : शिक्षा, विज्ञान प्रविधि | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | विद्यालय पूर्वाधार निर्माण | आधारभुत र माध्यमिक शिक्षा शतप्रतिशत, अनिवार्य र गुणस्तरीय हुनु | २०० | ४० | ४० | ४० | ४० | ४० | स्थानीय |
| २ | विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यक्रम | | ५० | १० | १० | १० | १० | १० | संघ/स्थानीय |
| ३ | नमुना विद्यालय व्यवस्थापन कार्यक्रम | | ५० | १० | १० | १० | १० | १० | संघ/स्थानीय |
| ४ | विद्यालयमा अतिरिक्त कार्यक्रम सञ्चालन | | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| ५ | विशेष छात्रवृत्ती कार्यक्रम सञ्चालन | | ५० | १० | १० | १० | १० | १० | स्थानीय |
| ६ | पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन | | ५० | १० | १० | १० | १० | १० | संघ/स्थानीय |
| ७ | प्रारम्भिक बालविकास शैक्षिक सामाग्री व्यवस्थापन | | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| ८ | विद्यालयमा ईन्टरनेट सेवा विस्तार | | ५० | १० | १० | १० | १० | १० | स्थानीय |
| ९ | क्याम्पस सञ्चालनको लागि पूर्वाधार विकाश | | २०० | १०० | २५ | २५ | २५ | २५ | संघ/प्रदेश/स्थानीय |
| १० | प्राविधिक धार सञ्चालन भएका विद्यालयमा सेवा विस्तार तथा पूर्वाधार निर्माण | शिक्षण संस्थाहरूमा पूर्वाधार तथा प्रविधिको विकास | १०० | २० | २० | २० | २० | २० | स्थानीय |
| ११ | बृहत शैक्षिक सम्मेलन | | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| १२ | एक विद्यालय एक स्टाफ नर्स कार्यक्रम | | ५० | १० | १० | १० | १० | १० | संघ/स्थानीय |
| १३ | अभिभावक सचेतना कार्यक्रम | | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| १६ | पालिकाभित्रका विद्यार्थीहरु बीच प्रतिस्पर्धात्मक विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गर्ने | | २० | ४ | ४ | ४ | ४ | ४ | प्रदेश/स्थानीय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १९ | लैंगिक सम्पर्क व्यक्तिलाई तालिमको व्यवस्था गर्ने | | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| २१ | मासिक बालबालिकाको स्वास्थ्य जाँच कार्यक्रम | | १० | २ | २ | २ | २ | २ | प्रदेश/स्थानीय |
| २२ | नियमित विद्यालय अनुगमन, सूपरीवेक्षण तथा पेशागत सहयोग | | ५० | १० | १० | १० | १० | १० | प्रदेश/स्थानीय |
| २३ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | | १० | २ | २ | २ | २ | २ | संघ/प्रदेश/स्थानीय |
| २४ | सामुदायिक सिकाइ केन्द्र तथा सामुदायिक पुस्तकालय सञ्चालन | | १०० | ३० | ३० | ३० | ५ | ५ | संघ/स्थानीय |
| २५ | विद्यालय उमेरका सबै अपाङ्गता भएका बालबालिकालाई विद्यालयमा भर्ना कार्यक्रम | | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश/स्थानीय |
| **जम्मा** | | | **११४०** | **२९८** | **२२३** | **२२३** | **१९८** | **१९८** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८० /८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८ ४/८ ५ | २०८५ /८६ | | | | |
| प्रभाव | १५ मिनेटको दुरीमा आधारभूत तहको विद्यालयमा पहुँच हुने घरधुरी भएको हुने | घरधुरी | प्रतिशत | ५० | ६५ | ७० | ७५ | ८० | ८५ | गापा | अन्तर सरकार समन्वय भएको हुने | २ | ४ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | विद्यालय वाहिर ५-१५वर्ष उमेर समूहका बालबालिका नभएको हुने | बालबालिका | प्रतिशत | ३ | २.५ | २ | १.५ | १ | ० | ” | | २ | ४ |
| प्रतिफल | बालमैत्री सिकाइ विधि अवलम्बन गर्ने विद्यालय वृद्धि भएको हुने | बालमैत्री विद्यालय | प्रतिशत | ९० | १०० | १०० | १०० | १०० | १०० | ” | शिक्षा सम्बन्धी सामाजिक संस्था, गैसस लगायत निजी क्षेत्रसंग समन्वय र सहकार्य भएको हुने | २ | ४ |
| | विषयगत तालिम प्राप्त शिक्षक वृद्धि भएको हुने | तालिम प्राप्त शिक्षक | प्रतिशत | ९० | ९१ | ९२ | ९४ | ९५ | ९६ | ” | | २ | ४ |
| | प्राविधिक विद्यालय वृद्धि भएको हुने | विद्यालय | संख्या | १ | १ | २ | २ | २ | २ | ” | | २ | ४ |
| | सामुदायिक विद्यालयमा प्राविधिक धार अध्यायपन गराउने विद्यालय वृद्धि भएको हुने | विद्यालय | संख्या | १ | १ | २ | २ | २ | २ | ” | | २ | ४ |
| | सेनीटरी प्याड सहित नर्स सेवा उपलब्ध विद्यालय भएको हुने | विद्यालय | संख्या | - | ३ | ४ | ५ | ६ | ७ | ” | | २ | ४ |
| | वालक्लव क्रियाशील भएका विद्यालय भएको हुने | विद्यालय | संख्या | - | ५ | १० | १५ | २० | २५ | ” | | २ | ४ |
| | आधारभूत तहमा स्थानीय मातृभाषामा पठनपाठन गर्ने विद्यालय भएको हुने | विद्यालय | संख्या | ० | १ | २ | ३ | ४ | ५ | ” | | २ | ४ |
| | जनसंख्या वनौट र भौगोलिक अवस्थाको आधारमा नक्साङ्कन गरी समायोजन तथा एकीकरण विद्यालय भएको हुने | विद्यालय | संख्या | - | १ | २ | २ | २ | २ | ” | | २ | ४ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पालिका स्तरीय विज्ञान मेला, प्रर्दशनी एवं श्रृजनात्मक प्रतियोगिता भएको हुने | प्रतियोगिता | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | | २ | ४ |
| | युवा वैज्ञानिकहरुसंग साक्षात्कार कार्यक्रम सञ्चालन गर्ने विद्यालय भएको हुने | विद्यालय | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | | २ | ४ |
| | विज्ञान र प्रविधिको क्षेत्रमा अध्ययन, अनुसन्धानका लागि पालिकावाट सहयोग प्राप्त युवा शोधकर्ताहरु भएको हुने | युवा शोधकर्ताहरु | संख्या | ० | ० | १ | १ | २ | ३ | " | | २ | ४ |
| | विद्यालय स्तरमा विज्ञान र प्रविधि सम्वन्धित विविध क्रियाकलापहरु संचालन गरी पालिकावाट पुरष्कृत उत्कृष्ट विद्यालय भएको हुने | पुरष्कृत उत्कृष्ट विद्यालय | संख्या | ० | ० | १ | १ | २ | २ | " | | २ | ४ |

## ५.२ स्वास्थ्य

### पृष्ठभूमि

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँचको विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ। संविधानले परिकल्पना गरेको लोक कल्याणकारी राज्यको अवधारणाले नागरिकको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार गर्नका लागि लगानी गर्नु पर्ने कुरालाई केन्द्रित गर्दछ।

### समस्या

गाउँपालिकामा सुविधा सम्पन्न अस्पताल नहुनु र गम्भिर बिरामीहरु अन्यत्र जान बाध्य हुनु, स्वास्थ्य चौकीको सेवा अपर्याप्तता हुनु, निशुल्क औषधी, स्वास्थ्य प्रयोगशाला, विशेषज्ञ चिकित्सक सेवा र स्वास्थ्य औजारको अभाव हुनु, आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरूको नियमितता नहुनु, स्वास्थ्यकर्मीहरुलाई पर्याप्त आधारभूत तालिमको अभाव हुनु, कुपोषणको समस्या हुनु, एम्बुलेन्सको सहज पहुँच नहुनु, सबै गाउँमा स्वास्थ्य सेवाको पहुँच नपुग्नु, पोषण सम्बन्धी पर्याप्त जानकारी नहुनु आदि यस क्षेत्रका समस्याहरु हुन्।

### चुनौति

गाउँपालिकामा सम्पूर्ण सुविधायुक्त अस्पताल निर्माण गर्न, दक्ष स्वास्थ्य जनशक्तिको परिपूर्ती गर्न, विशेषज्ञ चिकित्सक र स्वास्थ्यकर्मीलाई सेवा सुविधा पुर्‍याएर आकर्षित गर्न, निःशुल्क आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवालाई सबै वडाबाट सर्वसुलभ रुपमा उपलब्ध गराउन, भौगोलिक विकटताले गर्दा सर्वसाधारणमा स्वास्थ्य सुविधाको सहज पहुँच पुर्‍याउन, संविधानमा व्यवस्था गरेको संघीय स्वरुप भौगोलिक एवम् जनसङ्ख्याको अनुपात अनुरुप स्वास्थ्य संस्थाहरुको न्यायोचित वितरण गर्न, भइरहेका स्वास्थ्य चौकीमा प्रयोगशाला, निशुल्क औषधी र चिकित्सक सेवा उपलब्ध गराई स्तरोन्नती गर्न जस्ता चुनौतीहरु छन्।

### अवसर

स्वास्थ्य सेवा तीनै तहका सरकारको प्राथमिकता रहनु, प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि विभिन्न नीतिगत तथा कानुनी व्यवस्था विद्यमान रहनु, निश्चित वडाको केन्द्रमा रहने गरी १५ शैयासम्मको अस्पताल सञ्चालन गर्न, हाल सञ्चालनमा रहेका स्वास्थ्य चौकीमा निशुल्क औषधि, स्वास्थ्य सामाग्री र अन्य स्वास्थ्य सेवा उपलब्ध गराई स्तरोन्नती गर्ने, गाउँपालिकाले पोषणयुक्त खानेकुराको बारेमा चेतना अभिवृद्धि गरी पोषण कार्यक्रम सञ्चालन गर्ने, स्वास्थ्य क्षेत्रमा सरकारी र गैह्र सरकारी क्षेत्रको समन्वयन र सहकार्य अभिवृद्धी गर्ने, स्थानीय क्षेत्रमा उपलब्ध जडीबुटीहरुको व्यवस्थापन गरी आयुर्वेद चिकित्सा प्रणालीलाई विकसित गर्ने जस्ता अवसरहरु छन्।

### सोंच

सबै नागरिकहरुलाई गुणस्तरिय स्वास्थ्य सेवामा समान पहुँच, स्वस्थ, सुखि र खुसि नागरिक

### लक्ष्यः

सबै स्वास्थ्य संस्थाबाट गुणस्तरिय चिकित्सकिय स्वास्थ्य सेवाका साथै आधारभुत स्वास्थ्यमा सुधारका साथै गुणस्तरिय सुचना प्रणालिको व्यवस्थापन गर्ने

### उदेश्यः

१.समयाअनुकुल गुणस्तरिय स्वास्थ्य, सेवा प्रवाह गर्ने।

२.नागरिकहरुको औषत आयु बढाउने।

३.एलोपेथिक, आर्युबेदिक, होमियोपेथिक प्रबिधियुक्त गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह गर्ने।

४.Preventive, Promotive, Curative,palliative / Rehabelitive,स्वास्थ्य सेवा लाई गुणस्तर।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १.समयाअनुकुल गुणस्तरिय स्वास्थ्य, सेवा प्रभाह गर्ने । | |
| १.१ नागरिकको औषत आयुमा बृद्धि हुने | १.१ स्वास्थ्यमा समान पहुँच हुनेछ । |
| | १.२ सबै बर्ग लिङ्ग जातजाती तथा भौगोलिक विकटतामा रहेका समुहहरुका नागरिकहरुलाई समान रुपमा गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह गरिने छ। |
| | १.३ सबै खाले रोगहरुको पहिचान, उपचार र व्यवस्थापन गरिने छ। |
| २.गाउँपालिका क्षेत्रमा उपलब्ध जडिबुटीको संकलन व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालिको विकास गर्ने । | १.१ आयुर्वेद पद्धतिको प्रभावकारी कार्यन्वयनको लागी उपयुक्त संरचना विकास र विस्तार तथा स्थानिय जडिबुटीमा आधारित औषधी तयार गरि प्रयोग तथा निशुल्क वितरण गरिने छ । |
| | १.२ आयुर्वेद प्रणालिको क्रमबद्ध विकास आयुर्वेद प्रणालिको संरक्षणविकास एंवम विस्तारका लागी दिर्घकालिन योजना तर्जुमा गरिनेछ । |

| | |
|---|---|
| २.नागरिकहरुको औषत आयु बढाउने। | |
| १.२ गर्भवती सुत्केरी नवजात शिशु वालवालिका र जेष्ठ नागरिकको स्वास्थ्य सुधारमा आवश्यक क्रियाकलापहरु गरिनेछ । | १.१ सबै खाले रोगहरुको निशुल्क रुपमा निदान उपचार र व्यवस्थापन गरिने छ । |
| | १.२ सम्पुर्ण स्वास्थ्य संस्थाहरुको भौतिक संरचनाहरुको व्यवस्थापनका साथै गुणस्तरिय स्वास्थ्य सामाग्री औजार उपकरणको व्यवस्थापन गरिने छ। |
| | १.३ सम्पुर्ण स्वास्थ्य कर्मीहरुलाई गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह गर्नका लागी क्षमता अभिबृद्धि को लागी तालिम गोष्टिको आयोजना गरिनेछ। |
| | १.४ गुणस्तरिय स्वास्थ्य सेवमा सबैको पहुँच पुराउन स्वास्थ्य विमा कार्यक्रम लागु गरिनेछ। |
| | १.५ ल्याब सेवा संचालनका लागी आबश्यक पहल अघि बढाईनेछ । |
| | १.६ सर्ने वा नसर्ने रोगहरुका बारेमा प्रवर्द्धनात्मक,निरोधात्मक र उपचारात्मक कार्यक्रमहरु संचालन गरिनेछ । |
| १.२ मातृ तथा नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र वाल मृत्युदर घटाउने र औषत आयु बढाउने | १.१ नवजात शिशु मृत्युदर,शिशु मृत्युदर,वाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजन्न स्वास्थ्य,सुरक्षित मातृत्व,वाल तथा शिशु स्वास्थ्य सेवाहरु संचालन गरिनेछ। |

कार्यक्रमको प्राथमिकताः

१.प्रतेयक वडाहरुमा बर्थिङ सेन्टर स्वास्थ्य चौकी  स्वास्थ्य केन्द्र तथा आबश्यक भवन अन्य पुर्वाधार उपकरण र जनशक्तिको व्यवस्थापन गर्ने ।

२.वडा नं ४ मा रहेको आधारभुत स्वास्थ्य केन्द्रलाई १५ शैयाको अस्पतालको रुपमा विकास गर्ने ।

३. एम्बुलेन्सको व्यवस्थापन गरिनेछ।

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र : स्वास्थ्य | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| क.स | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | २८ दिन भित्रका शिशुहरूको मृत्युदर घटाउने | चिकित्सालय र चिकित्सा सेवा गुणस्तरीय र सर्वसुलभ | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| २ | मातृ मृत्यु दर नभएको नियन्त्रणमा राख्नुपर्ने | | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ३ | पोषण खाद्य सुरक्षा कार्यक्रमहरु संचालन गर्नुपर्ने (बिषादि नियन्त्रण, आर्गानिक खेतिमा जोड) | | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश/स्थानीय |
| ४ | खोपमा सबै वडाहरुको पहुँच स्थापना गर्ने | | २५ | ५ | ५ | ५ | ५ | ५ | |
| ५ | सरुवा रोग माहामारी नियन्त्रण कार्यक्रम | | ५० | १० | १० | १० | १० | १० | प्रदेश/स्थानीय |
| ६ | नसर्ने रोगको नियन्त्रणका लागि सचेतना कार्यक्रम | | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश/स्थानीय |
| ७ | खाद्य सुरक्षाको ग्यारेन्टी गर्न अनुगमन कार्यक्रम | | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| ८ | किशोर किशोरीमैत्री स्वास्थ्य संस्था सञ्चालनका निमित्त संरचना निर्माण | | ५० | १० | १० | १० | १० | १० | संघ/स्थानीय |
| ९ | जेष्ठ नागरिक सुरक्षा हाउस तथा खाद्य कार्यक्रम | | ५० | १० | १० | १० | १० | १० | संघ/स्थानीय |
| १० | स्वास्थ्य संस्था सुदृढिकरण कार्यक्रम | | १० | २ | २ | २ | २ | २ | संघ/प्रदेश/स्थानीय |
| ११ | स्वास्थ्य संस्थामै सुत्केरी हुन आउने आमाहरुलाई पोषिलो खाना कार्यक्रम (ल्यवको व्यवस्था तथा औषधीको व्यवस्था) | | ३०० | ६० | ६० | ६० | ६० | ६० | संघ/प्रदेश/स्थानीय |
| १२ | परिवार नियोजन कार्यक्रम संचालन (शुरक्षित गर्भवतन, साधन) | | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश/स्थानीय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | स्वास्थ्य नागरिक सुखी पालिका घोषणा कार्यक्रम संचालन (शौचालय व्यवस्थापन, सुरक्षित खानेपानी, ढल व्यवस्थापन) | | | | | | | | स्थानीय |
| १४ | गुणस्तरिय सेवा कार्यक्रम | | १० | २ | २ | २ | २ | २ | स्थानीय |
| **जम्मा** | | | **५९५** | **११९** | **११९** | **११९** | **११९** | **११९** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल जाने जनसंख्या वृद्धि भएको हुने | जनसंख्या | प्रतिशत | ४८ | ५० | ५५ | ६० | ७० | ७५ | गापा | अन्तर सरकार समन्वय भएको हुने | २ | ३ | २.४ |
| असर | नजिकको स्वास्थ्य संस्थामा (स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल) पुग्न लाग्ने औषत समय घटेको हुने | समय | घण्टा | १ | ५० मिनट | ४५ मिनट | ४० मिनट | ३५ मिनट | ३० मिनट | " | | २ | ३ | २.४ |
| प्रतिफल | गाउँघर क्लिनिकको स्तरोन्नति भएको हुने | गाउँघर क्लिनिकको संख्या | संख्या | २१ | २२ | २३ | २४ | - | २४ | " | अन्तर सरकार समन्वय र निजी | २ | ३ | २.४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालनमा रहेको पालिका स्तरीय अस्पतालमा उपलब्ध शैया संख्या वृद्धि भएको हुने | शैया संख्या | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | क्षेत्रसँग सहकार्य भएको हुने | २ | ३ | २.४ |
| | घुम्ती लगायत स्वास्थ्य शिविर भएको हुने | शिविर पटक | संख्या | ५ | - | ६ | - | - | ७ | " | | २ | ३ | २.४ |
| | आधारभूत स्वास्थ्य सेवा उपलब्ध भएका वडाहरु भएको हुने | वडाहरु | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | " | | २ | ३ | २.४ |
| | २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु न्यून भएको हुने | शिशु | संख्या | - | - | ५ | ५ | ५ | | " | | २ | ३ | २.४ |
| | स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला वृद्धि भएको हुने | गर्भवती महिला | प्रतिशत | ९० | ९२ | ९४ | ९६ | ९८ | १०० | " | | २ | ३ | २.४ |
| | प्रसुति सेवा उपलब्ध भएका स्वास्थ्य संस्थाहरु भएको हुने | स्वास्थ्य संस्था | संख्या | - | - | ६ | ६ | ६ | ६ | " | | २ | ३ | २.४ |
| | मातृमृत्यु दर (प्रतिलाख जीवित जन्ममा) शून्य भएको हुने | मातृमृत्यु दर (प्रतिलाख जीवित जन्ममा) | संख्या | ० | ० | ० | ० | ० | ० | " | | २ | ३ | २.४ |
| | स्वास्थ्य बीमामा आवद्ध जनसंख्या बढेको हुने | बीमामा आवद्ध जनसंख्या | प्रतिशत | - | ५ | ६ | ७ | १२ | १५ | " | | २ | ३ | २.४ |
| | क्यान्सर, उच्च रक्तचाप, मधुमेह, मुटु, क्षयरोग, एड्स, कुष्ठरोगको निःशुल्क स्वास्थ्य परीक्षणवाट लाभान्वित भएको हुने | लाभान्वित जनसंख्या | संख्या | - | २ | ५ | ७ | ८ | ९ | " | | २ | ३ | २.४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध स्वास्थ्य संस्था भएको हुने | स्वास्थ्य संस्था | संख्या | ५ | ५ | ६ | ७ | ७ | ७ | ” | | २ | ३ | २.४ |
| | क्रियाशील महिला स्वास्थ्य स्वयंसेविका भएको हुने | महिला स्वास्थ्य स्वयंसेविका | संख्या | - | - | - | - | - | ६० | ” | | २ | ३ | २.४ |
| | महामारी, भाइरसको सङ्क्रमण, आपतकालीन उपचारका लागि उपकरण एवं जनशक्ति सहितको क्वारेण्टीन, आइसोलेशन कक्ष तथा आश्रय स्थल भएको हुने | क्वारेण्टीन, आइसोलेशन कक्ष तथा आश्रय स्थल | संख्या | १ | - | - | - | - | १ | ” | | २ | ३ | २.४ |
| | नागरिक आरोग्य कार्यक्रम सञ्चालन भएको हुने | आरोग्य कार्यक्रम | संख्या | १ | २ | ३ | ४ | ५ | ६ | ” | | २ | ३ | २.४ |
| | योग, ध्यान तथा वैकल्पिक प्राकृतिक चिकित्सा उपचार पद्धति सञ्चालन गर्ने संस्था भएको हुने | स्वास्थ्य संस्था | संख्या | ० | - | - | - | - | १ | ” | | २ | ३ | २.४ |
| | सामुदायिक संस्थाको सहभागितामा सञ्चालित आरोग्य केन्द्र, योगा केन्द्र तथा व्यायामशाला भएको हुने | आरोग्य केन्द्र, योग केन्द्र तथा व्यायामशाला | संख्या | ० | - | - | - | - | १ | ” | | २ | ३ | २.४ |

## ५.३ खानेपानी तथा सरसफाई

### पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक प्रत्याभूत गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले खानेपानी तथा सरसफाइसम्बन्धी कार्य जिम्मेबारी स्थानीय तहलाई दिएको छ। खानेपानीको पहुँचका लागि खानेपानीको प्रणाली विस्तार र गुणस्तर वृद्धि, खानेपानी प्रणालीको निर्माण तथा सुदृढीकरणका साथै सतह स्रोतबाट पानीको आपूर्ति नपुग भएको अवस्थामा वर्षातको पानी सङ्कलन गर्ने पद्धति विकास गर्नु आवश्यक छ । प्रस्तुत आवधिक योजनामा खानेपानीको स्रोतको संरक्षण र उचित उपयोग गर्ने र गाउँपालिकालाई पुर्णसरसफाइ क्षेत्रको घोषणा गरी वातावरणीय सरसफाइमा विशेष जोड दिइएको छ। यी सबै प्रयासबाट खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकास लक्ष्य हासिल गर्ने अपेक्षा गरिएको छ । यस गाउँपालिकाले स्थानीय स्तरमा खानेपानी तथा सरसफाइका सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन जस्ता कार्यहरु सम्पादन गर्न जरुरी छ ।

### समस्या

सबै जनसंख्यामा शुद्ध खानेपानीको पहुँच नपुग्नु, खानेपानीका मुहान र श्रोतको उचित व्यवस्थापन नहुनु र धेरै मुहानहरु सुक्दै जानु, फोहोर व्यवस्थापन गर्न ल्यान्डफिल साईटको राम्रो व्यवस्था नहुनु, खानेपानी आयोजनाको कमी हुनु र सम्पन्न आयोजनाहरुको पनि उचित मर्मतसम्भारको अभाव भएर जिर्ण हुँदै जानु, खानेपानीको अभावले गर्दा सरसफाईमा असुविधा कायम रहनु, खानेपानी तथा सरसफाईको दिगो विकास लक्ष्य हाँसिल हुने गरी आवश्यक बजेट र कार्यक्रम र्तजुमा गर्न नसक्नु, फोहोरमैला व्यवस्थापन नहुनाले नदीनाला तथा जलाशयहरु प्रदुषित बन्दै जानु यस क्षेत्रका मुख्य समस्याहरु हुन् ।

### चुनौति

प्राकृतिक, मानविय तथा अन्य कारणले सुक्दै गएको पानीको मुहान संरक्षण गर्न, उपलब्ध पानीको श्रोतको माथी बढ्दै गएको चापलाई व्यवस्थित गर्न, अव्यवस्थित रुपमा हुने गरेको सडक निर्माण, भौगोलिक विकटता, छरिएर रहेको वस्ती र आर्थिक अभावका कारण सबै जनसंख्यामा खानेपानीको प्रबन्ध गर्न, खानेपानीको रसायनिक तथा जैविक जाँच गरी प्रारम्भिक स्वच्छताको सुनिश्चितता गर्न, खानेपानीको निरन्तर आपूर्ति र गुणस्तरीयता कायम गर्न, सरसफाई क्षेत्रमा जनचेतना र प्रतिज्ञा अभिवृद्धि गर्न, पूर्ण सरसफाई र व्यवस्थित ढल निकासको प्रबन्ध गर्न, सबै घरपरिवारलाई सुविधा सम्पन्न शौचालय निर्माण गर्ने उत्प्रेरणा जगाउन जस्ता यस उपक्षेत्रका चुनौतीहरु रहेका छन् ।

### अवसर

स्वच्छ खानेपानी तथा सरसफाई मौलिक हकको रुपमा स्थापित हुनु, खानेपानी तथा सरसफाइ सेवा एवम् संरचनाको विकास तथा विस्तारमा गाउँपालिका, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, उपभोक्ता समिति र नागरिकको सहभागिता बढ्दै जानु, विभिन्न तहमा खानेपानी तथा सरसफाइ समन्वय समिति क्रियाशिल रहनु, सरसफाइ कार्यक्रमलाई गाउँपालिकामा सामाजिक अभियानको रूप लिनु, फोहोरमैला व्यवस्थापनका लागि गाउँपालिका स्तरीय ल्याण्डफिल साइट वडा नं ४ मा स्थापना हुनु आदि प्रमुख अवसर हुन् ।

### लक्ष्य

स्वच्छ, सुरक्षित, सुविधायुक्त दिगो खानेपानी सुनिश्चित गर्ने र सरसफाईको पूर्ण व्यवस्था गर्ने ।

### उद्देश्य

१ शुद्ध, सफा र सुरक्षित खानेपानीको पहुँच शतप्रतिशत बनाई स्वस्थता सुनिश्चित गर्नु ।
२.फोहोरमैला व्यवस्थापनको दिगो उपायको खोजी गरी वैज्ञानिक व्यवस्थापनमा जोड दिनु ।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| पानीका स्रोतहरुको संरक्षण, पुर्नजिवन तथा प्रविधि मैत्री व्यवस्थापनमा जोड दिई खानेपानी संस्थाहरुलाई व्यवस्थित बनाउने । | ✓ खानेपानीको स्रोत संरक्षण तथा उपयुक्त पूर्वाधारको विकास गरि खानेपानी आपूर्तिको व्यवस्था गरिनेछ । सबै गाउँबासिलाई भरपर्दो, शुद्ध र गुणस्तरीय खानेपानीको सेवाका लागि मिटर सहितको एक घर एक धारा नीति सबै वडाहरुमा विस्तार गरिनेछ ।<br>✓ पालिका भित्रमा समान उद्देश्य र प्रकृतीको खानेपानी उपभोक्ता समिति र खानेपानी संस्थालाई एकिकरण गरि बृहत रुपमा पालिकास्तरीय खानेपानी सञ्चालन र व्यवस्थापनका निमित्त ऐन निर्माण गरिनेछ ।<br>✓ अव्यवस्थित खानेपानीको पाइपलाइनलाई व्यवस्थित गरिनेछ ।<br>✓ खानेपानी आयोजना मर्मत सम्भार तथा दिगो व्यवस्थापनका लागि खानेपानी उपभोक्ता तथा समुदायको क्षमता तथा दक्षता वृद्धि गरिनेछ ।<br>✓ जलाधार क्षेत्र तथा मुहानहरूको पहिचान गरी समुदायलाई सुसूचित गरी संरक्षणका लागि उपभोक्ता तथा समुदायलाई परिचालन गरिनेछ ।<br>✓ स्थानीय मूल संरक्षण व्यवस्थापन गरिनेछ र ठूला आयोजना सञ्चालन गरिनेछ ।<br>✓ ठूला खानेपानी अयोजना संरक्षण गर्न बजेटको व्यवस्था गरिनेछ ।<br>खानेपानी आयोजनामा उपभोक्ताको लागत सहभागिता मार्फत् स्वामित्व लिन प्रोत्साहन गरिनेछ । |
| शत प्रतिशत घरहरूमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गर्ने । | ✓ फोहोर तथा ढल व्यवस्थापन गुरुयोजना तयार गरिनेछ ।<br>✓ ढल तथा नाली व्यवस्थापन कार्यक्रम विस्तार गरिनेछ ।<br>✓ बढ्दै गएका बस्तीहरुलाई मध्यनजर गरि फोहोर तथा ढल व्यवस्थापनका लागि संघीय र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।<br>✓ सबै सरकारी संस्थामा सार्वजनिक शौचालय र खानेपानी धाराको निर्माण गरिनेछ ।<br>✓ स्रोतमा फोहोर वर्गीकरण (जिरो वेस्ट स्यानेजमेण्ट/किचन) मार्फत फोहोर व्यवस्थापन गरिनेछ ।<br>✓ फोहोर मैला डम्पीङ साईटको सम्भाव्यता अध्ययन गरिनेछ ।<br>✓ फोहोर व्यवस्थापन केन्द्रलाई प्राङगारिक मल उत्पादन केन्द्रको रुपमा परिणत गरिनेछ । |

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र : खानेपानी तथा सरसफाई | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | खानेपानीका स्थानीय स्रोत संरक्षण | खानेपानी संरक्षण | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| २ | खानेपानी आयोजना ( विशेष अनुदान) | खानेपानी आयोजना | १०० | २० | २० | २० | २० | २० | संघ/स्थानीय |
| ३ | खानेपानी आयोजना ( प्रदेशको खानेपानी डिभिजन) | खानेपानी आयोजना | १०० | २० | २० | २० | २० | २० | प्रदेश/स्थानीय |
| ४ | खानेपानी वोर्ड बनाउने | खानेपानी आयोजना | १० | ४ | २ | २ | १ | १ | स्थानीय |
| **जम्मा** | | | **३१०** | **६४** | **६२** | **६२** | **६१** | **६१** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८० /८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५/ ८६ | | | | | |
| प्रभाव | सुरक्षित खानेपानीमा पहुँच भएको हुने | जनसंख्या | प्रतिशत | ७५ | ७५ | ८० | ८५ | ९० | ९५ | गापा | अन्तर सरकार समन्वय भएको हुने | ७ | ६ | १.३ |
| असर | निजी पाइपलाइन धारा जडान भएका घरधुरी वृद्धि भएको हुने | घरधुरी | प्रतिशत | - | ३५ | ४० | ५० | ६० | ७० | " | | ७ | ६ | १.३ |
| प्रतिफल | कुवा, मुल, ढुङ्गेधाराको पानी उपभोग गर्ने घरघुरी न्यून भएको हुने | घरघुरी | प्रतिशत | २ | १.७५ | १.५ | १ | ०.५ | ० | " | अन्य विषयगत आयोग, स्थानीय समुदाय सँग समन्वय भएको हुने | ७ | ६ | १.३ |
| | नदी, खोला, कुलोको पानी उपभोग गर्ने घरधुरी न्यून भएको हुने | घरधुरी | प्रतिशत | १ | ०.८० | ०.६० | ०.२५ | ०.१० | ० | " | | ७ | ६ | १.३ |
| | खानेपानीका लागि नजिकको धारा, कुवा वा पानीको श्रोतमा पुग्न लाग्ने औषत समयावधि घटेको हुने | औषत समयावधि | मिनट | ३० | २० | २० | १० | १० | ५ | " | | ७ | ६ | १.३ |
| | सक्रिय खानेपानी र सरसफाइ उपभोक्ता समिति वृद्धि भएको हुने | समिति | संख्या | - | - | १० | १० | १५ | २० | " | | ७ | ६ | १.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सरसफाइ सेवा उपलब्ध घरधुरी (निजी क्षेत्र तथा पालिकावाट सेवा सञ्चालन) वृद्धि भएको हुने | घरधुरी | प्रतिशत | १० | १५ | २५ | ३० | ४० | ५० | " | | ७ | ६ | १.३ |
| | खुल्ला दिसामुक्त घोषणा गरिएका वडा भएको हुने | वडा | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | " | | ७ | ६ | १.३ |
| | शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरघुरी न्यून भएको हुने | घरघुरी | प्रतिशत | - | १ | ० | ० | ० | ० | " | | ७ | ६ | १.३ |
| | स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी वृद्धि भएको हुने | घरधुरी | प्रतिशत | ९९ | ९९ | ९९ | १०० | १०० | १०० | " | | ७ | ६ | १.३ |
| | खाल्डे शौचालय भएको घरधुरी न्यून भएको हुने | घरधुरी | प्रतिशत | १ | - | ०.५ | ०.२५ | ०.१० | ० | " | | ७ | ६ | १.३ |
| | सार्वजनिक शौचालयहरु निर्माण भएको हुने | सार्वजनिक शौचालयहरु | संख्या | ५ | ६ | ७ | ८ | ९ | १० | " | | ७ | ६ | १.३ |

## ५.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण

### पृष्ठभूमि

बालबालिका, युवा, किशोरकिशोरी, महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति द्वन्द्वपीडित, उत्पिडित वर्ग, समुदायहरुलाई राज्यको तर्फवाट सुरक्षा र संरक्षण प्रदान गर्नु पर्दछ । उनीहरुलाई अन्य नागरिक सरह समाजमा स्थापित गर्न र उनीहरुको शारिरीक, मानसिक एवं भावनात्मक विकासको लागि विशेष कार्यक्रम मार्फत सम्वोधन गर्नु पर्दछ । उनीहरु सामाजिक रुपले कुनै न कुनै प्रकारको उत्पीडनमा परेका हुन्छन् । समाजमा रहेका यी उत्पीडीत वर्ग र समुदायको हितको निम्ति सुरक्षा र संरक्षण प्रदान नगर्ने हो भने स्वच्छ, सुन्दर र शान्तिपूर्ण समाजको स्थापना गर्ने परिकल्पना साकार हुन सक्दैन । तसर्थ उनीहरुलाई मनोवैज्ञानिक ढंगले व्यवहार गरेर उनीहरुको अधिकार र हितको ग्यारेण्टी गर्नु पर्दछ ।

### समस्या

लैङ्गिक समानता तथा महिला सशक्तिकरण सम्बन्धी खण्डीकृत सूचनाको कमि हुनु र भएका कार्यक्रमको मूलप्रवाहिकरण नहुनु, अधिकाशं महिलाको आर्थिक अवस्थामा सुधार नहुनु, सम्पत्तिमा महिलाको स्वामित्व स्थापित नहुनु, बाल विवाह अभैं पनि अभ्यासमा रहनु, सामाजिक-आर्थिक क्षेत्रमा विभेद विद्यमान रहनु, स्रोतसाधन तथा सेवा सुविधामा न्यायोचित पहुँच पुग्न नसक्नु, अपाङ्गता भएका व्यक्तिलाई सपाङ्ग सरह समाजमा प्रतिस्थापन गराउने वातावरण सिर्जना नहुनु, अपाङ्गमैत्री र महिलामैत्री संरचनाको अपर्याप्तता, नीति निर्माण तहमा अर्थपूर्ण सहभागिताको कमी, गरिब, उत्पीडित वर्ग, पिछडिएको वर्ग र महिलाहरुलाई संबोधन गर्ने प्रभावकारी कार्यक्रम सञ्चालन नहुनु, वर्गीय, जातीय, लैङ्गिक र पेशागत भेदभाव हुनु, किशोर किशोरीहरुको मनोभाव बुझ्रेर व्यवहार नगर्नु र उनीहरुलाई समाजमा घुलमिल हुने वातावरण सिर्जना नहुनु आदि प्रमुख समस्या हुन् ।

### चुनौति

समाजमा व्याप्त महिला हिंसा अन्त्य गर्न, सामाजिक विभेद र असमानता हटाई महिला सशक्तिकरण गराउन, जेष्ठ नागरिकको हेरचाह, खानपिन, स्वास्थ्य उपचार, मनोरञ्जन र आश्रय स्थलको निर्माण गरी उनीहरुलाई सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्न, पिछडिएका वर्गमा आफ्नो व्यवहार र भविष्य प्रति सकारात्मक सोच जगाउन, रोजगारीको अवसर तथा प्राविधिक शिक्षामा पहुँच वृद्धि गर्न, महिला तथा पिछडिएका जातीलाई समाजमा प्रतिस्पर्धात्मक रुपमा समावेश गर्न, बाल अधिकारको पूर्ण प्रत्याभूत गर्न, जातीय विभेद पूर्ण रुपमा उन्मूलन गर्न, विभिन्न समुदाय तथा वर्गबिच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा रहेको विभेद अन्त्य गर्नु, स्रोत साधन एवम् अवसरमा समावेशीता सिद्धान्त अनुरूप अवसर सृजना गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

अपाङ्गमैत्री, महिलामैत्री, बालमैत्री संरचनाको निर्माण मापदण्डमा रहनु, लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा संवैधानिक व्यवस्था हुनु, समावेशीकरणलाई बढी व्यवस्थित तथा प्रभावकारी बनाउन विभिन्न संवैधानिक आयोगहरूको व्यवस्था हुनु, आफ्नो धर्म, संस्कृति, भाषाको संरक्षण र संवर्द्धनका लागि सचेतना तथा क्रियाशीलतामा अभिवृद्धि हुनु, संविधानमा महिलासम्बन्धी हकहरूलाई मौलिक हकको रूपमा स्थापित गरिनु, सचेतनामूलक र सशक्तिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरी सामाजिक विभेद न्यूनीकरण गराई सभ्य समाजको निर्माण गर्न, राज्यको तर्फबाट जेष्ठ नागरिक, एकल महिला र अपांङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा प्रदान गरिएको जस्ता अवसरहरु छन् ।

### लक्ष्य

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा अनुसार लक्षित वर्गको सामाजिक न्याय सहितको मर्यादित जीवनयापन सुनिश्चित गर्ने ।

### उद्देश्य

१. महिलालाई नेतृत्वदायी भूमिकामा पहुँच पुर्‍याउनु ।
२. विभिन्न जात वर्ग समुदायबाट पछाडि परेका महिला तथा पुरुष, बालबालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, एकल नागरिकको सहभागिता बढाउनु ।

## रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| महिला सशक्तीकरण र समावेशीकरणमा जोड दिने । | • गाउँपालिका उपाध्यक्षको नेतृत्वमा ६ वटै वडाका महिला जनप्रतिनिधीहरु सदस्यहरु रहने गरी विकास बोर्ड गठन गरिनेछ जसमा पालिकाभरि छरिएका आमा समुहहरुलाई एकिकृत गरिनेछ ।<br>• महिलाहरुलाई विशेष रुपमा क्रियाशिल गरि टोल विकास समिति गठन तथा परिचालन गरिनेछ । उपभोक्ता समितिहरुमा महिलाहरुको नेतृत्व सुनिश्चित हुने नीति अवलम्बन गरिनेछ ।<br>• यस गाउँपालिका भित्र हुने आर्थिक विकास तथा पूर्वाधार विकास लगायत अन्य युवा रोजगार कार्यक्रममा पुरुष, महिला तथा आर्थिक रुपले विपन्न वर्गहरुलाई समेत समेटी विना भेदभाव सबैको समान सहभागिता तथा अवसरहरुमा पहुँचको सुनिश्चितता कायम गरिनेछ ।<br>• लैङगिक हिंसा न्यूनिकरण र सचेतना मूलक कार्यक्रम संचालन गर्न वजेटको व्यवस्था गरिनेछ ।<br>• राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वको महिला सम्बन्धी दिवसहरु मनाउनलाई बजेटको व्यवस्था गरिनेछ ।<br>• घरेलु तथा साना उद्यमी बनाउन महिलाहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।<br>• महिला उद्यमीहरुलाई राजस्वमा ५०% छुट दिने नीति लिईनेछ ।<br>• महिला व्यवसायिकरण प्रवर्धन गर्नलाई बजेटको व्यवस्थापन गरिनेछ । |
| बालबालिकाको संरक्षण र सार्वजनिक तहलाई बालमैत्री बनाउने । | • बालमैत्री स्थानीय तह घोषणाका लागि आवश्यक सुचकहरु को सुदृढिकरण गरिनेछ ।<br>• International Labour Organization (ILO) सँगको साझेदारीमा बालश्रम मुक्त स्थानीय तह घोषणा गरिनेछ ।<br>• बालबिवाह न्यूनिकरण गर्नलाई सचेतना मूलक कार्यक्रम / पोष्टर पम्पलेट / तालिमको लागि वजेटको व्यवस्था गरिनेछ ।<br>• बाल क्लब सदस्यहरुलाई नेतृत्व तथा क्षमता विकास तालित सञ्चालन गरिनेछ।<br>• बाल विवाह विरुद्ध सचेतनामूलक कार्यक्रम गर्नलाई बजेटको व्यवस्था गरिनेछ।<br>• पालिका स्तरीय बाल सञ्जाल गठन गरिनेछ । |
| ज्येष्ठ नागरिकहरुको सम्मान र संरक्षण गर्ने । | • ज्येष्ठ नागरिकहरुलाई मध्यनजर गरि वडा कार्यालयबाटनै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था गरिनेछ ।<br>• जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।<br>• ज्येष्ठ नागरिक परिचयपत्र भएका नागरिकहरुलाई गाउँपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुबाट अन्य ठूला अस्पतालहरुमा रेफर गरिएमा एम्बुलेन्स सेवामा पचास प्रतिशत छुटको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| अपाङ्गता भएका नागरिकहरुको संरक्षण र सशक्तीकरण गर्ने । | • अपाङ्गता परिचयपत्र भएका नागरिकहरुलाई गाउँपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुबाट अन्य ठूला अस्पतालहरुमा रेफर गरिएमा एम्बुलेन्स सेवामा पचास प्रतिशत छुटको व्यवस्था गरिनेछ । |
| दलित समुदायको सशक्तीकरण गर्ने । | • सचेतना मूलक कार्यक्रम / सीपमूलक / क्षमता विकास तथा आय आर्जन मूलक कार्यक्रमहरुलाई जोड दिइने नीति लिई बजेटको व्यवस्था गरिनेछ ।<br>• उपभोक्ता समितिमा दलित समुदायहरुको नेतृत्व सुनिश्चित हुने नीति अवलम्बन गरिनेछ । |

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र : लक्षित वर्ग तथा सामाजिक समावेशीकरण | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | जेष्ठ नागरिक चौतारी निर्माण | सामाजिक सुरक्षा र संरक्षण | ५० | २० | १५ | १५ | | | प्रदेश/स्थानीय |
| २ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| ३ | पुराना कुरा नयाँ पुस्तालाई हस्तान्तरण कार्यक्रम | | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश/स्थानीय |
| ४ | अपाङ्गतामैत्री भौतिक सुविधा विस्तार | | २०० | ५० | १०० | ५० | | | संघ/स्थानीय |
| ५ | सुरक्षित आवास कार्यक्रम | | १०० | २० | २० | २० | २० | २० | प्रदेश/स्थानीय |
| **जम्मा** | | | **४००** | **१००** | **१४५** | **९५** | **३०** | **३०** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी समिति, संयन्त्र तथा सञ्जालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व भएको हुने | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | | | | | | | गापा | अन्तर सरकार समन्वय भएको हुने | २.२ | ३ | २.२ |
| असर | लक्षित वर्गका लागि बजेट विनियोजन (महिला बालबालिका, पिछडिएका, विपन्न वर्ग) वृद्धि भई समान समाज निर्माण भएको हुने | बजेट विनियोजन | प्रतिशत | १० | ११ | १२ | १३ | १४ | १५ | ” | | | | |
| प्रतिफल | स्थानीय संस्थावाट सञ्चालित ज्येष्ठ नागरिक हेरचाह केन्द्र, दिवा सेवा केन्द्र वा क्लववाट लाभान्वित ज्येष्ठ नागरिक | ज्येष्ठ नागरिक | संख्या | ५० | ५२ | ५४ | ५६ | ५८ | ६० | ” | जनजाति प्रतिष्ठान र अन्य विषयगत आयोग, स्थानीय समुदायसँग समन्वय भएको हुने | २ | ३ | २.२ |
| | सामाजिक सुरक्षाबाट लाभान्वित जनसंख्या भएको हुने | लाभान्वित जनसंख्या | प्रतिशत | १५ | निरन्तर | | | | | ” | | २.२ | ३ | २.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घर व्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार वृद्धि भएको हुने | परिवार | प्रतिशत | ५० | ५२ | ५४ | ५६ | ५८ | ६० | " | | २.२ | ३ | २.२ |
| | सम्पत्ति माथिको स्वामित्व भएका महिला भएको हुने | महिला | प्रतिशत | ५० | ५२ | ५४ | ५६ | ५८ | ६० | " | | २ | ३ | २.२ |

## ५.५ युवा तथा खेलकुद

### पृष्ठभूमि

नेपालको संविधानले राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरुको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ, रोजगारी लगायतका क्षेत्रमा बिशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गिण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने नीति अवलम्बन गरेको छ। युवा शक्तिको सहि परिचालन हुन सकेमा गाउँपालिकाको सर्वाङ्गिण विकासमा ठूलो योगदान पुग्नेछ। जनसांख्यिक पुँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक आर्थिक रूपान्तरणमा युवाहरूलाई मूल प्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट विकासमा योगदानको वातावरण सिर्जना गर्नुपर्दछ।

### समस्या

युवा रोजगारीको अवसरको कमी हुनु, युवा वर्गलाई प्राविधिक तथा सीपमूलक तालिमको व्यवस्था नहुनु, खेल मैदानहरु अपर्याप्त र अव्यवस्थित हुनु, खेलकुदमा लागेका खेलाडीहरुलाई उचित प्रशिक्षण र अन्य आवश्यक सामाग्री, आर्थिक सहयोगको अभाव हुनु, युवा-युवतीलाई सिर्जनशिल कार्यमा संग्लग्न गराउन नसक्नु, सामाजिक गतिविधिमा युवाहरुको संलग्नता नहुनु, युवायुवतीको शारिरीक एवं मानसिक विकासको लागि खेलकुद, मनोरञ्जन र व्यायामको उचित व्यवस्था नहुनु, अव्यवस्थित खेलमैदान र अपर्याप्त खेलकुद सामाग्रीका कारणले दक्ष खेलाडी उत्पादन नहुनु जस्ता समस्याहरु रहेका छन्।

### चुनौति

युवा वर्गमा बढ्दो विदेश पलायन रोकेर रोजगारी सिर्जना गर्न, खेलकुदको माध्यमबाट रोजगारी सिर्जना गर्न, खेलकुदको क्षेत्रमा उचित संरचना, सामाग्री र पूर्वाधारको विकास गर्न, खेलाडीहरुलाई उचित प्रशिक्षण र अन्य आवश्यक सामाग्रीको व्यवस्था गर्न, बालबालिका, किशोर किशोरी र युवाहरुको शिक्षाको गुणस्तरीयता बढाउन, स्वास्थ्य, पोषण, मनोरञ्जन, खेलकुद लगायत विभिन्न सुविधा उपलब्ध गराएर उनीहरुको शारिरीक, मानसिक एवं संवेगात्मक भावनाको विकास गराउन, युवा लक्षित दिर्घकालिन योजनाहरु निर्माण गर्न, आर्थिक व्यवस्थापन नहुँदा भौगोलिक अवस्था समर्थन नहुनाले खेलकुदको विकास गर्न आदि यस क्षेत्रका चुनौतीहरु हुन्।

### अवसर

युवा परिचालनको राष्ट्रिय नीति रहनु, वैदेशिक रोजगारीबाट फर्केका युवाको सीप, ज्ञान, अनुभव उपोगको नीति रहनु, युवाको उद्यमशीलता बढाइ उनीहरुलाई रोजगारीमूलक कार्यमा संलग्न गराउने वा स्वरोजगार प्रोत्साहन नीति रहनु, विपद व्यवस्थापन लगायत वातावरण संरक्षणमा स्वयंसेवक परिचालन गर्न सकिने अवस्था रहनु, खेलकुद विकासका लागि गाउँपालिकालाई जिम्मेवारी दिइनु, युवा क्लबहरु रहनु र विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु, युवाहरुलाई उचित प्रशिक्षणको व्यवस्था गरी गाउँपालिकादेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीसम्म पुऱ्याउन, युवा लक्षित नीति, योजना तथा उद्यमशील कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्न जस्ता प्रमुख अवसरहरु छन्।

### लक्ष्य

व्यवस्थित खेलकुद पूर्वाधार निर्माण र युवा वर्गको सीप अभिवृद्धि गरी समुन्नत समाजको निर्माण गर्ने।

### उद्देश्य

१. सबैका लागि खेलकुदको अवधारणा अनुरुप खेलकुद क्षेत्रको विकासमा जोड दिनु।

## रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| खेलकुदका पूर्वाधारको विकास गर्ने र राष्ट्रिय स्तरका खेलाडीको उत्पादन गर्ने । | • प्रतियोगिताहरुको माध्यमबाट खेलाडी छनौट गरी र व्यवस्थित ढंगले संचालन गरिनेछ । गा.पा.स्तरीय र अन्तर स्थानीय तह स्तरीय साझेदारीमा खेलकुद आयजनाहरु सञ्चालन गरिनेछ ।<br>• गाउँपालिकाले खेलकुद विकास मार्फत प्रत्येक वर्ष अध्यक्ष कपको आयोजना गर्ने बजेटको व्यवस्था गरिनेछ ।<br>• बालबालिका तथा युवाहरुलाई खेलकुद मार्फत स्थानीय सरकार र राष्ट्रप्रति समर्पित हुने वातावरण निर्माण गरिनेछ । |
| सबै उमेर, वर्ग र समुदायको खेलकुदमा पहुँच वृद्धि गर्ने । | • गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा १० देखि १४ वर्षका बालबालिकाहरुलाई ग्रासरुट लेभल कार्यक्रम सञ्चालन गरि फुटबल खेलको तालिम सञ्चालन गरिनेछ ।<br>• प्रत्येक टोलमा टोल स्तरीय खेल मैदान निर्माण गर्ने नीति लिईनेछ ।<br>• वडास्तरमा हुने खेलकुद गतिविधिलाई प्रोत्सहान गरिनेछ ।<br>• विद्यालयस्तरीय खेलकुद प्रतिस्पर्धा वृद्धिका लागि शैक्षिक क्यालेण्डर समेतको अनुसरण गर्दै विविध खेल आयोजनाहरु संचालन गरिनेछ । |
| युवाको क्षमता विकास गरी रोजगारी बढाउने । | • युवाहरुलाई पर्यटन, लघु तथा घरेलु उद्योग, प्राकृतिक श्रोत उपयोग र व्यवस्थापन, कृषि जस्ता स्थानीय सम्भाव्यतामा आधारित आयमूलक तथा रोजगारीका क्षेत्रमा लगानी गर्न वैंक तथा वित्तीय संस्थाहरुसँग सहजीकरण गरिनेछ ।<br>• विद्यालय स्तरमा प्राविधिक र व्यवसायिक शिक्षा अध्ययनको अवसर सिर्जना गरिनेछ ।<br>• आर्थिक रुपले अति विपन्न र अपाङ्गता भएका व्यक्तिलाई संघीय, प्रादेशिक एवं अन्य संघ संस्थासँग समन्वय तथा सहकार्य गरी सीपमूलक तालिम दिइनेछ ।<br>• वैदेशिक रोजगारीबाट फर्केका युवालाई लक्षित गरी तिनको सीप, ज्ञान, अनुभव र रकमलाई सम्भाव्य क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ । |

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र : युवा तथा खेलकुद | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | खेलकुद मैदान | खेलकुद विकासका लागि पूर्वाधार निर्माण र संस्थागत विकास | ५०० | १०० | १५० | १५० | १०० | | संघ/प्रदेश/स्थानीय |
| २ | खेल सामाग्री तथा प्रशिक्षक | | १०० | २० | २० | २० | २० | २० | संघ/स्थानीय |
| ३ | खेलकुद विकास वोर्ड गठन तथा परिचालन | | २० | १० | १० | | | | संघ/स्थानीय |
| ४ | खेलकुद शिक्षा कार्यक्रम | | ३० | ६ | ६ | ६ | ६ | ६ | स्थानीय |
| ५ | वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई सीपमा आधारित स्वरोजगार कार्यक्रम | सिप, दक्षता र क्षमताको विकास | ५० | १० | १० | १० | १० | १० | संघ/स्थानीय |
| ६ | युवाहरुका लागि व्यावसायिक तालिम | | ५० | १० | १० | १० | १० | १० | प्रदेश/स्थानीय |
| ७ | सामुदायिक तालिम विधालयका युवा क्षेत्र अधिकार समेटेर | | ५० | १० | १० | १० | १० | १० | संघ/स्थानीय |
| **जम्मा** | | | **८००** | **१६६** | **२१६** | **२०६** | **१५६** | **५६** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८० /८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८ ४/८ ५ | २०८५/ ८६ | | | | |
| प्रभाव | व्यवसायिक सीप विकास तालिम लिए पछि स्व/रोजगारीमा आवद्धता (तालिम प्राप्त गर्ने कूल संख्याका) भएको हुने | स्व/रोजगारी | संख्या | - | २५ | २५ | २५ | २५ | २५ | " | अन्तर सरकार समन्वय भएको हुन | २ | ३ |
| असर | व्यवसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षा हाँसिल गरेको युवा भएको हुने | तालिम प्राप्त युवा | संख्या | - | ५० | ५० | ५० | ५० | ५० | " | | २ | ३ |
| प्रतिफल | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगार सेवा केन्द्रवाट लाभान्वित युवा भएको हुने | लाभान्वित युवा | संख्या | - | १०० | १०० | १०० | १०० | १०० | " | प्रधानमन्त्री रोजगार कार्यक्रम, स्वरोजगार कोष, उद्योग वाणिज्य, तालिम संस्था तथा निजी क्षेत्रसँग समन्वय भएको हुन | २ | ३ |
| | व्यवसायिक युवा खेलाडी भएको हुने | व्यवसायिक युवा खेलाडी | संख्या | ० | ५ | १० | १५ | २० | २५ | " | | २ | ३ |
| | खेल अभ्यास प्रशिक्षण केन्द्र (कवर्ड हल) निर्माण भएको हुने | कवर्ड हल | संख्या | ० | १ | १ | १ | २ | २ | " | | २ | ३ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | खेलकुद मैदानहरु स्तरोन्नति र निर्माण भएको हुने | खेलकुद मैदानहरु | संख्या | ६ | ७ | ७ | ८ | ९ | १० | " | | २ | ३ |
| | पालिका स्तरीय खेलकुद प्रतियोगिता भएको हुने | पालिका स्तरीय खेलकुद प्रतियोगिता | संख्या | ० | १ | १ | १ | १ | १ | " | | २ | ३ |
| | राष्ट्रिय अन्तर्राष्ट्रिय खेलमा प्रतिनिधित्व गर्ने खेलाडीहरु भएको हुने | राष्ट्रिय अन्तर्राष्ट्रिय खेलमा प्रतिनिधित्व गर्ने खेलाडीहरु | संख्या | - | १ | २ | ३ | ४ | ५ | " | | २ | ३ |

## ५.६ कला, भाषा, संस्कृति र सम्पदा

### पृष्ठभूमि

धार्मिक सहिष्णुता तथा सांस्कृतिक विविधताको विशिष्ठ पहिचान बोकेको महाबु गाउँपालिकामा जातजाति अनुसार चार्डपर्व तथा मेलाहरुमा समेत अनेकतामा एकता देख्न सकिन्छ । विशेष गरी ब्राम्हण, क्षेत्री, आदिवासी जनजाति, दलित तथा अल्पसंख्यक समुदायहरुले सबै चाडपर्वहरु मिलेर मनाउने वा सहयोग गर्ने गरेको अवस्था छ । यहाँ विभिन्न जातीका विशेष चाडहरु, हिन्दु सनातन संस्कृतिका पर्वहरु धुमधामसाग मनाइने गरिन्छ । प्रमुख चाडहरुमा दशै, तिहार, तीज, रामनवमी, शिवरात्री, माघे संक्रान्ती, कुशे औशी, बौद्धपुर्णीमा, आदि मनाउने गरिन्छ भने परम्परागत संस्कृतिमा नाच प्रसस्त मात्रामा नाच्ने गरिन्छ ।

### समस्या

मातृभाषा, साहित्य, सम्पदा, कला र संस्कृतिको खोज, अनुसन्धान र सर्वेक्षण तथा संरक्षणको कमि हुनु, भाषा, कला एवम् संस्कृतिको क्षेत्रमा कार्यरत संघसंस्था र सरकारका बिच प्रभावकारी सहकार्य हुन नसक्नु, मौलिक संस्कृतिलाई जगेर्ना गर्दै पुस्तान्तरण गर्न नसक्नु, राष्ट्रिय पहिचान र गौरवका रूपमा भाषा, संस्कृति, सम्पदा तथा साहित्यको विकास गर्न नसक्नु, स्वरोजगार, आयआर्जन र स्थानीय विकासको स्रोतको रूपमा यसलाई प्रयोग गर्न नसक्नु, आदि प्रमुख समस्या हुन् ।

### चुनौति

विभिन्न मातृभाषा र लिपिको मानकीकरणको समस्या समाधान गर्नु, लोपोन्मुख भाषा संरक्षण गर्नु, कला साहित्य, संस्कृति तथा सम्पदा संरक्षण गर्नु, लोपोन्मुख अवस्थामा रहेका जातजातीको मौलिकता संरक्षण गर्नु, भाषा, कला साहित्य, संस्कृति तथा सम्पदा र आर्थिक सामाजिक विकासको अन्तरसम्बन्ध स्थापित गरी विकास निर्देशित गर्नु, बढ्दो शहरीकरण र विदेशी प्रभावका कारण मूर्त र अमूर्त संस्कृति विनाश र परिवर्तन हुँदै जानु, कला, संस्कृति तथा साहित्य संरक्षणमा गाउँपालिकाको ध्यानाकर्षण गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

भाषा, कला एवम् संस्कृतिको कृषि, पर्यटन लगायतका क्षेत्रसँग आबद्धता गरी आय र रोजगारी वृद्धिको सम्भावना रहनु, पर्याप्त सास्कृतिक विविधता तथा कला र सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै सांस्कृतिक पहिचान कायम राख्नु, भाषा, लिपि, कला आदिको संरक्षण र उपयोग स्थानीय निकायको दायरामा रहेको, धार्मिक, पुरातात्विक एवम् ऐतिहासिक सम्पदाको संरक्षण तथा संवर्द्धन गर्ने निती हुनु, साहित्यिक महोत्सवको आयोजना गर्न जस्ता अवसरहरु रहेका छन् ।

### लक्ष्य

भाषा, कला तथा संस्कृतिको विविधिकरण सहितको सद्भावपूर्ण समाज निर्माण गर्ने ।

### उद्देश्य

१. स्थानीय भाषा, साहित्य तथा कलाको प्रवर्द्धन गरी पर्यटकीय तथा धार्मिक दृष्टिकोणले विकास गर्नु ।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| कला, भाषा, साहित्य र सम्पादन सम्बन्धी नीति र योजना कार्यान्वयन गर्ने । | • भाषा, कला, साहित्य तथा संस्कृति संरक्षण सम्बन्धी नीति, कानुन तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गरिनेछ ।<br>• स्थानीय लोपोन्मुख एवं जातीय भाषा, संस्कृति तथा सम्पदाहरुको संरक्षण एवं प्रवर्द्धन सम्बन्धी दीर्घकालीन नीति तथा गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ । |

| | |
|---|---|
| | • यस गाउँपालिका भित्रका जातिगत पर्व, पञ्चे बाजा, संस्कार, भेषभुषा, सँस्कृतिको संरक्षणको लागि संग्राहलयको निर्माण गर्ने नीति अवलम्वन गरिनेछ । |
| भाषा, कला र साहित्य, बहुसाँस्कृतिको संरक्षण, संवर्द्धन गरी पर्यटन विकास गर्ने । | • देश तथा विदेशको स्थानीय सरकारसँग स्थानीय भाषा संस्कृति परम्परा, रितिरिवाज र आर्थिक जिवन यापनलाई एक अर्कामा परिचित गराई एकआपसमा घुलमिल तथा आदानप्रदान गर्न भगिनी सम्बन्ध कायम गरिनेछ ।<br>• स्थानीय लोपोन्मुख भाषा संरक्षण पनपाठन र शब्दकोष निर्माणलाई ध्यान दिईनेछ । स्थानीय कला संस्कृति, मन्दिर गुम्बा, देवस्थलको निर्माण तथा संरक्षणमा उचति बजेट विनियोजन गरिनेछ ।<br>• महाबु गाउँपालिकाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पर्यटन, कृषि र पूर्वाधारहरुको समेत महत्व झल्काउने गरि फिचर लेखन कार्य गरिनेछ ।<br>• गाउँपालिकाको भुगोल, धर्म, सँस्कृति, प्राकृतिक सम्पदा आर्थिक जनजीवन समेत समेटि गाउँपालिकाको गान र लोगो तयार गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : कला, भाषा, साहित्य संस्कृति | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | संस्कृति भाषा सभाहल निर्माण तथा सञ्चालन | कला संस्कृतिको जर्गेना | ३०० | १०० | १०० | १०० | | | | संघ/स्थानीय |
| २ | स्थानिय लोक वाजा, नृत्य, जात्रा, भाषाहरु संरक्षण | | ११० | ३० | २० | २० | २० | २० | | प्रदेश/स्थानीय |
| **जम्मा** | | | **४१०** | **१३०** | **१२०** | **१२०** | **२०** | **२०** | | |

**नतिजा खाका**

| **नतिजा तह** | **नतिजा** | **सूचक** | **इकाई** | **आधार वर्ष २०८० /८१** | **लक्ष्य परिमाण** | | | | | **पुष्ट्याइएको आधार** | **जोखिम पक्ष तथा अनुमान** | **दिराल संकेत** | **दिविल संकेत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **२०८१ /८२** | **२०८२ /८३** | **२०८३/ ८४** | **२०८४ /८५** | **२०८५ /८६** | | | | |
| प्रभाव | स्थानीय कला, भाषा र साहित्यलाई पेशाको रुपमा ग्रहण भएको हुने | स्थानीय कला, भाषा साहित्य पेशा | संख्या | - | १० | २० | ३० | ४० | ५० | गापा | अन्तर सरकार समन्वय भएको हुने | २ | ११ |
| असर | कला, संस्कृति, भाषा र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा भएको हुने | स्रष्टा | संख्या | - | ५ | १० | १५ | २० | २५ | " | | २ | ११ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | कला, संस्कृति र सम्पदाका प्रकारको संरक्षण भएको हुने | कला, संस्कृति र सम्पदाका प्रकार | संख्या | - | ६ | ६ | ७ | ७ | ७ | " | भाषा आयोग, संस्कृति संग सम्बन्धित निकाय बीच अन्तर सरकार सम्बन्ध भएको हुने जनजाति प्रतिष्ठान र अन्य विषयगत आयोग, स्थानीय समुदाय संग समन्वय भएको हुने | २ | ११ |
| | संरक्षण गर्नुपर्ने स्थानीय संस्कृति तथा चाँडपर्व संरक्षण भएको हुने | चाँडपर्व | संख्या | - | ५ | ७ | ८ | १२ | १५ | " | | २ | ११ |
| | स्थानीय लोपोन्मुख भाषाहरु संरक्षण भएको हुने | लोपोन्मुख भाषा | संख्या | - | संरक्षण गर्ने | | | | | " | | २ | ११ |
| | स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी भएका अध्ययन तथा अनुसन्धानहरु भएको हुने | अध्ययन तथा अनुसन्धान | संख्या | - | ३ | ४ | ५ | ५ | ५ | " | | २ | ११ |
| | स्थानीय भाषा, कला, संस्कृति, सम्पदा, साहित्यमा आधारित नियमित प्रकाशन भएको हुने | प्रकाशन | संख्या | ० | १ | १ | १ | १ | १ | " | | २ | ११ |
| | स्थानीय भाषा, कला, संस्कृति झल्किने सामुदायिक सांस्कृतिक केन्द्र (संग्रहालय) निर्माण भएको हुने | संग्रहालय | संख्या | - | १ | १ | १ | १ | १ | " | | २ | ११ |

# परिच्छेद छ : पूर्वाधार विकास

## पृष्ठभूमि

समग्र आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहका लागि भौतिक पूर्वाधार विकास क्षेत्रको भूमिका अग्रणी एवं महत्वपूर्ण रहदै आएको छ । स्थानीय तहको समग्र विकासलाई सकारात्मक दिशातर्फ अघि बढाउन पूर्वाधार विकास क्षेत्रमा मूलतः सडक, पक्की तथा झोलुङ्गे पुल, परम्परागत गोरेटो बाटो, आवास, भवन तथा वस्ती विकास, विद्युत तथा वैकल्पिक उर्जा र सूचना तथा संचार प्रविधि जस्ता विषयहरु पर्दछन् । गाउँपालिकाको सामाजिक, आर्थिक अवस्था र सेवा प्रवाहमा समेत टेवा पुऱ्याउने यस क्षेत्रको सम्भावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ ।

## ६.१ सडक यातायात, पुल पुलेसा

### पृष्ठभूमि

सडक तथा यातायातको विकासले उत्पादकत्व वृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलब्ध गराउँदै रोजगारी सिर्जना गर्न, गरिबी न्यूनीकरण गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुऱ्याउन उल्लेखनीय योगदान गर्दछ । सडक सञ्जाल अन्तर्गत आउने विभिन्न खोलानालाहरूमा पुल निर्माण तथा मर्मतले बाह्रैमासे आवतजावतको प्रत्याभूति गराउँदछ । सडक पूर्वाधार ग्रामिण विकासको महत्वपूर्ण साध्यका रुपमा स्थापित छ । मानिसहरुको सरल आवागमन र सामानहरुको उचित परिवहनले मात्र अर्थतन्त्रको विकासमा अनुकुलता सिर्जना गर्नसक्छ । नेपालले जनाएका दिगो विकासका लक्ष्य लगायत विविध अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु पुरा गर्न पनि सडक, पुल र यातायातको विकास जरुरी छ । राष्ट्रिय र प्रादेशिक आवधिक योजनाहरुले पनि यस तथ्यलाई आत्मसात गरेका छन् । सडक, पुल तथा यातायात जस्ता पुर्वाधार गाउँपालिका विकासको आधार स्तम्भ हुन् । निर्माण भएका सडकहरूमा बाह्रै महिना यातायातलाई सञ्चालनमा ल्याउन नियमित मर्मत सम्भारको भरपर्दो व्यवस्था, सडक संरचना निर्माण, स्तरोन्नति र ट्र्याक खोल्ने, सडक गुरुयोजना तयार जस्ता कार्य गर्नु जरुरी छ । यसका लागि आवधिक योजनाले गाउँपालिकाको सडक, पुल तथा यातायात क्षेत्रको विकासको आधार तयार पार्ने छ ।

### समस्या

विद्यमान सडकहरु साँघुरा हुनुका साथै कच्ची अवस्थामा रहेका र बढी चल्तीमा रहदा धुलो उड्ने, सडकहरु कालोपत्रे गर्न वित्तीय श्रोतको कमी हुनु, वातावरणीय पक्षलाई ध्यान नदिई सडक निर्माण हुनु, पर्यटकीय पदमार्गको विस्तार नहुनु, मापदण्ड बिना आयोजना पहिचान तथा छनौट हुनु, सडक निर्माणमा बजेट विनियोजन र सञ्चालनमा कुशलताको अभाव हुनु, बर्षातमा हिलो हुने र जीवनलाई प्रतिकुल प्रभाव पार्ने खालका हुनु, गाउँका वडाहरु जोड्ने सडक कच्ची, ग्रेड नमिलेका तथा जोखिमपूर्ण अवस्थामा रहनु, सडकमा रहेका विद्युत तथा सञ्चारका पोलहरुले गाउँको सौन्दर्य बिगार्नु यहाँका मुख्य समस्या हुन् ।

### चुनौति

वातावरणीय पक्षलाई ध्यान दिई सडक विस्तार गर्न, निर्माण सामाग्रीको उपलब्धता र गुणस्तरलाई सुनिश्चित गर्न, खानेपानी, विद्युत र सडकसँग सम्वन्धित निकायबीच समन्वय गराउन, सडक तथा पुल निर्माणको कानूनी प्रकृयालाई प्रभावकारी बनाउन, सडक निर्माणको गुणस्तरीयताको मापदण्ड तयार पारी लागु गर्न, सडक गुरुयोजना भूगोल अनुसार बनाउन, भूउपयोग योजना कार्यान्वयन गर्न यस क्षेत्रका चुनौती हुन् ।

### अवसर

गाउँपालिका केन्द्रदेखि वडा केन्द्रसम्म जोड्ने सडक निर्माणमा प्रदेश सरकारले आर्थिक सहयोग र समन्वयन गर्नु, स्थानीय स्तरबाट सडक विकासको लागि अत्यधिक उत्साह र माग रहनु, गाउँपालिकाको महत्वपूर्ण सडकहरु स्तरोन्नती र कालो पत्रे गर्न र पर्यटकीय पदमार्ग निर्माणमा संघीय सरकारको सहयोग हुनु, महत्वपूर्ण सडकहरु जोड्ने पक्की पुल निर्माणमा प्रदेश र संघीय सरकारको समन्वयन हुनु जस्ता अवसरहरु रहेका छन् ।

### लक्ष्य

गाउँपालिकाको सम्पूर्ण सडक तथा पुलहरुलाई दिगो, गुणस्तरीय र वातावरण मैत्री बनाउने

### उद्देश्य

१. दिगो, गुणस्तरीय, सुरक्षित र वातावरण मैत्री सडक सञ्जाल विस्तार गर्नु ।

२. गाउँपालिकाको विद्यमान सडकहरुको स्तोरन्नती गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनिती | कार्यनीति |
|---|---|
| **उद्देश्य १.** दिगो, गुणस्तरीय, सुरक्षित र वातावरण मैत्री सडक सञ्जाल विस्तार गर्नु । | |
| १. १ राष्ट्रिय मापदण्डमा आधारित दिगो, गुणस्तरीय, सुरक्षित र वातावरण मैत्री सडक सञ्जालको निर्माण गर्ने । | १.१.१ पालिकाको केन्द्र देखी वडा कार्यालय सम्मको सडक स्तोरन्नती गरी कालोपत्रे गरिनेछ । |
| | १.१.२ मापदण्ड अनुसार गाउँपालिकाको आवश्यक स्थानमा बस स्टपहरुको निर्माण गरिनेछ । |
| | १.१.३ सडक निर्माण गुरुयोजना बनाई लागु गरिनेछ । |
| | १.१.४ पर्यटन पदमार्ग र कृषि सडकको विस्तार गरी वस्ती स्तरमा पहुंच विस्तार गरिनेछ । |
| | १.१.५ पालिकाको मुख्य खोला-नालाहरुमा आवश्यकता अनुसार पुल तथा झोलुङे पुलको निर्माण गरिनेछ । |
| **उद्देश्य २.** गाउँपालिकाको विद्यमान सडकहरुको स्तोरन्नती गर्नु । | |
| २.१ विद्यमान सडक संरचनाहरुको स्तोरन्नती गरी यातायात आवागमनलाई सहज बनाउने | २.१.१ ग्रामीण भित्री सडकको निर्माण गरी वस्ती स्तरमा यातायातको पहुंच विस्तार गरिनेछ । |
| | २.१.२ पदमार्गको स्तोरन्नती र निर्माण गरी व्यवस्थित बनाईनेछ । |

### कार्यक्रमहरुको प्राथमिकता

१. सडक निर्माण गुरुयोजना बनाई लागु गर्ने ।

२. पालिकाको केन्द्र देखी वडा कार्यालय सम्मको सडक स्तोरन्नती गरी कालोपत्रे गर्ने ।

३. आवश्यक स्थानमा बस स्टपहरुको निर्माण गर्ने।

४. आवश्यकता अनुसार पुल तथा झोलुङे पुलको निर्माण गर्ने ।

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : सडक, यातायात, तथा पुलपुलेसा | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | गाउँपालिकाको यातायात गुरुयोजना तयार गर्ने | योजना तयार | १५ | १५ | | | | | स्थानीय |
| २ | सेरा खरिगैरा सडक स्तोरन्नती, महाबु १ | सडक स्तरोन्नती | ५००० | १००० | १००० | १००० | १००० | १००० | संघ/प्रदेश/स्थानीय |
| ३ | खरिगैरा सेरा ताराघाट मोटरेवल पुल निर्माण, महाबु १ | पुल निर्माण | २२०० | ८०० | ७०० | ७०० | | | संघ/प्रदेश/स्थानीय |
| ४ | वालिसेरा ऐराडी खरिगैरा सडक स्तरोन्नती, महाबु २ | सडक स्तरोन्नती | १००० | | ५०० | ५०० | | | संघ/प्रदेश/स्थानीय |
| ५ | वडाखोला गिद्धेखोला लामाकानथान सडक निर्माण, महाबु २ | सडक स्तरोन्नती | १००० | | | ५०० | ५०० | | संघ/प्रदेश/स्थानीय |
| ६ | ताराघाट वालिसेरा मोटरेवल पुल निर्माण, महाबु २ | पुल निर्माण | २०० | १०० | ५० | ५० | | | संघ/प्रदेश/स्थानीय |
| ७ | खाडा दवाडा डुङ्री पदमार्ग निर्माण, महाबु १ | पदमार्ग निर्माण | १००० | | | ५०० | २५० | २५० | संघ/प्रदेश/स्थानीय |
| ८ | खाडापल्चौर पशुकार्यालय पालिका सडक स्तरोन्नती, महाबु ३ | सडक स्तरोन्नती | १००० | ४०० | २०० | २०० | २०० | | संघ/प्रदेश/स्थानीय |
| ९ | वडाकार्यालय सुवाकोट बतासे सडक स्तरोन्नती, महाबु ३ | सडक स्तरोन्नती | ५०० | २०० | ३०० | | | | संघ/प्रदेश/स्थानीय |
| १० | गैंडाबाज बजार सडक स्तरोन्नती, महाबु ४ | सडक स्तरोन्नती | ५०० | | | २०० | ३०० | | संघ/प्रदेश/स्थानीय |
| ११ | गैंडाबाज बतासे गीताचौर सडक स्तरोन्नती, महाबु ४ | सडक स्तरोन्नती | ५०० | ३०० | २०० | | | | संघ/प्रदेश/स्थानीय |
| १२ | खटखोला फागु काशिकाँध सडक कालोपत्रे, महाबु ५ | सडक स्तरोन्नती | ५०० | २०० | ३०० | | | | संघ/प्रदेश/स्थानीय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | ताराघाट खरिगैरा गैंडाबाज काशिकाध सडक कालोपत्रे | सडक स्तरोन्नती | १००० | २०० | २०० | २०० | २०० | २०० | संघ/प्रदेश/स्थानीय |
| १४ | कुटिडाँडा सिमलडा एकपाटे उत्तिसेनी टाकुरी काशिकाध सडक कालोपत्रे | सडक स्तरोन्नती | २० | ५ | ५ | ५ | ५ | | संघ/प्रदेश/स्थानीय |
| १५ | वडाकार्यालय ३ गैंडाबाज सडक कालोपत्रे | सडक स्तरउन्नती | २० | ५ | ५ | ५ | ५ | | संघ/प्रदेश/स्थानीय |
| १६ | वडाकार्यालय २ खरिगैरा गैंडाबाज सडक कालोपत्रे | सडक स्तरोन्नती | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| १७ | वलिडाँडा दोविला झोलुङ्गे पुल निर्माण, महाबु ५ र भैरवी ७ | झोलुङ्गे पुल निर्माण | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| १८ | काशिकाध टाकुरी रानीबन गैंडाबाज रातापानी भैसेकोर कृषि सडक निर्माण | सडक निर्माण | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| १९ | राउचुहान पुरानो गाबिस वलामिगोठ गैंडाबाज सडक निर्माण | सडक निर्माण | २०० | ४० | ४० | ४० | ४० | ४० | संघ/प्रदेश/स्थानीय |
| २० | उत्तिसेनिखोला पुल निर्माण, महाबु ६ | पुल निर्माण | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| २१ | खनिया पाटा टाकुरी झोलुङ्गे पुल निर्माण, महाबु ५ र ६ | झोलुङ्गे पुल निर्माण | ५० | १० | १० | १० | १० | १० | संघ/प्रदेश/स्थानीय |
| **जम्मा** | | | **१५१०५** | **३३५५** | **३५९०** | **३९९०** | **२५९०** | **१५८०** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८० /८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | ३० मिनेटको दुरीमा यातायात पहुँच भएको घरपरिवार वृद्धि भएको हुने | घरपरिवार | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | १०० | गापा | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने | ३ | ९ |
| असर | कालोपत्रे सडकको लम्वाइ बढेको हुने | लम्वाइ | किमि | ० | ०.१ | २ | ३ | ५ | ७ | " | | ३ | ९ |
| प्रतिफल | ग्राभेल सडकको लम्वाइ बढेको हुने | लम्वाइ | किमि | १४.५ | १६ | २० | २५ | २८ | ३० | " | संघ प्रदेश र अन्तर सरकार तथा आन्तर पालिका बीच समन्वय भएको हुने | ३ | ९ |
| | धुले सडक लम्वाइ | धुले सडक लम्वाइ | किमि | २३० | २३५ | २३७ | २४५ | २५६ | २६० | " | | ३ | ९ |
| | आर.सि.ढलान भएका सडकको लम्वाइ बढेको हुने | लम्वाइ | किमि | ०.१५ | ०.२ | ०.५ | ०.७ | ०.८ | १ | " | | ३ | ९ |
| | सहायक नदीमा झोलुङ्गे पुल निर्माण भएको हुने | झोलुङ्गे पुल | संख्या | १८ | २१ | २५ | ३० | ३४ | ३९ | " | | ३ | ९ |
| | शहरी सडकको मापदण्ड अनुसार निर्मित कूल सडकको लम्वाइ बढेको हुने | लम्वाइ | किमि | ३१ | ३६ | ४० | ४९ | ५१ | ५६ | " | | ३ | ९ |
| | सडक फर्निचर, ट्राफिक चिन्ह सहितको व्यवस्थित सडकको लम्वाइ बढेको हुने | लम्वाइ | किमि | ० | ० | ०.५ | ०.८ | १ | २.५० | " | | ३ | ९ |
| | पालिका केन्द्रबाट वडा कार्यालयसम्म जोडिएको सडक भएको हुने | सडक | संख्या | ७ | ७ | ८ | ८ | ९ | ११ | " | | ३ | ९ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सडक सञ्जालबाट नजोडिएका वस्तीहरु नहुने | वस्तीहरु | संख्या | १ | १ | १ | ० | ० | ० | " | | ३ | ९ |
| | नजिकको पिच भएको पक्की सडकमा पुग्न लाग्ने औषत समयावधि घटेको हुने | औषत समयावधि | घण्टा | १.५ | १.५ | १ | ०.५ | ०.५ | ०.५ | " | | ३ | ९ |
| | वार्षिक सडक दुर्घटनाको संख्या घटेको हुने | सडक दुर्घटना | संख्या | १६ | १५ | १४ | १३ | १२ | १० | " | | ३ | ९ |
| | सडक नालीको सडक लम्बाइ बढेको हुने | लम्बाइ | किमि | ४१ | ४५ | ५० | ५५ | ६० | ७७ | " | | ३ | ९ |
| | नियमित मर्मत संभार भएको सडकको लम्बाइ बढेको हुने | लम्बाइ | किमि | २६ | २९ | २९ | ३१ | ३५ | ४६ | " | | ३ | ९ |
| | वायो इन्जिनियरिङ प्रविधि र सडक छेउ वृक्षारोपण भएको हुने | वृक्षारोपण | किमि | ० | ०.५ | ०.५ | १ | १.२ | १.४ | " | | ३ | ९ |
| | जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको सडक सञ्जाल स्तरोन्नति भएको हुने | सडक लम्बाइ | संख्या | २ | २ | २ | ३ | ३ | ४ | " | | ३ | ९ |

## ६.२ आवास, वस्ती तथा शहरी विकास

### पृष्ठभूमि

भवन तथा आवास मानव जिवनको आधारभूत आवश्यकता हो र व्यवस्थित वस्ती विकासले सेवा प्रवाह तथा सुरक्षा प्रदान गर्न सहज हुन्छ। विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, सभागृह जस्ता सामाजिक पूर्वाधार नागरिकलाई सेवा सुविधाको पहुँच वृद्धि गर्ने आधार हुन् । संविधानले प्रत्येक नागरिकलाई आवासको हक प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड वमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन, सरकारी भवन, विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, सभागृह र अन्य सरकारी भवन तथा संरचनाको निर्माण र मर्मत संभार तथा सञ्चालन र व्यवस्थापन गर्ने, सुरक्षित वस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कनको जिम्मेवारी सुम्पेको छ ।

### समस्या

राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यान्वयन नहुनु, भवन निर्माण गर्ने कामदारमा प्राविधिक क्षमता र दक्षतामा कमी हुनु, भवन निर्माणमा प्राविधिकको रेखदेख, निरीक्षण र अनुगमनको कमी हुनु, भवन निर्माण किफायती नभई महँगो हुनु, सुरक्षित, स्वस्थकर, सुविधायुक्त र वातावरणमैत्री आवास निर्माण नहुनु, अव्यवस्थित वस्ती विकास हुनु, जोखिमयुक्त वस्तीहरु स्थानान्तरण गरी एकीकृत वस्ती निर्माणको अवधारणा विकासमा कम ज्ञान हुनु, सुरक्षा निकाय र नागरिकको विचमा सहकार्य कम हुनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### चुनौति

व्यवस्थित वस्ती विकास गर्न, भवन संहिताको पूर्ण रुपमा कार्यान्वयन गर्न, मौलिक संस्कृतिको संरक्षण गरी संरचना निर्माण गर्न, विभन्न ठाउँमा छरिएर रहेका वस्ती तथा घरहरूलाई एकिकृत रुपमा समुचित सेवा उपलब्ध गराउन, जोखिमयुक्त र छरिएका वस्तीहरुलाई स्थानान्तरण गराई एकीकृत वस्ती निर्माण गर्न, सरकारी र सामुदायिक भवन बनाउन, दक्ष कामदार, प्राविधिक र गुणस्तरीय निर्माण सामाग्री उपलब्ध गराई भवन तथा आवास निर्माण गर्न, आधारभूत वस्ती विकासको सेवा सुविधाको विकासका लागि स्रोत जुटाउनु, वस्ती व्यवस्थापनलाई प्रभावकारी बनाउनु, स्थानीय संस्थागत क्षमता र प्राविधिक दक्षता विकास गर्नु, विकासका योजना प्रक्रियामा सम्बद्ध निकाय बिच कार्यगत समन्वय स्थापित गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

व्यवस्थित शहरीकरणका लागि नीतिगत व्यवस्था गर्न सकिने, भू उपयोग योजना व्यवहारीक रुपमा लागु गर्न सक्ने, सुरक्षित तथा वस्ती विकास योजना तर्जुमा गर्न सक्ने, सार्वजनिक जग्गाको व्यवस्थापन गर्न नीतिगत व्यवस्था गर्न सक्ने , सरकारी र सामुदायिक भवन निर्माणमा प्रदेश सरकारसँग समन्वयन हुनु, भवन तथा शहरी विकास सरकारको प्राथमिकता पर्नु, योजनाबद्ध तरिकाले जग्गा विकास तथा व्यवस्थापन, पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त गाउँ बसाल्ने सम्भावना रहनु, आर्थिक गतिविधि धेरै हुन सक्ने रणनीतिक क्षेत्र पहिचान गरी गाउँ बसाल्ने सम्भावना रहनु, सुरक्षाको लागि पूर्व जानकारी प्रधान गर्ने प्रविधिको प्रयोग गर्नु, भइरहेको अव्यवस्थित गाउँलाई न्यूनतम पूर्वाधार थप गरी सुविधा प्रदान गर्नु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### सोच

सुरक्षित आवास र भवनको चाहना; स्थानिय मापदण्डको पालना

### लक्ष्य

भौतिक पुर्वाधार, सुरक्षित र सार्वजानिक सुविधाको विकास र गुणस्तरमा पहुंच बृद्धि गर्ने ।

### उद्देश्य

१. आधारभुत ग्रामीण पुर्वाधारको अवस्था सुधार गर्नु ।

२. भौतिक संरचना निर्माणको गुरुयोजना निर्माण गरी लागु गर्नु ।

३. भु उपयोग निती निर्माण गरी सेवा विस्तारमा पहुंच पुर्याउने ।

**रणनीति तथा कार्यनीति**

| रणनिती | कार्यनीति |
|---|---|
| **उद्देश्य १.** आधारभुत ग्रामीण पुर्वाधारको अवस्था सुधार गर्नु । | |
| १.१ जोखिमयुक्त्त र धरासायी रहेका वस्तिहरुको सुरक्षित व्यवस्थापनको लागि सम्भाव्यता अध्ययन गर्ने । | १.१.१ जोखिमयुक्त्त घरवस्तिहरुको तथ्याङ्क संकलन गरी संरक्षण गरिनेछ । |
| | १.१.२ ग्रामीण विकास / वस्ती विकासको मापदण्ड बनाई कार्यन्व्यन गरिनेछ । |
| | १.१.३ छरिएर रहेको वस्तीलाई एकिकृत वस्ती विकास गर्ने क्रम अगाडि बढाईनेछ । |
| **उद्देश्य २**. भौतिक संरचना निर्माणको गुरुयोजना निर्माण गरी लागु गर्नु । | |
| २.१ स्थानिय भवन निर्माण मापदण्ड निर्माण गर्ने । | २.१.१ राष्ट्रिय भवन संहिता पूर्ण रूपमा लागु गरिनेछ । |
| | २.१.२ प्रत्येक वडामा बहुद्देशिय पार्क निर्माण गरिनेछ । |
| | २.१.३ पालिकाको प्रशासनिक र वडा भवन मापदण्ड अनुरुप निर्माण गरिनेछ । |
| | २.१.४ पलिकाका पुरातात्विक, धार्मिक, सांस्कृतिक सम्पदाहरुको जिर्णोद्धार र आवश्यकता अनुसार निर्माण गरिनेछ । |
| २.२ पालिकाका सम्पूर्ण विद्यालयहरु, संस्थाहरु जस्ता रहित बनाउने । | २.२.१ सामुदायिक विद्यालयका संरचना मापदण्ड अनुसार निर्माण गरिनेछ ।<br>२.२.२ सामुदायिक स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसार संरचना निर्माण गरिनेछ ।<br>२.२.३ महाबु अस्पताललाई मापदण्ड अनुसार निर्माण गरी सञ्चालन गरीनेछ । |
| **उद्देश्य ३**. भु उपयोग निती निर्माण गरी सेवा विस्तारमा पहुंच पुर्याउने । | |
| ३.१ भु उपयोग निती निर्माण गरी लागु गर्ने । | ३.१.१ भु उपयोग निती निर्माण गरी जमिनको वर्गिकरण गरिनेछ । |
| | ३.१.२ पालिकामा निर्माण हुने सम्पूर्ण सार्वजनिक संरचनाहरु वालमैत्री, अपाङ्ग मैत्री र ज्येष्ठ नागरिक मैत्री हुनेछ । |

**कार्यक्रमहरुको प्राथमिकता**

१. पालिकाका सम्पूर्ण विद्यालयहरु, संस्थाहरु, सार्वजनिक संरचनाहरु  राष्ट्रिय भवन संहिता अनुसार निर्माण गर्ने ।

२. जोखिमयुक्त्त र धरासायी रहेका वस्तिहरुको सुरक्षित व्यवस्थापनको लागि सम्भाव्यता अध्ययन गर्ने ।

३. पालिकाका सम्पूर्ण विद्यालयहरु, संस्थाहरु जस्ता रहित बनाउने ।

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र : आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | |
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
| १ | वडा कार्यालय भवन निर्माण, महाबु १ | सुरक्षित आवास | ८५० | १७० | १७० | १७० | १७० | १७० |
| २ | जयन्ती मा वि भवन निर्माण र फर्निचर व्यवस्थापन, महाबु १ | प्रशासनिक भवन | १००० | ३०० | ३०० | ४०० | | |
| ३ | वर्थिङ्ग सेन्टर निर्माणधिन अवस्थालाई सम्पन्न (३ न. वडाको ) | भवन निर्माण | ३०० | १५० | १५० | | | |
| ४ | ऐराडी स्वास्थ्य ईकाई भवन निर्माण, महाबु २ | भवन निर्माण | ४०० | | | १०० | २०० | १०० |
| ५ | सामुदायिक भवन तथा फिल्ड निर्माण, महाबु ३ | भवन निर्माण | १०० | | | ५० | ५० | |
| ६ | आवास तथा भूमि व्यवस्थापन सम्वन्धि नीति लागू | नीति लागू | ५ | ५ | | | | |
| **जम्मा** | | | **२६५५** | **६२५** | **६२०** | **७२०** | **४२०** | **२७०** |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | एकीकृत भौतिक सेवा सुविधा उपलव्ध बजार क्षेत्र भएको हुने | बजार क्षेत्र | संख्या | - | - | १ | २ | ३ | ४ | गापा | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने | ३ | ९ | १.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | सुविधा सम्पन्न उद्यान सहितको खुल्ला पार्क क्षेत्र भएको हुने | खुल्ला पार्क क्षेत्र | संख्या | - | १ | - | २ | - | ३ | ” | | ३ | ९ | १.३ |
| प्रतिफल | व्यवस्थित बसपार्क तथा बस स्टेशन भएको हुने | बसपार्क तथा बस स्टेशन | संख्या | - | २ | ३ | ३ | ३ | ४ | ” | | ३ | ९ | १.३ |
| | बजार क्षेत्रमा बसोवास गर्ने जनसंख्या वृद्धि भएको हुने | जनसंख्या | प्रतिशत | ५ | १० | १५ | २० | २५ | ३० | ” | | ३ | ९ | १.३ |
| | सुविधा सम्पन्न (खानेपानी, शौचालय, बिजुली, सञ्चार) सामुदायिक भवन ( महिला, ज्येष्ठ नागरिक भवन) तथा सभाहल भएको हुने | सामुदायिक भवन | संख्या | १० | ११ | १२ | १३ | १४ | १५ | ” | | ३ | ९ | १.३ |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना भएको हुने | सार्वजनिक भवन तथा संरचना | संख्या | ५० | ५५ | ५७ | ६० | ६२ | ६५ | ” | भवन तथा शहरी विकास कार्यालय र निजी क्षेत्रसँग समन्वय भएको हुने | ३ | ९ | १.३ |
| | भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी दक्ष जनशक्ति भएको हुने | दक्ष जनशक्ति | संख्या | २० | ३० | ४० | ४५ | ५० | ६० | ” | | ३ | ९ | १.३ |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका निजी आवास तथा संरचनाहरु भएको हुने | आवास त था संरचनाहरु | प्रतिशत | ०.५ | १ | ५ | १० | १५ | ३० | ” | | ३ | ९ | १.३ |
| | आफ्नै स्वामित्वको घरमा बसोवास गर्ने परिवार वृद्धि भएको हुने | परिवार | प्रतिशत | ८० | ८२ | ८५ | ९० | ९२ | ९५ | ” | | ३ | ९ | १.३ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिलामैत्री, बालमैत्री, अपाङ्गतामैत्री सार्वजनिक संरचना भएको हुने | सार्वजनिक संरचना | संख्या | ५ | १० | २० | २५ | ३० | ३५ | " | | | ३ | ९ | १.३ |

## ६.३ सिंचाई

### पृष्ठभूमि

सिंचाईको उपलब्धता कृषि क्षेत्रको उत्पादकत्व अभिबृद्धिका लागि महत्वपूर्ण आधारशिलाका रुपमा रहेको हुन्छ । सिंचाई पूर्वाधारको सहज र समावेशी वितरणले ग्रामिण अर्थतन्त्रको विकास र विस्तारमा मात्र नभई रोजगारी प्रवर्द्धन, गरीवी निवारण तथा खाद्य सुरक्षामा पनि सिंचाईको योगदान रहेको हुन्छ । तसर्थ यसलाई दीगो विकास लक्ष्य प्राप्तीको मुल आधारका रुपमा राष्ट्रिय तथा प्रादेशिक योजनाले पनि अंगिकार गरेका छन् ।

### समस्या

ठूलो आर्थिक स्रोतको अभाव र भौगोलिक विविधतका कारणले खेति योग्य जमिनलाई सिंचित गर्न सिंचाई नसक्नु, प्रणालीको पूर्ण क्षमतामा सञ्चालन तथा बार्है महिना सिंचाई सुविधा पुग्ने गरी सञ्चालन हुन नसक्नु, नियमित मर्मत सम्भार हुन नसक्नु, कृषक व्यविस्थत कुलोमा पनि स्वव्यवस्थापन भन्दा स्रोतको निमित्त सरकार प्रतिको निभर्रता बढ्दै जानु, सिंचाई शुल्क उठ्न नसक्नु, कृषि र सिंचाई सम्बद्ध निकाय बिच समन्वय कमजोर हुनु, सिंचाई सम्बन्धी संगठनात्मक पुर्नसंरचना नहुनु, प्राविधिक जनशक्तिको न्यूनता, नयाँ प्रविधिमा आधारित (पोखरी, थोपा, ड्रिप आदि) सिंचाईको विस्तार हुन नसक्नु, पुराना पोखरी नासिँदै जानु, पक्की ढलले भूमिगत पानीको श्रोत घट्दै जानु आदि प्रमुख समस्या हुन् ।

### चुनौति

सर्वयाम सिंचाई सुविधा उपलब्ध गराउन, सिंचाई क्षेत्रमा विज्ञ प्रशिक्षक र तालिम प्राप्त प्राविधिकको पूर्ति गर्न, आर्थिक श्रोत र साधन उपलब्ध गराउन, सिंचाई सेवा शुल्क संकलन कार्य प्रभावकारी बनाउन, सिंचाई आयोजनाहरूको मर्मतसम्भार, सञ्चालन तथा व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउन, प्राकृतिक मुल तथा मुहानको दिगो संरक्षण गर्न, प्राकृतिक रिचार्ज प्रणाली कायम गर्न, सतह सिंचाई तथा भूमिगत सिंचाईको संयोजनात्मक प्रयोग गर्न, आधुनिक सिंचाईमा ध्यानाकर्षण तथा लगानी वृद्धि गर्न, सिंचाई आयोजना विकासप्रति समुदायको चासो वृद्धि गर्न, आदि सिंचाई क्षेत्रका चुनौतीहरू हुन् ।

### अवसर

भौगोलिक अवस्थाले सिंचाईयोग्य कृषि जमिनको पर्याप्तता, दीर्घकालीन कृषि विकास रणनीतिमा सिंचाईको विशष्ट स्थान रहनु, उपभोक्ताको संजाल विस्तार हुनु र सिंचाई सम्बन्धी नवीन ज्ञान र प्रविधिमा पहुँच बढ्दै जानु, ठूला व्यवसायिक कृषि फार्म तथा आयोजनाहरू विकासतर्फ निजी क्षेत्रको आकर्षण बढ्दै जाँदा सिंचाईको सुविधाको माग बढ्दो क्रममा रहनु, कृषियोग्य र सिंचाईयोग्य जमिनमा सिंचाई गर्न र जमिनको स्वरुप अनुरुप उपयुक्त प्रविधि अवलम्बन गर्न, सिंचाईमा दक्षता वृद्धि हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### सोच

सुरक्षित आवास र भवनको चाहना; स्थानिय मापदण्डको पालना

### लक्ष्य

भौतिक पुर्वाधार, सुरक्षित र सार्वजानिक सुविधाको विकास र गुणस्तरमा पहुंच बृद्धि गर्ने ।

### उद्देश्य

१. आधारभुत ग्रामीण पुर्वाधारको अवस्था सुधार गर्नु ।

२. भौतिक संरचना निर्माणको गुरुयोजना निर्माण गरी लागु गर्नु ।

३. भु उपयोग निती निर्माण गरी सेवा विस्तारमा पहुंच पुर्याउने ।

**रणनीति तथा कार्यनीति**

| रणनिती | कार्यनीति |
|---|---|
| **उद्देश्य १.** आधारभुत ग्रामीण पुर्वाधारको अवस्था सुधार गर्नु । | |
| १.१ जोखिमयुक्त्त र धरासायी रहेका वस्तिहरुको सुरक्षित व्यवस्थापनको लागि सम्भाव्यता अध्ययन गर्ने । | १.१.१ जोखिमयुक्त्त घरवस्तिहरुको तथ्याङ्क संकलन गरी संरक्षण गरिनेछ । |
| | १.१.२ ग्रामीण विकास / वस्ती विकासको मापदण्ड बनाई कार्यन्व्यन गरिनेछ । |
| | १.१.३ छरिएर रहेको वस्तीलाई एकिकृत वस्ती विकास गर्ने क्रम अगाडि बढाईनेछ । |
| **उद्देश्य २**. भौतिक संरचना निर्माणको गुरुयोजना निर्माण गरी लागु गर्नु । | |
| २.१ स्थानिय भवन निर्माण मापदण्ड निर्माण गर्ने । | २.१.१ राष्ट्रिय भवन संहिता पूर्ण रूपमा लागु गरिनेछ । |
| | २.१.२ प्रत्येक वडामा बहुद्देशिय पार्क निर्माण गरिनेछ । |
| | २.१.३ पालिकाको प्रशासनिक र वडा भवन मापदण्ड अनुरुप निर्माण गरिनेछ । |
| | २.१.४ पलिकाका पुरातात्विक, धार्मिक, सांस्कृतिक सम्पदाहरुको जिर्णोद्धार र आवश्यकता अनुसार निर्माण गरिनेछ । |
| २.२ पालिकाका सम्पूर्ण विद्यालयहरु, संस्थाहरु जस्ता रहित बनाउने । | २.२.१ सामुदायिक विद्यालयका संरचना मापदण्ड अनुसार निर्माण गरिनेछ ।<br>२.२.२ सामुदायिक स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसार संरचना निर्माण गरिनेछ ।<br>२.२.३ महाबु अस्पताललाई मापदण्ड अनुसार निर्माण गरी सञ्चालन गरीनेछ । |
| **उद्देश्य ३**. भु उपयोग निती निर्माण गरी सेवा विस्तारमा पहुंच पुर्याउने । | |
| ३.१ भु उपयोग निती निर्माण गरी लागु गर्ने । | ३.१.१ भु उपयोग निती निर्माण गरी जमिनको वर्गिकरण गरिनेछ । |
| | ३.१.२ पालिकामा निर्माण हुने सम्पूर्ण सार्वजनिक संरचनाहरु वालमैत्री, अपाङ्ग मैत्री र ज्येष्ठ नागरिक मैत्री हुनेछ । |

**कार्यक्रमहरुको प्राथमिकता**

१. पालिकाका सम्पूर्ण विद्यालयहरु, संस्थाहरु, सार्वजनिक संरचनाहरु  राष्ट्रिय भवन संहिता अनुसार निर्माण गर्ने ।

२. जोखिमयुक्त्त र धरासायी रहेका वस्तिहरुको सुरक्षित व्यवस्थापनको लागि सम्भाव्यता अध्ययन गर्ने ।

३. पालिकाका सम्पूर्ण विद्यालयहरु, संस्थाहरु जस्ता रहित बनाउने ।

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : सिंचाइ | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | भुल्के पानि भैसीखाल काप्रे बुटा सिचाइ कुलो निर्माण | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | | संघ/प्रदेश/स्थानीय |
| २ | पहीरा खोला देखि भम्मुको रूख हुदै खल्लाल खेत सम्म सिचाइ कुलो निर्माण | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | | संघ/प्रदेश/स्थानीय |
| ३ | छिनछिने छहरा कोलडाडा सिचाइ कुलो निर्माण | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | | संघ/प्रदेश/स्थानीय |
| ४ | भम्मुको रूख मुहान सुधार कार्यक्रम | आयोजना निर्माण | २० | ५ | ५ | ५ | ५ | | | संघ/प्रदेश/स्थानीय |
| ५ | मग्रहा खोला चैरासी थान सिचाइ कुलो निर्माण | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | | संघ/प्रदेश/स्थानीय |
| ६ | पैराखोला बाउन थर सिचाई कुलो निर्माण | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | | संघ/प्रदेश/स्थानीय |
| ७ | जराय खेत हुदै लामासाल सावद टोल जोडने सिचाइ कुलो निर्माण | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | | संघ/प्रदेश/स्थानीय |
| ८ | कालासिम सिचाइ कुलो निर्माण | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | | संघ/प्रदेश/स्थानीय |
| ९ | गाय खोला सिचाइ कुलो निर्माण | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | | संघ/प्रदेश/स्थानीय |
| १० | बारमाने सिचाइ कुलो निर्माण | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | | संघ/प्रदेश/स्थानीय |
| ११ | बिने खेत देखि मुहरू सिचाइ कुलो | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | | संघ/प्रदेश/स्थानीय |
| १२ | लहर्ने रिगेतडा सिचाइ कुलो | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | | संघ/प्रदेश/स्थानीय |
| १३ | हमाल धारा खाने पानि लिप्ट निर्माण | आयोजना निर्माण | १०० | २० | २० | २० | २० | २० | | संघ/प्रदेश/स्थानीय |
| १४ | रिमे जलबिद्युध आयोजना मर्मत | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | | संघ/प्रदेश/स्थानीय |
| १५ | माम्ले पुरी खम्ब सिचाइ कुलो | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | | संघ/प्रदेश/स्थानीय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | गोटिखोला बडाखेत बन्डाली थान सिचाइ कुलो निर्माण | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| १७ | गोटिखोला हुदै लहतडा मुहुरू खेत सिचाई कुलो निर्माण | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| १८ | सुनकाउलि सिचाई आयोजना | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| १९ | चुचे ढुङा टाकमारे सिचाई कुलो निर्माण | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| २० | गोठिखोला दमाई टोल सिचाई पोखरी मर्मत | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| २१ | रेडेखोला बुडासाल खेत सिचाई कुलो निर्माण | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| २२ | खाडा पाल्चार  सिचाई बाध निर्माण | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| २३ | कडेलि खोला देखी बत्तासे सिचाई कुलो निर्माण | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| २४ | भ्रगेरी गडिगाउँ फागु सिचाई कुलो | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| २५ | घटे खोला चुन टाकुरा लिप्टिङ सिचाई योजना | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| २६ | दोबिल्ला बास खर्क लिप्टिङ सिचाई योजना | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| २७ | माआ खोला सिकारी डाडा सिचाई कुलो निर्माण | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| २८ | ग्रोत्रिखोला सिचाई कुलो निर्माण | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| २९ | घुनखोला  तल्लो साजु सिचाई कुलो निर्माण | आयोजना निर्माण | ५० | २० | १० | १० | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| **जम्मा** | | | **१४७०** | **५६५** | **२९५** | **२९५** | **१६०** | **१५५** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | खेतीयोग्य जमिन मध्ये सिंचित भूमि वृद्धि भएको हुने | भूमि | हेक्टर | - | ९०० | १५०० | २१०० | २८०० | ३५०० | गापा | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने | ४ | २ | १.३ |
| असर | वर्षाको आकाशे पानीमा निर्भर सिँचाइ भूमि न्यून भएको हुने | भूमि | हेक्टर | ७६५ | ७०० | ६५० | ६०० | ५०० | ४६० | " | | ४ | २ | १.३ |
| प्रतिफल | पानी कुलो स्तरोन्नति तथा मर्मत संभार भएको हुने | पानी कुलो | संख्या | २ | ५ | ८ | १२ | १६ | २० | " | अन्तर सरकार समन्वय र सहकार्य भएको हुन | ४ | २ | १.३ |
| | सिंचाईका लागि प्रयोगमा आउने आकासेपानी संकलन तथा प्लाष्टिक पोखरी भएको हुने | आकासेपानी संकलन तथा प्लाष्टिक पोखरी | संख्या | १५० | २०० | ४०० | ६०० | ८०० | १००० | " | | ४ | २ | १.३ |
| | सिंचाई प्रविधि (सतह, पोखरी, ड्रिप, स्पिङक्लर) प्रयोगमा आएको हुने | सिंचाई प्रविधि | संख्या | ० | ३० | ७० | १२० | १७० | २०० | " | | ४ | २ | १.३ |

## ६.४ सूचना तथा सञ्चार प्रविधि

### पृष्ठभूमि

सूचना सञ्चारले विश्वलाई नै एकै ठाउँमा ल्याई विश्वग्रामको रूपमा विकसित गरेको छ । सूचना सञ्चार विनाको जीवन कल्पना गर्न नसकिने अवस्था सृजना भएको छ । यसले मानव जीवन सहज मात्र बनाएको छैन संसारलाई नै एउटै ग्राममा आबद्ध गर्न सफल भएको छ । सूचना प्रविधि एवं सञ्चार सुविधा मात्र नभएर लोकतन्त्रलाई जीवन्त राख्ने आधार पनि हो । यसको महत्वलाई दृष्टिगत गरी संविधानमा सूचनाको हक मौलिक हकको रूपमा व्यवस्था गरी आधारभूत लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षणको पहरेदारको रूपमा लिएको देखिन्छ । संविधान अनुसार सूचनाको मौलिक हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने नीति निर्देश गरेको छ ।

### समस्या

सूचना तथा सञ्चार प्रविधि सम्बन्धी उचित जनचेतना र पूर्वधारको विकास नहुनु, दुरसञ्चार लगयत इन्टरनेट सेवामा सबै नागरिकको पहुँच पुग्न नसक्नु, भौगोलिक विकटताका कारण सबै स्थानीय तहसम्म गुणस्तरीय इन्टरनेट सेवा र अन्य सञ्चारका माध्यमको उपलब्धता गर्न नसक्नु र उपलब्ध सञ्चार माध्यमहरू समेत बजार केन्द्रित हुनु, विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक कार्यालय जस्ता ठाँउहरुमा सूचना प्राविधिको उचित व्यवस्था नहुनु, विद्युत नभएको बेला मोबाइल नेटवर्क कमजोर हुनु, सूचना तथा सञ्चारको पोल तथा तारहरु अव्यवस्थित हुनु, सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट रोजगारी सिर्जना गर्न नसक्नु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### चुनौति

सञ्चार र प्रविधिका माध्यमहरूको पूर्ण रुपले विकास गर्न, सूचना सञ्चार तथा प्रविधि विकास सम्बन्धी तालिम प्राप्त जनशक्ति उत्पादन गर्न, परम्परागत हुलाक सेवालाई आधुनिकिकरण गर्न, सामाजिक सञ्जालको प्रयोग बढेसँगै यसको दुरुपयोग रोकथाम गर्न, छरिएर रहेको वस्तीमा सूचना तथा सञ्चार सेवा प्रवाह गर्न, विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक कार्यालय जस्ता ठाँउहरुमा पर्याप्त टेलिफोन सेवा उपलब्ध गराउन, गाउँपालिका भित्र संचालित कार्यक्रमहरुलाई रेडियो, एफ.एम लगायत अन्य सञ्चार माध्यमद्धारा प्रचार प्रसार गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

### अवसर

नेपालको संविधानले सूचना र सञ्चारसम्बन्धी हकलाई मौलिक हकको रुपमा समावेश गर्नु, सूचना तथा सञ्चारसम्बन्धी नीति नियम निर्माणमा प्रदेश र संघीय सरकार क्रियाशील हुनु, स्थानीय तहमा मोबाइल फोन प्रयोगकर्ताको संख्यामा वृद्धि हुनु, राज्यको खुला नीतिका कारण निजी क्षेत्रका सञ्चार माध्यमहरूले देशव्यापी रूपमा प्रशारण गर्नु, मोबाइल फोन सेवा र इन्टरनेट सेवा पहुँचले सूचना तथा खबर सम्प्रेषणमा सहज हुनु, गाउँपालिकाका कामहरु डिजिटल रुपमा व्यवस्थित हुँदै जानु, जनतामा डिजिटल साक्षरता क्रमशः बढदै जानु जस्ता अवसरहरु रहेका छन् ।

### लक्ष्य

नविन, गुणस्तरीय र दिगो सूचना प्रविधि प्रणालीको निर्माण गरी सूचना प्रविधिमैत्री गाउँपालिकाको निर्माण गर्ने ।

### उद्देश्य

१. सूचना प्रविधि व्यवसायलाई सुरक्षित र भरपर्दो क्षेत्रका रुपमा विकास गर्नु ।
२. सञ्चार माध्यमलाई व्यवसायिक र जवाफदेही बनाउनु ।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| प्रविधिमैत्री डिजिटल सुचना सेवाद्धारा सहज जिवनयापनको थालनी गर्ने । | ✓ रेडियो, टेलिभिजन तथा पत्रपत्रिका जस्ता सूचनाका माध्यमको पहुँच बढाइनेछ । |

| | |
|---|---|
| | ✓ सबै विद्यालयहरूमा आधुनिक सूचना प्रविधि अध्ययन कक्षा स्थापना गरिनेछ ।<br>✓ सार्वजनिक स्थलहरुमा डिजिटल बोर्डको स्थापना गरिनेछ ।<br>✓ स्थानीय तहमा युवा स्वरोजगार लक्षित सूचना प्रविधि सम्बन्धी तालिम र दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । |
| सञ्चारका माध्यमलाई सुदृढ बनाई विकासका क्षेत्रहरुलाई टेवा पुऱ्याउने । | ✓ संचार क्षेत्रको विकासका लागि स्थानीय सरकारले सहयोग गर्ने नीति ल्याइनेछ ।<br>✓ आधुनिक संचारका (मोबाइल, इन्टरनेट लगायत) सुविधा आम नागरिकको पहुँचमा पुऱ्याइनेछ ।<br>✓ आवश्यक स्थानमा Free WiFi Zone को स्थापना गरिनेछ ।<br>✓ प्रत्येक वडाका सेवा केन्द्रहरुमा गुणस्तरीय नागरिक सेवा प्रदान गर्न उच्च गुणस्तर तथा दिगो इन्टरनेटको व्यवस्थाको लागी पर्याप्त पूर्वाधारहरु (विटिएस, पोल र तार सहितको प्रणाली) को विस्तार गरिनेछ ।<br>✓ धेरैभन्दा धेरै सेवा अनलाईन प्रणालीमार्फत प्रदान गर्न जोड दिईनेछ । |

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र : सूचना तथा सञ्चार प्रविधि | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | गाउँपालिकाको आवश्यकता अनुरुप सूचना तथा सञ्चार नीति तर्जुमा गर्ने | सूचना तथा सञ्चार सुविधाहरुको विकास र विस्तार | १० | २ | २ | २ | २ | २ | स्थानीय तह आफै |
| २ | नागरिकमा डिजिटल साक्षरता बढाउन वडाहरूसँग सहकार्य मार्फत् तालिम र अभिमुखीकरण कार्यक्रम | | १० | २ | २ | २ | २ | २ | स्थानीय तह आफै |
| ३ | हरेक सरकारी कार्यालय र सामुदायिक भवनहरुमा सूचना प्रविधि पूर्वाधार विकास | | १० | २ | २ | २ | २ | २ | प्रदेश |
| ४ | सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई तालिम गराई उनीहरूको क्षमता अभिवृद्धि | | १० | २ | २ | २ | २ | २ | प्रदेश |
| **जम्मा** | | | ४० | १३० | १२० | १२० | २० | २० | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८० /८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८ ४ /८५ | २०८५ /८६ | | | | | |
| प्रभाव | मोबाइल फोन प्रयोगकर्ता वृद्धि भएको हुने | प्रयोगकर्ता | प्रतिशत | ९८.०७ | ९९ | ९९ | ९९ | ९९ | ९९ | गापा | अन्तरसरकार समन्वय र सहकार्य भएको हुने | ३ | ९ | ९.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | इण्टरनेट सेवा उपलब्ध क्षेत्र (घरधुरी) वृद्धि भएको हुने | घरधुरी | प्रतिशत | २८.५७ | ३५ | ४५ | ५० | ६० | ७० | " | | ३ | ९ | १.३ |
| प्रतिफल | स्थानीय केवल नेटवर्क तथा इण्टरनेट सेवा प्रदायक संस्थाहरु भएको हुने | संस्था | संख्या | १ | १ | २ | २ | ३ | ३ | " | | ३ | ९ | १.३ |
| | निःशुल्क इन्टरनेट सेवा वाइफाई उपलब्ध भएका क्षेत्रहरु भएको हुने | क्षेत्र | संख्या | - | १ | ६ | ६ | १० | १२ | " | दूरसञ्चार प्राधिकरण सँग सग समन्वय र सहकार्य भएको हुने | ३ | ९ | १.३ |
| | विद्युतीय प्रणालीमा आधारित पालिकाका सेवाहरु (अनलाइन सेवा) भएको हुने | अनलाइन सेवा | संख्या | - | | | | | | " | | ३ | ९ | १.३ |
| | विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा सुचारु इन्टरनेट सेवा भएको हुने | इन्टरनेट सेवा भएका कार्यालय | संख्या | २६ | ३१ | ३५ | ४० | ४० | ४० | " | निजी क्षेत्र (इन्टरनेट प्रदायक) सँग सहकार्य भएको हुने | ३ | ९ | १.३ |
| | सार्वजनिक स्थल तथा कार्यालयहरुमा सि.सि.क्यामेरा जडित भएको हुने | सि.सि. क्यामेरा | संख्या | ११ | १५ | २० | २५ | ३० | ३५ | " | | ३ | ९ | १.३ |

## ६.५ विद्युत तथा वैकल्पिक ऊर्जा

### पृष्ठभूमि

गाउँपालिकाको पूर्वाधार विकास र उद्यम विस्तारमा विद्युत तथा ऊर्जाको महत्वपूर्ण भूमिका रहन्छ । वायु ऊर्जा, सौर्य ऊर्जा, लघु जलविद्युत् तथा राष्ट्रिय ग्रिड प्रणाली आपूर्तिद्वारा उद्योग व्यापार तथा व्यवसाय प्रवर्द्धन हुनुका साथै दैनिक जनजीवनलाई पनि सहज बनाउन सकिन्छ । ऊर्जाको सहज उपलब्धता र प्रयोगले पेट्रोलियम पदार्थको प्रयोग न्यूनीकरण र वातावरणीय योगदानको साथै आयात प्रतिस्थापन गर्नमा मद्दत पुग्दछ ।

### समस्या

गाउँपालिकाको धेरै ठाँउहरुमा अव्यवस्थित विद्युतका पोलहरुले गर्दा जोखिमयुक्त अवस्था सिर्जना हुनु, सबै घरहरुमा केन्द्रिय प्रशारण लाइनको पहुँच पुग्न नसक्नु, भौगोलिक विकटताले गर्दा सबै वस्तीहरुमा विद्युत सेवा उपलब्ध नहनु, भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध नहनु, सडक बत्तिहरुको अभाव हुनु, ऊर्जा उत्पादनमा प्राविधिक र वित्तीय श्रोतको अभाव हुनु, वैकल्पिक ऊर्जाको स्पष्ट अवधारणा नहुनु, विद्यालय, बजार क्षेत्र, लगायतका प्रमुख कार्यालयहरु र अन्य निकायहरुमा वैकल्पिक ऊर्जाको व्यवस्था नहुनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### चुनौति

प्रत्येक घरमा निरन्तर रूपमा विद्युत प्रवाह गरी नियमित आपुर्तीको सुनिश्चितता गर्न, केन्द्रिय प्रशारण लाइन नभएकोले उद्योग तथा कलकारखना सञ्चालनमा ल्याउन, विद्युत र ऊर्जा विकासका लागि जिल्ला, प्रदेश र संघिय सरकार बिच समन्वय गर्न, जलविद्युत उत्पादनमा पर्याप्त मात्रामा विदेशी तथा निजी क्षेत्राको लगानी आकर्षित गर्न, विद्युत अवरोध हुँदा समयमा नै मर्मत गरी सुचारु गर्न, प्राविधिक र वित्तीय अभावले जिर्ण काठे पोलहरु परिर्वतन गरी गुणस्तरीय पोलहरु व्यवस्था गर्न, नवीकरणीय ऊर्जा उत्पादन सम्बन्धि नीति निर्माण गरी कार्यन्वयन गर्न, वैकल्पिक ऊर्जाको क्षेत्रमा प्रविधि प्रवर्द्धन तथा प्रयोगमा क्षमता अभिवृद्धि  गर्न, मानिसहरुलाई वैकप्लिक ऊर्जा प्रयोग गर्न अभ्यस्त गर्न जस्ता चुनौतीहरु छन् ।

### अवसर

भौतिक पूर्वाधार निर्माणलाई संघ तथा प्रदेश सरकार दुबैले प्राथमिकतामा राख्नु, जलविद्युत्त उत्पादनमा लगानीमैत्री र प्रतिस्पर्धाको वातावरण सिर्जना गरी विदेशी तथा निजी क्षेत्रको लगानी आकर्षित गर्न, प्राविधिक र वित्तीय साझेदारीमा सौर्य ऊर्जा उत्पादन गर्न, सौर्य ऊर्जाको क्षेत्रलाई विस्तार गरी विभिन्न क्रियाकलाप सञ्चालन गर्न, कृषि तथा पशुपन्छी पालनमा संलग्न कृषक, फर्म, व्यवसायिक समुह, कृषि सहकारी आदिको सहकार्यमा ठुलो क्षमताको बायोग्यास प्लान्ट निर्माण गर्न, प्रमुख कार्यालयहरु र अन्य निकायहरुमा वैकल्पिक ऊर्जाको व्यवस्था गर्न, गाउँपालिकाको बजार क्षेत्र लगायतका मुख्य चोकहरुमा सोलार बत्ती जडान गर्न, विद्युत र वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा गरी कृषि, औद्योगिक उत्पादन तथा रोजगारीसँग जोड्न जस्ता अवसरहरु छन् ।

### सोच

समृद्धिका लागि सहज र गुणस्तरीय विद्युत उर्जा सेवाको विस्तार ।

### लक्ष्य

गाउँपालिकालाई आवश्यकता अनुसार दिगो र गुणस्तरीय विद्युत सेवा विस्तार गर्ने ।

### उद्देश्य

१. गाउँपालिकाको सम्पूर्ण घरधुरीमा दिगो र भरपर्दो विद्युत सेवा विस्तार गर्नु ।

## रणनीति तथा कार्यनीति

| रणनिती | कार्यनीति |
|---|---|
| **उद्देश्य १.** गाउँपालिकाको सम्पूर्ण घरधुरीमा दिगो र भरपर्दो विद्युत सेवा विस्तार गर्नु । | |
| १.१ वैकल्पिक उर्जाको उत्पादन र प्रयोगमा बृद्धि गर्ने । | १.१.१ पालिकाको सरकारी कार्यालय, स्वास्थ्य चौकी, विद्यालय र सार्वजानिक स्थलहरुमा सौर्य उर्जाको प्रयोग गरिनेछ । |
| | १.१.२ साना लघु जलविद्युत आयोजनाको संभाव्याता अध्ययन गरिनेछ साथै पुरानाको जिर्णोद्धार गरिनेछ । |
| | १.१.३ पालिका भित्र प्राङारिक मल उत्पादन गरिनेछ । |
| १.२ प्रत्येक घरधुरिमा राष्ट्रिय विद्युत प्रशारण लाईनको पहुंच पुर्याइने छ । | १.२.१ राष्ट्रिय विद्युत प्रशारण लाईनको पहुंच विस्तार गरी प्रत्येक टोलमा १२ महिना विद्युत प्रवाह गरिनेछ । |
| | १.२.२ तिनै तहका सरकारको समन्वयमा भरपर्दो विद्युत पोल र सव स्टेसनको निर्माण गरिनेछ । |
| | १.२.३ विद्युत पुर्वाधारमा प्राविधिक र वित्तिय व्यवस्थापन गरिनेछ । |

## कार्यक्रमहरुको प्राथमिकता

१. राष्ट्रिय विद्युत प्रशारण लाईनको पहुंच विस्तार गरी प्रत्येक टोलमा १२ महिना विद्युत प्रवाह गर्ने ।

२. पालिकाको सरकारी कार्यालय, स्वास्थ्य चौकी, विद्यालय र सार्वजानिक स्थलहरुमा सौर्य उर्जाको प्रयोग गर्ने ।

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : विद्युत तथा वैकल्पिक ऊर्जा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | जिर्ण लघु जलविद्युत आयोजनाहरु मर्मत सुधार गरी सुचारु गर्ने । | विद्युतिकरण | ५० | २० | १५ | ५ | ५ | ५ | संघ/स्थानीय |
| २ | विद्युतको पहुँच नपुगेका दुर्गम क्षेत्र साङतामा सोलार मिनीग्रिड विस्तार | विद्युतिकरण | १५ | १० | ५ | | | | संघ/स्थानीय |
| ३ | राष्ट्रिय प्रसारण विद्युत सेवा सबै गाउँ र टोलमा बाह्रै महिना भरपर्दो बनाउन समन्वय गर्ने | विद्युत | २० | १० | १० | | | | संघ/स्थानीय |
| ४ | स्थानीय काठका जिर्ण विद्युत पोलहरुलाई प्रतिस्थापन गर्ने । | विद्युत | ३० | १० | १० | १० | | | संघ/प्रदेश/स्थानीय |
| ५ | विद्युत प्राविधिक र वित्तीय व्यवस्थापन सुनिश्चित गर्ने | विद्युत | ५ | | ५ | | | | स्थानीय |
| ६ | विद्युत जडान गर्न र मर्मत सम्भार गर्न सिपमुलक तालिम प्रदान गर्ने । | विद्युत | १०० | २० | २० | २० | २० | २० | संघ/स्थानीय |
| ७ | मुख्य बजार क्षेत्रमा विद्युत वितरण प्रणालीलाई भूमिगत गर्न सम्भाव्यता अध्ययन | विद्युत | ५० | | २० | २० | १० | | संघ/स्थानीय |
| **जम्मा** | | | **२७०** | **७०** | **८५** | **५५** | **३५** | **२५** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगोल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | केन्द्रीय विद्युत लाइन प्रसारणवाट लाभान्वित घरधुरी वृद्धि भएको हुने | घरधुरी | प्रतिशत | ६३.५ | ६५ | ६७ | ६८ | ६९ | ७० | गापा | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने | ३ | ७ | ३.३ |
| असर | विद्युत सेवामा पहुँच प्राप्त घरधुरी वृद्धि भएको हुने | घरधुरी | प्रतिशत | ९८.४ | ९८.५ | ९८.७ | ९८.८ | ९८.९ | ९९ | " | | ३ | ७ | ३.३ |
| प्रतिफल | सोलार प्रणालीमा आवद्ध घरधुरी भएको हुने | घरधुरी | संख्या | ३०० | ३३० | ३६० | ३९० | ४३० | ४६० | " | | ३ | ७ | ३.३ |
| | खाना पकाउन एलपि ग्याँस प्रयोग गर्ने घरधुरी वृद्धि भएको हुने | घरधुरी | प्रतिशत | १० | १२ | १४ | १६ | १८ | २० | " | | ३ | ७ | ३.३ |
| | सुधारिएको वा धुँवा रहित चुल्हो जडान भएका घरधुरी वृद्धि भएको हुने | घरधुरी | प्रतिशत | ८० | ८२ | ८६ | ८८ | ९२ | ९५ | " | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने | ३ | ७ | ३.३ |
| | खाना पकाउन एलपि ग्याँसको सट्टामा विद्युतीय ऊर्जा (इन्डक्सन) प्रयोग गर्ने घरधुरी भएको हुने | घरधुरी | संख्या | ० | १० | २० | ३० | ४० | ५० | " | | ३ | ७ | ३.३ |
| | वैकल्पिक उर्जा प्रयोग गर्ने घरधुरी भएको हुने | घरधुरी | प्रतिशत | ०.५ | १५ | २० | २५ | ३० | ३५ | " | | ३ | ७ | ३.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सडकको किनारा तथा सार्वजनिक स्थानमा जडित सडक बत्ती भएको हुने | सडक बत्ती | संख्या | ५ | १५ | २० | २५ | ३० | ३५ | " | | ३ | ७ | ३.३ |

# परिच्छेद सात : वन, वातावरण तथा विपद व्यवस्थापन

## ७.१ वन तथा जैविक विविधता

### पृष्ठभूमि

संविधानमा स्वच्छ वातावरणलाई मौलिक हकको रूपमा सुरक्षित गरिएको छ भने राज्यका नीतिहरूमा प्राकृतिक साधन स्रोतको संरक्षण र उपयोग सम्बन्धमा उल्लेख भएको छ । वन तथा जैविक विविधता प्रदेश सरकारको अधिकारको सूचीमा रहेको भएता पनि यसको विकासमा गाउँपालिकाको भूमिका महत्वपुर्ण छ। जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक-सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा वन क्षेत्र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहन गएको छ ।

### समस्या

वनको समुचित संरक्षणका लागि कानून तथा नीति निर्माण नहुनु, भू-क्षय, पहिरो, ढडेलो लगायतका प्राकृतिक विपतिको नियन्त्रण तथा सामना गर्न व्यवस्थित कार्य योजना निर्माण नहुनु, वन क्षेत्रको उत्पादन र लाभको न्यायोचित वितरण नहुनु, वन तथा जैविक विविधता सम्बन्धी जनचेतनामा कमी हुनु, अन्तरतह र अन्तर निकाय समन्वय कमजोर हुनु, वन क्षेत्र माथिको अतिक्रमण पूर्णतया रोक्न नसक्नु, वन तथा जैविक विविधताको वैज्ञानिक व्यवस्थापन नहुनु, वन विकास र आयआर्जन तथा रोजगारी बिच सन्तुलन कायम गर्न नसक्नु, वढ्दो मानव वन्यजन्तु द्वन्द्व र यसको व्यवस्थापनमा कठिनाई हुनु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

बढ्दो इन्धन र काठको मागको व्यवस्थापन गर्नु, वन डढेलो रोक्नु, विकास निर्माणबाट हुने वन अतिक्रमणको व्यवस्थापन गर्नु, जैविक विविधता संरक्षण गर्नु, वन्यजन्तुको संरक्षण गरी व्यवस्थित गर्नु, वन विकास र जैविक विविधता संरक्षणमा सबै क्षेत्र र निकायको अपनत्व स्थापित गर्दै क्षमता अभिवृद्धि गर्नु, भूक्षय, पहिरो, वातावरण प्रदूषण रोक्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

वन संरक्षण तथा जैविक विविधता जनप्रतिनिधि तथा सरकारको प्राथमिकताको विषय रहनु, वन पैदावारमा आधारित उद्यम र पर्यापर्यटन प्रवर्द्धन मार्फत आय र रोजगारीसँग आबद्ध हुन सक्ने अवस्था रहनु, वनस्पतिजन्य स्रोतको वैज्ञानिक र व्यावसायिक उपयोग गर्न सकिने अवस्था विद्यमान रहनु, वन पैदावारको आपूर्ति, जडीबुटीको उत्पादन, मूल्य अभिवृद्धि, उपयोग र निर्यात गर्न सकिने अवस्था रहनु, जडीबुटी खेतीलाई विकास गर्न, प्राकृतिक रमणीयता र वातावरण एवम् जैविक विविधताको उपलब्धता रहनु आदि प्रमुख अवसर हुन् ।

### लक्ष्य

वनको उचित व्यवस्थापन र जैविक विविधताको संरक्षणका माध्यमबाट गाउँपालिकाबासीको जीवनस्तरमा सुधार गर्ने ।

### उद्देश्य

१. स्थानीय वनको संरक्षण, बैज्ञानिक व्यवस्थापन, वन्यजन्तु र जैविक विविधता संरक्षण, सम्बर्दन गर्नु ।
२. वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनबाट वन र जैविक सहित वन पैदावारको उचित उपयोग गर्नु ।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ स्थानीय वनको संरक्षण, बैज्ञानिक व्यवस्थापन, वन्यजन्तु र जैविक विविधता संरक्षण, सम्बर्दन गर्नु । | |

| | |
|---|---|
| १.२ वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यवसायीकरण गर्ने। | १. वनभित्रका ढलेका तथा सुकेका रुखहरू बिक्री वितरणको व्यवस्था गरिनेछ ।<br>२. काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ ।<br>३. जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ ।<br>४. बन्यजन्तु पालन, प्रजनन तथा व्यवसायीकरणका लागि स्थानीय जनतालाई प्रेरित गरिनेछ ।<br>५. वन जन्य व्यवसाय प्रति स्थानीय युवाको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई वनविज्ञान विषयमा अध्ययन गर्न आर्थिक सहयोग गरिनेछ । |
| १.२ सुमुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने । | १. स्थानीय जनतालाई वनको महत्त्व र यसका फाइदाबारे जानकारी गराइनेछ ।<br>२. वनको सीमा निर्धारण गरी तार बार गरिनेछ ।<br>३. खाली भूभागमा वृक्षारोपण गरिनेछ ।<br>४ वन नर्सरी स्थापना गरिनेछ ।<br>५ . सामुदायिक बनहरूका कार्ययोजना अनुसार बनको संरक्षण गरिनेछ ।<br>६. स्थानीय जनतालाई फलफूलका बिरुवाहरू वितरण गरिनेछ ।<br>७. तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| उदेश्य २ वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनबाट वन र जैविक सहित वन पैदावारको उचित उपयोग गर्नु । | |
| २.१ जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने । | १. वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट बिरुवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्निरेखा, झाडी सफाइ जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षण गरिनेछ ।<br>२. वन्य जन्तुहरूबाट हुन सक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जङ्गल क्षेत्रमै उपयुक्त हुने घाँस, बिरुवा, फलफूलहरू रोपण गरी वन्यजन्तुको आहारा व्यवस्था मिलाइनेछ ।<br>३. व्यावसायिक मूल्य भएका जडीबुटी लगायतका बोट बिरुवाहरूको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दिगो उपयोगमा जोड दिइनेछ ।<br>४. छाडा चरिचरन, बन फँडानी गरी वस्ति विकास, आगलागी जस्ता क्रियाकलापहरूलाई पूर्ण बनदेज लगाई दण्ड जरिबानाको व्यवस्था गरिनेछ । |
| २.२ बाह्य र आन्तरिक स्रोत साधनको परिचालन गर्ने । | १. योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न संघीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।<br>२. गैरसरकारी संस्थाहरूलाई वन तथा जैविक विविधताको संरक्षणका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ ।<br>३. गाउँपालिकाको पार्षिक बजेटको निश्चित प्रतिशत रकम वन तथा भूसंरक्षण क्षेत्रका कार्यक्रमका लागि छुट्याइनेछ ।<br>४. वनजन्य उद्योगको विकास र व्यवसायीकरणका लागि स्थानीय निजी क्षेत्रलाई प्रोत्सहान गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : वन तथा जैविक विविधता | | | | | | | | | | जिम्मेवारी ( स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | सबै ठूला आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन गरी प्रभावहरूको न्यूनीकरणका उपाय पहिचान र अवलम्बन गर्ने । | पर्यटन तथा वन विकास | ५ | १ | १ | १ | १ | १ | | स्थानीय तह आफै |
| २ | वन्यजन्तु तथा जडिबुटीको पहिचान तथा संरक्षण गर्ने | पर्यटन विकास/वातावरण | ५ | १ | १ | १ | १ | १ | | |
| ३ | विभिन्न व्यवस्थापन प्रणालीबाट उत्पादित काठजन्य वस्तु र जडीबुटीको उत्पादन, प्रशोधन र उपयोगमा विविधिकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गर्ने | वन वृद्धि | ५ | १ | १ | १ | १ | १ | | |
| ५ | वृक्षारोपण र वन विकास कार्यक्रम सञ्चालन | आय आर्जन र वन वृद्धि | १० | २ | ४ | २ | १ | १ | | |
| ६ | वन पैदावार उपयोग तथा जैविक विविधता र वातावरण सम्बन्धी नीति, कानुन, योजना तर्जुमा कार्यान्वयन नियमन तथा अनुगमन | आय आर्जन र वन वृद्धि | ८ | २ | २ | २ | ०.५ | ०.५ | | |
| ७ | वन्यजन्तुको लागि वन क्षेत्रमा पोखरी निर्माण | वन वृद्धि | १० | २ | २ | २ | २ | २ | | |
| १० | वन जङ्गलबाट वस्तीमा पर्ने असुरक्षालाई न्यूनीकरण गर्न तयारी गर्ने | वन वृद्धि | १० | २ | २ | २ | २ | २ | | |
| **जम्मा** | | | **५३** | **११** | **१३** | **११** | **८.५** | **८.५** | | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | जैविक संरक्षणका लागि मिचाहाप्रजाति नियन्त्रण, वृक्षारोपण, रिचार्ज पोखरी, अग्नी रेखा भई जैविक विविधता संरक्षण भएको हुने | मिचाहाप्रजाति नियन्त्रण, वृक्षारोपण, रिचार्ज पोखरी, अग्नी रेखा | प्रकार संख्या | ०<br>०<br>०<br>० | १०%<br>१०<br>३<br>२ | २०%<br>२५<br>५<br>५ | ३५%<br>३५<br>७<br>६ | ५०%<br>४०<br>८<br>८ | ६०%<br>५०<br>१०<br>१० | गापा | अन्तर सरकार सहकार्य भएको हुने | ७ | १५ |
| असर | वन जङ्गलको कूल क्षेत्रफल (कूल भूमिको) बढेको हुने | वन जङ्गलको कूल क्षेत्रफल (कूल भूमिको) | प्रतिशत | - | ४६.२५ | ४६.४० | ४६.६० | ४६.८० | ४७ | " | | ७ | १५ |
| | वन्यजन्तुबाट अन्नवालीमा पुगेको वार्षिक क्षति घटेको हुने | वार्षिक क्षति | रु.लाख | - | ४० | ३० | २० | १० | ५ | " | | | |
| प्रतिफल | जैविक विविधता संरक्षण सम्बन्धी जनचेतनामूलक अभिमुखीकरण कार्यक्रमहरु संचालन भएको हुने | कार्यक्रम | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | अन्तर सरकार, प्रदेश सरकार, अन्तर पालिका बीच समन्वय र सहकार्य भएको हुने | ७ | १५ |
| | सामुदायिक वनले ओगटेको क्षेत्र बढेको हुने | सामुदायिक वनले ओगटेको क्षेत्र | हेक्टर | - | १ | १.५ | २ | २.५ | २.५ | " | | ७ | १५ |
| | वृक्षारोपण क्षेत्र बढेको हुने | वृक्षारोपण गरिएको क्षेत्र | हेक्टर | ० | ०.३ | ०.५ | ०.७ | ०.९ | १.०२ | " | | ७ | १५ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चरन क्षेत्र संरक्षन भएको हुने | संरक्षित चरन क्षेत्र | संख्या | ० | ३ | ६ | १० | १६ | २० | " | | ७ | १५ |
| | गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती क्षेत्र भएको हुने | गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती क्षेत्र | हेक्टर | ० | १ | ३ | ४ | ५ | ६ | " | | ७ | १५ |
| | वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा निर्माणजन्य तथा नदीजन्य पदार्थको उत्खनन भएको हुने | वातावरणीय अध्ययन प्रतिवेदनका आधार मा निर्माणजन्य तथा नदीजन्य पदार्थको उत्खनन | घनमिटर | ० | १ | १ | १ | २ | ३ | " | | ७ | १५ |
| | प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरी सञ्चालित उद्योग व्यवसाय भएको हुने | उद्योग व्यवसाय | संख्या | ० | १ | २ | ३ | १ | १ | " | | ७ | १५ |

## ७.२ भू तथा जलाधार व्यवस्थापन

### पृष्ठभूमि

नदीजन्य प्रकोप खासगरी बाढी पहिरोबाट गाउँपालिका क्षेत्र सुरक्षित छैन । केही क्षेत्र प्राकृतिक प्रकोपको दृष्टिमा संवेदनशील छन् । त्यस्ता क्षेत्रहरुको संरक्षणका प्रयासहरु गाउँपालिकाबाट पर्याप्त हुन सकिरहेका छैनन् । वायो इन्जिनियरिङ गरी भूक्षयको संरक्षण अभ्यास न्यून छ । प्राकृतिक स्रोतको उचित सदुपयोग गर्न जमिन वा भू–सम्पदाको उपयुक्त व्यवस्थापन गर्नुपर्छ । भू–संरक्षण र जलाधार व्यवस्थापनको माध्यमबाट प्राकृतिक सम्पदाबाट अधिकतम प्रतिफल प्राप्त हुने परिस्थिती निर्माण गर्न सकिन्छ । नेपालले प्रतिवद्धता जनाएको दिगो विकासका लक्ष्यहरु अन्तर्गतका धेरै लक्ष्यहरु आवधिक विकास योजनाको यस उपक्षेत्रसँग सम्वधित छन् ।

### समस्या

पानीका मुहान, पोखरी क्षेत्रको संरक्षण र उपयोग दिगो रुपमा नहुनु, जलवायु परिवर्तन सम्बन्धी सचेतना कार्यक्रमहरु सञ्चालन नहुनु, जलवायू परिवर्तन मापन केन्द्र नहुनु, वनजंगलको विनाशका कारण जमिन माथिको वायुमण्डलको तापक्रम बढ्नु, कृषि, जैविक विविधता र ऊर्जा लगायतका क्षेत्रहरू एवम् जीविकोपार्जनमा समेत प्रतिकुल प्रभाव पर्नु, अनुसन्धान तथा तथ्याङ्कको कमी हुनु, अन्तरनिकाय समन्वय पर्याप्त नहुनु, नीति तथा कार्यक्रमहरूमा जलवायुसँग सम्बन्धित मुद्धा सम्बोधन नहुनु यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

### चुनौति

विकास आयोजनाले वातावरणमा पारेको असरको अनुगमन गरी नियमन गर्न, जलवायु परिवर्तनका प्रतिकुल प्रभावहरू न्यूनीकरण गरी जलाधारको क्षमता वृद्धि गर्न, जलाधार संरक्षण र संवर्द्धन गर्न आवश्यक पर्ने जनशक्ति, सीप, दक्षताको अभाव तत्काल पुरा गरी प्रभावकारी तुल्याउन, संवेदनशील र कमजोर भू-बनोट भएका क्षेत्रको संरक्षण गर्न, माटो र पानीको दिगो तथा एकीकृत् संरक्षण गर्न, भूसंरक्षणको सेवा प्रवाह गर्ने नीतिगत व्यवस्था गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

### अवसर

भूक्षय नियन्त्रण र वातारण संरक्षण आदि स्थानीय सरकारको अधिकारमा रहनु, जलवायु परिवर्तन सम्बन्धी जनचेतना अभिवृद्धि गरी अनुकूलन कार्यक्रम सञ्चालन गर्नु, जलवायु वित्तको व्यवस्था हुनु, प्रकृति संरक्षण अनुकूलनको क्षमता बढाउन राष्ट्रिय कार्ययोजना तयार हुनु र जलवायु परिवर्तनका क्षेत्रमा उपलब्ध अन्तर्राष्ट्रिय सहयोगलाई राष्ट्रिय बजेट प्रणालीमा एकीकृत गर्नु, पानीका मुहान र सिमसार क्षेत्रको संरक्षण गर्नु, भू तथा जलाधारलाई एकीकृत गरी वन र कृषि दुबै क्षेत्रको आम्दानी अभिवृद्धि गर्न सकिने सम्भावना हुनु यस क्षेत्रका अवसरहरू रहेका छन् ।

### लक्ष्य

गाउँपालिका क्षेत्रभित्र भु संरक्षण तथा जलाधार व्यवस्थापन गर्ने ।

### उद्देश्य

बैज्ञानिक व्यवस्थापनवाट भुसंरक्षण र जलाधार व्यवस्थापनको उचित उपयोग गर्नु ।

### रणनीति र कार्यनीति

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| उद्देश्य १: बैज्ञानिक ब्यवस्थापन वाट भुसंरक्षण र जलाधार व्यवस्थापनको उचित उपयोग गर्नु । | |
| १.१:भुमि संरक्षणका लागि वृक्षारोपण र मुहान संरक्षणको क्रियाकलाप मार्फत जलाधार व्यवस्थापन गर्ने । | १. भूमि तथा जलाधार क्षेत्र संरक्षण क्षेत्रसँग सम्बन्धित स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने गरिनेछ । |

| | |
|---|---|
| | २. सडक निर्माण कार्य गर्दा एवम् प्राकृतिक उत्खनन गर्दा वातावरण प्रभाव मूल्याङ्कन गरी वातावरण जोगाउने उचित उपाय अवलम्बन गरिनेछ । |
| | ३. नदी जन्य लगायत प्राकृतिक स्रोतमा आधारित कच्चा पदार्थको उत्खनन प्रशोधन तथा निकासी कार्यलाई मापदण्ड बनाई कार्यान्वयनमा सहजीकरण गरिनेछ । |
| | ४. भएका वन सम्पदाको उपयोगको अवस्था अध्ययन गरी वन विकास तथा सिमसार क्षेत्रको गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ । |
| | ५ भू क्षय नियन्त्रणका लागि बायोईन्जिनियरिंग प्रविधिको . र क्षेत्रको उचित संरक्षणका लागि वृक्षारोपण, पोखरी जस्ता ान गरी जलाधार क्षेत्रहरूको संरक्षण गरिनेछ । |
| | ६गाउँपालिकाले भूमि संरक्षण तथा जलाधार व्यवस्थापनको . ठोस तथा दीर्घकालीन नीति लिनेछ । |
| | ७अनावृष्टि ., अतिवृष्टि, अल्पवृष्टी रोक्न सूचना दिने संयन्त्र स्थापना गरिनेछ । नदी कटान हुने विभिन्न वडाहरूमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दिगोपन सुनिश्चित गर्ने प्रयास गरिनेछ । |
| १.२: जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भुसंरक्षण गर्ने | १. नदी कटान हुने विभिन्न वडाहरुमा बाँस,निगालो खेति ततथा बायोइञ्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्युनिकरणमा दिगोपना सुनिश्चित गरिनेछ । |
| | २बडा स्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम . विस्तार गरी खाली जमिन, भिरालो क्षेत्र तथा नदी किनारमा वृक्षारोपण गरिनेछ । |
| १.३: पहिरो जाने सम्याको दीर्घकालिन समाधानका लागि उपायहर अवलम्वन गर्ने | १. सडक नालीहरू व्यवस्थित बनाइनेछ । |
| | २.खोला तथा नदी किनारामा दीर्घकालीन तटबन्ध निर्माण गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : भू संरक्षण तथा जलाधार व्यवस्थापन | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | जोखिम संवेदनशील भू उपयोग योजना तर्जुमा गर्ने | योजना तयार | २० | ० | २० | ० | ० | ० | | संघ/स्थानीय तह |
| २ | भूक्षय नियन्त्रणका लागि बायो इन्जिनियरिङ्ग कार्यहरु गर्ने | भूक्षय नियन्त्रण | ४० | १० | १० | २० | ० | ० | | प्रदेश/स्थानीय तह |
| ३ | गाउँपालिका क्षेत्रभित्र रहेका जलाधार क्षेत्रहरु पहिचान, नक्सांकन र संरक्षण | वातावरण संरक्षण | १५ | १५ | ० | ० | ० | ० | | स्थानीय तह |
| ४ | गाउँक्षेत्रका सिमसार तथा पोखरीको संरक्षण तथा उचित उपयोग | वातावरण संरक्षण | ५० | २० | २० | १० | | | | स्थानीय तह |
| ५ | गाउँभरी रिचार्ज पोखरी निर्माण गरी कृषिमा प्रयोग गर्ने | वातावरण संरक्षण | ५० | १० | १० | १० | १० | १० | | स्थानीय तह |
| ६ | विद्यालयहरुमा वर्षादको पानी संकलन गरी उपयोग गर्ने कार्यक्रम संचालन | श्रोतको उपयोग | ४० | १० | १० | १० | १० | | | स्थानीय तह |
| **जम्मा** | | | **२१५** | **६५** | **७०** | **५०** | **२०** | **१०** | | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिराव संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | संरक्षित पानी मुहान क्षेत्र भई वातावरण सन्तुलन भएको हुने | मुहान क्षेत्र | प्रतिशत | १० | २५ | ५० | ७० | ८५ | १०० | गापा | | ७ | १३ | ३.४ |
| असर | भूक्षय नियन्त्रणका लागि प्रयोगमा ल्याइएको वायोइञ्जिनियरिङ (घाँसपात, झार तथा वनस्पति रोपण) गरिएका क्षेत्रहरु वृद्धि भएको हुने | भूक्षय नियन्त्रण | प्रतिशत | ० | ५ | २० | ५० | ८० | १०० | ” | अन्तर सरकार सहकार्य भएको हुने | ७ | १३ | ३.४ |
| | संरक्षित गल्छी तथा पहिरोहरु भएको हुने | संरक्षित गल्छी तथा पहिरोहरु | प्रतिशत | ० | ३० | ५५ | ७० | ८५ | १०० | ” | | ७ | १३ | ३.४ |
| प्रतिफल | भूक्षय नियन्त्रणका लागि वृक्षारोपण गरिएका उजाड डाँडा पाखाहरु भएको हुने | वृक्षारोपण पाखाहरु | संख्या | २ | १ | १ | १ | १ | १ | ” | | ७ | १३ | ३.४ |
| | संरक्षित तालतलैया, पोखरी क्षेत्र भएको हुने | संरक्षित तालतलैया, पोखरी क्षेत्र | संख्या | २ | | ३ | | ४ | ५ | ” | अन्तर सरकार सहकार्य भएको हुने | ७ | १३ | ३.४ |
| | खोला नदीमा निर्माण गरिएको तटवन्धको कूल लम्वाई बढेको हुने | कूल लम्वाई | किमि | ० | ३ | ३ | ३ | ३ | ३ | ” | | ७ | १३ | ३.४ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सडक किनारामा गरिएको वृक्षारोपणले ओगटेको भूमि भएको हुने | वृक्षारोपण | किमि | ० | ५ | ५ | ५ | ५ | ५ | " | | ७ | १३ | ३.४ |
| | संरक्षित जलाधार क्षेत्रहरु भएको हुने | जलाधार क्षेत्रहरु | संख्या | १ | १ | १ | १ | १ | १ | " | | ७ | १३ | ३.४ |

## ७.३ वातावरण तथा स्वच्छता

### पृष्ठभूमि

नेपालमा घरेलु रुपमा सरसफाई र फोहरमैलाको व्यवस्थापन हुने गरेको भएतापनि पूर्ण रुपमा व्यवस्थापन र वातावरण संरक्षण गर्न आवश्यक संरचनागत र संस्थागत व्यवस्था भने हुन सकेको छैन । वातावरण संरक्षणका लागि सरकारी स्तरबाट पनि अझ प्रभावकारी नीति निर्माण गरी फोहोर मैला व्यवस्थापन, वृक्षारोपण र संरक्षण, प्राकृतिक श्रोत साधनको समुचित प्रयोग, वातावरण प्रदूषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन हुन आवश्यक छ ।

### समस्या

फोहोरमैलाको उचित व्यवस्थापन नहुनु, सडकहरु कच्ची तथा नाला र ढलको व्यवस्था सबै स्थानमा नहुनाले ढल निकासको समस्या हुनु, फोहोरमैला उत्सर्जन, बोटल तथा प्लाष्टिकजन्य फोहोर निष्कासनका कारण वायु र पानीजन्य प्रदूषण, प्रदूषण नियमन सम्बन्धी मापदण्डको कार्यान्वयन नहुनु, खुल्ला रुपमा दाह संस्कार गर्ने गरकोले वातावरण प्रदूषण हुनु, सार्वजनिक स्थानमा शौचालयको कमी र डस्टबिन संख्या पर्याप्त नहुनु प्रमुख समस्या हुन् ।

### चुनौति

वातावरण तथा स्वच्छताको विषयमा नागरिकको सचेतना वृद्धि गर्न, वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित गर्न, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

### अवसर

वातावरण संरक्षणका लागि स्थानीय समुदायसँग सहकार्य मार्फत मानव अनुकूलको वातावरण निर्माणमा सहयोग पुग्नु, फोहोरमैला व्यवस्थापनमा गाउँपालिका सक्रिय रहनु, फोहोरमैला व्यवस्थापन र ढल निकासको विकास हुनु, विकास निर्माणका कार्यमा वातावरणीय प्रभाव मूल्याङ्कनको व्यवस्था हुनु, वातावरण प्रदूषण सम्बन्धी चेतनामूलक कार्यक्रम  गाउँपालिका स्तरमा सञ्चालन हुनु जस्ता अवसरहरु रहेका छन् ।

### लक्ष्य

वातावरण संरक्षण गर्दै गुणस्तरीय र दिगो सरसफाई सेवा विस्तार गर्ने ।

### उद्देश्य

१. समुदायका पायक पर्ने स्थानहरुमा फोहोर संकलनको व्यवस्था मिलाउनु ।

२. सरसफाई सुविधाको पहुँचको सुनिश्चितता गर्नु ।

### रणनीति र कार्यनीति

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| उद्देश्य १: समुदायका पायक पर्ने स्थानहरुमा फोहोरमैला संकलनको व्यवस्था मिलाउनु । | |
| १.१ समुदायका घना बस्ती भएको ठाउँ, हाटबजार लाग्ने र सेवा प्रदायक कार्यालय भएका स्थानहरूमा फोहर मैला व्यवस्थापनको गुरु योजना बनाई फोहोर सङ्कलनको व्यवस्था गर्ने । | १. समुदायका फोहर मैलालाई जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज व्यवस्था गरी फोहर मैला व्यवस्थापन गरिनेछ । |
| | २. प्रत्यक घना वस्ती, बजार र बजार उन्मुख ठाँउहरुमा डम्पिङ साइटको व्यवस्था गरी फोहोरमैला व्यवस्थापन गरिनेछ । |
| | ३फोहर मैला व्यवस्थापनको गुरुयोजना बनाइनेछ । . |

| | |
|---|---|
| | ४. वडाका बस्ती र फोहर मैलाको अनुमानित उत्सर्जनको हिसाबले त्यस्ता ठाउँहरूको अध्ययन गरी विवरण तयार पारिनेछ । |
| | ५निज .ी क्षेत्र संगको सहकार्यमा बजार क्षेत्रको र प्राङ्गारिक मल उत्पादन गरिनेछ उत्पादन गरिनेछ । |
| १.२: गाउँपालिका क्षेत्रमा शौचालय तथा सरसफाईको सुनिश्चितता गर्ने । | १. सबै सामुदायिक भवन तथा सार्वजनिक स्थलहरूमा शौचालयको व्यवस्था गरिनेछ । |
| | २घरहरूबाट निस्कने फोहोर पानीलाई प्रशोधन गरे . पछि मात्र नदी खोला तथा खोल्सामा प्रवाह गर्न मापदण्ड बनाई लागू गरिनेछ । |
| | ३. सहरी तथा बजार क्षेत्रमा सरसफाइ सेवाको स्तरवृद्धि गरिनेछ । |
| | ४. पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत अपाङ्ग मैत्री तथा महिला मैत्री शौचालयको निर्माण गरिनेछ । |
| उद्देश्य २: सरसपाई सुविधाको पहुँचको सुनिश्चितता गर्नु | |
| २.१: सरसफाईको पहुँच भएका प्रत्यक घर धुरिमा क्रमिक रुपमा गुणस्तरीय सरसफाईको पहुँच वृद्धि गर्ने | १. सार्वजनिक स्थानहरूमा आवश्यकता अनुसार फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था गरिनेछ । |
| | २. बस्ती, टोल सरसफाइकोलागि उपभोक्ताहरू बाटै समिति गठन गरी सरसफाइ गरिनेछ । |
| | ३. फोहर मैला सङ्कलन र व्यवस्थापनकोलागि सामूहिक कोषको व्यवस्था गरी फोहर मैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ । |
| २.१: सरसफाई सम्वन्धी सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने | १.लक्षित समुदायमा फोहरको उचित व्यवस्थापनको लागि जन चेतना सञ्चालन गरिनेछ । |

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र : वातावरण तथा फोहोर व्यवस्थापन | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतिय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकुल प्रविधिको प्रयोगमा जोड | आर्थिक बचत तथा वातावरण | ५ | ५ | | | | | संघ /स्थानीय तह |
| २ | फोहोरमैला व्यवस्थापन र सरसफाई अभियानमा आम नागरिकहरुलाई सक्रिय वनाउन जनचेतना अभिवृद्धि र क्षमता विकास | स्वास्थ मा सुधार तथा क्षमता विकास | ५ | | ५ | | | | स्थानीय तह |
| ३ | विद्यालयहरुमा बाल क्लब गठन गरी वातावरण तथा स्वच्छताका क्षेत्रमा परिचालन | स्वच्छता विकाश | १० | ५ | ५ | | | | स्थानीय तह |
| ४ | फोहोरमैला व्यवस्थापनमा 3R ( Reduce, Reuse & Recycle) निति लागू गर्ने | फोहोरमैला न्युनिकरण | | | | | | | स्थानीय तह |
| ५ | फोहोरमैला वर्गीकरण गरी संकलन | व्यवस्थापन प्रभावकारी | २० | १० | १० | | | | स्थानीय तह |
| ६ | ल्याडफिल्ड साईट छनौट गरी व्यवस्थित निमार्ण गर्ने | ल्याडफिल्ड साईट | ३०० | | | १०० | १०० | १०० | संघ/प्रदेश/स्थानीय |
| ७ | फोहोरबाट मोहर ( मल, ग्यास उत्पादन), शून्य फोहोर अभियान सञ्चालन | आर्थिक लाभ | १० | ५ | ५ | | | | स्थानीय तह |
| ८ | प्लाष्टिक जन्य, सिसाजन्य फोहोरको वैज्ञानिक तरिकाको व्यवस्थापन | | १० | | १० | | | | स्थानीय तह |
| ९ | हरेक वडामा मुख्य सार्वजनिक क्षेत्रहरुमा डस्टविन | | १० | ५ | ५ | | | | स्थानीय तह |
| **जम्मा** | | | **३७०** | **३०** | **४०** | **१००** | **१००** | **१००** | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | पालिकाले प्रयोगमा ल्याएको फोहोरमैला व्यवस्थापन प्रणालीहरु (जलाउने, गाड्ने, खोल्सामा फाल्ने, ल्याण्डफिल साइटमा विसर्जन) वृद्धि भई वातावरण सफा र स्वच्छ भएको हुने | फोहोरमैला व्यवस्थापन प्रणाली | संख्या | ० | ० | ० | ० | ० | ० | गापा | अन्तर सरकार सहकार्य भएको हुने | ७ | १५ | २.१ |
| असर | श्रोतमै फोहोर न्यूनीकरण, वर्गीकरण ( जैविक र अजैविक) गरी व्यवस्थापन गर्ने घरधुरी भएको हुने | घरधुरी | प्रतिशत | ० | ४० | ६० | ७० | ८५ | ९० | " | अन्तर सरकार सहकार्य भएको हुने | ७ | १५ | २.१ |
| प्रतिफल | फोहोर संकलन एवं पृथकीकरणका लागि फरकफरक रंगका डष्टविनहरु राखिएका सार्वजनिक स्थलहरु भएको हुने | डष्टविन | संख्या | १ | २० | ३० | ५० | ६० | ८० | " | | ७ | १५ | २.१ |
| | फोहोरमैला न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन भएको हुने | कार्यक्रम | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | | ७ | १५ | २.१ |
| | कम्पोष्ट-विन तथा गार्वेज-पिट प्रयोग गर्ने परिवार | परिवार | प्रतिशत | ० | १० | ३० | ३५ | ४५ | ५० | " | | ७ | १५ | २.१ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | फोहोरलाई व्यवस्थित ढंगबाट विसर्जन हुने स्थानहरु (ल्याण्डफिल साइट) भएको हुने | ल्याण्डफिल साइट | संख्या | ० | | | | | १ | " | | ७ | १५ | २.१ |
| | ढल निकास व्यवस्था भएको बजार क्षेत्र भएको हुने | ढल निकास भएको बजार क्षेत्र | संख्या | ० | १ | | ३ | | ४ | " | | ७ | १५ | २.१ |
| | ढल निकास प्रणालीवाट लाभान्वित हुन नसकेका घरधुरीहरु घटेको हुने | घरधुरी | प्रतिशत | १०० | ९५ | ७० | ६५ | ५५ | ५० | " | | ७ | १५ | २.१ |
| | परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी घटेको हुने | घरधुरी | प्रतिशत | ९७ | ९५ | ९० | ७५ | ६० | ५० | " | | ७ | १५ | २.१ |
| | घरभित्रको धुवाँवाट मुक्त घरधुरी (सुधारिएको चुल्हो समेत) भएको हुने | घरधुरी | प्रतिशत | ४० | ५० | ७० | ८० | ९२ | १०० | " | | ७ | १५ | २.१ |
| | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र भएको हुने | पार्क र हरित क्षेत्र | संख्या | ७ | ८ | ११ | १२ | १३ | १५ | " | | ७ | १५ | २.१ |

## ७.४ विपद व्यवस्थापन तथा जलवायु परिवर्तन

### पृष्ठभूमि

विपद व्यवस्थापन र जोखिम न्यूनीकरणका तथा  जलवायु परिवर्तन  लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पूरानै अवस्थामा पुनर्स्थापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न आवश्यक रहेको छ । यसरी पूर्वतयारी गरिँदा पूर्व अनुमान समेत गरी आवश्यक जनशक्ति, सामग्री, उपकरण, कोषको व्यवस्था र जोखिमयुक्त स्थानको पहिचानका साथै जोखिम न्यूनीकरणका मापदण्डको गम्भीरपूर्वक परिपालना गर्नुपर्छ ।

### समस्या

जोखिम नक्साकंन नहुनु, विपद जोखिम न्यूनीकरण कार्ययोजना नहुनु,  विपद व्यवस्थापनको लागि जनशक्ति, उद्धार सामाग्री, प्रविधि संयन्त्र र कोषको व्यवस्थापन गरी राहत, उद्धार र पूर्नस्थापन गर्न नसक्नु, विज्ञताको कमी, विकास निर्माण गर्दा विपद जोखिम पक्षलाई ध्यान नदिनु, स्वास्थ्य संस्थामा पूर्वाधारको कमी, सुरक्षित आवास गृह नभएको आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### चुनौति

विपद व्यवस्थापनको महत्वपूर्ण पाटो पूर्वानुमान सूचना प्रणालीको प्रभावकारी व्यवस्था गर्न, विपद व्यवस्थापन सम्बन्धि पूर्व सूचना प्रणालीको व्यवस्था गरी जनतालाई सचेत गराउन, विपद व्यवस्थापनको लागि जनशक्ति, उद्धार सामाग्री, प्रविधि संयन्त्र र कोषको व्यवस्थापन गरी राहत, उद्धार र पुर्नस्थापन गर्न, क्षति न्यूनीकरण सम्बन्धी अध्ययन अनुसन्धानमा कमी यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

### अवसर

नदी प्रणाली व्यवस्थित गर्ने, नयाँ बन्ने नीति तथा योजनाहरूमा जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने, नयाँ बन्ने संरचना तथा पूर्वाधारहरू निर्माण गर्दा विपद व्यवस्थापनलाई ध्यान दिएर निर्माण गर्ने, खुला क्षेत्र संरक्षण गर्ने, विपद उत्थानशील शहर तथा एकीकृत वस्ती विकास, सबै प्रकारका विपदको सामना गर्न आधुनिक प्रविधियुक्त संरचना र दक्ष जनशक्तिको विकास गर्ने तथा विकास साझेदारहरूबाट प्राप्त सहयोगलाई प्रभावकारी रूपमा परिचालन गरी आत्मनिर्भर बन्ने जस्ता अवसरहरू रहेका छन् ।

### लक्ष्य

विपद् बाट हुने मानवीय आर्थिक सामाजिक सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।

### उद्देश्य

१. जोखिम न्यूनीकरणकालागि सम्भाव्य ठाउँहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु।
२. मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी गाउँपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।
३. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु ।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ जोखिम न्यूनीकरणकालागि सम्भाव्य ठाउँहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु। | |
| | १. पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा सञ्चालन गरिनेछ । |
| | २. दमकलको व्यवस्थापन गरिनेछ । |

| | |
|---|---|
| | ३. विपद् सूचना केन्द्र, आपत्कालिन कार्य सञ्चालन केन्द्र, खोज तथा उद्धार, जोखिम लगायतका कार्यहरू गर्न अधिकार सम्पन्न विपद् व्यवस्थापन समितिलाई क्रियाशिल बनाई एकद्वार प्रणालीबाट उक्त कार्यहरू सञ्चालन गरिनेछ । |
| | ४. विपदबाट हुन सक्ने क्षति कम गर्न विकास निर्माणमा र स्थानीय स्तरको योजना तर्जुमामा जोखिम व्यवस्थापनलाई आन्तरिकीकरण गरिनेछ । |
| | ५. विपद् जोखिम पूर्व तयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि गरिनेछ । |
| १.२ सरोकारवालाको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन कार्यहरुलाई प्रभावकारी रुपले संचालन गर्ने । | १म तथा प्रकोपबारे विपद् सम्बन्धी जोखि . जानकारी एवम् तथ्याङ्क अद्यावधिक गर्न विपद् व्यवस्थापन एकाइलाई सक्रिय बनाइनेछ । |
| | २ गाउँपालिकामा विपद् .व्यवस्थापनसँग कार्य गर्ने सम्बन्धित निकायहरूलाई सूचना सङ्कलन, प्रशोधन, प्रक्षेपण जस्ता विषयहरूमा तालिमको व्यवस्था गरिनेछ । |
| | ३का कार्यरत सरकारीगाउँपालि ., निजी, सहकारी, स्थानीय निकाय, गैरसरकारी क्षेत्र लगायत स्थानीय समुदाय तथा सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका पालिकाहरूमा अवलोकन भ्रमण गराइनेछ । |
| १.३ विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने प्रभावकारी प्रचार प्रसारका कार्यहरु संचालन गर्ने । | १विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी ., अन्तरक्रिया र विचार आदान प्रदानका कार्यहरू सञ्चालन गरिनेछ । |
| | २ गाउँपालिकामा .अन्तर्गतका निकायहरूले आ आफ्नो वार्षिक कार्य योजनामा विपद् व्यवस्थापन सम्बन्धी प्रचार प्रसारका कार्यहरू समावेश गरी कार्यान्वयन गरिनेछ । |
| | ३विद्यालय तथा शैक्षिक संस्थाहरूमा विपद् . व्यवस्थापन सम्बन्धी विषयहरूको कक्षा सञ्चालन गरिनेछ । |

<table>
<tr><td></td><td>४विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य .<br>भएको जिल्लाहरूमा सम्बन्धित विषयका शिक्षक<br>। तथा कर्मचारीलाई अध्ययन भ्रमण गराइनेछ</td></tr>
<tr><td colspan="2">उद्देश्य २ मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप को जोखिमलाई न्यूनीकरण गरीविपद्/ गाउँपालिकालाई कम प्रकोपविपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।/</td></tr>
<tr><td rowspan="4">२.१ विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने प्रभावकारी प्रचार प्रसारका कार्यहरु संचालन गर्ने ।</td><td>१ .बाढी पहिरो, चटट्याङ, डुबान, खडेरी, जंगली जनावरको प्रकोप भएको क्षेत्र आदिका आधारमा बढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूबाट बस्ती अन्यत्र सारी व्यवस्थित एवम् सुविधा सम्पन्न बनाइनेछ ।</td></tr>
<tr><td>२पहिचान गरी  जोखिमयुक्त क्षेत्रहरूको .<br>सम्भाव्यता अध्ययनका आधारमा पुनः स्थापना<br>तथा स्थानान्तरण गरिनेछ ।</td></tr>
<tr><td>३ .भूकम्पको जोखिमलाई उच्च प्राथमिकतामा राखी नयाँ निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई भूकम्प प्रतिरोधी बनाइनेछ ।</td></tr>
<tr><td>४साथै निर्माण भइसकेका संरचनाहरूलाई .<br>र्न जोड गरिनेछ ।सम्भव भएसम्म प्रवलीकरण ग</td></tr>
<tr><td colspan="2">उदेश्य ३ जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु ।</td></tr>
<tr><td rowspan="2">३.१ वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्य गर्ने ।</td><td>२विरुवा गाउँपालिकालाई वातावरण मैत्री .<br>को रूपमा विकास गरिनेछ ।गाउँपालिका</td></tr>
<tr><td>३पूर्वाधारका योजनाहरूमा जलवायु परिवर्तनको .<br>प्रभाव न्यूनीकरण तथा अनुकूलन गर्न उत्थानशील<br>योजना कार्यान्वयन गरिनेछ ।</td></tr>
</table>

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : विपद व्यवस्थापन तथा जलवायु परिवर्तन | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेश वा संघ सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | विपद जोखिम न्यूनिकरण सम्बन्धि जनचेतनामूलक तालिम सञ्चालन | जोखिम न्यूनिकरण | २ | २ | | | | | संघ/स्थानीय |
| २ | विपद जोखिम क्षेत्र पहिचान गरी नक्सांकन गर्ने | जोखिम पहिचान | | | | | | | संघ/प्रदेश/स्थानीय |
| ३ | विपद पूर्वतयारी र प्रतिकार्य योजना सहित स्वयम सेवक तयारी | पूर्वतयारी | ५ | | ५ | | | | स्थानीय |
| ४ | सामुदायिक वनहरुमा अग्नी रेखा | पूर्वतयारी | ३ | | ३ | | | | स्थानीय |
| ५ | बादर आतंक नियन्त्रण (फलफुलको विरुवा रोपने जंगलमा) | क्षति घट्ने | | | | | | | स्थानीय |
| ६ | विपद व्यवस्थापन कोष | पूर्वतयारी | ५० | २५ | २५ | | | | संघ/प्रदेश/स्थानीय |
| ७ | आपतकालीन कार्य संचालन केन्द्रमा आधुनिक प्रविधि, पर्याप्त उपकरण र दक्ष जनशक्तिको व्यवस्था गर्ने | पूर्वतयारी | २० | १० | १० | | | | संघ/प्रदेश/स्थानीय |
| ८ | समुदायमा आधारित जलवायु परिवर्तन अनुकूल कार्यक्रम सञ्चालन | क्षमता विकास | १० | ० | ० | १० | ० | ० | संघ/प्रदेश/स्थानीय |
| ९ | भू-उपयोग नीति वनाई कार्यान्वयन | जोखिम न्यूनिकरण | १० | | १० | | | | स्थानीय |
| १० | वस्ती विकास कार्यक्रमलाई प्रोत्साहन | सुरक्षित बसोवास | ३० | | १० | १० | १० | | स्थानीय |
| ११ | पहिरो, भू-क्षय र खोला कटान नियन्त्रण | जोखिम न्यूनिकरण | १०० | | | ३० | ३० | ४० | संघ/प्रदेश/स्थानीय |
| **जम्मा** | | | **२३०** | **३७** | **६३** | **५०** | **४०** | **४०** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार बर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्दै विपदको समयमा आश्रय लिन सक्ने संरक्षित खुल्ला स्थान भएको हुने | खुल्ला स्थान | संख्या | १० | - | - | - | - | १० | गापा | अन्तर सरकार सहकार्य भएको हुने | ६ | ११ | ३.१ |
| असर | आपतकालीन उद्धार गर्न तालिम प्राप्त स्वयंसेवक वृद्धि भई जोखिम न्यूनीकरण संयन्त्रको निर्माण भएको हुने | तालिम प्राप्त स्वयंसेवक | संख्या | ० | ३० | ५० | ९० | १३० | १५० | " | | ६ | ११ | ३.१ |
| प्रतिफल | विपद व्यवस्थापन स्थानीय कोषमा रकम भएको हुने | विपद व्यवस्थापन कोष रकम | रु. लाख | १० | १५ | ३५ | ६० | ७० | १०० | " | अन्तर सरकार सहकार्य भएको हुन | ६ | ११ | ३.१ |
| | विपद व्यवस्थापनमा क्रियाशील संघ/ संस्था भएको हुने | क्रियाशील संघ/ संस्था | संख्या | ३ | - | - | - | - | - | " | | ६ | ११ | ३.१ |
| | विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका वडाहरु भएको हुने | वडाहरु | संख्या | ० | २ | ३ | ४ | ५ | ६ | " | | ६ | ११ | ३.१ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विपद प्रतिकार्यका लागि आपतकालीन नमूना अभ्यास भएको हुने | आपतकालीन नमूना अभ्यास | संख्या | १ | २ | ३ | ४ | ५ | ६ | " | | ६ | ११ | ३.१ |
| | प्राकृतिक, गैरप्राकृतिक विपदव्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन भएको हुने | जनचेतनामूलक कार्यक्रम | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | | ६ | ११ | ३.१ |
| | विपद व्यवस्थापनका लागि परिचालन गरिने कर्मचारी तथा स्वयंसेवकहरुका लागि क्षमता विकास कार्यक्रम भएको हुने | क्षमता विकास कार्यक्रम | संख्या | ० | २ | ४ | ६ | ८ | १० | " | | ६ | ११ | ३.१ |
| | आगो निभाउने उपकरण (इष्टिङगिसर) भएका घरधुरी भएको हुने | इष्टिङगिसर) भएका घरधुरी | प्रतिशत | ० | १० | २० | ३० | ४० | ५० | " | | ६ | ११ | ३.१ |
| | आपतकालीन उद्धारका लागि एम्वुलेन्स तथा वरुणयन्त्रको व्यवस्था भएको हुने | एम्वुलेन्स तथा वरुणयन्त्र | संख्या | १ | | | | | २ | " | | ६ | ११ | ३.१ |
| | जलवायु परिवर्तन न्यूनीकरणका उपायहरु (वनफाडनी, डढेलो, वाढी पहिरो नियन्त्रण) सम्बन्धि सचेतना कार्यक्रम सञ्चालन भएको हुने | चेतना कार्यक्रम | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | | ६ | ११ | ३.१ |
| | जमिनमुनी पानी रिचार्ज हुने उपायहरु (आकाशेपानी संकलन, कुवा, पोखरी, इनार निर्माण) सम्बन्धि कार्यक्रमहरु भएको हुने | कार्यक्रम | संख्या | ० | ३० | ४० | ६० | ८५ | १०० | " | | ६ | ११ | ३.१ |

# परिच्छेद आठ : सुशासन तथा संस्थागत विकास

**पृष्ठभूमि**

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निश्पक्ष, पारदर्शि, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक वनाउदै राज्यवाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने पक्ष नेपालको संविधान, २०७२ को शासन सम्बन्धि नीतिमा उल्लेख गरिएको छ र नेपालको संविधान २०७२ को प्रस्तावनामै दिगो सुशासन कायम राख्ने कुरालाई विशेष महत्वका साथ उल्लेख गरिएको छ । सवै प्रकार तथा स्वरुपका भ्रष्टाचार घटाउने, सवै तहमा प्रभावकारी, जवाफदेहिता, पारदर्शिता कायम राख्ने र निर्णय निर्माणमा सहभागितामूलक प्रतिनिधित्व गराउने पक्षहरु विशेष महत्वका साथ दिगो विकास लक्ष्यमा उल्लेख छ भने १५ औं योजनामा सुशासनलाई राष्ट्रिय लक्ष्य सूचकमा राखिएको छ र दीर्घकालीन राष्ट्रिय रणनीति अन्तर्गत सार्वजनिक सेवालाई सुदृढीकरण गर्ने भनिएको छ । शासकीय सुधार र सुशासन अभिवृद्धिलाई रुपान्तरणको एक प्रमुख सम्वाहकको रुपमा लिइएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा जनसहभागिता, उत्तरदायी, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने कुरा उल्लेख गरिएको छ । सेवा प्रवाहलाई प्रभावकारी व्यवस्थापन गर्न सूचना तथा सञ्चार प्रविधि उपयोग, प्रवर्द्धन र नियमन गर्ने एवं सेवा प्रवाह सम्बन्धि नीति, मापदण्ड बनाउने, सेवा शर्त तोक्ने, योजना तर्जुमा गर्ने र कार्यान्वयन र नियमन गर्ने अधिकार पनि स्थानीय सरकारलाई दिइएको छ ।

## ८.१ सुशासन तथा ऐन कानुन

**पृष्ठभूमि**

गाउँपालिकाको संस्थागत विकास योजना तर्जुमा गर्दा विकेन्द्रीकरण, स्वशासन एवं जनताको सक्रिय तथा सार्थक सहभागिता, स्थानीय स्रोत तथा सीपको उच्चतम प्रयोग, संस्थागत समन्वय र संजाल स्थापनाको अवधारणा, नागरिक समाज र निजी क्षेत्रको साझेदारी, संगठनात्मक क्षमता र दक्षता अभवृद्धि जस्ता कुराहरुलाई ध्यान दिनु पर्दछ । यसका साथै संस्थागत विकास योजना तर्जुमा गर्दा  गाउँ क्षेत्रमा सेवा प्रवाह गर्ने सरकारी, गैर सरकारी र निजी क्षेत्रका निकायहरुको क्षमता विकासलाई ध्यानमा राखी सबैको समान सहभागितालाई योजनाले आत्मसाथ गरेको हुनुपर्छ ।

**समस्या**

गाउँपालिकामा कार्यरत कर्मचारीहरुमा सुशासन कायम गर्ने ज्ञान, सीप र दक्षताको कमी हुनु, कर्मचारीहरुमा सुशासन सम्बन्धी पर्याप्त तालिम र प्रशिक्षणको अवसर प्राप्त नहुनु, सेवा प्रवाहमा प्रविधि प्रयोगको कमी हुनु, सेवा प्रवाह सरल, सहज, निष्पक्ष, पारदर्शी र जनमुखी हुन नसक्नु, नागरिकहरुको उपस्थिती न्यून हूनू, सूचना हक सम्बन्धी ऐन⁄ नियमावलीको बुझ्ईमा कम हूनु, नागरिकहरु सँग प्रत्यक्ष सरोकार रहको सेवा प्रवाहमा नागरिकहरु पूर्ण रुपमा सन्तुष्ट नहूनु लगाएत समस्याहरु हुन् ।

**चुनौति**

सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनमुखी र सहभागितामूलक बनाई सुशासन कायम गर्न, कर्मचारीहरुलाई सुशासन सम्बन्धी तालिम प्रदान गरी दक्षता अभिवृद्धि गर्न,  गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी ढङ्गले सञ्चालन गर्न,  गाउँपालिकाका वडा कार्यालय र सम्बन्धित शाखाहरुको भौतिक पूर्वाधार निर्माण गर्न, सूचना तथा आधुनिक प्रविधिको व्यवस्था गर्न, योग्य, दक्ष र प्राविधिक कर्मचारीको व्यवस्था गर्न, निर्वाचित जनप्रतिनिधिहरुलाई जनउत्तरदायी, जिम्मेवार र जवाफदेही बनाई सुशासन कायम गर्न जस्ता चुनौतिहरु रहेका छन् ।

**सम्भावना र अवसर**

स्थानीय तहको एकल अधिकार भित्रका कानुन निर्माण गरी जनशक्ति परिचालन गर्ने अधिकार हुनु, आर्थिक कार्य प्रणाली व्यवस्थित गर्ने सम्बन्धी आर्थिक ऐन र अन्य ऐन कानुनहरु तर्जुमा हुनु, समावेशी प्रतिनिधित्व सहित निर्वाचित प्रतिनिधिबाट स्थानीय तहको सञ्चालन हुनु, संवैधानिक तथा कानुनी रुपमा नै वित्तीय हस्तान्तरणबाट निश्चित श्रोतको सुनिश्चितता रहनु, स्थानीय तवरमा विकास साझेदारहरुको उपस्थिति र सकारात्मक सहयोगको वातावरण हुनु आदि यस क्षेत्रका प्रमुख अवसरहरु हुन् ।

**सोच**

सुशासन, संस्थागत विकास र प्रभावकारी सेवा प्रवाह।

**लक्ष्य**

संस्थागत विकास गरी सेवा प्रवाहमा प्रभावकारीता एवम सुशासन अभिबृद्धि गर्ने।

**उद्देश्य**

१. संस्थागत विकास गरी सुशासन कायम गर्नु ।

२. सार्वजनिक सेवा प्रवाह र विकास प्रकृयालाई प्रभावकारी बनाउनु।

३. तथ्याङ्क प्रणाली व्यवस्थित र सुदृढ़ गर्नु।

४. सक्षम प्रविधीमैत्री दक्ष र गुणस्तरीय जनशक्तिको विकास गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनिती | कार्यनीति |
|---|---|
| **उद्देश्य १.** संस्थागत विकास गरी सुशासन कायम गर्नु । | |
| १. १ संस्थागत विकास गरी सुशासन कायम गर्ने। | १. १. १ पालिकाको प्रसाशकिय भवन निर्माण गरी वडा कार्यालय भवनहरुको मर्मत संभार तथा स्तरोन्नती गरिनेछ र आफ्नो भवन नभएका वडा कार्यालयको भवन निर्माण गरिनेछ। |
| | १.१.२. सुशासन र सेवा प्रवाहका लागि ऐन, नीति र कार्यबिधीहरुको तर्जुमा गरिनेछ। |
| | १.१.३. संगठन तथा व्यस्थापन सर्वेक्षण गरी संगठानात्मक पुन-संरचना गरिनेछ। |
| | १.१.४. दरबन्दी अनुसार कर्मचारीहरुको पद पुर्ती गरिनेछ। |
| | १.१.५. कर्मचारी र पदाधिकारीहरुको क्षमता अभिबृद्धि गरिनेछ। |
| **उद्देश्य २.** सार्वजनिक सेवा प्रवाह र विकास प्रकृयालाई प्रभावकारी बनाउनु। | |
| २.१ पालिकाले प्रवाह गर्ने सेवालाई पहुँचयोग्य बनाई विकास प्रकृया प्रभावकारी बनाउने । | २.१.१ गाउँपालिकाले प्रवाह गर्ने सेवामा सबैको पहुँच हुनेगरी सुचना प्रविधिको प्रयोग बढाईइनेछ। |
| | २.१.२ स्थानिय विकास संरचना तथा सेवा प्रवाहको मापदण्डहरु तयार गरी कार्यान्वयन गरिनेछ। |
| | २.१.३ नागरिकको सेवा प्रवाहलाई जनमुखी र सेवामुलक बनाउन क्षतीपुर्ती सहितको डिजीटल बडापत्र कार्यान्वयनमा ल्याईनेछ। |
| | २.१.४ गुनासो सुनुवाई सर्वजनिक परीक्षण सामाजिक परीक्षण सार्वजनिक सुनुवाई जस्ता नागरिक उत्तरदायी संयन्त्रहरुलाई प्रभावकारी बनाईनेछ। |
| | २.१.५ बजेट कार्यक्रम तथा कार्यप्रगतीहरुको नियमित रुपमा सार्वजनिक गरिनेछ । |

| | |
|---|---|
| | २.१.६ अन्तर तह तथा अन्तर निकाय, गै स स र नागरिक समाज सँगको समन्वय सहकार्य प्रभावकारी बनाईनेछ । |
| | २.१.७ 'जनतासँग अध्यक्ष' कार्यक्रम सन्चालन गरी स्थानिय गुनासो सुन्ने पृष्ठपोषण लिने र व्यवस्थापन गर्ने प्राणालीको अवलम्बन गरिनेछ। |
| | २.१.८ बेरुजुको विवरण सहितको वार्षिक प्रतिवेदन सभाको लेखा समितिमा प्रस्तुत गरिनेछ।<br>२.१.९ पालिकामा संचालित योजना तथा कार्यक्रमहरुको नतिजामा आधारित सुपरिवेक्षण तथा अनुगमन प्रणालीको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। |
| | २.१.१० अत्याव्श्यक सेवा प्रवाहमा समस्या भोगी रहेका जनतालाई सेवा प्रवाह गर्न एकिकृत घुम्ती सेवालाई प्रभावकारी रुपमा कार्यान्वयन ल्याईनेछ। |
| | २.१.११ सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन विद्युतिय शासन प्रणालीको अवलम्बन गरिनेछ। |
| **उद्देश्य ३**. तथ्याङ्क प्रणाली व्यवस्थित र सुदृढ़ गर्नु। | |
| ३.१ तथ्य र तथ्याङ्कमा आधारित योजना प्रणाली स्थापित गर्ने । | ३.१.१ वस्तुगत विवरण तयार गर्दा प्राकृतिक श्रोत र सेवा सुविधाहरुको पहुंच सहितको श्रोत नक्शाहरु तयार गरी वार्षिक रुपमा अध्यावधिक गरिनेछ। |
| | ३.१.२ वस्तुगत विवरण र श्रोत नक्शाहरुलाई विद्युतिय प्रणालीमा आवद्ध गरिनेछ। |
| | ३.१.३ गाउँपालिकामा सुचना तथा अभिलेख केन्द्र स्थापना गरिनेछ। |
| | ३.१.४ भौगोलिक, सामाजिक, आर्थिक, संस्थागत, लैङ्गिक लगायतका बिषयक्षेत्रका खण्डीकृत तथ्याङ्क सहितको वस्तुगत विवरण तयार गरिनेछ। |
| | ३.१.५ भु उपयोग तथा जग्गा वर्गीकरण गरी तथ्याङ्क अध्यावधिक गरिनेछ। |
| **उद्देश्य ४**. सक्षम प्रविधीमैत्री दक्ष र गुणस्तरीय जनशक्तिको विकास गर्नु। | |
| ४.१ दक्ष जनशक्ती विकास गरी अन्तर सरकारी समन्वयलाई प्रभावकारी बनाउने । | ४.१.१ पालिकालाई आवश्यक पर्ने दक्ष जनशक्तीको विकास र व्यवस्थापन गरी उपयोगका लागि जनशक्ती विकास तयार गरिनेछ। |
| | ४.१.२ वार्षिक बजेट विनियोजन गर्दा निधित प्रतिशत रकम तालिम तथा क्षमता विकास र आवश्यक पर्ने अनुसन्धानमा विनियोजन गरिनेछ। |
| | ४.१.३ पालिकाका जनप्रतिनिधी र कर्मचारीहरुलाई आवश्यकता र माग अनुसार तालिम र क्षमता विकासका लागि प्रविधीमैत्री तालिम प्रतिष्ठानको व्यवस्था गरिनेछ। |
| | ४.१.४ संघ, प्रदेशसरकारसँग नियमित समन्वय र सहकार्य गरिनेछ। |
| | ४.१.५ पालिकाका विगतका आयोजना दस्तावेज र प्रतिवेदनहरुलाई वेभसाईटमा अध्यावधिक गरिनेछ। |

| | |
|---|---|
| | ४.१.६ कार्यसम्पादन र प्रतिवेदन प्रणालीलाई प्रदेश सरकारको समन्वयमा सफ्टवेयरको व्यवस्थापन गरी प्रभावकारी कार्यान्वयनमा ल्याईनेछ। |

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र : सुशासन तथा ऐन कानुन | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | नागरीक समाज तथा समुदायमा आधारीत क्षमता विकासका कार्यक्रमहरु | ज्ञान सिपको अभिवृद्धि | २५ | ५ | ५ | ५ | ५ | ५ | | प्रदेश/स्थानीय तह |
| २ | स्थानीय सुशासन ऐन तथा कार्यविधि निर्माण र कार्यान्वयन | सामाजिक जवाफदेहितामा अभिवृद्धि | ३० | ६ | ६ | ६ | ६ | ६ | | स्थानीय तह |
| ३ | गाँउभित्रका सार्वजनिक संघ संस्थाहरुका सुचना र गुनासो अधिकारीहरुलाइ अनुशिक्षण कार्यक्रम | सुचनाको पहुँचमा अभवृद्धि र सुनासो व्यवस्थापन | १० | २ | २ | २ | २ | २ | | स्थानीय तह |
| ४ | नागरीक बडापत्र र कार्यालयको सेवा प्रवाह सम्बन्धी चेतनामुलक कार्यक्रम | राज्यले प्रदान गर्ने सेवासम्बन्धि नागरीक चेतना | ६ | २ | २ | ० | ० | २ | | स्थानीय तह |
| ५ | सुक्ष्म एकिकृत अनुगमन | गुणस्तरको अभिवृद्धि र सेवा प्रवाहमा प्रभापकारीता | २५ | ५ | ५ | ५ | ५ | ५ | | संघ |
| ६ | कानुनी सचेतना तथा न्यायिक समितिको थप व्यवस्थापन | नागरीकहरुलाई कानुनी सचेतना अभिवृद्धि | ३० | १० | ५ | ५ | ५ | ५ | | संघ/प्रदेश/स्थानीय तह |
| ७ | स्थानिय प्रोफाइल परीमार्जन | विकास निर्माणमा सहयोग | २५ | १५ | ० | ५ | ० | ५ | | स्थानीय तह |
| ८ | आन्तरीक नियन्त्रण प्रणाली निर्माण | वित्तीय जोखिम न्युनिकरण | १० | ७ | ० | ० | ३ | ० | | स्थानीय तह |
| **जम्मा** | | | **१६१** | **५२** | **२५** | **२८** | **२६** | **३०** | | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइँको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | स्थानीय कानुन, नीति तथा योजना तर्जुमा प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव दिने माध्यमहरु वृद्धि भई सुशासन अनुभूति हुने गरी सार्वजनिक सेवा प्रभावकारी र विकास प्रशासनलाई नतिजामुखी भएको हुने | सुझाव दिने माध्यमहरु | संख्या | - | - | - | - | - | ७ | गापा | अन्तर सरकार सहकार्य भएको हुने | ८ | १६ | २.३ |
| असर | नियमावली वनाई पालिका सभाले गठन गरेका समितिहरु (विधायन, सुशासन, लेखा आदि समितिहरु) बढेर प्रभावकारी भएको हुने | समिति | संख्या | - | - | - | - | - | ८ | ” | | ८ | १६ | २.३ |
| | नियमावली बनाई कार्यपालिकाले गठन गरेका समिति, उपसमितिहरुको संख्या बढेर प्रभावकारी भएको हुने | समिति, उपसमिति | संख्या | - | - | - | - | - | ९ | ” | | ८ | १६ | २.३ |
| प्रतिफल | नागरिक वडापत्र अनुसार सेवा प्रवाहमा क्षतिपूर्ति भएको हुने | क्षतिपूर्ति | संख्या | - | - | - | - | - | १० | ” | संस्थागत संरचना प्रभावकारी भएको हुने | ८ | १६ | २.३ |
| | अभ्यास भएका सामाजिक जवाफदेहिताका औजारका प्रकारहरु बढेको हुने | औजारका प्रकारहरु | संख्या | - | ३ | ४ | ५ | ६ | ७ | ” | | ८ | १६ | २.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सार्वजनिक सुनुवाई निरन्तर हुने | सार्वजनिक सुनुवाई | संख्या | १ | ४ | ४ | ४ | ४ | ४ | " | | ८ | १६ | २.३ |
| | हेल्प डेष्कवाट लाभान्वित सेवाग्राही बढेको हुने | लाभान्वित सेवाग्राही | प्रतिशत | - | ५५ | ६० | ६५ | ७० | ७५ | " | | ८ | १६ | २.३ |
| | पालिकामा पेश भएका सेवा प्रवाह सम्बन्धी गुनासो सुनुवाईको फछ्र्यौट भएको हुने | गुनासो सुनुवाईको फछ्र्यौट | प्रतिशत | ५० | ६० | ७० | ८० | ९० | १०० | " | | ८ | १६ | २.३ |
| | कूल दर्ता मध्ये न्यायिक समितिवाट मुद्दाहरु फछ्र्यौट भएको हुने | फछ्र्यौट भएका मुद्दाहरु | प्रतिशत | १०० | ५५ | ६० | ६५ | ७० | ७५ | " | | ८ | १६ | २.३ |
| | अनलाइन सेवाका प्रकारहरु (निवेदन, सिफारिस, पञ्जीकरण....) बढेको हुने | उपलब्ध अनलाइन सेवा | संख्या | ९ | १ | १ | १ | १ | १ | " | | ८ | १६ | २.३ |
| | अनलाइन सेवाबाट लाभान्वित सेवाग्राही बढेको हुने | लाभान्वित सेवाग्राही | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० | ७५ | " | | ८ | १६ | २.३ |
| | पालिकाको मोवाइल एप्स प्रयोगकर्ताहरु बढेको हुने | प्रयोगकर्ता | प्रतिशत | ३००० | ३० | ४० | ६० | ८० | ९० | " | | ८ | १६ | २.३ |
| | पालिकाबाट दस्तावेज एवं प्रतिवेदनहरु प्रकाशित भएको हुने | दस्तावेज एवं प्रतिवेदन | संख्या | ५ | १ | १ | १ | १ | १ | " | | ८ | १६ | २.३ |

## ८.२ वित्तीय श्रोत परिचालन

### पृष्ठभूमि

गाउँ विकासको अवधारणालाई मूर्त रुप दिन आवश्यक पर्ने श्रोत तथा साधनको पहिचान एवं परिचालनको योजना तर्जुमा गर्ने योजना नै वित्तीय विकास योजना हो । प्रभावकारी आन्तरिक लेखा परीक्षणबाट राज्य कोषको दुरुपयोग रोकिएको तथा मितव्ययी लेखा परीक्षण नियमित रुपमा सञ्चालन भइरहेको अवस्था छ। हरेक चौमासिकमा आन्तरिक लेखा परीक्षण भइरहेको र लेखा परीक्षणका क्रममा भौचर, बैंक, नगदी किताब, बैंक स्टेटमेन्ट, बिल भरपाई सम्पूर्ण उपलब्ध भएको अवस्था छ । छनौट भएका आयोजनाहरुमा खर्चको व्यवस्थापन, आयोजनाको ठेक्कापट्टा पारदर्शी र प्रविधिमैत्री ढंगले प्रतिस्पर्धाको आधारमा गर्न, खरिद प्रकृयालाई नियम संगत ढंगले पारदर्शी बनाउन र लेखा सुशासन सँगसँगै वित्तीय सुशासन कायम गरी आर्थिक समृद्धिको बाटो तर्फ लैजान जरुरी छ ।

### समस्या

गाउँपालिकाको वित्तीय व्यवस्थापन सम्बन्धी निकायको सुदृढिकरण नहुनु, अघिल्लो बर्षको बेरुजु फछ्र्योट सम्बन्धी ध्यान नपुग्नु, आर्थिक स्रोत परिचालन एवम उपयोगमा प्रभावकारीता कायम गर्न नसकिएको, अनुत्पादनशील क्षेत्रमा लगानी हुंदा स्रोत साधनको उपलब्धि न्यून देखिएको, विद्युतीय आर्थिक कारोवार व्यवस्थित नहुनु आर्थिक वर्षको अन्त्यमा आएर मात्र खर्च गर्ने परिपाटी कायम रहनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### चुनौति

संघ र प्रदेशवाट प्राप्त अनुदान समयमा नै निकासा भई विकास आयोजनाहरु निर्धारित समयमा ठेक्का पट्टा गरी सम्पन्न गर्न, वार्षिक राजश्व र व्ययको अनुमान यर्थाथपरक बनाई कार्यान्वयन गर्न, आन्तरिक राजश्व संकलनको क्षमता सुदृढ गर्न, सम्पूर्ण आर्थिक कारोवारलाई विद्युतीय माध्यमद्धारा सञ्चालन गर्न, विकास खर्चमा वृद्धि गरी आर्थिक वर्षको प्रथम चौमासिकदेखि बजेट निकासा गरी कार्यक्रम सञ्चालन गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

लेखा परीक्षण गर्ने क्रममा आवश्यक तयारी पुऱ्याउन, लेखा क्रममा सुत्र सिस्टमको प्रयोग गर्नुपर्नेमा केही कारोबारहरु सिस्टम भन्दा बाहिर गर्ने प्रवृति हटाउन, गाउँपालिकाबाट विभिन्न शीर्षकमा गर्ने खर्चहरुमा प्रभावकारिता, मितव्ययीता र नियमितता कायम गर्न चुनौती देखिन्छ ।

### अवसर

वार्षिक रुपमा गाउँ परिषदबाट राजश्व र व्ययको अनुमान पेश र स्वीकृत गरी विभिन्न शीर्षकमा बजेट विनियोजित गर्न, संघ र प्रदेश सरकारवाट प्राप्त अनुदानवाट विभिन्न विकास आयोजना सञ्चालन गर्न, गाउँपालिकाले विभिन्न कर संकलन गरी राजश्व वृद्धि गर्नु, ठेक्का पट्टा र खरिद प्रकृया नियमसंगत र पारदर्शी बनाई समयमा नै कार्य सम्पादन गर्न, सम्पूर्ण आर्थिक कारोवारलाई विद्युतीय माध्यमबाट सञ्चालन गरि सुशासन कायम गर्न, जनप्रतिनिधि र कर्मचारीलाई वित्तीय सुशासनसम्बन्धी तालिम प्रदान गरी कार्य क्षमतामा वृद्धि गर्न, गाउँपालिकाका सम्पूर्ण वित्तीय कारोवारहरुरमा सुशासन कायम गरी नमुना गाउँपालिका निर्माण गर्ने जस्ता अवसरहरु रहेका छन् ।

### सोच

वित्तीय सिशासनको लागि उत्तरदायी राजश्व परिचालन र पारदर्शी लेखा प्रणाली।

### लक्ष्य

आय र व्ययलाई पारदर्शी बनाई उत्तरदायी राजश्व परिचालन र विकास प्रकृयालाई प्रभावकारी बनाउने।

### उद्देश्य

१. लेखा कारोवार तथा वित्तीय व्यवास्थापनमा मितव्ययिता, प्रभावकारीता, कार्यदक्षता, नियमितता कायम गर्नु।

२. स्थानिय योजना तर्जुमा एवम कार्यन्वयनमा व्यापक जनसहभागीता र अनुगमन नतिजामुलक र प्रभावकारी बनाउनु ।

३. दिगो तथा नियमित र अधिकतम उपलब्ध हुने वित्तीय श्रोत पहिचान गर्नु।

४. वित्तीय सुशासन कायम गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनिती | कार्यनीति |
|---|---|
| **उद्देश्य १.** लेखा कारोवार तथा वित्तीय व्यवास्थापनमा मितव्ययिता, प्रभावकारीता, कार्यदक्षता, नियमितता कायम गर्नु। | |
| १. १ लेखाका करोबार तथा वित्तीय व्यवस्थापन प्रणाली सुदृढ़ बनाई आन्तरिक नियन्त्रण प्रणाली सबलिकरण गर्ने। | १.१.१ लेखा परिक्षण र वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजश्व परिचालनको क्षमता व्रिद्धी गरिनेछ। |
| | १.१.२ सुचना प्रविधीको प्रयोगलाई विस्तार गरी खरिद योजना कार्यविधी तयार गरिनेछ । |
| | १.१.३ आन्तरिक आयको श्रोत पहिचान र श्रोत बढोत्तरी गरिनेछ। |
| | १.१.४ चुस्त दुरुस्त लेखा प्रणाली विस्तार गर्ने र अन्तिम लेखा परिक्षणबाट देखिएका बेरुजु फर्छ्योट कार्य गरिनेछ। |
| **उद्देश्य २.** स्थानिय योजना तर्जुमा एवम कार्यन्वयनमा व्यापक जनसहभागीता र अनुगमन नतिजामुलक र प्रभावकारी बनाउने । | |
| २.१ योजना तर्जुमा प्रकृयामा समावेशी सहभागीता तथा प्रभावकारी अनुगमन तथा मुल्याङ्कन संयन्त्र विस्तार गर्ने। | २.१.१ उपभोत्ता समितीमार्फत गर्ने भनी खरिद विधी छनौट भएका योजनाहरुको कार्यन्व्ययनका लागि प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र प्रचलित कानुन बमोजिम उपभोत्ता समिती गठन गरिनेछ। |
| | २.१.२ नागरिकलाई कर तिरेको प्रत्याभुती गराई नागरिकलाई करको दायरामा ल्याउने कार्य गरिनेछ। |
| | २.१.३ शुन्य बेरुजु कायम गर्न आवश्यक ऐन नियम निर्माण गरिनेछ। |
| **उद्देश्य ३**. दिगो तथा नियमित र अधिकतम उपलब्ध हुने वित्तीय श्रोत पहिचान गर्नु। | |
| ३.१ आन्तरिक राजश्व प्रणालीलाई पारदर्शी र सुदृढ़ बनाउने। | ३.१.१ गाउँपालिकाको राजश्व सुधार संम्भाव्यता अध्ययन गरिनेछ। |
| | ३.१.२ राजश्व अभिव्रिद्धी गर्न राजश्व अनुसन्धान कार्ययोजना बनाई सोको व्यवस्था गरिनेछ। |
| | ३.१.३ सुत्रप्रणालिमा आवद्ध रहेको गाउँपालिकाको वित्तीय करोबारलाई व्यवस्थित गरिनेछ। |
| | ३.१.४ राजश्वको दायरालाई बढाउने र दरलाई न्युनिकरण गर्ने निती निर्माण गरिनेछ। |
| **उद्देश्य ४**. वित्तीय सुशासन कायम गर्नु। | |
| | ४.१.१ गाउँपालिका तथा वडा कार्यालयको वार्षिक खरिद योजना निर्माण गरिनेछ । |

| | |
|---|---|
| ४.१ सार्वजनिक आय व्यय तथा खरिद प्रकृयालाई प्रभावकारी व्यवस्थित र पारदर्शी बनाउने । | ४.१.२ विकास आयोजनाहरुको समयमानै ठेक्कापट्टा गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ । |
| | ४.१.३ वार्षिक बजेटलाई समयमानै खर्च नगरी वर्षको अन्त्यमा खर्च गर्ने प्रव्रित्तीलाई निरुत्साहित गरी बजेट तथा कार्यक्रम संशोधन गर्ने र उपलब्ध निती तर्जुमा गरिनेछ |
| ४.२ आन्तरिक नियन्त्रण र लेखापरिक्षणलाई विश्वसनिय तथा प्रभावकारी बनाउने । | ४.२.१ वित्तीय प्रणालीलाई वस्तुपरक बनाउन तथा अध्यावधिक गर्न सुचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढिकरण गरी विस्तार गरिनेछ । |
| | ४.२.२ बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखापरिक्षणलाई सुचना प्रविधीमा आधारित बनाउनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रुपमा कार्य गर्ने योजना बनाईनेछ । |

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र : वित्तीय श्रोत परिचालन | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | कर तथा राजश्व शिक्षा कार्यक्रम संचालन | करसम्बन्धी जानकारी तथा करको अभिवृद्धि | २५ | ५ | ५ | ५ | ५ | ५ | | प्रदेश/स्थानीय तह |
| २ | करका स्रोतहरुको पहिचान,अभिवृद्धि सम्बन्धी विज्ञहरुसंग अन्तरक्रिया | आन्तरीक करका स्रोतहरुको पहिचान | ६ | २ | १ | १ | १ | १ | | स्थानीय तह |
| ३ | करदाताको तथ्याङ्क अभिलेखिकरण तथा व्यवस्थापन | करको दायरा अभिवृद्धि | ५ | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| ४ | सार्वजिनक र निजि क्षेत्रसंगको सहकार्यमा वार्षिक कार्ययोजना निर्माण | निजि क्षेत्रको लगानी र उत्तरदायित्वमा वृद्धि | ५ | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| ५ | गाँउभित्रका सम्पुर्ण संघ संस्थाहरुबिचमा कम्प्युटराईज संजाल निर्माण | अन्तरसंस्थागत समन्वयन तथा एकिकृत तथ्याङ्क अभिलेखिकरण | २० | ० | ५ | ५ | ५ | ५ | | प्रदेश/स्थानीय तह |
| **जम्मा** | | | **६१** | **९** | **१३** | **१३** | **१३** | **१३** | | |

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | डिराल संकेत | डिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | पालिकाको कूल वार्षिक वजेट वृद्धि भई उत्तरदायी राजश्व प्रशासन र पारदर्शी लेखा प्रणाली स्थापित भएको हुने | पालिकाको कूल वार्षिक वजेट | रु.करोड | ४५.३६ | ५० | ५५ | ६० | ६६ | ७२ | गापा | संस्थागत संरचना प्रभावकारी भएको हुने | ८ | १६ |
| असर | प्रतिव्यक्ति बजेट खर्च (विकासतर्फ) वृद्धि भई उत्तरदायी राजश्व प्रशासन र पारदर्शी लेखा प्रणाली स्थापित भएको हुने | प्रति व्यक्ति बजेट खर्च ( विकासतर्फ) | रु.हजार | ८.०१९ | ९.० | ९.९ | १०.८ | ११.७ | १२.६ | " | | ८ | १६ |
| प्रतिफल | कूल वजेटमा वाह्य श्रोतको हिस्सा वृद्धि भएको हुने | कूल वजेटमा वाह्य श्रोतको हिस्सा | प्रतिशत | ३२.२६ | ३५ | ३८ | ४१ | ४५ | ५० | " | साामुदायिक संस्था गैसस, तथा नागरिक समाजसंग सहकार्य भएको हुने | ८ | १६ |
| | संघीय/प्रदेश सरकारबाट राजश्व बाँडफाड प्राप्त रकम वृद्धि भएको हुने | रकम | रु.लाख | ८२५.१९२ | ८२९ | ९१२ | १००४ | ११०४ | १२१५ | " | | ८ | १६ |
| | संघीय सरकारबाट प्राप्त अनुदान वृद्धि भएको हुने | अनुदान | रु. लाख | ८२९ | ९०० | ९५० | १००० | १०५० | ११०० | " | | ८ | १६ |
| | प्रदेश सरकारबाट प्राप्त अनुदान वृद्धि भएको हुने | अनुदान | रु. लाख | ९०.३३ | १०० | ११० | १२० | १५० | २०० | " | | ८ | १६ |
| | निजी क्षेत्रसँगको सहकार्यमा भएको लगानी भएको हुने | लगानी | रु.लाख | ० | २ | २ | २ | २ | २ | " | | ८ | १६ |
| | सहकारी संस्था तथा सामुदायिक संस्थासँगको सहकार्यमा भएको लगानी भएको हुने | लगानी | रु.लाख | ० | २ | २ | २ | २ | २ | " | | ८ | १६ |

## ८.३ संस्थागत विकास र सेवा प्रवाह

### पृष्ठभूमि

गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन, व्यवस्थित गर्न तथा विकासको प्रतिफल आम गाउँवासीहरुलाई समानुपातिक रुपमा उपलब्ध गराउन समेत गाउँपालिकाको संगठन विकास योजना र जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। प्रत्येक कर्मचारीको कार्य विवरण प्रष्ट हुने गरी तयार गरी लागु गर्नुपर्ने देखिन्छ। गाउँपालिकाको कार्यवोझलाई वडा समितिहरुमा क्रमशः हस्तान्तरण गर्दै लैजानु पर्ने देखिन्छ। यसरी गाउँपालिकाले विकेन्द्रीकरणको रणनीति अवलम्बन गर्दै संस्थागत विकासमा महत्वपूर्ण भूमिका खेल्नुपर्ने हुन्छ। यसका लागि गाउँपालिकाले आवश्यक नीति तर्जुमा गर्दै समयानुकुल परिवर्तन गर्दै लैजानु पर्दछ र आवश्यक जनशक्ति परिपूर्ति गर्नु पर्दछ।

### समस्या

स्थानीय सरकार सञ्चालनमा अनुभवको कमी हुनु, गाउँपालिकामा कार्यरत कर्मचारीहरुमा सुशासन कायम गर्ने ज्ञान, सीप र दक्षताको कमी हुनु, कर्मचारीहरुमा सुशासन सम्बन्धी पर्याप्त तालिम र प्रशिक्षणको अवसर प्राप्त नहुनु, सेवा प्रवाहमा प्रविधि प्रयोगको कमी हुनु, सेवा प्रवाह सरल, सहज, निष्पक्ष, पारदर्शी र जनमुखी हुन नसक्नु, समायोजन प्रकृयाले कर्मचारी स्थायित्व कायम हुन नसक्नु आदि यस क्षेत्रका समस्याहरु हुन्।

### चुनौति

कर्मचारीको पदपूर्ति गरी सबै वडा तथा विषयगत शाखाहरुमा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गर्न, संघीय सरकारबाट खटिने कर्मचारीहरुमा स्थायित्व ल्याउन, समायोजित कर्मचारीहरुलाई स्थानीय सेवा अनुसार सञ्चालन गरी व्यवस्थित गर्न, स्थानीय स्तरमा रहेका केन्द्रिय, प्रादेशिक निकाय/कार्यक्रम तथा गैरसरकारी संस्थासँग प्रभावकारी समन्वय कायम गर्न, तथ्याङ्कलाई व्यवस्थित गरी विद्युतीय प्रणालीमा आबद्ध गर्न, तथ्याङ्क तथा वस्तुगत विवरणलाई वार्षिक रुपमा अध्यावधिक गर्न, योजना र तथ्याङ्क बीच तादात्म्यता कायम गर्न, पूर्व सम्भाव्यताका आधारमा आयोजनाहरुको छनौट र कार्यान्वयन गर्न, दामासाहीमा आधारित बजेट वितरणको कार्यलाई योजना अनुशासनमा ल्याउन, संघीय र प्रादेशिक योजना कार्यक्रमको स्थानीय तहसँग समन्वय मिलाउन र योजनागत दोहोरोपना हटाउन, योजना अभिलेख व्यवस्थापन अध्यावधिक गर्न, नियमित अनुगमन गरी निर्धारित समय, लागत र गुणस्तरमा आयोजना सम्पन्न गर्न जस्ता चुनौतीहरु छन्।

### अवसर

स्थानीय योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा स्थानीय तहलाई पूर्ण अधिकार हुनु, स्थानीय कार्यक्षेत्र भएका गै.स.सं.हरु स्थानीय योजना प्रणालीमा आबद्ध हुँदै जानु, नेपाल सरकारबाट योजना प्रणालीका सम्बन्धमा नमूना कार्यविधिहरु उपलब्ध हुनु, अधिकांश विकास आयोजना तथा कार्यक्रमहरुले स्थानीय प्रतिनिधिकै संयोजकत्वमा आयोजना छनौट गर्ने अभ्यास गर्नु, विकास योजना सम्बन्धमा सामाजिक सचेतना बढ्दै जानु, योजना तर्जुमा सम्बन्धी समितिहरु क्रियाशील रहनु जस्ता अवसरहरु छन्।

### लक्ष्य

सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय एवं प्रभावकारी बनाउनु।

### उद्देश्य

१. सक्षम, दक्ष र प्रविधिमैत्री मानव संशाधन तथा प्रभावकारी संस्थागत विकास गर्नु
२. सेवा प्रवाहमा सुधार गरी सुशासन कायम गर्नु।

## रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय सरकारको प्रत्याभूति दिन सक्ने उच्च मनोवल युक्त जनप्रतिनिधि र प्रशासनको व्यवस्था गर्ने । | ✓ गाउँपालिकाको क्षमता विकास कार्ययोजना वार्षिक रुपमा तयार गरी कार्यान्वयन गरिनेछ ।<br>✓ तालिम, वृत्ति विकास, अध्ययन अवलोकन भ्रमण जस्ता कुरालाई क्षमता विकास योजनाको माध्यमबाट प्राथमिकता दिइनेछ ।<br>✓ जनप्रतिनिधि तथा कर्मचारीहरुलाई आवश्यकता अनुरुप औजार उपकरण तथा सवारी साधनको व्यवस्था मिलाइनेछ ।<br>✓ गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारीहरु र करदाताको क्षमता विकास योजना तयार गरी आवश्यक कार्यक्रम गरिनेछ ।<br>✓ कार्यसम्पादन मूल्याङ्कनका आधारमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ र निर्धारित आधार भन्दा पनि न्यून सम्पादन भएका कर्मचारीहरुलाई दण्ड, सजाय गरिने छ । यसका लागि कार्यसम्पादन कार्यविधि निर्माण गरिनेछ ।<br>✓ कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता गर्दै उपलब्धिहरूको समीक्षा गरिनेछ । |
| प्रभावकारी संस्थागत विकासका निम्ति लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा विशेष जोड दिने । | ✓ स्थानीय तहको निर्णायक तहमा महिलाहरु (पदाधिकारी/कर्मचारी) को कम्तिमा संविधानले तोकेकमोजिम ३३ प्रतिसतको प्रतिनिधित्वको व्यवस्था गरिनेछ ।<br>✓ स्थानीय तहका कर्मचारहिरुको पद पूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदायक लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधि हुने रणनीति लिने र सो को कार्यान्वयन गर्ने गराउने ।<br>✓ लक्षित वर्ग वा समुदायको भाषा संस्कृति र रहत सहन बुझेको साथै महिला, संवेदनशील कर्मचारी वा जनप्रतिनिधी समेत समावेशी भएको कार्यटोली वा शाखा मार्फत सेवा दिने व्यवस्था गरिनेछ ।<br>✓ स्थानीय सरकारले गठन गर्ने समिति उपसमिति र कार्यदलहरुले महिला तथा बञ्चितिकरणमा परेको समुदायको हित हुने गरी विशलेषण सहित नीतिगत र कार्यगत सुझाव र अभिलेख राखिनेछ ।<br>✓ लैङ्गिक डेक्सको स्थापना संचालन तथा बजेटको व्यवस्था र कार्यक्रम सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउनु । | ✓ सेवा प्रवाह को मापदण्ड SOP तयार गरी कार्यान्वयन गरिनेछ ।<br>✓ सेवा प्रवाहलाई घरआँगन सम्म पुर्याउन सबै वडामा घुम्ती सेवाहरु सञ्चालन गरिनेछ ।<br>✓ गाउँपालिका, वडा र विषयगत शाखाहरुको गतिविधिका लागि स्थानीय रेडियो, टेलिभिजन तथा पत्रपत्रिकाहरुसँग सहकार्य गरिनेछ ।<br>✓ सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण लगायतका कार्यक्रमहरु संचालनलाई निरन्तरता दिइनेछ ।<br>✓ घटना दर्ता दिवसको अवसरमा सामाजिक सुरक्षा सम्बन्धि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>✓ गाउँपालिकाको वेवसाइट नियमित रुपमा अध्यावधिक गरिनेछ ।<br>✓ सेवा प्रवाहलाई घर आँगनसम्म पुर्याउन सवै वडामा घुम्ती सेवाहरु संञ्चालन गरिनेछ ।<br>✓ नागरिक वडापत्रलाई अध्यावधिक गरी डिजिटल नागरिक बडापत्र कार्यान्वयनमा ल्याइनेछ ।<br>✓ बजेट, कार्यक्रम तथा कार्यप्रगतिहरुको नियमित रुपमा सार्वजनिक गरिनेछ ।<br>✓ नतिजामा आधारित सूचकहरु निर्माण गरी सूचकमा आधारित अनुगमन प्रणाली स्थापना गरिनेछ । |
| सेवा प्रवाहमा आधुनिक डिजिटल प्रविधिको प्रयोग गर्ने । | ✓ सरोकारवालाहरुमा इन्टरनेटको पहुँच पुऱ्याउने र जनप्रतिनिधि तथा कर्मचारीहरुलाई जुनसुकै बखत इन्टरनेटको पहुँचमा राखिनेछ ।<br>✓ एकीकृत सफ्टवेयर प्रणालीको प्रयोग गरिनेछ ।<br>✓ अनलाइन एप, वेबसाईट, विभिन्न अनलाईन सर्भिसहरुको विकास गरी घरघरबाटै नागरिकलाई सेवा प्रदान गर्ने प्रविधिको विकास गरी नागरिकलाई पेपरलेस तथा झण्झटमुक्त सेवा प्रवाह प्रवाह प्रणालीको निर्माण गरिनेछ ।<br>✓ एकिकृत अनलाईन सफ्टवेयरको प्रयोग गरी एकद्वार सेवा तथा कार्यलयको एकिकृत रेकर्ड अद्यावधिक राखिनेछ ।<br>✓ कार्यलयका विभिन्न गतिविधिहरुलाई सबैको पहुँचमा हुनेगरी अनलाईन व्यवस्था (वेबसाइट/ अनलाईन एप) को निर्माण गरिनेछ<br>✓ व्यवस्थापन सूचना प्रणालीको विकास गरिनेछ । |

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र : संस्थागत विकास र सेवा प्रवाह | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | स्थानिय तहको संगठन तथा व्यवस्थापन सर्वेक्षण | कार्यवोझ र कार्यप्रकृतिका आधारमा जनशक्ति व्यवस्थापन | २० | २० | ० | ० | ० | ० | | प्रदेश/स्थानीय तह |
| २ | गाँउपालिकास्तरीय विज्ञको पहिचान, समुह निर्माण र परीचालन | विभिन्न क्षेत्रमा विज्ञता सहितको सेवा प्रवाह | २५ | ५ | ५ | ५ | ५ | ५ | | संघ/स्थानीय तह |
| ३ | जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम | जवाफदेहिता र गुणस्तरीय सेवा प्रवाह | २५ | ५ | ५ | ५ | ५ | ५ | | संघ/स्थानीय तह |
| ४ | अध्ययन अवलोकन भ्रमण- कर्मचारी,जनप्रतिनिधि र अन्य सरोकारवाला व्यक्ती संघ संस्था) | नयाँ विधि प्रविधि तथा वस्तुस्थितिका बारेमा जानकारी | २५ | ५ | ५ | ५ | ५ | ५ | | संघ/स्थानीय तह |
| ५ | सुशासन पुरस्कार | कार्यसम्पादनमा अभिवृद्धि | ५ | १ | १ | १ | १ | १ | | संघ |
| ६ | आई सि टी संचालन र व्यवस्थापन | छिटो,छरीतो र भरपर्दो सेवा प्रवाह | ५० | १० | १० | १० | १० | १० | | प्रदेश/स्थानीय तह |
| ७ | गाँउभित्रका सम्पुर्ण संघ संस्थामा सिसि क्यामरा तथा इन्टरनेट जडान | सार्वजनिक संघ संस्थाहरुको सुरक्षा तथा निगरानी | ५० | १० | १० | १० | १० | १० | | प्रदेश |
| ८ | सम्पुर्ण वडा कार्यालयहरुको वेवसाइड निर्माण तथा संचालन | सुचनाको पहुचमा अभिवृद्धि तथा अभिलेखिकरण | १३ | ५ | २ | २ | २ | २ | | स्थानीय तह |
| ९ | स्थनपान कक्ष तथा नागरीक सहायता कक्षको व्यवस्था | नागरीक तथा महिला मैत्री सेवा प्रवाह | २० | १६ | १ | १ | १ | १ | | प्रदेश/स्थानीय तह |
| १० | कर्मचारी प्रोत्साहन कार्यक्रम | सेवाप्रवाहमा प्रभावकारीता | २५ | ५ | ५ | ५ | ५ | ५ | | संघ |
| ११ | सेवाग्राहि मैत्री online system को विकास गर्ने (पालिका एप) | सर्वसुलभ,सहज सेवा प्रवाह | १८ | १० | २ | २ | २ | २ | | प्रदेश/स्थानीय |
| १२ | सवारी साधन खरीद तथा व्यवस्थापन | समय व्यवस्थापन | १०० | ६० | १० | १० | १० | १० | | संघ |
| १३ | आवश्यक स्थानमा सभाहल निर्माण | प्रभावकारी कार्यक्रम व्यवस्थापन | ५०० | १०० | १०० | १०० | १०० | १०० | | संघ |
| **जम्मा** | | | **८७६** | **२५२** | **१५६** | **१५६** | **१५६** | **१५६** | | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार बर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिगल संकेत | दिविल संकेत | प्रमस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | पालिका अन्तर्गत क्रियाशील शाखा, उपशाखा, इकाइ, सेवा केन्द्रहरु बढी प्रभावकारी संगठनात्मक संरचना निर्माण भएको हुने | पालिका अन्तर्गत क्रियाशील शाखा, उपशाखा, इकाइ, सेवा केन्द्रहरु | संख्या | | | | | | | गापा | | २ | ४ | १.२ |
| असर | पालिकामा कार्यरत कूल जनशक्ति : अधिकृत तह र सोभन्दा मुनी कायम भई संस्थागत क्षमता विकास भएको हुने | पालिकामा कार्यरत कूल जनशक्ति : अधिकृत तह र सोभन्दा मुनी | संख्या | | | | | | | ” | संस्थागत संरचना प्रभावकारी भएको हुने | २ | ४ | १.२ |
| | पालिकामा कार्यरत प्राविधिक जनशक्ति (स्थायी र अस्थायी) कायम भई संस्थागत क्षमता विकास भएको हुने | (स्थायी र अस्थायी) जनशक्ति | संख्या | | | | | | | ” | | २ | ४ | १.२ |
| प्रतिफल | कार्यसम्पादन करार गरिएका कूल कर्मचारीहरु घटेको हुने | कर्मचारी | संख्या | | | | | | | ” | संस्थागत संरचना प्रभावकारी भएको हुने | २ | ४ | १.२ |
| | कार्य विवरण दिई कार्यसम्पादन गर्ने कर्मचारी | कर्मचारी | संख्या | | | | | | | ” | | २ | ४ | १.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संगठन तथा व्यवस्थापन सर्भेक्षण अनुसार पदपूर्ति गर्नुपर्ने र पदपूर्ति भएका कर्मचारी भएको हुने | कर्मचारी | संख्या | | | | | | | ” | | २ | ४ | १.२ |
| | क्षमता विकास कार्यक्रमबाट लाभान्वित जनप्रतिनिधि र कर्मचारी वृद्धि भएको हुने | लाभान्वित जनप्रतिनिधि र कर्मचारी | संख्या | | | | | | | ” | | २ | ४ | १.२ |
| | संस्थागत क्षमता स्वमूल्याङ्कनमा प्राप्ताङ्क बढेको हुने | स्वमूल्याङ्कन | प्राप्ताङ्क | | | | | | | ” | | २ | ४ | १.२ |
| | उत्कृष्ट कार्यसम्पादन गरे वापत पुरष्कृत कर्मचारी भएको हुने | पुरस्कार कार्यक्रम | संख्या | | | | | | | ” | | २ | ४ | १.२ |
| | पालिका केन्द्र तथा वडा कार्यालयको आफ्नै भवन भएको हुने | भवन | संख्या | | | | | | | ” | | २ | ४ | १.२ |

# परिच्छेद नौ : बजेट व्यवस्था तथा विषय क्षेत्रगत बजेट बाँडफाँड

## ९.१ श्रोत व्यवस्थापन

आवधिक योजना अन्तर्गत पहिचान भएका सबै योजनाहरू लगानीको दृष्टिकोणले एउटै आवधिक योजना मार्फत सम्बोधन गर्न सकिँदैन । तसर्थ आगामी पाँच वर्षमा उपलब्ध हुन सकिने गाउँपालिकाको विकास बजेटको रकम, दीर्घकालीन सोच प्राप्ति तर्फ उन्मुख हुन अति आवश्यक कार्यक्रम तथा योजनाहरू, आर्थिक विकासमा टेवा पुग्ने योजना, लक्षित वर्ग/समुदायको हित, रोजगारी वृद्धि गर्ने जस्ता महत्वपूर्ण आधारहरूमा योजनाको प्राथमिकता निर्धारण गरी अगामी कार्यान्वयन गर्न सकिने योजनाहरूको खर्च संरचना तयार गरिएको छ ।

गाउँवासीहरूको आवश्यकता परिपूर्ति गर्न आवश्यक लगानीको तुलनामा उपलव्ध हुने विकास बजेट अति नै न्यून भएको हुँदा गाउँपालिकाको विद्यमान विकास बजेटले ठूला योजनाहरू कार्यान्वयन गर्न सकिने स्थिति भने छैन । विशेष गरी अधिकांश रणनीतिक योजनाहरू जस्तैः सडक, ढल र फोहोर व्यवस्थापन सहितको एकीकृत योजनाहरूको लागि केन्द्रिय निकाय, विभिन्न दातृ राष्ट्र तथा दातृ निकायहरूको सहयोग अति आवश्यक छ ।

यसको अतिरिक्त, गाउँपालिकाको कार्यान्वयनको जिम्मेवारीमा परेका अन्य योजनाहरूको सन्दर्भमा अगामी पाँच वर्षमा उपलव्ध हुन सकिने गाउँपालिका कार्यालयको विकास बजेटको प्रक्षेपण गरी सोही अनुसार योजना तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरी क्रमशः कार्यान्वयन गर्ने गरी योजना तयार गरिएको छ । गाउँपालिकाको आर्थिक श्रोत कम रहेकोले यस श्रोतबाट धेरै कम मात्र गाउँस्तरीय योजनाहरू कार्यान्वयन गर्न सकिन्छ । तसर्थ गाउँपालिकाले विगतमा झैं केन्द्रबाट सडक वोर्ड, कृषि सडक, जगेडा कोष जस्ता सहयोग कार्यक्रम ल्याई वढी भन्दा वढी कार्यक्रम कार्यान्वयन गर्न सकृयता देखाउनु पर्ने हुन्छ । यस शीर्षक अन्तर्गत प्राप्त गाउँपालिकाको विकास बजेट तथा विगत आर्थिक वर्षमा केन्द्रबाट प्राप्त विशेष आर्थिक अनुदानको आधारमा आवधिक योजना अन्तर्गत पहिचान भएका योजनाहरू कार्यान्वयन गर्ने गरि अगामी पाँच वर्षको भौतिक विकास तथा भौतिक पूर्वाधार, सामाजिक, आर्थिक, वातावरण तथा जोखिम व्यवस्थापन, वित्तीय व्यवस्थापन र संस्थागत विकास योजनाहरुको खर्च संरचना तयार गरिएको छ । योजना तर्जुमा समिति, गाउँ सभाको निर्णय अनुसार गाउँपालिकाले यस्ता योजनाहरू क्रमशः वार्षिक रुपमा कार्यान्वयन गर्दै जाने छ ।

## ९.२ बजेट प्रक्षेपण

गाउँपालिकाको बजेट श्रोतमा बाह्य श्रोतले महत्वपूर्ण एवं उल्लेखनीय भूमिका खेल्ने गरेको छ । कूल बजेटको करीब ९६ प्रतिशत भन्दा वढी योगदान यिनै बाह्य श्रोतको रहने छ । यस अर्थमा गाउँपालिका पूर्णत बाह्य श्रोतमा आश्रित देखिन्छ । बाह्य श्रोतहरुमा वित्तीय समानीकरण, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान र राजश्व वाँडफाँड रहेका छन् । गाउँपालिकाले आन्तरिक ऋण, सहयोगी संघ संस्था, गैसस तथा वैदेशिक संस्थाबाट प्राप्त हुन सक्ने सहयोग र उपभोक्ता तथा लाभान्वित वर्ग समुदायबाट हुन सक्ने लागत सहभागितावाट प्राप्त हुन सक्ने श्रोतलाई पनि प्रक्षेपण गरिएको छैन ।

आगामी ५ वर्षको अवधिमा बाह्य श्रोतबाट कूल रकम रु. २ अर्ब ७६ करोड ५३ लाख २७ हजार ९० प्राप्त हुने अनुमान गरिएको छ । आधार वर्ष २०८०/८१ मा रु.४१ करोड १७ लाख ७६ हजार १० अनुमानित बजेट थियो । समग्रमा १० प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमान गरिएको छ । ५ वर्षको अवधिमा संघ र प्रदेश सरकारबाट प्राप्त हुने सहयोगमा तुलनात्मक रुपमा संघबाट प्राप्त हुने अनुदानको अंश अधिक छ । यस सम्बन्धि विस्तृत विवरण तालिकामा उल्लेख भएको छ ।

## ९.३ विषय क्षेत्रगत बजेट अनुमान

आवधिक विकास योजना तर्जुमा कार्यशालाको क्रममा निर्धारण गरिएको आवधिक लक्ष्य (Goal) अर्थात प्रभाव तहको नतिजा, वृहत उद्देश्य तथा क्षेत्रगत उद्देश्य (Objectives) अर्थात असर तहको नतिजा र विषय क्षेत्र तथा उपक्षेत्रगत उद्देश्य र लक्ष्य परिमाण हाँसिल गर्न तथा प्रस्तावित कार्यक्रमहरु सञ्चालनका लागि बजेट विषय क्षेत्रगत रुपमा बाँडफाँड गरिएको छ। ५ वर्षको अवधिमा प्रस्तावित कार्यक्रमहरु सञ्चालनका लागि कूल अनुमानित रकम रु. २ अर्ब ९४ करोड १० लाखमा आर्थिक क्षेत्रलाई १४ प्रतिशत वजेट बाँडफाँड भएको छ भने सामाजिक क्षेत्रलाई १२ प्रतिशत वजेट निर्धारण भएको छ। त्यसैगरी पूर्वाधार क्षेत्रलाई ६६ प्रतिशत, वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्रलाई ३ प्रतिशत र सुशासन तथा संस्थागत विकासलाई ४ प्रतिशत वजेट अनुमान भएको छ।

| विषय क्षेत्र | कुल लागत रु लाखमा | प्रतिशत |
|---|---|---|
| **आर्थिक विकास** | ४२३१ | १४% |
| कृषि विकास | १२१५ | |
| पशुपन्छी पालन | ९३५ | |
| पर्यटन विकास | ११२० | |
| उद्योग, व्यापर, व्यवसाय तथा आपूर्ति | ७५४ | |
| सहकारी संस्था | ५२ | |
| रोजगार कार्यक्रम | १५५ | |
| **सामाजिक विकास** | ३६५५ | १२% |
| शिक्षा, विज्ञान प्रविधि | ११४० | |
| आधारभूत स्वास्थ्य तथा पोषक | ५९५ | |
| युवा तथा खेलकुद | ८०० | |
| लक्षित वर्ग तथा सामाजिक समावेशीकरण | ४०० | |
| कला, भाषा, साहित्य संस्कृति | ४१० | |
| खानेपानी तथा सरसफाई | ३१० | |
| **पूर्वाधार विकास** | १९५०० | ६६% |
| सडक, यातायात, तथा पुलपुलेसा | १५१०५ | |
| सिंचाइ | १४७० | |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | २६५५ | |
| विद्युत तथा वैकल्पिक ऊर्जा | २७० | |
| **वातावरण तथा विपद व्यवस्थापन** | ८६८ | ३% |
| वन तथा जैविक विविधता | ५३ | |
| भू संरक्षण तथा जलाधार व्यवस्थापन | २१५ | |
| वातावरण तथा फोहोर व्यवस्थापन | ३७० | |
| विपद जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन अनुकुलन | २३० | |
| **सुशासन तथा संस्थागत विकास** | ११५६ | ४% |
| सुशासन ऐन कानुन तथा न्यायिक व्यवस्था | १६१ | |
| मानव संशाधन,संस्थागत विकास तथा सेवा प्रवाह | ८७६ | |
| वित्तीय स्रोत परिचालन | ६१ | |
| योजना व्यवस्थापन | ११९ | |
| | २९४१० | १००% |

| आय शिर्षक | आ.व.०७८। ७९ | आ.व.०७९। ८० | आ.व.०८०। ८१ | आ.व.०८१। ८२ | आ.व.०८२। ८३ | आ.व.०८३। ८४ | आ.व.०८४। ८५ | आ.व.०८५। ८६ | कूल राजश्व परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|
| **आन्तरिक श्रोत** | ४८५०१०४६०.३ | २५९३१२५५.५३ | १८७६४४९९.५२ | ६९२७७५३ | ७६२०५२८.३० | ८३८२५८१.१३ | ९२२०८३९.२४ | १०१४२९२३.१७ | ५७२०००८४०.१७ |
| | ५४% | ६% | ४% | २% | | | | | |
| आन्तरिक श्रोत - चालु | ४७११५५७.३ | ५०६१००१.२ | ५५०००००.०० | ५५००००० | ६०५०००० | ६६५५००० | ७३२०५०० | ८०५२५५० | |
| आन्तरिक श्रोत मौज्दात | ४०९१०१७५० | २११२५३७.५४ | | | | | | | |
| आन्तरिक श्रोत - बैंक मौज्दात | ७११९७१५२.९९ | १८७५७७१६.७९ | १३२६४४९९.५२ | १४२७७५३ | १५७०५२८.३ | १७२७५८१.१३ | १९००३३९.२४ | २०९०३७३.१६७ | |
| **संघीय सरकार** | ३०४९२४००० | ३०४७३२२२० | २९४६००००० | २८९१८७००० | ३१८१०५७००.००| ३४९९१६२७०.०० | ३८४९०७८९७.०० | ४२३३९८६८६.७० | २६६९७७१७७३.७० |
| | ३४% | ७०% | ६६% | ६६% | | | | | |
| समानीकरण | ८८१००००० | ८३५००००० | ८२७००००० | ८२९००००० | ९११९०००० | १००३०९००० | ११०३३९९०० | १२१३७३८९० | |
| सशर्त चालु | १७१३७४००० | १६३२९९००० | १७६५००००० | १७६२८७००० | १९३९१५७०० | २१३३०७२७० | २३४६३७९९७ | २५८१०१७९६.७ | |
| सशर्त चालु मौज्दात | | ३७५००० | | | | | | | |
| सशर्त पुंजीगत | १४१५०००० | २०१३३२२०.०० | ११४००००० | | | | | | |
| सशर्त पुंजीगत मौज्दात | | २५०००.०० | | | | | | | |
| समपूरक | | १२५००००० | ६०००००० | | | | | | |
| विशेष | ३१३००००० | २४९००००० | १८०००००० | ३०००००००० | ३३०००००० | ३६३००००० | ३९९३०००० | ४३९२३००० | |
| **प्रदेश सरकार** | ३२९८०५९७ | २०४००००० | ५६०२३००० | ५७७४५००० | ६३५१९५००.०० | ६९८७१४५०.०० | ७६८५८५९५.०० | ८४५४४४५४.५० | ४६१९४२५९६.५० |
| | ४% | ५% | १३% | १३% | | | | | |
| समानीकरण | ९०३३००० | ४५९४००० | ९०३३००० | ९०२०००० | ९९२२००० | १०९१४२०० | १२००५६२० | १३२०६१८२ | |
| सशर्त चालु | १५२१५०००.०० | १७५९००० | १६३९०००० | ३१७२५००० | ३४८९७५०० | ३८३८७२५० | ४२२२५९७५ | ४६४४८५७२.५ | |
| सशर्त पुंजीगत | | ३३५०००० | ९०००००० | | | | | | |
| समपूरक | ५७३२५९७ | १०००००००० | १४६००००० | १०००००००० | ११०००००० | १२१००००० | १३३१०००० | १४६४१००० | |
| विशेष | ३०००००० | ६९७००० | ७०००००० | ७०००००० | ७७००००० | ८४७०००० | ९३१७००० | १०२४८७०० | |

| राजश्व बाँडफाँड | ७१२८५४६९.०१ | ८५०६९०९४.५५ | ७५४५१०१०.०० | ८७६०००००.०० | ९६३६००००.०० | १०५९९६०००.०० | ११६५९५६००.०० | १२८२५५१६०.०० | ७६६६१२३३३.५६ |
|---|---|---|---|---|---|---|---|---|---|
| | ८% | २०% | १७% | | | | | | |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ४९७५४५७७.०२ | ४२५३३६२७.४८ | ७२९५८००० | | | | | | |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर ( मौज्दात) | १४८५४५०६.२८ | १२४२०१२७.४८ | | | | | | | |
| बाँडफाँड भई प्राप्त सवारी साधन कर | ५७१८०० | १३७७५३२५.५८ | २४९३०१० | | | | | | |
| बाँडफाँड भई प्राप्त हुने सवारी साधन कर ( मौज्दात) | ८८३१६.०२ | १६३३८१७४.४२ | | | | | | | |
| बाँडफाँड भई प्राप्त वन रोयल्टी | १३०४७१२.३९ | १८३९.५९ | | | | | | | |
| बाँडफाँड भई प्राप्त वन रोयल्टी (मौज्दात) | | | | | | | | | |
| अन्य आय | ४७११५५७.३ | | | | | | | | |
| **जम्मा आय** | ८९४२००५२६.२९ | ४३६१३२५७०.०८ | ४४४८३८५०९.५२ | ४४१४५९७५३.०० | ४८५६०५७२८.३० | ५३४१६६३०१.१३ | ५८७५८२९३१.२४ | ६४६३४१२२४.३७ | ४४७०३२७५४३.९३ |
| | | | | | १० प्रतिशत वृद्धि | १० प्रतिशत वृद्धि | १० प्रतिशत वृद्धि | १० प्रतिशत वृद्धि | |

# परिच्छेद दश : आवधिक योजनाको वार्षिक कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन व्यवस्था

## १०.१ पृष्ठभूमि

स्थानीय तहको विकासको मेरुदण्डको रूपमा रहेका विकास नीति, योजना तथा कार्यक्रमहरूको सफल कार्यान्यनका लागि अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वयनमा सशक्त स्वःअनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ योजनाको प्रगति उन्मुख भएको छ वा छैन भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । कार्यान्यन चरणको समयमा नै आयोजनाहरूमा भएको लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यतालिका अनुसार क्रियाकलापहरू सुचारु भएका छन् वा छैनन् साथै व्यवस्थापकीय कमजोरीहरू के के छन् भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । त्यसैले, पालिकाले आवधिक योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने हुन्छ । वार्षिक योजना कार्यान्वयनका लागि कार्यान्वयन तालिका समेत तयार गर्नुपर्ने र सो कार्यान्वयन तालिकामा बजेट सहितका अनुगमनका कार्यहरूसमेत निर्दिष्ट गरी तद्अनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गरिनु पर्दछ ।

## १०.२ वर्तमान अवस्था

पालिकाले वार्षिक योजनाका कार्यान्वयन तालिका बनाएर कार्यान्वयनका चरणमा अनुगमनलाई प्राथमिकता सहित प्रभावकारी बनाएको देखिदैन । अनुगमनलाई सामान्य प्राविधिक निरीक्षणको विषयको रूपमा ग्रहण गर्ने गरेको पाइन्छ । विकास साझेदारहरूको सहयोगमा सञ्चालित कार्यक्रमहरूको हकमा सघन अनुगमन प्रणाली पनि पाइन्छ । निर्वाचित जनप्रतिनिधिहरूको बहाली पछि प्रतिनिधि सहितको संयुक्त अनुगमनको अभ्यास पनि भएको पाइन्छ । यसैगरी चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेको छ । निरीक्षण, सुपरिवेक्षण र अनुगमनमा खासै भिन्नता छ भन्ने महसुस हुन सकेको देखिँदैन । अनुगमन गर्दा पूर्वनिर्धारित सूचकहरूको आधारमा हुने अभ्यास पनि भएको देखिदैन । अनुगमनलाई योजना चक्रको हिस्साको रूपमा बजेट विनियोजन समेत हुने गरेको छैन । अनुगमनको परम्परागत प्रणाली समस्या समाधानको दृष्टिले त्यति प्रभावकारी हुन सकेको देखिँदैन ।

## १०.३ अवसर र चुनौती

योजनाबद्ध विकासको प्रयासमा अनुगमनलाई योजना चक्रको अभिन्न हिस्सा र प्रगति सिंहावलोकन गर्ने प्रमुख आधार मान्ने गरिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ ले गाउँपालिकाका अध्ययक्ष, उपाध्ययक्षको र वडाअध्यक्षको काम कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ । त्यस्तै पालिका उपाध्यक्षको अध्यक्षतामा अनुगमन समितिको समेत प्रबन्ध भएको देखिन्छ । जिल्ला समन्वय समितिले पनि अनुगमन र वार्षिक समीक्षा गर्नुपर्ने संस्थागत र कानुनी व्यवस्था भएको छ । त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले पालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने विकास योजनाको अनुगमन सम्बन्धी कानुनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ ।

योजना सम्बद्ध प्राविधिक जनशक्तिको अभावले नियमित अनुगमन प्रभावित भइरहेको छ । अनुगमन सम्बन्धी संयन्त्रहरू क्रियाशील हुन सकिरहेका छैनन । अनुगमनका लागि भिन्दै बजेट विनियोजन समेत पर्याप्त हुन सकेको देखिदैन । त्यसैगरी स्थानीय सरकारका रूपमा विभिन्न विषयगत कार्य जिम्मेवारीहरू प्राप्त भए तापनि ती कार्य जिम्मेवारी अनुसारका अनुगमनका सूचकहरू निर्धारण हुन नसक्नु, तत्तत् विषयगत शाखाबाट आ-आफ्नो कार्यक्रम अनुसारका क्रियाकलापगत, परिमाणत्मक, नतिजागत, असर वा प्रतिफलगत तह सम्मका सूचकहरू प्राप्त गरी अनुगमन प्रणालीलाई सुव्यवस्थित गर्नु चुनौतीपूर्ण छ । अनुगमनको महत्वबोध गराउन नसकिदा अनुगमनले उचित प्राथमिकता प्राप्त गर्न सकेको देखिँदैन । कार्यक्रम अनुसारका चरणगत अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन गर्न कार्यान्वयन चरणदेखि नै प्रभावकारी अनुगमन प्रणाली स्थापित गरी नतिजामुखी अनुगमन प्रणालीको स्थापना हुन झनै जरुरी देखिन्छ ।

### १०.४ उद्देश्य

आवधिक योजना र यस बमोजिम तर्जुमा हुने वार्षिक योजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापित गरी संस्थागत गर्नु ।

### १०.५ रणनीति

अनुगमन प्रणालीलाई संस्थागत सुदृढ र नतिजामुखी बनाउने ।

### १०.६ कार्यनीतिहरु

१ स्थानीय सरकार सञ्चालन ऐन बमोजिमको अनुगमन संयन्त्रलाई संस्थागत गरी क्रियाशील गराइनेछ ।

२ आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भए नभएको उपलब्धि र नतिजा सूचकहरूको विकास गरी मध्यावधि मूल्याङ्कन गरिनेछ ।

३ आवधिक योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिनेछ ।

४ विषयगत कार्यक्रमहरूको कार्यक्रमागत सूचकहरूको निर्माण गरी तद्अनुसार अनुगमन गरिनेछ ।

५ अनुगमनको कार्यतालिका बनाई अनुगमन गर्ने प्रणालीको विकास गरी, तद्अनुसार क्षमता विकासका साथै बजेटको व्यवस्था गरिनेछ ।

६ अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने, यसलाई नियमित बैठकमा छलफल गरी देखिएका बाधा अड्चन फुकाइनेछ ।

७ प्राप्त अनुगमन प्रतिवेदन अनुगमन समितिमा र चौमासिक र बार्षिक प्रतिवेदनको चौमासिक र बार्षिक समीक्षा नियमित रुपमा पालिकामा सबै सरोकारवालाहरुको संलगनतामा गरिनेछ र तत्काल समस्याको समाधान गरी योजना समयमा नै सम्पन्न गर्न तदारुकता लिइनेछ ।

८ चौमासिक समीक्षा तथा स्थानीय तहको समस्या समाधान समितिको बैठकमा अनुगमन समितिबाट समष्टिगत अनुगमन प्राप्त गरी छलफल गरी समस्याको समाधान गर्ने प्रणालीको स्थापना गरिनेछ ।

९ योजनाको आर्थिक तथा भौतिक प्रगतिको प्रतिवेदन सम्बन्धित तह, निकायमा तोकिएको समयमा पठाइनेछ । यसका लागि संघ र प्रदेशसंग समन्वय गरी कम्प्युटरमा आधारित एकिकृत सूचना प्रणालीका फर्मेटहरु विकास गरी आबद्ध गरिनेछ ।

१० आवधिक विकास योजनाको मध्यावधि मूल्याङ्कन तेश्रो वर्षमा र अन्तिम मूल्याङ्कन आवधिक योजनाको समाप्ति पछि गरिनेछ ।

११ अनुगमन र मूल्याङ्कन प्रतिवेदन पालिकाको वेबसाइटमा राखिनुका साथै सार्वजनिक समेत गरिनेछ ।

### १०.७ कार्यक्रम

१. संस्थागत संयन्त्रका स्थापना र क्षमता विकास
२. अनुगमन प्रणाली र तहगत सूचकहरूको निर्माण र कार्यान्वयन
३. अनुगमन कार्यान्वयन कार्यक्रम
४. समीक्षा तथा स्थानीय समस्या समाधान समितिको बैठक

### १०.८ अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार निकाय

आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ र यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरिनेछ । आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहाय अनुसार रहेका छन् :

१. कार्यपालिका तथा विषयगत समिति
२. सुपरीवेक्षण तथा अनुगमन समिति
३. जिल्ला समन्वय समिति
४. विषयगत शाखा उपशाखा, परियोजना, संघ संस्था

५.	नागरिक समाज संस्था तथा तेश्रो पक्ष

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि देहायअनुसार रहनेछ।

१.	स्थलगत अनुगमन
२.	कार्ययोजना (लक्ष्य) र प्रगति बीच तुलना
३.	नागरिक अनुगमन
४.	सहभागितामूलक मध्यावधि समीक्षा
५.	सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन)

आवधिक योजनाको अनुमान तथा मूल्याङ्कन प्रक्रिया देहाय वमोजिम हुनेछ

| **आवधिक योजनाको अनुमगन तथा मूल्याङ्कन प्रक्रिया** | | | |
|---|---|---|---|
| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र बार्षिक | स्थलगत अनुगमन गर्ने,<br>चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने, |
| प्रतिफल अनुगमन | कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, बार्षिक र मध्यावधि | स्थलगत अनुगमन गर्ने,<br>बार्षिक कार्य योजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने,<br>नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, |
| असर तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | बार्षिक, मध्यावधि र अन्तिम बर्ष | सहभागितामूलक छलफल गर्ने,<br>नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>नमूना सर्वेक्षण गर्ने, |
| प्रभाव तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम बर्ष | नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>सहभागितामूलक छलफल गर्ने,<br>अध्ययन तथा सर्वेक्षण गर्ने, |

## अनुसूचि १. वडागत प्रमुख आयोजना विवरण

| वडा नं. १ अर्न्तगतका आयोजनाहरु | अनुमानित लागत (लाखमा) | आर्थिक वर्ष | | | | | प्राथमिकरण |
|---|---|---|---|---|---|---|---|
| | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| **आर्थिक विकास** | | | | | | | |
| **कृषि तथा पशुपालन** | | | | | | | |
| महाबु दुग्ध उत्पादन तथा पशुपालन कार्य | २०,००,००० | | | √ | | | P2 |
| साविक वडा १,२,३, लाइ जेम मकै जोन बनाउने | २०,००,००० | √ | | | | | P1 |
| सीमला खेत रेमसेरा सिंचाइ कुलो | ३०,००,००० | | | √ | | | P2 |
| बाखा भैसि पालन आलु खेति | १०,००,००० | | | | | √ | P3 |
| धान गाउँ पकेट क्षेत्र<br>कृषियोग्य जमिन घेराबार<br>पक्कि टनेल निर्माण | ३०,००,०००<br>२०,००,०००<br>१०,००,००० | | | √ | | | P2 |
| **पर्यटन विकास** | | | | | | | |
| नारायण गुफा व्यवस्थित | २०,००,००० | | | √ | | | P2 |
| मस्टाकाथान धरमसाला महाबै पार्क तथा व्यवस्थापन | ४०,००,००० | √ | | | | | P1 |
| **उद्योग** | | | | | | | |
| अल्लो प्रशोधन गरी सामाग्री निर्माण | १०,००,००० | √ | | | | | P1 |
| ज्वालादान पशुपंक्षि र साबुन उधोग लाइ सामुदायिक बनाउने र संचालन प्रसोधन<br>छाला उधोग संचालन गर्ने<br>चप्पल उधोग संचालन गर्ने | ५०,००,०००<br><br>१०,००,०००<br>२०,००,००० | | | | | √ | P3 |
| **सहकारी, वैंक वित्तीय संस्था** | | | | | | | |
| टोल वस्तीमा भिन्न अवस्थामा सँचालीत तथा कृषि समुहहरुलाइ सहकारीकरण गर्न | १५,००,००० | √ | | | | | P1 |
| **रोजगारी तथा सुरिक्षत आप्रवासन** | | | | | | | |
| आवाश्यकता र क्षमता पहिचान गरी रोजगारको व्यवस्था | ५,००,००० | | | | | √ | P3 |
| **सामाजिक विकास** | | | | | | | |
| **शिक्षा** | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मष्टा ने.रा.आ.वि. पक्कि भवन तथा खेलमैदान निर्माण तथा घेराबार | ३०,००,००० | | | √ | | | P2 |
| जयन्ति मा.वि.फर्निचर सहित कम्पाउडिङ तथा विग विल्डीङ निर्माण | २०,००,००० | √ | | | | | P1 |
| प्राविधिक शिक्षालय तथा पाल्ती आ.वि.र कोपिला आ.वि. मा विल्डीङ तथा खेलमैदान | ५०,००,००० | √ | | | | | P1 |
| **स्वास्थ्य तथा पोषण** | | | | | | | |
| स्वास्थ्य प्रतिक्षालय घेराबार | ५,००,००० | | | √ | | | P2 |
| मापदण्ड अनुसारको स्वास्थ्य भवन निर्माण | ५०,००,००० | √ | | | | | P1 |
| एम्बुलेन्स खरीगैरा स्वास्थ्य चौकी | ३०,००,००० | √ | | | | | P1 |
| पोषण मैत्री वडा घोषणाको लागी | १०,००,००० | | | | | √ | P3 |
| **खानेपानी सरसफाई** | | | | | | | |
| भात्र खरीगैरा दवडा सुट्ट खानेपानि योजना निर्माण | ४०,००,००० | | | √ | | | P2 |
| एक घर एक धार निर्माण र व्यवस्थित खानेपानि व्यवस्थापन | १५,००,००० | √ | | | | | P1 |
| **सामाजिक समावेशीकरण** | | | | | | | |
| समुदायमा महिला वालवालीका दलित जनजाति लक्षित कार्य | १०,००,००० | √ | | | | | P1 |
| अपाङ्ग अति विपन्न एकल महिला पुरुस लक्षित कार्यक्रम | १०,००,००० | | | √ | | | P2 |
| **युवा खेलकुद** | | | | | | | |
| खेलकुद मैदान तथा सामाग्री | १०,००,००० | √ | | | | | P1 |
| सामुदायिक तालिम विधालयका युवा क्षेत्र अधिकार समेटेर | ५,००,००० | | | | | √ | P3 |
| **संस्कृति, साहित्य, कला** | | | | | | | |
| मारुनि पंन्चेबाजा गजल कविता धमारी देउँडा संरक्षण तथा जर्गेना | ५,००,००० | | | √ | | | P2 |
| **पुर्वाधार विकास** | | | | | | | |
| **सडक पुल** | | | | | | | |
| जयन्ती मा.वि. पखोला निर्माण तथा घेराबार | ५०,००,००० | | | √ | | | P2 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| खरीगैरा सेरा सडक तारेघाट मोटर बाटो निर्माण | १,००,००,००० | √ | | | | | P1 |
| सेरा खरीगैरा सडक स्तरोन्नती | ५०,००,००० | √ | | | | | P1 |
| सेनचौर देवलकाँडा सडक निर्माण | ५०,००,००० | | | √ | | | P2 |
| वडा कार्यालय प्रशासनिक भवन निर्माण | १,००,००,००० | √ | | | | | P1 |
| आवास वस्ति विकास | २५,००,००० | | | √ | | | P2 |
| खडापहिरो दबडा देखि डुङग्री सम्म पैदल यात्रा व्यवस्थित बनाउने | १५,००,००० | | | | | √ | P3 |
| **विद्युत तथा वैकल्पिक उर्जा** | | | | | | | |
| खैरीगैरा देखि स्वाम्भा चौकी र धरमसाला सम्म बिधुत विस्तार | २०,००,००० | √ | | | | | P1 |
| रिमेखोला जलविधुत आयोजना निर्माण तथा व्यवस्थापन | १०,००,००,००० | | | | | √ | P3 |
| **सिंचाई** | | | | | | | |
| लहरे खोला खगीखेत चौर सिचाँइ कुलो | ३०,००,००० | | | √ | | | P2 |
| इयाङले पल्लो विआलआप्री देखी खौले दवडा सम्म | ५०,००,००० | √ | | | | | P1 |
| टेमुने टिकतडा तारायौर सिचाँई कुलो निर्माण | ४०,००,००० | | | | | √ | P3 |
| ज्यामीरघाट सिंचाइ कुलो निर्माण | ६०,००,००० | | | | | √ | P3 |
| **सञ्चार प्रविधि** | | | | | | | |
| Ntc को टावर निर्माण | ५०,००,००० | √ | | | | | P1 |
| वडाका प्रत्येक विधालयमा सुचना प्रविधि सम्बन्धी सामाग्री व्यवस्थापन | ५,००,००० | | | | | √ | P3 |
| डीजीटल वोर्ड राख्ने प्रत्येक सरकारी कार्यालयमा | १,००,००० | | | √ | | | P2 |
| **वन वातावरण तथा विपद् व्यवस्थापन** | | | | | | | |
| **जलाधार** | | | | | | | |
| खाडेखोला बन घरबार र वन्यजन्तु नियन्त्रण कार्यक्रम तथा रेखदेख | २०,००,००० | √ | | | | | P1 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पालो सालघारी र वृक्षारोपण तथा घेराबार व्यवस्थापन | ३,००,००० | | | √ | | | P2 |
